# शिक्षा क्षेत्रको योजना, २०८१ –२०९०

# Education Sector Plan, 2024 -2033




**<u>प्रकाशक</u>**

**स्थानीय सरकार**

**रूपनी गाउँपालिका, सप्तरी**

**मधेश प्रदेश, नेपाल**

**तयारकर्ता**

- **शिक्षा युवा तथा खेलकुद शाखा, रुपनी गाउँपालिका, सप्तरी**

**शिक्षा  योजना  लेखन तथा पुनरावलोकन सुझावकर्ता**

**श्री जिल्ला प्राविधिक कार्यदल, शिक्षा विकास तथा समन्वय इकाइ सप्तरी**

**श्री लेखन उपसमिति**

**सहयोग**

- **श्री शिक्षा विकास तथा समन्वय इकाई, सप्तरी**
- **श्री मुख्य कार्यदल, रुपनी गाउँपालिका, सप्तरी**
- **श्री शिक्षा समिति, प्र.अ./शिक्षक**

**प्राविधिक सहयोग**

**पिपुल प्रमोट सेन्टर,UNICEF**

**प्रकाशक :** **रुपनी गाउँपालिका , सप्तरी**

**सर्वाधिकार:** **प्रकाशकमा सुरक्षित**

**मुद्रण:**

**प्रमाणित मिति: २०८१**

**प्रकाशन मिति: २०८१**

**नोट :  पिपुल प्रमोट सेन्टर (युनिसेफ- नेपाल )** को प्राविधिक सहयोग तथा सहजीकरणमा यस पालिकाबाट शिक्षा क्षेत्रको समग्र विकासको लागि दश वर्षीय शिक्षा क्षेत्रको योजना तयार गरेको हो |

## विषय सूची

१ योजनाको सारांस ........ ८
२ बिषय प्रवेश ........ ८
३.स्थानीय तहमा योजना निर्माणको औचित्य ........ ८
४ शिक्षा योजना निर्माणका आधार ........ ९
५ शिक्षा योजना निर्माण प्रक्रिया ........ ९
परिच्छेद ३: विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरु ........ ६६
३.१ प्रारम्भिक बालविकास र शिक्षा ........ ६६
३.२ आधारभूत शिक्षा ........ ७४
३.३ माध्यमिक शिक्षा ........ ८५
३.४ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ ........ ९३
४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन ........ ९९
४.१ शिक्षक व्यवस्थापन र विकास ........ १०६
४.३ शैक्षिक समता र समावेशीकरण ........ ११७
४.४दिवा खाजासहित पोषण तथा स्वास्थ्य कार्यक्रम ........ १२२
परिचय ........ १२२
४.५ बिद्यालय सुरक्षा विपद्न्युनिकरण तथा उत्थानशिलता ........ १२८
परिचय ........ १२८
४.६ विद्यालय भौतिक पूर्वाधार विकास ........ १३३
४.७विद्यालयमा सूचना तथा सञ्चार प्रविधि ........ १३७
1. परिच्छेद पाँच: सुशासन तथा व्यवस्थापन ........ १४३
५.१ संस्थागत संरचना र क्षमता विकास ........ १४४
५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध ........ १४९
2. परिच्छेद छ: लगानी र स्रोत व्यवस्थापन ........ १५५
3. परिच्छेद ७ : अनुगमन तथा मूल्याङ्कन ........ १६३
अनुसूची २: शिक्षा ,युवा तथा खेलकुद शाखाका कर्मचारीको विवरण ........ १७३

**अनुसूची ३ :शिक्षा योजना निर्माण कार्यदल ........................................................................ १७३**

**4. सन्दर्भ सामग्रीहरु................................................................................................................ १७३**

**अनुसूचीहरु**

अनुसूची १ प्रमुख उपलब्धि सूचकहरू (KPI)
अनुसूची २ नतिजा ढाँचा (Result Framework)
अनुसूची २ प्रमुख क्रियाकलाप, लक्ष्य तथा बजेट अनुमान

## हाम्रो भनाई

रुपनी गाउँपालिकाको दश वर्षे शिक्षा क्षेत्रको योजना (२०८१–२०९०) निर्माण कार्य सम्पन्न भएको यस ऐतिहासिक अवसरमा, हाम्रो हृदयदेखि नै सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छौँ। यो महत्त्वपूर्ण योजनाको परिकल्पना, तयारी र कार्यान्वयनमा सक्रिय भूमिका निर्वाह गर्ने सबै सहयोगी निकायहरू, प्राविधिक विशेषज्ञहरू, शिक्षा क्षेत्रमा क्रियाशील संस्था र यहाँका स्थानीय बासिन्दा, शिक्षकगण, विद्यार्थी, अभिभावक, तथा अन्य सबै सरोकारवालाहरूलाई विशेष आभार प्रकट गर्दछौँ।

रुपनी गाउँपालिकाले शिक्षा क्षेत्रलाई गुणात्मक, समावेशी र दिगो बनाउन यो योजना तयार पारेको छ। शिक्षालाई सबैको पहुँचभित्र पुऱ्याउन र यसलाई २१औँ शताब्दीका चुनौतीहरूसँग सुसंगत बनाउन यो योजना एउटा आधारशीला सावित हुनेछ । यस योजना निर्माणको क्रममा हाम्रो गाउँपालिकालाई प्राविधिक सहयोग पुऱ्याउने People Promote Center, धनुषाको योगदान अत्यन्तै सराहनीय छ। उहाँहरूले समय, ज्ञान र अनुभवलाई प्रयोग गर्दै यो योजनालाई मूर्त रूप दिन महत्त्वपूर्ण भूमिका खेलेका छन्।

योजना निर्माण कार्यदलमा सहभागी सबै सदस्यहरूको अथक परिश्रम, सिर्जनशीलता र योगदानले यो दस्तावेजलाई एक उत्कृष्ट दिशानिर्देशक बनाउन मद्दत पुऱ्याएको छ । योजना निर्माणको हरेक चरणमा उनीहरूले देखाएको प्रतिबद्धता र समर्पणलाई हामी उच्च मूल्यांकन गर्दछौँ।

शिक्षा कुनै पनि समाजको आधारशिला हो। शिक्षाबाट मात्र समतामूलक र समृद्ध समाजको निर्माण सम्भव छ। हाम्रो गाउँपालिकामा शिक्षा क्षेत्रका विविध पक्षलाई मध्यनजर गर्दै यो योजना तयार गरिएको छ, जसले समुदायको हरेक वर्गलाई लाभ पुऱ्याउन सक्छ। प्राथमिक, माध्यमिक, र प्राविधिक शिक्षादेखि उच्च शिक्षासम्म सबै पक्षलाई समेट्ने गरी यो योजना बनाइएको छ। यसले बालबालिका, युवाहरू, र वयस्कहरूको शैक्षिक स्तरलाई मात्र होइन, उनीहरूको जीवनस्तर र सामूहिक चेतनालाई पनि उन्नत बनाउनेछ।

हामीलाई गर्व छ कि यो योजना सबै वर्ग र समुदायका लागि समान अवसरको प्रत्याभूति दिने उद्देश्यले तयार पारिएको छ । यो योजना महिला, दलित, आदिवासी, जनजाति, अपांगता भएका व्यक्तिहरू, र सीमान्तकृत समुदायका लागि विशेष अवसर र सुविधा प्रदान गर्न केन्द्रित छ।



**दिनेश कुमार यादव**
**अध्यक्ष**
**रुपनी गाउँ पालिका**

## दुई शब्द

देश विकासका लागि शिक्षा योजनाले मार्गदर्शन गर्दछ। यो निरन्तर चलिरहने प्रक्रिया हो। यसैका आधारमा राष्ट्रले अपेक्षा गरेका उपलब्धिहरु हासिल भई समृद्धि तर्फ उन्मुख हुन्छ। स्थानीय तहको निर्वाचन पश्चात स्थानीय तहमा दिएको अधिकार अनुरुप स्थानीय सरकार सञ्चालन ऐनले आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी अधिकारहरू स्थानीय तहलाई हस्तान्तरण गरेको अवस्थामा विद्यालय शिक्षा लगायत समग्र गाउँपालिकाको शिक्षा सम्बन्धी योजना तथा कार्यक्रमहरु तयार गरी वर्तमान एवम् भावीपुस्तालाई सुनौलो रुपनी गाउँपालिका सुम्पन गाउपलिका ले स्थानीय तहको शिक्षामा विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको सर्वविदित नै छ। गाउपलिकाले यस शैक्षिक सुधार गरी गुणस्तरीयता ल्याउन  शिक्षा क्षेत्रको योजना  तयार गरी  कार्यान्वयन हुने क्रममा रहेको छ।

शिक्षा क्षेत्रको योजना यस गाउँपलिका को समग्र शैक्षिक क्षेत्रको १० बर्षे मार्गदर्शन हो। यहि मार्गदर्शनका आधारमा आगामी वर्षहरुमा शैक्षिक कार्यक्रमहरु तयार गर्दै अगाडि बढ्ने अपेक्षा गाउ पालिकापालिकाले राखेको छ। यस शिक्षा क्षेत्रको योजना निर्माणमा सामाजिक विकास समिति, शिक्षा युवा तथा खेलकुद शाखा, शिक्षा क्षेत्रको योजना निर्माण समिति, प्राविधिक समिति र सम्पूर्ण महानुभावहरुको सहयोग, सुझाव, सल्लाहप्रति विशेष धन्यवाद दिन चाहन्छु।



**उमेश कुमार यादव**
**प्रमुख प्रसशाकीय अधिकारी**
**रुपनी गाउँ पालिका**

**प्राक्कथन**

शिक्षामा सबैको पहुँच, गुणस्तरीय शिक्षाको सुनिश्चितता, प्रविधिमैत्री, समान सहभागिता, शिक्षामा लैङ्गिक तथा सामाजिक भेदभावरहित अवसर, प्रभावकारी शैक्षिक व्यवस्थापनका लागि स्थानीय तहमा शिक्षा क्षेत्रको योजना निर्माण गर्नुपर्ने आजको प्रमुख आवश्यकता हो। दिगो विकासका लागि अनिवार्य तथा निःशुल्क शिक्षा, शिक्षा सम्बन्धी ऐन, शिक्षाका राष्ट्रिय लक्ष्य तथा अन्तरराष्ट्रिय प्रतिबद्धता साकार पार्न स्थानीय तहमा सरोकारवाला पक्षहरुसँग मिलेर शिक्षालाई सर्वसुलभ र गुणस्तरीय बनाउने कार्यमा शिक्षा क्षेत्रको योजनाले महत्वपूर्ण योगदान पुऱ्याउँछ।

रुपनी गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखाले यस क्षेत्रको शैक्षिक उन्ननयका लागि विभिन्न योजना तथा कार्यक्रमहरुद्वारा निरन्तर रुपमा आफ्नो भूमिकालाई अगाडि बढाएको छ। शिक्षा क्षेत्रको योजना तयारका लागि आर्थिक सहयोग गर्नु हुने रुपनी गाउँपालिका तथा प्राविधिक सहयोगको रुपमा सहयोग गर्ने शिक्षा बिकाश तथा समन्वय इकाइ र **पिपुल प्रमोट सेन्टर प्रति धन्यवाद व्यक्त गर्दछौ।**

प्रस्तुत शिक्षा क्षेत्रको योजना यस आकारमा ल्याउन महत्त्वपूर्ण सहयोग गर्नुहुने शिक्षा क्षेत्रको योजना निर्माण प्राविधिक समिति तथा सामाजिक विकास समितिलाई धन्यवाद व्यक्त गर्दै समय-समयमा सल्लाह-सुझाव प्रदान गरी सहयोग पुऱ्याउने गाउँपालिका परिवार, नगर शिक्षा समिति, नेपाल शिक्षक महासंघ, शिक्षकका पेशागत संघ संगठन, विद्यार्थी, अभिभावक, शिक्षाप्रेमी राजनीतिक दल, तथ्याङ्क संकलनकर्ता महानुभावहरुप्रति आभार प्रकट गर्दै आगामी दिनमा परिष्कृत गर्दै अगाडि बढ्नका लागि रचनात्मक सुझावको अपेक्षा गर्दछौ।



रुपनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रुपनी, सप्तरी
मधेश प्रदेश, नेपाल

**बेदराज अधिकारी**
**शिक्षा अधिकृत(आठौ )**
**शिक्षा, युवा तथा खेलकुद शाखा**
**रुपनी गाउँपालिका**

## योजनाको सारांस

### १. बिषय प्रवेश

नेपालमा संघीय ब्यबस्था अनुसार तीन तहका सरकारहरु रहेका छन। नेपालको संविधान २०७२ ले माध्यमिक तह सम्मको शिक्षाको व्यवस्थापन गर्ने अधिकार र जिम्मेवारी स्थानीय तहलाई दिए बमोजिम रुपनी गाउँ पालिकाको विद्यालय तहको शिक्षाको विकासका लागि **विद्यालय शिक्षा क्षेत्र योजना** निर्माण गर्न लागिएको छ। स्थानीय तहको शैक्षिक सेवाहरु प्रभावकारी रुपमा कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्न एवम् शिक्षामा पँहुच, गुणस्तर, सहभागिता र समता सुनिश्चित गर्नको लागि शिक्षा योजनाको महत्वपुर्ण भूमिका रहन्छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ जारी भएपश्चात आधारभूत तथा माध्यमिक शिक्षाका कार्यक्रमहरु स्थानीय तह मार्फत कार्यान्वयन भै रहेका छन्। अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षा हाँसिल गर्नका लागि ७५३ वटै स्थानीय सरकारहरूले संघीय र प्रदेश सरकारका योजनालाई आधार मानी आफ्ना आवश्यकताहरूलाई प्राथमिकतामा राखी स्थानीयस्तरमा शिक्षा योजना निर्माण गर्नु पर्ने आवश्यकता रहेको छ। यसै सन्दर्भमा यस रुपनी गाउँ पालिकाले स्थानीय तहको शिक्षा योजना निर्माणको लागि यो शिक्षा योजनाको मस्यौदा तयार गरिएको छ।

### २.शिक्षा योजना निर्माणको आवश्यकता

नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन तथा नियमावली, दिगो विकास लक्ष्य तथा विद्यमान विद्यालय शिक्षा सम्वन्धी ऐन कानुनले प्राथमिकतामा राखेका नीति, कार्यक्रम तथा लक्ष्यहरुलाई संघीय संरचना अनुरुप कार्यान्वयन गर्न र विद्यालय शिक्षा क्षेत्रको विकासलाई दिशानिर्देश गर्न संघीय, प्रदेश र स्थानीय तहमा विद्यालय शिक्षा योजनाको निर्माण गर्न आवश्यकता देखिएको छ। नेपालको संविधान अनूसूची ८ मा स्थानीय तहको एकल अधिकार अन्तर्गत आधारभूत तथा माध्यमिक शिक्षा उल्लेख भएको तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ (११,ज) ले आधारभुत तथा माध्यमिक तहको लागि २३ वटा शिक्षाको अधिकार तोकेको छ। यस ऐनको दफा २४ (१) मा स्थानीय तहले आवधिक तथा क्षेत्रगत योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने नीतिगत व्यवस्था समेत गरेको छ। यी प्रावधानहरुलाई कार्यान्वयन गर्नको लागि रुपनी गाउँपालिकाले स्थानीय तहहरुले शिक्षा योजना निर्माण र कार्यान्वयन गर्न लागिएको छ।

विद्यालय शिक्षामा रहेका आर्थिक तथा सामाजिक लगायतका कारणले सुविधाविहिन, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाहरूको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्न तथा प्रत्येक बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले १० वर्षे **विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan)** तयार गरेको छ। यसै आधारमा प्रदेश स्तरमा पनि आवधिक शिक्षा योजना निर्माण भएका छन्। यसै परिवेशमा यस रुपनी गाउँ पालिकाले स्थानीय तहहरूले शिक्षा योजना निर्माण र कार्यन्वयन गर्नु पर्ने आवश्यकतालाई महशुस गरी स्थानीय शिक्षा योजना निर्माण तथा विकास गरिएको हो।विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाई आत्मसात् गर्न र सृजनशील, सक्रिय तथा नेपालको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि उपयोगी नागरिक तयार गर्नका लागि शिक्षाको योगदानलाई समय सापेक्ष बनाउन पनि विद्यालय शिक्षा क्षेत्रको योजना मार्फत समग्र शिक्षा प्रणालीमा सुधार गर्नुपर्ने देखिएको छ।

### ३.स्थानीय तहमा योजना निर्माणको औचित्य

स्थानीय तहले शिक्षा योजना निर्माण गर्नुका औचित्य निम्न रहेकाछन।

१. सङ्घ र प्रदेशबाट प्रदान गरिने स्रोतहरूलाई योजनामा आधारित बनाई व्यवस्थापन, परिचालन र उपयोग गर्न।

२. शिक्षासम्बन्धी राष्ट्रिय लक्ष्य तथा अन्तर्राष् ट्रिय प्रतिबद्धता हासिल गर्न सहयोग पुर्याउन ।

३. तीनै तहमा बन्ने शिक्षा योजनाका बिच लम्बीय (Vertical) र क्षितिजीय (Horizontal) सहसम्बन्ध स्थपित गर्न ।

४. कार्यक्रम र स्रोतमा देखिएका अभाव, दोहोरोपना, स्रोत परिचालनमा असक्षमता जस्ता समस्यालाई न्यूनीकरण गर्न ।

५. साझा विषयमा लागत साझे दारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन ।

## ४ शिक्षा योजना निर्माणका आधार

यस रुपनी गाउँपालिकाको शिक्षा योजना निर्माण गर्दा निम्नलिखित दस्तावेजलाई मूल आधार बनाएको छ :

४.१ नेपालको संबिधान

४.२ सोर्हौ आवधिक योजना

४.३ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ४.४ सङ्घ, प्रदश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध ) ऐन, २०७७

४.५ अनिवार्य तथा निःशलुक शिक्षासम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली

४.६ विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) र सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना

४.७ शिक्षा नीति मूलतः राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षाको सोचपत्र २०७९

४.८ विद्यालय शिक्षामा समता रणनीति

४.९ दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाचा

४.१० स्थानीय तहको योजना तर्जुमा र्जु दिग्दर्शन २०७८ र स्थानीय तहको विकास योजना

४.११ राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन

४.१.२ विद्यालय सधुार योजना र अन्य सरकारी र गै रसरकारी सङ्घसंस्थाका शिक्षासम्बन्धी कार्यक्रम आदि ।

## ५ शिक्षा योजना निर्माण प्रक्रिया

रुपनी गाउँपालिकाले स्थानीय तहको शिक्षा योजना निर्माण गर्दा शिक्षा समितिको सगभागितामा योजना निर्माण मस्यौदा समिति तयार गरि समितिमा स्थानीय तहको शिक्षा हेर्ने प्रमुखलाई अनिवार्य रूपमा समावेश गरिएको छ । यस अतिरिक्त आवश्यकता अनुसार सम्बन्धित बिषय क्षेत्रको विज्ञ तथा प्राविधिकहरुलाई )प्र.अ., शिक्षक, शिक्षा प्रेमी, बुद्धिजिबी र स्थानीय जनप्रतिनिधि ) आमन्त्रित गरि छलफल को माध्यमबाट योजनाको मस्यौदा तयार गरिएको छ । योजना निर्माण समितिलाई आबश्यकता अनुसार आफ्नो जिम्मेवारी निर्वाह गरी यो मस्यौदा तयार गरिएकोछ ।

## ६.योजना लेखाजोखा

रुपनी गाउँपालिकाले निर्माण गरेको शिक्षा क्षेत्रको योजनाको लेखाजोखा गर्न सहयोग गर्न योजनाको सबलता , प्रासंगिकता, सुसंगतता र विश्वसनीयता आदि पक्षहरु ,हेरेकाछन । यो योजनाको लेखाजोखा प्रक्रिया रुपनी गाउँपालिकाको नीति र प्राविधिक संवादमा आधारित र सरोकारवालाहरूको सहभागितामा बनेको हो । यस गाउँ

पालिकाले स्थानीय तहको शिक्षा योजना निर्माण गरिसके पछि विश्वसनीय , दिगो र लगानी योग्य छ या छैन भन्नका लागी योजनाको विभिन्न पक्षहरू समेटेर लेखाजोखा गरिनु पर्दछ जुन योजना कार्यान्वयन गर्नु पूर्व , गाउँपालिकाले आन्तरिक र बाहिरका बिभिन्न बिषय क्षेत्रका बिज्ञहरूको समिति निर्माण गरी सो समितिको कार्य बिबरण तोकी सम्पन्न गरेको हो ।

यो प्रक्रिया योजनामा तय गरिएका प्रमुख सूचकहरूमा आधारित भई बिभिन्न परामर्श, प्रमुख सरोकारवालाहरूसँगको अन्तर्वार्ता, र खासखास मुद्दा तथा समस्या रहेका वडा ,गाउँ ,समुदाय तथा बिद्यालयको भ्रमणहरू, शिक्षा क्षेत्रको योजना र अन्य सान्दर्भिक कागजातहरूको डेस्क समीक्षा ,भरपर्दो जानकारीहरुको विश्लेषण समावेश गरेकोछ । लेखाजोखा प्रक्रियालाई सुक्ष्मबिश्लेष्ण गर्न तलका तालिकामा बिभिन्नपक्षहरुलाई समाबेस गरी हेरिएकोछ 1

| क्र.सं. | लेखाजोखाको पक्ष | विस्तृत विवरण |
|---|---|---|
| १ | नेतृत्व तथा सहभागिता | • स्थानिय तहको प्रमुखको संयोजकत्वमा सबै प्रतिनिधहरुको सहभागितामा छलफल भई मस्यौदा समिति गठन भएको ।<br>• मस्यौदा समितिमा निर्देशिकाले निर्धारण गरेको सबै पक्षको सहभागिता रहेको ।<br>• योजना लेखनकार्य पारदर्शी रुपमा गरिएको । |
| २ | प्रयाप्तता र सान्दर्भिकता | • योजनामा समावेश भएको दुर दृष्टि, लक्ष्य, उद्धेश्य, कार्यनिति र कृयाकलापहरु स्थानिय तहको शिक्षा क्षेत्रका समस्या र चुनौतीहरुलाई सम्बोधन गर्ने गरी तयार गरिएकोछ । |
| ३ | समता, सक्षमता तथा गुणस्तर | • यस शिक्षा क्षेत्रको योजनाले स्थानिय तहको शिक्षालई अगाडी बढाउनको लागी योजनमा समता, सक्षमता तथ सिकाईमा गुणस्तर अभिबृद्धि गर्ने मुख्य क्षेत्रहरुलाई सम्बोधन गर्ने प्रयास गरेको छ । |
| ४ | अन्तरसम्बन्ध र तादाम्यता | • स्थानिय तहले बनाएको शिक्षा क्षेत्रको योजना राष्ट्रिय, प्रदेशद्धारा बनाईएको ऐन कानुन, निति तथा योजनाका लक्ष्य अनुरुप तयार गरिएको छ ।<br>• स्थानिय तहले निर्माण गर्ने अन्य कृषी, स्वास्थ्य, भौतिक पूर्वाधार योजनाहरुसँग अन्तरसम्बन्ध रहेको छ ।<br>• विद्यालय सुधार योजना र नमुना विद्यालय योजनाबीच अन्तर सम्बन्ध रहेको छ । |
| ५ | संभाव्यता र कार्यान्वयन योग्यता तथा सान्दर्भिकता | • योजनाको लक्ष्य प्राप्तीको लागी कार्यान्वयन गरिने कृयाकलापहरु सान्दर्भिक रहेको छ ।<br>• योजनाको गतिविधिहरुको सहज मापन, अनुगमण तथा मुल्याँकन गर्न सकिनेछ । |

| | | |
|---|---|---|
| | | • योजना स्थानिय परिवेश, विशेष गरी जनसंख्याँ, जातजाति, आर्थिक, भाषिक रुपमा पछाडी परेका बर्गहरु र क्षेत्रका विकासकालागी सान्दर्भिक छ । |
| ६ | श्रोतको प्रवन्ध | • शिक्षा योजनामा समावेश गरिएको कार्यक्रमहरु संचालनका लागी संघ, प्रदेश र स्थानिय तह स्वमबाट श्रोतको व्यवस्थापन गर्न सकिनेछ ।<br>• योजनाको प्रस्तावित कार्यक्रम तथा बजेट बीच आपसी तालमेल रहेको छ ।<br>• यस योजना कार्यान्वयनको लागी दातृनिकायहरुको पनि सहयोग सहकार्य तथा साझेदारीबाट तयार गरिएको छ । |
| ७ | संस्थागत क्षमता | • योजना कार्यान्वयनको लागी स्थानिय तहमा रहेको विधमान संरचनहरुको प्रयोग गरि उच्चत्तम प्रतिफल हासिल गर्न सकिनेछ ।<br>• योजनामा विभिन्न संयन्यत्र तथा पक्षहरुको क्षमता विकास, सहभागिता बृद्धिका लागी विभिन्न कार्यक्रमहरु तय गरेको छ । |
| ८ | कार्यान्वयनमा तत्परता | • यो योजना सथानिय तहले नै निर्माण गरिएकोले यसको कार्यान्वयन हुनुको साथै यसमा स्थानिय तहको अपन्त्व पनि हुनेछ । |
| ९ | तथ्याँक विश्लेषण र प्रक्षेपण | • स्थानिय तहको शैक्षिक सुचक तथा अन्य तथ्याँकहरुको आधारमा योजनाका रणनिति तथा कृयाकलापहरु समावेश गरिएको छ ।<br>• तथ्याँक तथा सुचनाहरु वीच तादम्यता रहेको छ । |
| १० | अनुमण र प्रतिवेदन | • शिक्षा योजनामा अनुगमण तथा मुल्याँकनको छुट्टै अनुच्छेद राखिएको छ र सोही अनुसारको संयन्त्रको व्यवस्था गरिएको छ ।<br>• अनुगमण तथा मुल्याँकनका सुचकहरुको आधारमा नतिजामा आधारित अनुगमण तथा मुल्याँकन गर्दा यो बढी पादर्शी र जवाफदेही हुने छ ।<br>• प्रतिवेदन प्रणालीको विकास र सम्बन्धित पक्षलाई जवाफदेही वनाउन विषयहरु योजनामा समावेश गरिएको छ । |

### ७. योजना दस्तावेजको स्वरूप

स्थानीय तहले यस योजनाको स्वरूपलाई अनुसूची १बमोजिमको ढाँचामा आधारित भई तयार गरेको छ। यस योजनाको परिचय खण्ड भन्दा पहिला योजनाको कार्यकारी सारांश, विषयसूची, तालिकाहरूको सूची, चित्रहरूको सूची समावेश गरी तयार गरिएको छ।

# परिच्छेद १
# परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधान, २०७२ ले संघीय गणतन्त्र अन्तरगत राज्य व्यवस्था संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारको परिकल्पना अनुरुप क्रियाशील रहेका छन्। उक्त संविधानले समतामूलक, समावेशी र समाजवाद उन्मुख राष्ट्र निर्माण गर्ने मुख्य ध्येय राखे अनुरुप शिक्षा सम्बन्धी हक तथा प्राथमिकताहरु स्थापित गरेको छ। उक्त संवैधानिक शिक्षा सम्बन्धी हक तथा प्राथमिकतालाई कार्यान्वयन गर्न निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५, निःशुल्क तथा अनिवार्य शिक्षा नियमावली २०७७ र बालबालिका सम्बन्धी ऐन २०७५ ले शिक्षा सम्बन्धी हकहरुलाई प्रत्याभूत गरेको छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले संवैधानिक मान्यतामा आधारित रही शिक्षा क्षेत्रमा सुधार तथा परिवर्तनका निम्ति नीतिगत व्यवस्था गरेको छ।

त्यसै गरी स्थानिय सरकार संचालन ऐन २०७४ ले स्थानिय सरकारलाई शिक्षाका २३ वटा अधिकारको कार्यान्वयनका साथै शिक्षा क्षेत्रको १० वर्षे योजना सिक्षा निति २०७६, १५औ आवधिक योजनाले तय गरेका लक्ष्य तथा उद्देश्य पुरा गर्न स्थानिय सरकारले सहयोग र समन्वय गर्नु आवश्यक छ। समवेशी समतामुलक गुणस्तरिय शिक्षाको सुनिश्चितता तथा आजिवन सिकाईका अवसरहरुलाई प्रोत्साहित गरी समग्र विकास र परिवर्तनका लागि लक्ष्य उद्देश्य शिक्षा योजनाले गरेको छ। यसै गरी स्थानिय सरकार संचालन ऐन २०७४ को परिच्छेद ६ मा योजना तयारको नितिगत व्यवस्था (२४) भएको छ। जसमा गाउँपालिकाले आफ्नो क्षेत्राधिकारको विषयमा आवधिक वार्षिक क्षेत्रगत योजना निर्माण गर्नु पर्ने र वातावरण संरक्षण तथा जलबाय ,उक्त योजना निर्माण गर्दा संघ तथा प्रदेश सरकारका निति लक्ष्यसँग मेल खानु पर्नेू परीवर्तन लैङ्गिक समानता तथा समाबेशिकरण विपद्‌ब्यवस्थापन सुसाशन आदि विषयलाई ध्यान दिई दिर्घकालिन किसिमका योजनाको सूची )project bank) तयार तथा सहभागितामुलक योजना तर्जुमासरोकारवालाहरुको , सहभागितामा क्षेत्रगत योजना तयार गर्नुपर्ने नितिगत व्यवस्था छ। यसको साथै शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले पनि १० बर्ष नयाँ शिक्षा क्षेत्रको योजना निर्माणको लागि कार्य ढाँचा २०७७ विकास गरेको र पालिकाहरुले शिक्षा योजना तयारको लागि आधार तय गरेको यस अवस्थामा यो योजनाको निर्माण गर्नु आवश्यक देखिएको छ। नेपालको शिक्षा क्षेत्रमा राणाकालको उत्तरार्धदेखि प्रयास हुँदै आएको पाइएता पनि व्यवस्थित रुपमा नेपाल राष्ट्रिय शिक्षा योजना आयोगको प्रतिवेदन २०११ ले गरेको देखिन्छ। यसै गरी सर्वाङ्गीण राष्ट्रिय शिक्षा योजना २०१८, राष्ट्रिय शिक्षा पद्धति योजना २०३२-२०२८)), राष्ट्रिय शिक्षा आयोग २०४९, उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५, उच्च स्तरीय राष्ट्रिय शिक्षा कार्यदल २०५८, उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग २०७६ जस्ता आयोगका प्रतिवेदनहरु तयार गरी कार्यान्वयन भइसकेका र हुने क्रममा छन्। यसका अलवा शिक्षा क्षेत्रमा विभिन्न योजना, परियोजना र कार्यक्रम लागू भएका छन्। जस अन्तरगत रेडियो शिक्षा शिक्षक तालिम परियोजना २०३५, निरीक्षण एकाइ परियोजना २०३७, सेती परियोजना २०३८, विज्ञान शिक्षा परियोजना २०३८, प्राथमिक शिक्षा परियोजना २०४१, आधारभूत आवश्यकता परिपूर्ति योजना २०४४, आधारभूत तथा प्राथमिक शिक्षा परियोजना (पहिलो २०४९ दोश्रो २०५६), प्राथमिक शिक्षा परियोजना २०४९, माध्यमिक शिक्षा विकास परियोजना २०५०, शिक्षाका लागि खाद्य कार्यक्रम २०५२, शिक्षक शिक्षा आयोजना (२०६५-२०५९), माध्यमिक शिक्षा सहयोग कार्यक्रम सन् (२००८-२००३), सामुदायिक विद्यालय सहयोग कार्यक्रम(२०६६-२०५९) , व्यवसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना का साथै सबैका (२०७२-२०६८) -सन् २००१) लागि शिक्षा कार्यक्रम२०१५(, सहश्राब्दी विकास लक्ष्य (२०१५-२०००), दीगो विकासका लागि शिक्षा कार्यक्रम मा उल्लिखित उद्देश्य एवम् सूचकहरुलाई परिपूर्ति (२०३०-२०१५) गर्नका लागि विद्यालय क्षेत्र सुधार योजना

-सन् २००९)२०१५(, विद्यालय क्षेत्र विकास योजना (२०२२-२०१६)को समाप्तिसँगै रुपनी गाउँपालिकाले शिक्षा क्षेत्रको योजना )Eduction Sector Plan -ESP) आगामी १० वर्षे शिक्षा विकासको दृष्टिकोण सहित सन् २०८१-२०९० का लागि तयार गरेको छ। यसले पालिकाको लक्ष्य उदेश्य लगायत राज्यको शिक्षा सम्बन्धी नीति कार्यक्रम लक्ष्य उदेश्य पुरा गर्न तथा स्थानीय आवश्यकता पुरा गर्न पालिका स्तरमा शिक्षाको प्रोफाइल तथा शिक्षा क्षेत्रको योजना तयार गर्नु आजको आवश्यकता रहेको छ।

## १.२ पालिकाको समग्र सन्दर्भ

नेपालमा लामो द्वन्दपछि संविधान सभाबाट संघीय गणतन्त्रात्मक संविधान निर्माण भई संघ, प्रदेश र स्थानीय तहमा निर्वाचित सरकार गठन भएर मुख्य कानुनी तथा व्यवस्थापकीय संरचनासहित कार्यरत रहेका छन् । यस अवधिमा नेपालमा तुलनात्मक रूपमा स्थिर आर्थिक अवस्था देखिनुलाई सकारात्मक प्रगतिको सङ्केत मान्न सकिन्छ ।सन् २०१९ को आँकडाअनुसार (UNDP , 2020) मानव विकास सूचकाङ्क (०.६०२) का दृष्टिले नेपाल कुल १८९ मध्ये १४२ औँ स्थानमा रहेको छ भने न्यूनबाट मध्यम सूचकाङ्क भएको मुलुकमा प्रवेश गरेको छ । व्यक्तिको औसत विद्यालय अवधिमा बढोत्तरी, प्रति व्यक्ति आयमा वृद्धि तथा निरपेक्ष गरिबीमा रहेको जनसङ्ख्याको प्रतिशत घट्नु सकारात्मक सूचकहरू हुन् । शिक्षा विकासमा मुलुकको सामाजिक, सांस्कृतिक र आर्थिक सन्दर्भ, भौगोलिक, जनसाङ्खिक र शासकीय स्वरूपको प्रभाव रहने भएकाले यस पालिकाको शिक्षा क्षेत्रको योजना निर्माणका क्रममा यी सन्दर्भहरूको सामान्य समीक्षा गरिएको छ ।

रुपनी गाउँपालिका प्रदेश नं. २ अन्तरगत सप्तरी जिल्लामा अवस्थित रहेको छ । सप्तरी जिल्लामा विद्यमान ९ नगरपालिका र ९ गाउँपालिका गरि १८ स्थानीय तह मध्ये रुपनीगाउँपालिका एक हो । नेपालको सगरमाथा अञ्चल, सप्तरी जिल्लाको उत्तर भू-भागमा अबस्थित गाउँपालिका हो । रुपनी गाउँपालिका सप्तरी जिल्लाका साविकका ५ वटा गाविसहरु रायपुर, कटैया, जमेनी मधेपुरा (७-९), बसबिट्टी र तेरहौता संयोजन समावेश गरी बनेको यस गाउँपालिकामा ६ वटावडाहरु रहेका छन् । हाल २ नं. प्रदेश अन्तर्गत नेपाल सरकारको मिति २०७३/११/२७ को निर्णयबाट गठित गाउँपालिका हो । यसै क्षेत्रमा अवस्थित रुपनी मन्दिरको नामवाट गाउँ पालिका को नामाकरण भएको भन्ने भनाई पाईन्छ । सप्तरीको सुन्दर धार्मिक स्थलहरुमध्ये रुपनी माता मन्दिर एक उत्कृष्ट धार्मिक, सर्वाधिक महत्वपूर्ण र प्रख्यात तीर्थस्थल को रुपमा रहेको छ। देवीको पुजाआजा हुने यो स्थान रुपनी बजार देखि १ कि.मी. पूर्व उत्तर मा रहेको छ।

यो पालिकाको सिमानाको पूर्वी भागमा अग्नीसाइर कृषणासवरन गाउँपालिका, पश्चिमीमा भागमा शम्भुनाथ न.पा., डाक्नेश्वारी नगरपालिका, दक्षिणी भागमा राजविराज न.पा, र राजगढ गाउँपालिका पर्दछन भन्ने उत्तरी भागमा उदयपुर जिल्लाको सिमानासंग जोडिएको छ । भौगोलिक हिसाबमा उत्तरमा चुरे श्रेणीदेखि दक्षिणमा तराइ मधेशको भूभाग ओगटेको यस क्षेत्र पूर्व पश्चिम राजमार्गसँग जोडिए तापनि आर्थिक, सामाजिक लगायत समग्र मावन विकास सूचाकंमा अपेक्षित उपलब्धी हासिल गरिसकेको छैन । कृषिको आधुनिकीकरण, व्यवसायिकरण र विविधिकरणमार्फत कृषिजन्य वस्तुको उत्पादन र उत्पादकत्व वृद्धिको दृष्टिकोणबाट यस क्षेत्रको महत्वपूर्ण संभावना छ । यस गाउँपालिकाको कुल क्षेत्रफल ५६.०८ वर्ग किलोमिटर रहेकोछ । क्षेत्रफलको हिसाबमा वडा नं-६ सबै भन्दा ठुलो र वडा नं ५ सबै भन्दा सानो वडा रहेको छ । रुपनी गाउँपालिकाको केन्द्रिय कार्यालय रुपनी बजारमा रहेको छ । पालिकाको क्षेत्रफल ५६०८ वर्ग . .कि मि . (वर्ग कि.मी.), अक्षांश २६ डिग्री २५ मिनेट सेकेन्ड देखि २६ डिग्री ४७ मिनेट उत्तरी र देशान्तर ८६ डिग्री २८ .ि मि . (वर्ग कि.मी.), अक्षांश २६ डिग्री २५ मिनेट सेकेन्ड देखि २६ डिग्री ४७ मिनेट उत्तरी र देशान्तर ८६ डिग्री २८ मिनेट देखि ८७ डिग्री ७ मिनेट पूर्वी रहेको छ|

## भौतिक विवरण

| विशेषताहरु | रुपनी गाउँपालिका |
|---|---|
| पालिकाको क्षेत्रफल (वर्ग कि.मी.) | ५६.०८ वर्ग कि. मि . |
| अक्षांश | २६ डिग्री २५ मिनेट सेकेन्ड देखि २६ डिग्री ४७ मिनेट उत्तरी आक्षंश |
| देशान्तर | ८६ डिग्री २८ मिनेट देखि ८७ डिग्री ७ मिनेट पूर्वी देशान्तर |
| साविकका गाविसहरु | रायपुर, कटैया, जमेनी मधेपुरा )७-९(, बसबिट्टी र तेरहौता |
| केन्द्र | रुपनी बजार |

## प्रशासनिक विवरण

| क्र.स. | नयाँ वडा | समावेश गाविस | क्षेत्रफल (वर्ग कि.मि.) | प्रतिशत |
|---|---|---|---|---|
| १ | १ | कटी रायपुर (६-९) | ७.२३ | १२.८९ |
| २ | २ | कटी रायपुर (१-५) | ८.७ | १५.५१ |
| ३ | ३ | कटैया (१-९) | ६.२३ | ११.१० |
| ४ | ४ | जमुनी मधेपरुा (७-९) | ४.२४ | ७.५६ |
| ५ | ५ | बसबबटी (१-९) | ४.११ | ७.३२ |
| ६ | ६ | तेहौंता (१-९) | २५.५७ | ४५.५९ |
| | **जम्मा** | | **५६.०८** | **१००** |

***श्रोत : घरधुरी सर्वेक्षण २०७५***

| क्र.स. | नयाँ वडा | समावेश गाविस | जनसंख्या | क्षेत्रफल (वर्ग कि.मि.) |
|---|---|---|---|---|
| **१** | **१** | **कटी रायपुर (६-९)** | **५९५९** | **७.२३** |
| **२** | **२** | **कटी रायपुर (१-५)** | **५४४४** | **८.७** |
| **३** | **३** | **कटैया (१-९)** | **५७८७** | **६.२३** |
| **४** | **४** | **जमुनी मधेपरुा (७-९)** | **२५९६** | **४.२४** |
| **५** | **५** | **बसबबटी (१-९)** | **४१२४** | **४.११** |
| **६** | **६** | **तेहौंता (१-९)** | **६०७७** | **२५.५७** |
| | **जम्मा** | | **२९८७७** | **५६.०८** |

**स्रोत: CBS-2078**

### १.२.१ सामाजिक तथा सांस्कृतिक सन्दर्भ

नेपाल सामाजिक तथा संस्कृतिक विविधतायुक्त देश हो । विभिन्न जातजाति, क्षेत्र, समुदायका फरकफरक सामाजिक तथा सांस्कृतिक परम्परा, रीतिरिवाज तथा प्रचलनहरू रहेका छन् । भाषिक दृष्टिले पनि नेपाल बहुभाषी देश हो, नेपालमा १२३ भाषा/भाषिका पहिचान गरिएको छ । यस्तो सामाजिक, सांस्कृतिक तथा भाषिक विविधताले नेपालको पहिचान स्थापित गर्नुका साथै आ-आफ्नो संस्कृति तथा भाषाप्रति र समग्रतामा यस्तो विविधताप्रति सबै समुदायले गौरव गर्ने गर्दछन् । अर्कोतिर नेपालमा भाषिक, जातजातिगत, क्षेत्रगत आधारमा परम्परादेखि सिर्जित भिन्नताले विभेद तथा बञ्चितीकरणमा परी विकासका अवसरहरूबाट बञ्चित भएका र सुविधाविहिन हुन पुगेका व्यक्ति तथा समुदाय पनि रहेका छन् । खास गरी जातजातीय, भाषिक तथा लैङ्गिक आधारमा हुने भिन्नता तथा बञ्चितीकरणलाई न्यूनीकरण गर्ने विभिन्न प्रयासहरू भई केही सकारात्मक उपलब्धिहरू पनि प्राप्त भएका छन् तापनि सुधार गर्नुपर्ने पक्षहरू थुप्रै छन् । यस्ता विभेदहरू हटाउन तत् सम्बन्धी विभिन्न कानुनहरू बनाइएका र लक्षित विकास कार्यक्रमहरू सञ्चालन गरिएका छन् भने राजनीतिक, प्रशासनिक तथा केही रोजगारीका क्षेत्रमा आरक्षणा तथा विशेष प्रबन्ध पनि गरिएको छ । यसो हुँदाहुँदै पनि कतिपय सामाजिक व्यवहार परिवर्तन हुन नसक्दा कतिपय स्थान तथा समुदायमा यस्ता भिन्नता पूर्ण रूपमा हट्न सकेका छैनन् । यस्तो अवस्थामा एकातिर विविधतालाई सम्मान गर्ने दृष्टिकोण सहितका शैक्षिक नीति तथा कार्यक्रमहरू आवश्यक हुन्छन् भने अर्कोतिर सबैलाई समावेश गर्ने, समता अभिवृद्धि गर्ने, विभेदरहितताको वातावरण सृजना गर्ने र आवश्यकतानुसार थप तथा विशेष प्रबन्ध गरी समता र समावेशिता अभिवृद्धि गर्ने आवश्यकतालाई योजना निर्माणमा विशेष ध्यन दिनु जरुरी छ ।यसबाट सामाजिक सद्भाव, सहयोग र सहकार्यको संस्कृति विकास गरी समता अभिवृद्धिमा योगदान हुने छ । त्यसैगरी सामाजिक तथा सांस्कृतिक परम्परा तथा रीतिरिवाजका नाममा हुने विभिन्न विभेद, अन्याय, बञ्चितीकरण तथा अन्धविश्वास र हानीकारक अभ्यासप्रतिको सचेतताको विकास गर्नु पनि उत्ति कै आवश्यक छ ।

यसै सन्दर्भमा यस नवगठित रुपनी गाउँपालिका ऐतिहासिक, प्राकृतिक तथा साँस्कृतिक रुपले महत्वपूर्ण क्षेत्र हो । रुपनी गाउँपालिका यहाँ विभिन्न जातजातिका फरक फरक संस्कार, संस्कृति, रीतिरिवाज एवम् प्रचलनहरु रहेका छन् । यहाँ यादव, थारु, मुसहर, मुस्लिम, कोइरी, तेली, धानुक, चमार, तत्मा, तामाङ, बिन, केवट, मल्लाह, बरइ, ब्राम्हण, मगर, कलवार, कामी, दनुवार, सार्की, खत्वे, क्षेत्री, सुडी, हलुवाई, हजाम आदि लगायतका जातजातिहरु बसोबास गरिरहेका छन् । सवै जातजातीहरुको आ–आफ्नो संस्कृति भए पनि दशैं, तिहार, छठ, होली, बुद्ध जयन्ती, माघे सङ्क्रान्ति,सिरुवापर्व, चौठीचाँद, जितिया, नेमान, समाचकेवा, रामरमी, साउने सङ्क्रान्ति, जनै पूर्णिमा, तीज, पञ्चमी, क्रिसमस, ल्होसार, रमजान, बकरइद, ल्होसार, हरिबोधनी एकादशी, दाहामेला र होली जस्ता चाडपर्वहरु मान्ने गर्दछन् । यहाँका पुरुषको पहिरन सर्टपेन्ट, कमिज, शुरूवाल, दौराशुरूवाल र महिलाको पहिरनमा सारीचोलो, ब्लाउज, कुर्ताशुरूवाल आदि प्रचलित छ । कार्यक्रम विशेष वा विवाहजस्ता कार्यमा जाति अनुसारका पहिरन समेत देखिन्छ । प्रायः सबै जातिका महिलाले गहना लगाउने प्रचलन रहेको छ । हाल सबै जातिमा आधुनिकताका नाममा विदेशी भेषभूषा तथा रहनसहनले प्रश्रय पाएको देखिन्छ । यस पालिकाभित्र रहेका बहुविशेषताहरु बीचमा एकीकरण भएको अवस्था छ । अनेकताबीच एकता कायम भएको छ । त्यसैले सामाजिक सद्भाव, सहयोग, सहकार्य, सह-

अस्तित्व, सहिष्णुता, मेलमिलाप कायम भएको छ। यस पालिका भित्र सवै जातीको मिश्रित बसोवास रहेको छ भने मुख्य कामकाजी भाषा नेपाली तथा बोलिचालीको भाषा नेपाली, मैथिली, थारु, उर्दू आदि रहेको पाइन्छ । यहाँ मैथिली (८५.८३%), नेपाली (२.२९%), थारु (७.६४%), तामाङ (०.१९%), नेवार (०.१३%) मगर (०.५९%), उर्दु (२.७५%), हिन्दी (०.०५%), र अन्य (०.४०%) मातृभाषाहरु बोलिन्छन्।

## १.२.२ आर्थिक सामाजिक सन्दर्भ

### आर्थिक गतिविधिहरु:

नेपाल न्यून आय भएको मुलुकबाट मध्यम आय भएको मुलुकमा प्रवेश गर्ने तयारीमा छ। विगत केही दशकदेखि नेपालले औसत आर्थिक वृद्धिदरमा राम्रै उपलब्धि हासिल गरेको छ । सन् २०१५ को भुकम्पका कारण सन् २०१५/१६ (०.८ प्रतिशत) र बिगतको कोभिड–१९ का कारणले सन् २०१९/२० को आर्थिक वृद्धिदर न्यून (२.३ प्रतिशत) रहन जाँदा विगत १० वर्षको औसत आर्थिक वृद्धिदर ४.६ प्रतिशत रहेको छ। भुकम्प पछिको वर्ष २०१६/१७ मा आर्थिक वृद्धिदर ८.२ प्रतिशत पुगेको थियो भने त्यसपछिका दुई वर्ष पनि आर्थिक वृद्धिदर ७ प्रतिशतको हाराहारीमा रही तुलनात्मक रूपमा राम्रो रहेको थियो । विगत १० वर्षको औसत मूल्य वृद्धि ६ प्रतिशतको हाराहारीमा रहेको छ।

नेपालको सन् २०१९ को प्रतिव्यक्ति कुल राष्ट्रिय आय १०८० अमेरिकी डलरका आधारमा विश्व बैकको वर्गीकरणअनुसार न्यून आय भएको मुलुकबाट न्यून–मध्यम आय भएको मुलुकमा प्रवेश गर्ने आधार पुरा भएको छ। सन् २०१९ को राष्ट्रिय कुल गार्हस्थ उत्पादन (GDP) सन् २००९/१० को भन्दा करिब तीन गुणाले वृद्धि भई रु.३७६७ अरब रहेको छ भने यसअनुसार प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादन रु.१.२६ लाख हुन आउँदछ।

**यातायात तथा सिंचाई पहुँच तथा बजार केन्द्र :** रुपनी गाउँ को पुर्व भाग बाट खाडो खोला बगेको छ जसले गर्दा खेतीपाती गर्नको लागी पानि प्रयोग गर्दै आएकोले वि.स. २००७ सालभन्दा अगाडी यो गाउँपालिका सिंचाई तथा यातायातको दृष्टिकोले सम्पन्न गाउँपालिका हुनुपर्ने ठाउँमा यी नहर मर्मत नभएकोले यो गाउँपालिका सिंचाई तथा यातायातको दृष्टिकोणले समेत सुगम भएको छ । यस गाउँपालिकाको बिचबाट पुर्व र पश्चिम कालोपत्रे सड्क( महेन्द्र राजमार्ग ) भएकोले बजार सम्म पुग्न सजिलो भएको छ । यो गाउँपालिकामा ठुला बजार नभए पनि स–साना बजार जस्तै रुपनी चौक, बिरेन बजार \ हाट , रायपुर चौक तथा हाट , होटेल हरु रहेको छ ।साथै यस पालिकामा शनि मन्दिर धैरै प्रसिद्द रुपमा रहेको छ |

सङ्घीय स्तरमा मध्यकालिन खर्च संरचना (MTEF) मा प्रक्षेपण गरिएअनुसार आगामी तीन वर्षको वृद्धिदर तथा राष्ट्रिय कुल गार्हस्थ उत्पादनको प्रक्षेपण निम्नअनुसार रहेको छः

**तालिका १.१: मध्यकालिन खर्च संरचना प्रक्षेपण (सन् २०२०/२०२३)**

| | 2015/16 | 2016/17 | 2017/18 | 2018/19 | 2019/20 | MTEF 2020/2023 (प्रक्षेपण) | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | 2020/21 | 2021/22 | 2022/23 |
| कुल गार्हस्थ उत्पादन | 2,253.2 | 2,674.5 | 3,044.9 | 3,458.8 | 3,767.0 | 4,312.9 | 5,024.3 | 5,837.0 |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| (हालको मूल्य रु. अरबमा) | | | | | | | | |
| % आर्थिक वृद्धि | 0.6 | 8.2 | 6.7 | 7.0 | 2.3 | 7.0 | 9.9 | 9.6 |
| % मूल्य वृद्धि | 5.2 | 9.7 | 6.7 | 6.2 | 6.5 | 7.0 | 6.0 | 6.0 |
| प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादन (रु.) | 79,500 | 93,100 | 104,600 | 117,300 | 126,000 | 142,000 | 163,400 | 187,600 |
| % प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादनमा वृद्धि (स्थिर मूल्यमा) | -0.8 | 6.8 | 5.3 | 5.6 | 0.9 | 5.3 | 8.6 | 8.3 |

*स्रोत: NPC, 2020a.*

यो प्रक्षेपण कोभिडको माहामरीले रोजगारी र उत्पादनमा आएको ह्रासलाई गति लिन लाग्ने समयलाई विचार गर्दा यसमा प्रक्षेपण गरिएको आगामी तीन वर्षको आर्थिक वृद्धिदर महत्त्वाकांक्षी देखिन्छ । राष्ट्रिय कुल गार्हस्थ उत्पादन (GDP) करिब २५ प्रतिशत वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणमा आधारित भएको तर कोभिड–१९ का कारण वैदेशिक रोजगारीमा कमी आउन सक्ने आकलन छ भने नेपालमा पनि विभिन्न पर्यटनलगायत क्षेत्रमा अपेक्षित गतिमा आर्थिक वृद्धि हुन सक्नेमा विश्वस्त हुने आधार नभएकाले यो प्रक्षेपणलाई कोभिड पछिको अवस्थाको विश्लेषणका आधारमा पुनरालवलोकन गर्नु पर्ने देखिन्छ ।

सरकारको आम्दानी र खर्चको अन्तर यो वर्ष ६.५ प्रतिशत रहेको छ भने आगामी तीन वर्षका लागि ९ देखि १० प्रतिशतको अन्तर प्रक्षेपण गरिएको छ । यस वर्ष कर तथा गैरकर राजस्व कुल गार्हस्थ उत्पादनको २२ प्रतिशत रहेकोमा आगामी तीन वर्षका लागि यो प्रतिशत क्रमशः २३.५ २४.१ र २४.५ प्रक्षेपण गरिएको छ । त्यसै गरी यस वर्ष कुल खर्च कुल गार्हस्थ उत्पादनको २८.५ प्रतिशत रहेकोमा आगामी तीन वर्षका लागि यो प्रतिशत क्रमशः ३४.२ ३३.८ र ३३.५ प्रक्षेपण गरिएको छ (NPC, 2020a)।

उल्लिखित समग्र आर्थिक परिसूचकको अवस्थाका साथसाथै यसको वितरण हेर्ने हो भने विभिन्न असमानता पाइन्छन् । यसमा प्रदेशगत असमानता उल्लेख्य रहेको छ । उदाहरणका लागि वागमती प्रदेशमा जनसङ्ख्या (२०.९%) को अनुपातमा कुल गार्हस्थ उत्पादनको प्रतिशत निकै उच्च छ (३५.८%) भने मधेश प्रदेशमा जनसङ्ख्या (२०.४%) को अनुपातमा कुल गार्हस्थ उत्पादनको प्रतिशत निकै न्यून छ (१३.८%) । अरु पाँचओटै प्रदेशहरूमा जनसङ्ख्याको अनुपातमा कुल गार्हस्थ उत्पादनको प्रतिशत कम रहे पनि मधेश प्रदेशको तुलनामा फरक भने कम रहेको छ । यसमा पनि गण्डकी प्रदेश र कोशी प्रदेशमा यो भिन्नता अन्य तीन प्रदेशको तुलनामा कम रहेको छ । त्यसै गरी धनी र गरिब बिचको आयमा रहेको ठूलो भिन्नताले उच्च आय हुने माथिल्लो

१०% सँग ४० % को हाराहारीमा र न्यून आय हुने तल्लो ५०% सँग करिब २०% मात्र आम्दानी रहेको पुष्टि गर्दछ (https://wid.world/country/nepal/ ।

## क) कृषि योग्य भुमि र उत्पादन

**सिंचाइः**

**सिचाई, प्रमुख बाली, बालीचक्र, बाली लगाउने समय सम्वन्धी विवरण**

**कृषि**

**तालिका सिंचाई सुबिधा**

| उपलब्ध सुबिधा | हेक्टर |
|---|---|
| कुल खेतीयोग्य जमिन | 2847.3 |
| सतह सिंचाई | |
| भूमिगत सिंचाई | |
| कुल सिँचाइ क्षेत्र | |
| सिँचाइ नभएको क्षेत्र वर्षामा निर्भर हुने क्षेत्र | |

स्रोत:कृषि जनगणना २०७८

**ख) प्रमुख खेती र उपयोग:-** रुपनी गाउँपालिका कृषि क्षेत्रको महत्त्वपूर्ण केन्द्र मानिन्छ। यहाँको उर्वर भूमी, उपयुक्त मौसम, र प्राचीन कृषिकौशलले यस क्षेत्रलाई उत्पादनशील बनाएको छ। यस गाउँपालिकामा मुख्य रूपमा खाद्यान्न, दलहन, तेलहन, र नगदे बालीहरूको खेती गरिन्छ। प्रमुख खेती, खाद्यान्न बालीहरू,यस गाउँपालिकामा धान, गहुँ, मकै, र कोदो मुख्य खाद्यान्न बाली हुन्। धान यहाँको मुख्य बाली धान हो। भदौदेखि असोजसम्म रोपाइँ गरिन्छ र मंसिरदेखि पुससम्म कटनी हुन्छ। बलान नदीले सिंचाइको सुविधा प्रदान गर्दा धान उत्पादनमा वृद्धि भएको छ। गहुँ र मकै जाडो मौसममा गहुँ र मकैको खेती गरिन्छ। यी बालीहरूले किसानहरूको दैनिक आहारमा महत्त्वपूर्ण स्थान राख्छन्।

दलहन बालीहरू, जस्तै मसुरा, मटर, र केराउ, यस क्षेत्रको अर्को प्रमुख खेती हो। यी बालीहरूले माटोको उर्वराशक्ति बढाउन मद्दत गर्नुका साथै स्थानीयहरूको प्रोटिन स्रोतका रूपमा योगदान पुर्याउँछन्। तेलहन बालीहरू तोरी, सूर्यमुखी, र तिल खेती गरिन्छ। तोरीबाट तोरीको तेल उत्पादन गरी घरायसी र व्यावसायिक रूपमा प्रयोग गरिन्छ। नगदे बालीहरू यस गाउँपालिकामा उखु, तरकारी, र फलफूल उत्पादन नगदे बालीका रूपमा प्रख्यात छन्। साग, भिन्डी, लौका, भैंसे खुर्सानी, र गोलभेंडा यहाँका प्रमुख तरकारी बाली हुन्। फलफूल केरा, आँप, लिची, र अम्बा जस्ता फलफूलहरूको खेती व्यावसायिक रूपमा बढ्दो छ। खेतीको उपयोग घरेलु उपयोग ,बालीहरू प्राय घरायसी खपतका लागि उत्पादन गरिन्छ। धान र गहुँ गाउँपालिकाको मुख्य आहारका रूपमा प्रयोग हुन्छन्। तोरी र सूर्यमुखीको तेल खाना पकाउन र घ्यू उत्पादन गर्न प्रयोग गरिन्छ।व्यावसायिक उपयोग धान र गहुँ नजिकका बजारहरूमा बेचिन्छ। यस गाउँपालिकाको प्रमुख खेती र यसको उपयोगले यहाँका किसानहरूको जीवनस्तर सुधार

गरेको छ। यदि आधुनिक प्रविधि र सहायक नीतिहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गरियो भने यो गाउँपालिका कृषि क्षेत्रको उत्कृष्ट नमुना बन्न सक्छ।

**ग) पशुपालन:-** रुपनी गाउँपालिका सप्तरी जिल्लामा अवस्थित एक प्रमुख कृषिप्रधान क्षेत्र हो, जहाँ पशुपालन कृषकहरूको जीवनयापनको अभिन्न हिस्सा हो। यहाँका ग्रामीण परिवारहरूले पशुपालनलाई आय र पोषणको मुख्य स्रोतका रूपमा अपनाएका छन्। प्रमुख पशुपालन मा  गाई र भैंसी पालन दुध उत्पादनका लागि गरिन्छ। उत्पादन भएको दुध घरायसी उपभोगका साथै बजारमा बिक्री गरिन्छ। बाख्रापालन मासु उत्पादन र आय आर्जनका लागि महत्त्वपूर्ण छ। व्यावसायिक र स्थानीय स्तरमा कुखुरापालन गरिन्छ। यसले अण्डा र मासु उत्पादनमा योगदान पुर्याउँछ। केहि मात्रामा सुँगुर पालन पनि विस्तार हुँदैछ, विशेष गरी मासु उत्पादनका लागि। पशुपालनले परिवारलाई पोषण, आय, र जैविक मल (गोबर) प्रदान गर्दछ। दुग्ध उत्पादन र मासु बिक्रीबाट आर्थिक समृद्धिमा योगदान हुन्छ। गोबर ग्यास र मल उत्पादनले ऊर्जा र खेतीको उर्वरता बढाउँछ।समस्यामा रोगव्याधि, चारा अभाव, र आधुनिक प्रविधिको कमी। सुधार मा स्वास्थ्य सेवा, उचित चारा प्रबन्ध, र व्यावसायिक प्रशिक्षण। पशुपालनलाई प्रोत्साहन गर्न आधुनिक विधि र सहकारी प्रणालीको विकास आवश्यक छ।

**घ) उधोगहरू:-** रुपनी गाउँपालिका कृषिप्रधान क्षेत्र हो, जहाँ कृषि, पशुपालन, र स्थानीय स्रोतहरूमा आधारित साना तथा मझौला उद्योगहरूको विकास भइरहेको छ। यी उद्योगहरूले स्थानीय समुदायलाई रोजगार सिर्जना गर्दै आर्थिक विकासमा योगदान पुर्याइरहेका छन्। रुपनी गाउँपालिकामा कृषि उत्पादनहरूमा आधारित उद्योगहरू उल्लेखनीय छन्। धान मिल धान कुटाइका लागि विभिन्न मिलहरू सञ्चालनमा छन्, जसले किसानहरूलाई सहजता प्रदान गरेको छ। तेल मिल तोरी र सूर्यमुखीबाट तेल निकाल्ने उद्योगहरूले स्थानीय बजारमा तेलको आपूर्ति गरिरहेका छन्। तरकारी प्रशोधन उद्योग तरकारी तथा फलफूलबाट अचार, जुस, र अन्य प्रशोधित सामग्री उत्पादन गर्ने साना उद्योगहरू विकास हुँदै छन्। पशुपालन आधारित उद्योगहरू पशुपालनसँग सम्बन्धित उद्योगहरूले स्थानीय उत्पादनहरूको व्यवसायीकरण गरेका छन्। दुग्ध उद्योग गाई र भैंसीको दुधबाट घ्यू, दही, र पनिर उत्पादन गरिन्छ। मासु प्रशोधन उद्योग बाख्रा, कुखुरा, र सुँगुरको मासु प्रशोधन गरी नजिकका बजारमा बिक्री गरिन्छ। हस्तकला तथा घरेलु उद्योगहरू गाउँपालिकामा हस्तकला उद्योगले स्थानीय कला, संस्कृति, र परम्परालाई बचाउन मद्दत पुर्याइरहेको छ।

माटोका भाँडाकुँडा माटोका भाँडाकुँडा र मूर्तिहरू उत्पादन गर्ने साना उद्योगहरू यहाँका स्थानीय सीपको प्रतिनिधित्व गर्छन्। बुनाई उद्योग चटाई, ढाकाटोपी, र परालका सामग्री उत्पादन गर्ने उद्योगहरू क्रियाशील छन्। काठ र बाँसका उद्योगहरू काठ र बाँस प्रशस्त मात्रामा पाइने भएकाले यी सामग्रीहरूको प्रयोग गरेर घरायसी तथा व्यावसायिक सामान उत्पादन गरिन्छ। बाँसको चोयाबाट कुचो, टोकरी, र अन्य सामग्री बनाउने उद्योगहरूले लोकप्रियता पाउँदैछन्। तर अहिले ब्यबसायमा समस्या पर्याप्त लगानीको अभाव छ। प्रविधि र पूर्वाधारको कमी छ। कच्चा पदार्थको व्यावसायिक प्रशोधनको अभाव छ। तर आधुनिक प्रविधिको प्रयोग, स्थानीय कच्चा पदार्थको उपयोग गर्दै उद्योगहरूको विस्तार भइरहेको छ । रुपनी गाउँपालिकाका उद्योगहरूले ग्रामीण समुदायलाई

आत्मनिर्भर बनाउन महत्त्वपूर्ण भूमिका खेलिरहेका छन्। उद्योग क्षेत्रको विकासले गाउँपालिकालाई आर्थिक रूपमा सुदृढ बनाउन ठूलो योगदान पुर्याउन सक्छ।

**ङ) प्राकृतिक स्रोत तथा सम्पदा (बन जङ्गल, जडिबुटी):-** रुपनी गाउँपालिकाको प्राकृतिक स्रोत र सम्पदाले भरिपूर्ण रहेको छ। यस क्षेत्रमा विशेषगरी साल, सिसौ, खयर, टिक, कर्मा, जामुन लगायतका बहुमूल्य रुखहरू पाइन्छन्। यी रुखहरूले वन क्षेत्रको सौन्दर्य बढाउनुका साथै काठ र दाउराको आपूर्तिमा महत्वपूर्ण योगदान पुर्याउँछन्। वन क्षेत्रमा विभिन्न प्रजातिका जंगली जनावरहरू जस्तै मृग, बँदेल, स्याल, खरायो आदिको बासस्थान रहेको छ।जडीबुटीको दृष्टिकोणले यो क्षेत्र निकै धनी मानिन्छ। यहाँ हर्रो, बर्रो, अमला, चिराइतो, तेजपात, बेल, निम, तुलसी जस्ता औषधीय महत्वका जडीबुटीहरू प्रशस्त मात्रामा पाइन्छन्। यी जडीबुटीहरूको आयुर्वेदिक औषधि निर्माणमा महत्वपूर्ण भूमिका रहन्छ। स्थानीय समुदायले यी जडीबुटीहरूको संकलन र बिक्री गरी आय आर्जन गर्ने गरेका छन्।

वन क्षेत्रमा विभिन्न प्रजातिका चराचुरुङ्गीहरू जस्तै कालिज, ढुकुर, जुरेली, कोइली, मैना, सारौं, काग आदि पाइन्छन्। यी चराहरूले वन क्षेत्रको जैविक विविधता बढाउनुका साथै पर्यावरणीय सन्तुलन कायम राख्न मद्दत गर्दछन्। वनस्पति र जीवजन्तुको यो विविधताले यस क्षेत्रको पारिस्थितिक प्रणालीलाई समृद्ध बनाएको छ। सामुदायिक वन उपभोक्ता समूहहरूले वनको संरक्षण र व्यवस्थापनमा सक्रिय भूमिका खेल्दै आएका छन्। वन पैदावारको दिगो उपयोग र संरक्षणका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गरिएका छन्। वृक्षारोपण, अतिक्रमण नियन्त्रण, डढेलो नियन्त्रण जस्ता कार्यहरू नियमित रूपमा गरिन्छन्। वन क्षेत्रबाट प्राप्त हुने गैरकाष्ठ वन पैदावारहरूको पनि महत्वपूर्ण आर्थिक मूल्य रहेको छ। बाँस, निगालो, अल्लो, लोक्ता जस्ता वनस्पतिहरूको उपयोग गरी स्थानीय समुदायले विभिन्न हस्तकला सामग्रीहरू निर्माण गर्ने गरेका छन्। यसले स्थानीय रोजगारी र आय आर्जनमा टेवा पुर्याएको छ।

जैविक विविधताको संरक्षणका लागि वन्यजन्तु र वनस्पतिको अवैध शिकार तथा चोरी निकासी नियन्त्रण गर्न आवश्यक छ। साथै वन क्षेत्रको विस्तार र वैज्ञानिक व्यवस्थापन गरी यसको दिगो उपयोग सुनिश्चित गर्नुपर्छ। जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण गर्न पनि वन क्षेत्रको महत्वपूर्ण भूमिका रहन्छ।

वन क्षेत्रमा पाइने विभिन्न फलफूलहरू जस्तै कटुस, ओखर, मेवा, आँप, कटहर आदिले खाद्य सुरक्षामा योगदान पुर्याउँछन्। यी फलफूलहरूको व्यावसायिक खेती गरी आय आर्जन बढाउन सकिने सम्भावना पनि रहेको छ। साथै मह, च्याउ जस्ता वन पैदावारको उत्पादन र बिक्री वितरणबाट पनि आय आर्जन गर्न सकिन्छ। वन क्षेत्रको पर्यटकीय महत्व पनि उत्तिकै रहेको छ। प्राकृतिक सौन्दर्य, जैविक विविधता र हरियाली वातावरणले पर्यटकहरूलाई आकर्षित गर्दछ। इको-टुरिजमको विकास गरी यस क्षेत्रको आर्थिक विकासमा टेवा पुर्याउन सकिन्छ। वन्यजन्तु अवलोकन, बर्ड वाचिङ, वनस्पति अध्ययन जस्ता गतिविधिहरू सञ्चालन गर्न सकिन्छ।

वैज्ञानिक अनुसन्धानको दृष्टिकोणले पनि यो क्षेत्र महत्वपूर्ण रहेको छ। यहाँका वनस्पति र जीवजन्तुको अध्ययन अनुसन्धान गरी नयाँ ज्ञान र प्रविधिको विकास गर्न सकिन्छ। विशेषगरी औषधीय जडीबुटीहरूको अनुसन्धान र

विकासले स्वास्थ्य क्षेत्रमा महत्वपूर्ण योगदान पुर्याउन सक्छ। वन क्षेत्रको संरक्षण र विकासका लागि स्थानीय समुदाय, सरकारी निकाय र गैरसरकारी संस्थाहरूको समन्वयात्मक प्रयास आवश्यक छ। वन सम्पदाको दिगो व्यवस्थापन गरी भावी पुस्ताका लागि यसको संरक्षण गर्नु आजको आवश्यकता हो।

**च) पर्यटन :-** रुपनी गाउँपालिकाको पर्यटकीय सम्भावना बोकेको एक महत्वपूर्ण क्षेत्र हो। विशेषगरी धार्मिक पर्यटनको दृष्टिकोणले यो क्षेत्र निकै महत्वपूर्ण मानिन्छ। यस क्षेत्रमा रहेका प्रमुख मन्दिरहरूमा राम जानकी मन्दिर, शिव मन्दिर, दुर्गा मन्दिर, हनुमान मन्दिर लगायत रहेका छन्। यी मन्दिरहरूमा विभिन्न चाडपर्व र पूजा अनुष्ठानका अवसरमा भक्तजनहरूको भीड लाग्ने गर्दछ। विशेषगरी रामनवमी, श्रावण महिना र दशैंको समयमा यहाँ धार्मिक पर्यटकहरूको आगमन बढी हुने गर्दछ। सांस्कृतिक पर्यटनको दृष्टिकोणले पनि यो क्षेत्र महत्वपूर्ण छ। यहाँका विभिन्न जातजाति र समुदायका मौलिक संस्कृति, परम्परा र रीतिरिवाजहरूले पर्यटकहरूलाई आकर्षित गर्दछन्। स्थानीय नृत्य, गीत संगीत, भेषभूषा र खानपानको विशिष्टताले पर्यटकहरूलाई विशेष आकर्षण गर्दछ।

होमस्टे पर्यटनको विकासका लागि यो क्षेत्रमा प्रचुर सम्भावना रहेको छ। स्थानीय समुदायको सहभागितामा होमस्टे सञ्चालन गरी पर्यटन प्रवर्द्धन गर्न सकिन्छ। यसले स्थानीय रोजगारी र आय आर्जनमा वृद्धि गर्नुका साथै सामुदायिक विकासमा टेवा पुर्याउन सक्छ। कृषि पर्यटनको विकास गर्न पनि यो क्षेत्र उपयुक्त छ। यहाँका परम्परागत कृषि प्रणाली, स्थानीय बाली र कृषि उत्पादनहरूले पर्यटकहरूको ध्यान खिच्न सक्छन्। कृषि फार्म भ्रमण, स्थानीय उत्पादन प्रदर्शनी र बिक्री, कृषि सीप हस्तान्तरण जस्ता कार्यक्रमहरू सञ्चालन गर्न सकिन्छ।

स्थानीय हस्तकला र सिपमूलक उत्पादनहरूले पनि पर्यटन प्रवर्द्धनमा सहयोग पुर्याउन सक्छन्। बाँस, निगालो, अल्लो लगायतका स्थानीय कच्चा पदार्थबाट निर्मित हस्तकला सामग्रीहरूले पर्यटकहरूलाई आकर्षित गर्न सक्छन्। यस्ता सामग्रीहरूको बिक्री वितरणबाट स्थानीय अर्थतन्त्रमा टेवा पुग्न सक्छ।साथै रुपनी गाउपलिका वडा नम्बर ६ मा सनी मन्दिर जंगल अबस्थित पार्टकीय  स्थल भएको छ |

खेलकुद पर्यटनको विकासका लागि पनि यहाँ सम्भावना रहेको छ। स्थानीय खेलकुद प्रतियोगिताहरू, साहसिक खेल गतिविधिहरू सञ्चालन गरी पर्यटकहरूलाई आकर्षित गर्न सकिन्छ। यसका लागि आवश्यक पूर्वाधार विकास र प्रचारप्रसार गर्नुपर्ने हुन्छ।

पर्यटन पूर्वाधार विकासका लागि सडक, होटल, रेस्टुरेन्ट, पार्किङ स्थल, शौचालय जस्ता भौतिक संरचनाहरूको निर्माण र स्तरोन्नति गर्नुपर्छ। सुरक्षा व्यवस्था, सूचना केन्द्र, पर्यटक गाइड जस्ता सेवाहरूको पनि व्यवस्था गर्नु पर्ने आबस्यक देखिन्छ। पर्यटन विकासका लागि सरकारी, गैरसरकारी र निजी क्षेत्रको समन्वयात्मक प्रयास आवश्यक छ। पर्यटन पूर्वाधार विकास, प्रचारप्रसार, क्षमता विकास जस्ता क्षेत्रमा सबै पक्षको सहकार्य र लगानी आवश्यक छ।

### १.२.३ राजनीतिक तथा प्रशासनिक बिभाजन र समानुपातिक विकास

| वडा | जम्मा जनसंख्या | जम्मा घरधुरी | उपलब्ध प्रमुख सेवाहारू | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | १२३९ | ५९५९ | स्वास्थ्य सेवा | सामाजिक सेवा | कृषि सेवा | सरसफाई सेवा | कानुनी सेवा |
| २ | १०९१ | ५३३४ | स्वास्थ्य सेवा | सामाजिक सेवा | कृषि सेवा | सरसफाई सेवा | कानुनी सेवा |
| ३ | १२३० | ५७८७ | स्वास्थ्य सेवा | सामाजिक सेवा | कृषि सेवा | सरसफाई सेवा | कानुनी सेवा |
| ४ | ५०५ | २५९६ | स्वास्थ्य सेवा | सामाजिक सेवा | कृषि सेवा | सरसफाई सेवा | कानुनी सेवा |
| ५ | ८८७ | ४१२४ | स्वास्थ्य सेवा | सामाजिक सेवा | कृषि सेवा | सरसफाई सेवा | कानुनी सेवा |
| ६ | १३७२ | ६०७७ | स्वास्थ्य सेवा | सामाजिक सेवा | कृषि सेवा | सरसफाई सेवा | कानुनी सेवा |

**१.२.३ भौगोलिक तथा जनसाङ्खिक स्वरूप** (Geographical Background and Demographic Characteristics/Structure):- रुपनी गाउँपालिका भौगोगिक अवस्थितिका हिसाबले २६ डिग्री २५ मिनेट सेकेण्ड देखि २६ डिग्री ४७ मिनेट उत्तरी अक्षांश र ८६ डिग्री २८ मिनेट देखि ८७ डिग्री ७ मिनेट पुर्वी देशान्तरमा फैलिएको छ। यसलाई प्रशासनिक रुपमा ६ वटा वडाहरुमा विभाजन गरीएको छ। यहाँको भूस्वरुप तराई क्षेत्र अन्तरगत पर्दछ। यो गापाको केन्द्र सप्तरी जिल्लाको जिल्ला सदरमुकाम राजविराज देखि करीब १० किमी उत्तरमा रहेको छ। यो पालिकाको सिमानाको पूर्वी भागमा अग्नीसाइर कृष्णसवरन गाउँपालिका, पश्चिमीमा भागमा शम्भुनाथ न.पा., डाक्नेश्वारी नगरपालिका, दक्षिणी भागमा राजविराज न.पा, रुपनी गाउँपालिका, राजगढ गाउँपालिका पर्दछन भन्ने उत्तरी भागमा उदयपुर जिल्लाको सिमानासंग जोडिएको छ। यस गाउँपालिकाको कुल क्षेत्रफल ५६.०८ वर्ग किमी रहेको छ। यस क्षेत्रमा जाडोमा अति जाडो र गर्मीमा अति गर्मी हुने गर्दछ। यहाँ छ महिना निकै न्यानो वातावरण र छ महिना कुनै कुनै ठाउँमा निकै चिसो प्रकृतिको हावापानी महसुस गर्न सकिनछ। रुपनी गाउँपालिकाको कुल जनसंख्या २९,८७७ जना रहेको छ, जसमा पुरुषको १४,७२१ जना (४९.२७%), महिलाको १५,१५६ जना (५०.७२%) रहेको छ। पुरुषको भन्दा महिलाको जनसंख्या ४३५ जना ले बढी देखिन्छ। यहाँको लैङ्गिक अनुपात ९७.१२ प्रतिशत छ|

**१.२.३.१ भौगोलिक पृष्ठभूमि** (Geographical Background):- रुपनी गाउँपालिका सप्तरी जिल्लाको दक्षिणी भागमा अवस्थित छ । जलवायु र माटो यहाँ उष्ण समशीतोष्ण जलवायु पाइन्छ। गर्मीयाममा उच्च तापक्रम अनुभव हुन्छ भने वर्षायाममा पर्याप्त वर्षा हुने गर्दछ। माटो अत्यन्त उपजाऊ भएकाले यस क्षेत्रमा धान, गहुँ, मकै, दलहन, र तरकारी उत्पादन प्रचुर मात्रामा हुने गरेको छ। प्राकृतिक स्रोत रुपनी गाउँपालिका साना खोलानाला र जलस्रोतहरूले भरिपूर्ण छ। कमला नदी यहाँको प्रमुख जलस्रोत हो, जसले सिंचाइ र अन्य कृषिजन्य क्रियाकलापमा सहयोग पुऱ्याउँछ। जनजीवन र पेशा यहाँका बासिन्दाहरू मुख्यतः कृषिमा निर्भर छन्। पशुपालन र साना व्यवसाय पनि आम्दानीका स्रोत हुन्। गाउँपालिकामा विभिन्न जातजाति र समुदायका मानिसहरूको बसोबास छ। मैथिली यहाँको प्रमुख भाषा हो, र धर्म, संस्कृति, र परम्पराको विविधता यस क्षेत्रको पहिचान हो। रुपनी गाउँपालिका नेपालको तराई क्षेत्रको ग्रामीण विकास र सांस्कृतिक विविधताको एउटा उदाहरण हो। यसको भौगोलिक पृष्ठभूमिले यहाँको समग्र विकासलाई गति दिएको छ।

**१.२.३.२ भौगोलिक अवस्था :-** रुपनी गाउँपालिका नेपालको प्रदेश नम्बर २ अन्तर्गत सप्तरी जिल्लामा अवस्थित छ। यो तराई क्षेत्रमा पर्ने समथर भूभाग भएको गाउँपालिका हो। यसको भौगोलिक अवस्थाले यहाँको प्राकृतिक बनावट, मौसम, र जनजीवनलाई प्रत्यक्ष रूपमा प्रभाव पारेको छ। स्थलाकृति रुपनीको भूभाग समथर छ, जसले गर्दा यहाँको भूमि खेतीपातीका लागि उपयुक्त छ। अन्य भूभागको तुलनामा यो क्षेत्र प्राय बाढीको जोखिममा रहेको देखिन्छ, विशेष गरी वर्षायाममा। यहाँ उष्ण समशीतोष्ण जलवायु पाइन्छ। गर्मीयाममा उच्च तापक्रम (३५°-४०°C) र जाडोयाममा कम तापक्रम (१०°-१५°C) हुने गर्छ। वर्षायाममा यहाँ प्रशस्त वर्षा हुन्छ, जसले कृषि उत्पादनलाई मद्दत पुऱ्याउँछ।रुपनी गाउँपालिका जलस्रोतहरूले धनी छ। यस क्षेत्रमा खाड़ो नदी मुख्य जलस्रोत हो। खोलानालाहरू सिंचाइका लागि प्रयोग गरिन्छ, जसले यहाँको कृषि क्रियाकलापलाई सहज बनाउँछ। माटो र कृषि भूमि रुपनी गाउँपालिकाको माटो उर्वर छ। यहाँको उपजाऊ भूमि धान, गहुँ, मकै, तरकारी, र अन्य नगदे बाली उत्पादनका लागि उपयुक्त छ। रुपनी गाउँपालिकाको भौगोलिक अवस्था प्राकृतिक स्रोतहरू, समथर भूभाग, र उर्वर माटोले परिभाषित गरेको छ। यसको अवस्थिति, जलवायु, र स्रोतहरूले यहाँको आर्थिक, सामाजिक, र सांस्कृतिक गतिविधिहरूलाई महत्वपूर्ण रूपमा प्रभावित पारेको छ।

१.२.३.३ नदीनाला :- रुपनी गाउँपालिका सप्तरी जिल्लाको समथर भूभागमा अवस्थित एक महत्त्वपूर्ण क्षेत्र हो। यहाँका नदी-नालाहरूले कृषि, जलस्रोत, र जनजीवनमा ठूलो प्रभाव पार्ने गर्छन्। गाउँपालिकाको प्राकृतिक स्रोत व्यवस्थापनमा यी नदीहरूको महत्वपूर्ण योगदान छ। खाँडो नदी रुपनी गाउँपालिकाको प्रमुख नदी हो। खाँडो नदीको पानीले खेतीयोग्य जमिनमा सिंचाइको सुविधा पुऱ्याउँछ।यो नदी वर्षायाममा पानीको बहाव अत्यधिक बढ्ने भएकाले बाढीको सम्भावना रहन्छ। खाँडो नदी आसपासका समुदायको कृषि र दैनिकी जीवनका लागि अत्यन्त उपयोगी छ।

रुपनी गाउँपालिकाका नदी-नालाहरू वर्षायाममा बाढीको समस्याले प्रभावित हुन सक्छन्। यसले कृषि उत्पादन र जनजीवनमा चुनौती खडा गर्न सक्छ। खाँडो नदीहरूमा तटबन्ध निर्माण गरी बाढीबाट बच्ने उपायहरू अपनाउन आवश्यक छ। जलस्रोतको प्रभावकारी व्यवस्थापन र दीर्घकालीन योजना बनाउने आवश्यकता छ।खाँडो नदी नदी रुपनी गाउँपालिकाका प्रमुख जलस्रोत हुन्, जसले कृषि, वातावरण, र जनजीवनलाई प्रत्यक्ष रूपमा प्रभाव पार्छन्। यी स्रोतहरूको संरक्षण, दिगो उपयोग, र बाढी नियन्त्रणका लागि प्रभावकारी उपायहरूको आवश्यकता छ। साथै, थप साना खोला वा नालाहरूको पहिचान र व्यवस्थापनमा स्थानीय निकाय र समुदायले विशेष ध्यान दिनु आवश्यक छ।

**१.२.३.४ हावापानी:-** रुपनी गाउ पालिकाको हावापानी मध्यम गर्मीयुक्त तराई क्षेत्रको विशेषता बोकेको छ। यहाँ गर्मी मौसममा तापक्रम ३० देखि ४० डिग्री सेल्सियससम्म पुग्न सक्छ, भने जाडो मौसममा तापक्रम १० देखि १५ डिग्री सेल्सियसको हाराहारीमा रहन्छ। मनसुनको समयमा पर्याप्त वर्षा हुने भएकाले कृषि उत्पादनका लागि यो क्षेत्र अनुकूल मानिन्छ। हावापानीको यस विविधताले यहाँको जनजीवनलाई प्रत्यक्ष रूपमा प्रभाव पार्दछ। रुपनी गाउँ पालिकामा विभिन्न जातजाति, भाषा र संस्कृतिका मानिसहरू बसोबास गर्दछन्, जसले यो क्षेत्रलाई सांस्कृतिक रूपमा समृद्ध बनाएको छ। यहाँका मानिसहरूको मुख्य जीविकोपार्जन कृषि, पशुपालन र साना व्यवसायहरू हुन्। ग्रामीण जीवनशैली, पारिवारिक सहकार्य, र सांस्कृतिक चाडपर्वले स्थानीय जनजीवनलाई अझ आकर्षक बनाएको छ।

**१.२.३.५ प्राकृतिक बिपत र तिनको सम्भावना :-** रुपनी गाउँपालिकामा बाढी, आगलागी, र महामारीजस्ता प्राकृतिक विपदहरू आउने सम्भावना उच्च छ। बर्सातको समयमा यस पालिका भएर बग्ने जिता र खाडो नदीमा जलस्तर बढ्दा बाढीले खेतबारी, घरधुरी, र जनधनमा ठूलो क्षति पुर्याउने जोखिम रहन्छ। गर्मीयाममा सुख्खा मौसम र हावाहुरीले आगलागीको घटना बढी हुने गर्दछ, विशेष गरी परम्परागत छानो भएका घरहरूमा। साथै, अत्यधिक गर्मीले जंगलमा आगलागीको सम्भावना पनि बढाउँछ। यहाँको जनसंख्याको घनत्व र जलवायु परिवर्तनका कारण महामारी फैलने जोखिम पनि रहन्छ। डेंगु, मलेरिया, टाइफाइडजस्ता रोगहरू बाढीपछिको जलजन्य समस्या वा लामखुट्टे प्रकोपबाट देखा पर्न सक्छन्। साथै, शीतलहरले जाडो मौसममा बालबालिका, वृद्धवृद्धा, र कमजोर व्यक्तिहरूलाई गम्भीर असर पुर्याउने सम्भावना हुन्छ। यी विपदहरूको सामना गर्न अग्रिम योजना, चेतनामूलक कार्यक्रम, र पूर्वतयारी अनिवार्य छ।

**१.२.३.६ प्राकृतिक स्रोत एवं विशेषता:-** रुपनी गाउँपालिकामा विभिन्न प्राकृतिक स्रोतहरू उपलब्ध छन्, जसले यहाँको जनजीवन र आर्थिक गतिविधिमा महत्त्वपूर्ण भूमिका खेल्छन्। यस क्षेत्रको मुख्य प्राकृतिक स्रोत भनेको उर्वर कृषि भूमि हो, जसले धान, गहुँ, मकै, र दलहन बालीको उत्पादनलाई बढावा दिएको छ। पानीका स्रोतहरूमा कोशी नदी, यसको सहायक धाराहरू, र साना कुलाहरूले सिंचाइको लागि महत्त्वपूर्ण योगदान पुर्याएका छन्। रुपनी गाउँपालिकामा पाइने माटो उर्वर र जैविक विविधतायुक्त छ, जसले कृषिको अतिरिक्त तरकारी खेती र बगैंचालाई पनि प्रोत्साहन दिएको छ। यी स्रोतहरूको प्रभावकारी व्यवस्थापन र उपयोगले यहाँको जीवनस्तरलाई सुधार्न र दिगो विकासलाई सुनिश्चित गर्न सहयोग पुर्याउन सक्छ।

## १.२.४ पूर्वधार र विकास

**क) स्वास्थ्य सेवा:** रुपनी गाउँपालिका, सप्तरी, स्वास्थ्य सेवामा सुधारका लागि विभिन्न प्रयासहरू गर्दै आएको छ। यहाँका स्वास्थ्य केन्द्रहरूमा आधारभूत स्वास्थ्य सेवाहरू उपलब्ध छन्, जसमा प्राथमिक स्वास्थ्य केन्द्र र उपस्वास्थ्य केन्द्रहरू प्रमुख छन्। तथापि, स्वास्थ्य सेवाको पहुँच र गुणस्तरमा अझै सुधारको आवश्यकता छ। बाल स्वास्थ्य सेवामा महत्त्वपूर्ण खोप कार्यक्रमहरू सञ्चालन भइरहेका छन्, जसमा निम्नलिखित खोपहरू दिइन्छ:

- BCG (बाँसको खोप)
- पोलियो खोप
- DPT (डिप्थेरिया, पेर्टुसिस र टिटानस)

- हेपाटाइटिस B
- रोटावायरस खोप
- MMR (मास्स, मम्प्स र रुबेला)
- Vitamin A खुराक

कुपोषणको समस्या महत्त्वपूर्ण छ, र यहाँ ११.५% बच्चाहरू कुपोषित रहेका छन् । कुपोषित बच्चाहरूको उपचारका लागि मासिक पोषण वितरण, स्तनपान प्रवर्धन, र समुदायमा आधारित जागरूकता अभियानहरू सञ्चालनमा छन् ।

साथै, सुकेनाश, फुकेनाश र हैंजा जस्ता संक्रमणजन्य रोगहरूको रोकथामका लागि नियमित खोप अभियानहरू चलाइन्छ । यस क्षेत्रमा स्वास्थ्य शिक्षा र स्वच्छता सुधारका प्रयासहरू जारी छन्, जसले समुदायमा रोगहरूको प्रसारलाई रोक्न मद्दत पुर्‍याउँछ ।

स्थानीय सरकार र स्वास्थ्य संस्थाहरू कुपोषण र स्वास्थ्य समस्या समाधानका लागि सक्रिय रूपमा काम गर्दै छन्, जसले रुपनी गाउँपालिकामा स्वास्थ्य सेवामा सुधार ल्याउन मद्दत गर्दैछ ।

**ख) खानेपानी:** यस गाउँपालिकाको अधिकांश ठाउँमा भूमिगत जल सतहबाट हाते पम्प/ट्यूबेलको माध्यमले शुद्ध खानेपानी प्राप्त गरेका छन् भन्ने केहि स्थानमा शुद्ध खानेपानीको ट्यांकी समेत निर्माण गरि खानेपानी बितरण गरिएको छ |

**ग)विधुत :-** यस गाउँपलिकाको सम्पूर्ण घरधुरीमा विद्युत पहुच पुग्नुको साथै यस क्षेत्रका बासिन्दाहरुले विद्युतलाई केवल घरायसी प्रयोजनमा मात्र प्रयोग नगरी कृषि सिचाई, विद्युतीय गाडी आदिको क्षेत्रमा समेत प्रयोग गरेको पाइन्छ ।

**घ) यातायत/हवाई मार्ग :** रुपनी गाउँपालिकाको १,२,३,५, वडामा यातायातको सहजता रहेको छ | भने ४ नम्वर वडामा यातायातको समस्या रहेको छ | यस गाउँपालिकाको वडा नं १ मा बन्दै गरेको हुलाकी राजमार्ग पनि रहेको छ र यस गा.पा. बाट सप्तरी जिल्लाको सदरमुकाम राजविराज पुग्न ३० मिनेट मात्र समय लाग्ने कुराले पनि यहाँको यातायातको व्यवस्था र सहजताको बारेमा झल्काउने गरेको छ |

**ङ) सूचना/संचार/हुलाक/पत्रपत्रिका, इन्टरनेटसेवा :** यस गाउँपालिकामा Subisu, नेपाल दुरसंचार संस्था, ऐनसेल नेटवर्क, world link तथा बिभन्न सेवा प्रदयाक संस्थाको इन्टरनेट सेवाको पहुच पुगेको छ |

**ङ) बैंकिंग सेवा:** एक पालिका एक बैंक नीतिको आगमनले नेपाल राष्ट्र बैंक को इजाजत प्राप्त क, ख ,ग र घ वर्ग लगायत अन्य सहकारी संस्थाहरुले बैंकिंग सेवा प्रदान गर्दै आएको छ । यस पालिकामा ग्लोबल बैंक, महालक्ष्मी बैंक ,र लुम्बिनी बैंक रहेको छ जुन यस गाउँपालिकाको वडा नं १ मा अवस्थित छ |

## १.२.५ ऐतिहासिक पृष्ठभूमि (Hisorical Background)

क) **ऐतिहासिक अवस्था** :- बिगतका घटना क्रम्हारुमा आधारित नेपालका महत्वपूर्ण चरणबद्ध घटना क्रमहरु पंचायतकाल २००७ साल देखि २०१९,२०२३ ,२०३६,२०४७ ,२०६३ ,२०७२ , देखी हाल सम्म यहाँका शर्वदलिया राजनीतिक व्यातित्वकर्ता हरु द्वारा रुपनी बजारको समग्र बजार व्यबस्थापन ,योजना अनुगमन, गाउपलिका सिमा निर्धारण , संसदीय विकास कोष योजना छनौट तथा अनुगमन र संघीय गणतन्त्रामक संवैधानिक व्यबस्था अन्तरगत नागरिकका काम काजमा समन्वय ,सहज र स-अस्तित्व कायम गर्नु | यहाका नागरिक समाज ,

जन समुदाय , दलित , विपन्न वर्ग , आदिवासी जनजाती ,मधेशी , महिला ,को हक हितको लागी शाशात्तिकरण , लैङ्गिक सम्मनता ,धर्म निरपेक्षता , रास्ट्रीय अखण्डतामा निहित रही संवैधानिक मूल्य र मान्यतालाई अवलम्बन गरी शुसशन ,समावेशीकरण , सकारात्मक विभेद लाइ नागरिकका हक र हितको लागी जन कल्याणका लागी शर्वाजनिक सेवा प्रवाह गर्नु नै यहाका एतिहासिक गौरव मै बिसेस्ताको पहिचान हो ।

**ख) पर्यटकीय एवं ऐतिहासिक विशेषता:-** यस गाउपलिका मा प्रसिद्ध मन्दिर मध्ये शनि मन्दिर एक हुन् जुन रुपनी गाउपलिका -६ मा पर्छ । यसै गरी रुपनी देवी मन्दिर -१ , कोइली दह मन्दिर -१ , दिन्भाद्री थान -३ ,खाखी बाबा मन्दिर -५ इत्यादी यहाका प्रसिद्द धार्मिक तथा पर्यटकीय स्थल हरु हुन् | यहाँ बर्सेनी लाखौको संख्यामा मुख्य तह नेपालका तराइ भेगका र भारतका बिहार राज्यका पर्टकीयहरु आउने गरेका छन् । जस बाट यहाका आर्थिक उन्नति ,सामाजिक सद्भाव , धार्मिक सहिष्नतामा बृद्धी हुन् टेवा पुग्छ | यहाका गौरवा मै,शत्तिशाली पिठ हरुमा घुईचो देखेर नेपाल सरकार तथा मधेश प्रदेश शरकारले योजना को समेत शुनिस्चित्ता गरेको देखिन्छ जसको फलस्वरूप आगामी आर्थिक बर्षमा यी पर्ताकीय संख्या अझ बढ्ने अनुमान गर्न सकिन्छ |

**ग) सामाजिक अवस्था :-** रुपनी गाउँपालिका, सप्तरीको सामाजिक अवस्था विविधता र सहअस्तित्वको सुन्दर नमुना हो। यहाँ विभिन्न जातजाति, धर्म, र भाषाका समुदायहरू बसोबास गर्छन्, जसले सामाजिक सौहार्दता र सांस्कृतिक समृद्धिलाई बलियो बनाएको छ। हिन्दू, मुस्लिम, र अन्य समुदायहरूले आ-आफ्ना परम्परा, चाडपर्व, र धार्मिक गतिविधिहरूलाई समान सम्मानका साथ पालन गर्छन्। ग्रामीण क्षेत्र भएकाले यहाँका मानिसहरूको जीवनशैली सरल छ, र सामूहिक सहकार्यमा आधारित छ। विवाह, व्रतबन्ध, र चाडपर्व जस्ता सामाजिक घटनामा समुदायबीचको एकता झल्किन्छ। शिक्षा र स्वास्थ्यका क्षेत्रमा केही चुनौती भए पनि सरकारी र गैरसरकारी संस्थाहरूको सहयोगले सुधार भइरहेको छ। महिलाहरूको सहभागिता र सशक्तीकरणमा क्रमशः वृद्धि हुँदैछ, जसले सामाजिक प्रगतिको संकेत गर्दछ। परम्परागत मूल्य र आधुनिक सोचको समिश्रणले महादेवा गाउँपालिकाको सामाजिक अवस्था विशेष बनाएको छ।

**घ) सामाजिक तथा सांस्कृतिक विशेषता:-** रुपनी गाउँपालिका एक समृद्ध मधेशी समुदाय हो, जहाँ विभिन्न जातजाति, धर्म, र सांस्कृतिक परम्पराहरूको अनूठो मिश्रण पाइन्छ। यहाँ मुख्य रूपमा मधेशी, थारु, यादव, मुस्लिम, ब्राह्मण, दलित, तथा अन्य समुदायहरूको बसोबास छ। यस विविधताले गाउँपालिकाको सामाजिक संरचना र सांस्कृतिक विशेषतालाई बहुआयामिक बनाएको छ।

सामाजिक रूपमा यहाँका बासिन्दाहरू मेलमिलाप र सहकार्यमा आधारित जीवनयापन गर्छन्। विभिन्न समुदायका परम्परा र चाडपर्वहरू आपसी सद्भाव र सहिष्णुतामा आधारित छन्। छठ, होली, ईद, माघी, दशैँ, र तिहारजस्ता पर्वहरू सामूहिक रूपमा मनाइन्छन्, जसले यहाँको सामाजिक एकतालाई बलियो बनाएको छ।

सांस्कृतिक रूपमा परम्परागत गीत-सङ्गीत, नृत्य, र लोककथाहरू यस गाउँपालिकाको विशेषता हुन्। मधेशी लोकसङ्गीत र झुमर नृत्य, थारु नाच, तथा धार्मिक अनुष्ठानहरू यहाँको सांस्कृतिक पहिचान हुन्। स्थानीय परम्परागत खानपान, जस्तै ढिकरी, धुस्का, र पिठाको स्वाद पर्यटकलाई पनि आकर्षित गर्दछ।

रुपनी गाउँपालिकाको सामाजिक र सांस्कृतिक विविधता यहाँको सद्भाव र परम्पराको प्रतीक हो, जसले समुदायलाई एकताबद्ध र समृद्ध बनाएको छ।

**ङ) चाडपर्व/जात्रा र अन्य संस्कृतिहरू:-** रुपनी गाउँपालिका एक मधेशी समुदाय हो, जहाँ विभिन्न जातजाति र धर्मावलम्बीहरूको बसोबास छ। यो सांस्कृतिक विविधता चाडपर्वहरूको बहुलतामा झल्किन्छ। यहाँका प्रमुख चाडपर्वहरूमा चौरचन, रक्षा बन्धन, दशैँ, तिहार छठ, होली, ईद बकरईद, पुशी पुर्णिमा, होलि पर्दछन्।

छठ पर्व महत्त्वपूर्ण धार्मिक चाड हो, जहाँ सूर्यदेवको उपासना गरिन्छ। यो पर्व सामूहिक सहभागिता र धार्मिक आस्थाको प्रतीक हो। होली रंगहरूको चाड हो, जसले यहाँको सामाजिक मेलमिलाप र भाइचारा झल्काउँछ। दशैँ र तिहारले हिन्दू परम्परा झल्काउँछ, जहाँ देवी दुर्गाको पूजा र दीपावलीको झिलिमिलीले गाउँपालिकालाई जीवन्त बनाउँछ।

मुस्लिम समुदायका लागि ईद विशेष चाड हो, जसमा धार्मिक प्रार्थना र परम्परागत भोजनको विशेष महत्त्व हुन्छ। यस्तै, स्थानीय थारु समुदायले जितिया र माघी पर्व मनाउँछन्, जसले यहाँको सांस्कृतिक विविधता समृद्ध बनाएको छ।

रुपनी गाउँपालिकामा चाडपर्वहरू आपसी सद्भाव, धार्मिक सहिष्णुता, र सामुदायिक एकताको प्रतीकका रूपमा मनाइन्छन्। यसले सामाजिक सम्बन्धलाई अझ प्रगाढ बनाउने काम गर्दछ।

**च) प्रमुख जातजाती, जनजातिहरू, पिछडा बर्ग:-**

**तालिका १.६ प्रमुख जातजातीहरू**

| क्रम संख्य | जातजाति | जनसंख्या | प्रतिशत (जम्मा जनसंख्यामा) |
|---|---|---|---|
| १ | सबै जाति | २९८७७ | १००.०० |
| २ | क्षेत्री | २१० | ०.७० |
| ३ | मगर | ३४७ | १.१६ |
| ४ | थारु | २७७२ | ९.२८ |
| ५ | तामाङ | २२९ | ०.७७ |
| ६ | नेवा : (नेवार) | ३१ | ०.१० |
| ७ | विश्वकर्मा | २२८ | ०.७६ |
| ८ | मुस्लिम | २१७५ | ७.२८ |
| ९ | यादव | ५४१५ | १८.१२ |
| १० | राई | ४३ | ०.१४ |
| ११ | परियार | १२ | ०.०४ |
| १२ | ठकुरी | ३३ | ०.११ |
| १३ | तेली | २०१८ | ६.७५ |

| | | | |
|---|---|---|---|
| १४ | चमार/हरिजन/राम | १२६४ | ४.२३ |
| १५ | कोइरी/कुशवाहा | ४९५ | १.६६ |
| १६ | मुसहर | १६४५ | ५.५१ |
| १७ | धानुक | ४१४ | १.३९ |
| १८ | दुसध/पासावन/पसी | २८३ | ०.९५ |
| १९ | मल्लहा | ५५४ | १.८५ |
| २० | केवट | ५० | ०.१७ |
| २१ | कथाबनिया | ४०२ | १.३५ |
| २२ | ब्राह्मण - तराई | ८७ | ०.२९ |
| २३ | कलवार | ५७६ | १.९३ |
| २४ | हजम/ठाकुर | ४९३ | १.६५ |
| २५ | धोबी | २९६ | ०.९९ |
| २६ | तत्मा/तात्वा | १२ | ०.०४ |
| २७ | लोहार | ६० | ०.२० |
| २८ | खट्वे | ३८०० | १२.७२ |
| २९ | हलुवाई | ११२२ | ३.७६ |
| ३० | बाराई | ५२ | ०.१७ |
| ३१ | नुनिया | १२ | ०.०४ |
| ३२ | सोनार | ३४ | ०.११ |
| ३३ | बन्तार/सरदार | १२०९ | ४.०५ |
| ३४ | कायस्थ | ७० | ०.२३ |
| ३५ | राजपूत | ३० | ०.१० |
| ३६ | बधाइ/बधे | २३० | ०.७७ |
| ३७ | माली | २२ | ०.०७ |
| ३८ | राजधोब | २८८१ | ९.६४ |
| ३९ | डोम | ११५ | ०.३८ |
| ४० | अमत | ४८ | ०.१६ |
| ४१ | बनियान | २७ | ०.०९ |
| ४२ | अरू | ४५ | ०.१५ |
| ४३ | विदेशी | ३६ | ०.१२ |

स्रोत:CBS-2078

**तालिका १.७ भाषागत जनसंख्या**

| भाषा | जनसंख्या | प्रतिशत (जम्मा जनसंख्यामा) |
|---|---|---|
| सबै मातृभाषाहरू | २९८७७ | १००. |
| नेपाली | ६२१ | २.०८ |
| मैथिली | २५८५६ | ८६.५४ |
| भोजपुरी | ६४ | ०.२१ |
| थारु | २४६४ | ८.२५ |
| तामाङ | १३२ | ०.४४ |
| नेपालभाषा (नेवारी) | २० | ०.०७ |
| मगर धुत | २०८ | ०.७ |
| उर्दू | २४६ | ०.८२ |
| राई | २५ | ०.०८ |
| हिन्दी | १४५ | ०.४९ |
| मगही | ५० | ०.१७ |
| मगर खाम | ४० | ०.१३ |
| अरू | ६ | ०.०२ |

स्रोतःCBS-2078

**तालिका १.८ प्रमुख धर्मावली अनुसारको जनसंख्या**

| क्षेत्र | जम्मा जनसंख्या | धर्महरु | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | हिन्दु | बौद्ध | इस्लाम | किराँत | क्रिस्चियन | प्रकृति | बोन | जैन | बहाई | सिख |
| जम्मा | २९८७७ | २७०९८ | ५८१ | २१८० | १० | ८ | ० | ० | ० | ० | ० |
| पुरुष | १४७२१ | १३४१४ | २८३ | १०१५ | ६ | ३ | ० | ० | ० | ० | ० |
| महिला | १५१५६ | १३६८४ | २९८ | ११६५ | ४ | ५ | ० | १ | ० | ० | ० |

स्रोत:CBS-2078

छ) जनसाङ्ख्यिक स्वरूप:-

तालिका१.९ २०६८ मा र २०७८ को कुल जनसंख्या

| क्र. स. | उमेर समूह | जनसङ्ख्या | | जम्मा जनसङ्ख्यामा प्रतिशत | जनसङ्ख्या वृद्धि दर |
|---|---|---|---|---|---|
| | | २०६८ | २०७८ | | |
| १ | ००-०४ | ३०३३ | ३०७० | १०.२८ | १.१९ |
| २ | ०५-०९ | ३०८२ | ३११९ | १०.४४ | १.१९ |
| ३ | १०-१४ | २९२५ | २९६० | ९.९१ | १.१९ |
| ४ | १५-१९ | २७८४ | २८१८ | ९.४३ | १.१९ |
| ५ | २०-२४ | २७८१ | २८१४ | ९.४२ | १.१९ |
| ६ | २५-२९ | २३८८ | २४१७ | ८.०९ | १.१९ |
| ७ | ३०-३४ | २०३५ | २०६० | ६.८९ | १.१९ |
| ८ | ३५-३९ | २०४४ | २०६९ | ६.९३ | १.१९ |
| ९ | ४०-४४ | १५४६ | १५६५ | ५.२४ | १.१९ |
| १० | ४५-४९ | १३५६ | १३७२ | ४.५९ | १.१९ |
| ११ | ५०-५४ | १३८१ | १३९८ | ४.६८ | १.१९ |
| १२ | ५५-५९ | १०८३ | १०९६ | ३.६७ | १.१९ |
| १३ | ६०-६४ | ९०५ | ९१६ | ३.०७ | १.१९ |
| १४ | ६५-६९ | ८८४ | ८९५ | ३.०० | १.१९ |
| १५ | ७०-७४ | ७७४ | ७८३ | २.६२ | १.१९ |
| १६ | ७५-७९ | ३३९ | ३४३ | १.१५ | १.१९ |
| १७ | ८०-८४ | ९८ | ९९ | ०.३३ | १.१९ |
| १८ | ८५-८९ | ३० | ३० | ०.१० | १.१९ |
| १९ | ९०-९४ | २४ | २४ | ०.०८ | १.१९ |
| २० | ९५+ | २९ | २९ | ०.१० | १.१९ |
| | जम्मा | २९५२१ | २९८७७ | १००.०० | |

स्रोत:CBS-2078

**रुपनी गाउपलिकको वडागत जनसंख्या विवरण**

***तालिका१.१० ,राष्ट्रिय जनगणना २०७८ अनुसार रुपनी गाउँपालिकामा जनसंख्याको वितरण तलको तालिकामा प्रस्तुत गरिएको छ।***

***वडागत जनसंख्या बिवरण***

| वडा संख्या | धरधुरी सँख्या | जनसंख्या | | | औषत घरधुरी आकार | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला | | |
| **जम्मा** | ६३२४ | २९८७७ | १४७२१ | १५१५६ | ४.७२ | ९७.१३ |
| **वडा नम्बर १** | १२३९ | ५९५९ | २९७१ | २९८८ | ४.८१ | ९९.४३ |
| **वडा नम्बर २** | १० .९१ | ५३३४ | २५८४ | २७५० | ४.८९ | ९३.९६ |
| **वडा नम्बर ३** | १२.३० | ५७८७ | २८९२ | २८९५ | ४.७० | ९९.९० |
| **वडा नम्बर ४** | ५०५ | २५९६ | १२९२ | १३०४ | ५.१४ | ९९.०८ |
| **वडा नम्बर ५** | ८८७ | ४१२४ | २०२४ | २१०० | ४.६५ | ९६.३८ |
| **वडा नम्बर ६** | १३७२ | ६०७७ | २९५८ | ३११९ | ४.४३ | ९४.८४ |

**श्रोत: राष्ट्रिय जनगणना २०७८**

**तालिका तालिका१.११ ,२०७८ र २०८६ सम्मको प्रक्षेपित बिद्यालय र अन्य उमेर समुहको जनसंख्या (जम्मामा)**

| उमेर समूह | २०७८ को जनगणना | प्रक्षेपित जनसंख्या (जम्मामा) | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
| ३ | ६८० | ६९६ | ७०५ | ७१३ | ७२१ | ७३० | ७३९ | ७४७ |
| ४ | ६३० | ६४५ | ६५३ | ६६१ | ६६८ | ६७६ | ६८४ | ६९३ |
| ५ | ६७६ | ६९२ | ७०० | ७०९ | ७१७ | ७२६ | ७३४ | ७४३ |
| ५-९ | ३११९ | ३१९४ | ३२३२ | ३२७० | ३३०९ | ३३४८ | ३३८८ | ३४२९ |
| १०-१२ | १८६४ | १९०९ | १९३१ | १९५४ | १९७८ | २००१ | २०२५ | २०४९ |
| ५-१२ | ४९८३ | ५१०२ | ५१६३ | ५२२४ | ५२८७ | ५३५० | ५४१३ | ५४७८ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १३-१४ | १०९६ | ११२२ | ११३६ | ११४९ | ११६३ | ११७७ | ११९१ | १२०५ |
| १५-१६ | ११८७ | १२१५ | १२३० | १२४५ | १२५९ | १२७४ | १२८९ | १३०५ |
| १३-१६ | २२८३ | २३३८ | २३६५ | २३९४ | २४२२ | २४५१ | २४८० | २५१० |
| ५+ | २६८०७ | २७४४९ | २७७७५ | २८१०६ | २८४४० | २८७७९ | २९१२१ | २९४६८ |
| १५-२४ | ५६३२ | ५७६७ | ५८३५ | ५९०५ | ५९७५ | ६०४६ | ६११८ | ६१९१ |
| १५+ | २०७२८ | २१२२४ | २१४७७ | २१७३२ | २१९९१ | २२२५३ | २२५१८ | २२७८५ |
| जम्मा | ६९६८५ | ७१३५३ | ७२२०२ | ७३०६२ | ७३९३१ | ७४८११ | ७५७०१ | ७६६०२ |

**ज) जनसङ्ख्या प्रबृत्ति (बसाई सराई र यसको प्रभाव)**

कुल क्षेत्रफल १,४७,५१६ वर्ग किलोमिटर रहेको भूपरिवेष्ठित नेपालको भूगोल र हावापानीमा विविधता छ । पूर्व–पश्चिमको औसत लम्बाइ करिब ८८५ किमि र उत्तर–दक्षिणको चौडाइ करिब १४५ देखि २४१ किमि रहेको छ भने उत्तरतिरबाट क्रमशः दक्षिणतिर पूर्वदेखि पश्चिमसम्म फैलिएका तीन भौगोलिक क्षेत्र हिमाल, पहाड र तराई रहेका छन् । यी तीन भौगोलिक क्षेत्रमध्ये हिमाल, पहाड र तराईमा क्रमशः १५, ६८ र १७ प्रतिशत जति भूभाग रहेको छ भने जनसङ्ख्या क्रमशः ६.७३, ४३ र ५०.२७ प्रतिशत रहेको छ । हिमाल र पहाडबाट तराई तथा सहरी क्षेत्रमा बसोबास गर्ने प्रवृत्ति बढिरहेले पालता बस्ती भएका हिमाली र पहाडी क्षेत्र झन पातलिदै गएका छन् भने तराई तथा सहरी क्षेत्रमा जनघनत्व बढिरहेको छ । भौगोलिक स्वरूप र हावापानीमा भिन्न रहेका यी तीन क्षेत्रमध्ये हिमाली क्षेत्रमा ज्यादै चिसो हुने र कतिपय स्थानमा हिउँसमेत पर्ने भएकाले यस्ता स्थानमा यो अवधिमा जनजीवन ठप्प हुने गर्दछ । तराईको समथर भूभागमा भने गर्मि समयमा ४४° सेल्सियससम्म तापक्रम पुगी अत्यधिक गर्मि हुने गर्दछ । अधिकांश पहाडी क्षेत्रमा भने मध्यम तापक्रम हुने गर्दछ । हिमाली र पहाडी क्षेत्रमा कठिन भूबनोटका कारणले यातायात, सञ्चारलगायतका विकास तथा जनजीवनमा थप जटिलता उत्पन्न हुने गर्दछ । नेपालको संविधान बमोजिमका सात प्रदेशहरूमा एक वा एकभन्दा बढी भौगोलिक क्षेत्रका भूभागहरू समावेश गरिएको छ । उदाहरणका लागि प्रदेश २ मा तराई क्षेत्रमात्र पर्दछ, गण्डकी प्रदेशमा पहाड र हिमाल पर्दछन्, लुम्बिनी प्रदेशमा तराई र पहाड रहेका छन् भने बाँकी चार प्रदेशमा तराई, पहाड र हिमाल तीनओटै क्षेत्र समावेश भएका छन् ।

जनसाङ्खिक बनोटको कुरा गर्दा सन् २०११ को जनगणनाअनुसार नेपालको कुल जनसङ्ख्या २.६५ करोडको हाराहारीमा र जनसङ्ख्या वृद्धिदर १.३ प्रतिशत प्रतिवर्ष रहेको छ । यो जनसङ्ख्या वृद्धिदरका आधारमा प्रक्षेपण गर्दा नेपालको अहिलेको जनसङ्ख्या करिब ३ करोड हुन आउँछ ।यसमा महिलाको जनसङ्ख्या करिब ५१.५ प्रतिशत रही पुरुषको भन्दा करिब ३ प्रतिशतले बढी रहेको छ । विभिन्न उमेर समूहमा जनसङ्ख्याको वितरण निम्नअनुसार रहेको छ ।

उल्लिखित तालिकाअनुसार ४ देखि १६ वर्षको विद्यालय उमेरमा करिब ३२.५ प्रतिशत जनसङ्ख्या रहेको छ भने ४ वर्य मुनीको जनसङ्ख्या करिब ७.५ प्रतिशत र ६५ वर्ष भन्दा बढी उमेरको जनसङ्ख्या करिब ४.३ प्रतिशत

रही बाँकी करिब ५५.७ प्रतिशत जनसङ्ख्या मात्र आर्थिक रूपले सक्रिय हुनसक्ने १७ देखि ६० वर्षमा रहेको छ। प्रदेशगत रूपमा जनसङ्ख्याको वितरणा हेर्दा नेपालको कुल जनसङ्ख्याको प्रदेश १ मा १७.१ प्रतिशत, २ मा २०.४ प्रतिशत, वागमतीमा २०.९ प्रतिशत, गण्डकीमा ९.१ प्रतिशत, लुम्बिनीमा १७.० प्रतिशत, कर्णालीमा ५.९ प्रतिशत र सुदूरपश्चिममा ९.६ प्रतिशत जनसङ्ख्या रहेको छ।

हालको जनसङ्ख्या वृद्धिदरका आधारमा वार्षिक रूपमा वृद्धि हुने विद्यालय उमेरका बालबालिकाको सङ्ख्यालाई विचार गरेर शैक्षिक योजना विकास गर्नु आवश्यक छ भने भौगोलिक बनावट र जनसाङ्खिक स्वरूपले शिक्षालगायत विकास कार्यमा प्रभाव पार्ने भएकाले यसलाई योजना निर्माणको क्रममा एउटा महत्त्वपूर्ण सन्दर्भका रूपमा लिने गरिन्छ।

## १.२ पालिकाको शैक्षिक सन्दर्भ

### १.२.१ नेपालको सन्दर्भमा शिक्षाको परिभाषा

नेपाल एक वहुभाषिक, बहुजातीय, बहुधार्मिक (सहिष्णुता), विविध भौगोलिक अवस्थाले युक्ते एक लोकतान्त्रिक गणतन्त्रात्मक मुलुक हो। यहाँको शिक्षा प्रणालीमा परम्परादेखि विद्यमान माथि उल्लेखित पक्षले प्रत्यक्ष एव परोक्षरुपमा प्रभाव पार्दै समय सापेक्ष रुपका राजनैतिक एवं सामाजिक घटनाले परिवर्तन एवं परिमार्जन गरेको पाईन्छ।०६३ को राजनैतिक आमूल परिवर्तन पश्चात वर्तमान अवस्थाको नेपालको शिक्षाको परिभाषा दिन त्यति सजिलो छैन। तापनि मुलुकको राजनैतिक, सामाजिक, आर्थिक, धार्मिक, साँःस्कृतिक अवस्था लगायत यहाँ वसोवास गर्ने विविध जातजातिको अवस्था, आवश्यकता र चाहनालाई मध्यनजर गर्दा नेपालको शिक्षा भन्नाले अनिवार्य एवं निःशुल्क प्राथमिक शिक्षा, सवै तहमा दिगो, प्रभावकारी एवं गुणस्तरयुक्त व्यावहारिक शिक्षा, देशमा वढ्दो वेरोजगारी समस्यालाई मुलुक भित्रै समाधान गरी आत्मनिर्भर बनाउन सक्ने प्राविधिक एवं व्यावसायिक शिक्षामा प्राथमिकता, सवै भाषा, लिपि, संस्कृति धर्म आदिको संरक्षण, सम्वर्द्र्धन एवं परिमार्जन गर्दै समाजमा सहयोगको आदान प्रदान गरी समायोजन हुन सक्ने परिपक्व नागरिकको विकास, राज्यलाई आधुनिक विश्वसंग विश्ववन्धुत्व, भाइचारा, सहयोगको आदान–प्रदान गर्न सक्ने आधुनिक वैज्ञानिक शिक्षा प्रणाली, अन्तर्राष्ट्रिय स्तरमा राज्यको छवि कायम राखी विश्वलाई सन्देश दिन सक्ने मौलिक शिक्षा प्रणाली तथा अन्तर्राष्ट्रिय स्तरमा सम्पर्क बढाउनका लागि अंग्रेजी भाषा लगायत प्रमूख अन्तर्राष्ट्रिय भाषाको प्रभावकारी सिकाई व्यवस्था आदिको माध्यमबाट समतामूलक समावेसी सामाजिक व्यवस्था निर्माण गर्न सक्ने शिक्षा प्रणाली हुनुपर्दछ।

**पालिकाको शैक्षिक विवरण :**

रुपनी उँपालिकामा जम्मा १३ ओटा सामुदायिक विद्यालय रहेका छन्। यस गाउँपालिकामा ९ ओटा सामुदायिक आधारभूत विद्यालय, ४ ओटा माध्यमिक विद्यालय रहेका छन् त्यसै गरी ७ ओटा संस्थागत विद्यालयहरु रहेका छन्। सबै सामुदायिक विद्यालयहरुमा प्रा.वि.तहहरु रहेका छन् भने सबै संस्थागत विद्यालयहरुमा प्रा.वि. तहका रहेका छन् २५वटा वालविकास केन्द्रहरु रहेका छन्। रुपनी गाउँपालिकाको शैक्षिक विवरणलाई यसरी संक्षिप्तमा प्रस्तुत गरिएको छ।

| विद्यालय | सामुदायिक | संस्थागत | कैफियत |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| | १३ | ७ | २ मदरसा |
| जम्मा | १३ | ७ | २ मदरसा |

| प्रकारहरु | | रुपनी गाउँपालिका |
|---|---|---|
| सामुदायिक | प्रारम्भिक बाल विकास | १८ |
| | आधारभुत कक्षा १-५ मात्र | ५ |
| | आधारभुत कक्षा १-८ मात्र | ४ |
| | **आधारभुत विद्यालय कक्षा १-८ कुल** | **९** |
| | माध्यमिक कक्षा १-१० मात्र | २ |
| | माध्यमिक कक्षा १-१२ मात्र | २ |
| | **माध्यमिक विद्यालय कक्षा १-१२ कुल** | **४** |
| | **कुल विद्यालयहरु** | **१३** |
| | गृहणी विद्यालय कक्षा १० सञ्चालित | ० |
| | खुल्ला विद्यालय कक्षा ९-१२ भएका | ० |
| | प्राविधिक माध्यमिक विद्यालय | ० |
| | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम केन्द्र | ० |
| | नमुना विद्यालय | ० |
| | सामुदायिक सिकाइ केन्द्र | ० |
| | क्याम्पस | ० |
| संस्थागत | प्रारम्भिक बाल विकास | ७ |
| | आधारभुत कक्षा १-५ मात्र | ५ |
| | आधारभुत कक्षा १-८ मात्र | १ |
| | **आधारभुत विद्यालय कक्षा १-८ कुल** | **६** |
| | माध्यमिक कक्षा १-१० मात्र | १ |
| | माध्यमिक कक्षा १-१२ मात्र | ० |
| | **माध्यमिक विद्यालय कक्षा १-१२ कुल** | **१** |
| | **कुल विद्यालयहरु** | **७** |
| | गृहणी विद्यालय कक्षा १० सञ्चालित | ० |
| | खुल्ला विद्यालय कक्षा ९-१२ भएका | ० |
| | प्राविधिक माध्यमिक विद्यालय | ० |
| | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम केन्द्र | ० |
| | नमुना विद्यालय | ० |
| | सामुदायिक सिकाइ केन्द्र | ० |
| | क्याम्पस | ० |
| | प्रारम्भिक बाल विकास | २५ वटा |
| | आधारभुत कक्षा १-५ मात्र | १० वटा |
| | आधारभुत कक्षा १-८ मात्र | ५ वटा |
| | **आधारभुत विद्यालय कक्षा १-८ कुल** | १५ |

| | | |
|---|---|---|
| **जम्मा** | माध्यमिक कक्षा १-१० मात्र | ३ वटा |
| | माध्यमिक कक्षा १-१२ मात्र | २ वटा |
| | **माध्यमिक कक्षा १-१२ कुल** | ५ वटा |
| | **कुल विद्यालयहरु** | **२० वटा** |
| | गृहणी विद्यालय कक्षा १० सञ्चालित | ० |
| | खुल्ला विद्यालय कक्षा ९-१२ भएका | ० |
| | प्राविधिक माध्यमिक विद्यालय | ० |
| | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम केन्द्र | ० |
| | नमुना विद्यालय | ० |
| | सामुदायिक सिकाइ केन्द्र | ० |
| | क्याम्पस | ० |

स्रोतः शिक्षा युवा तथा खेलकुद शाखा रुपनी र IEMIS Report

### १.२.२ नीतिगत प्रबन्ध

नेपालको संविधानले समाजवादउन्मुख राज्य प्रणालीका आधारमा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक शिक्षा निःशुल्क पाउने हक सुनिश्चित गरेको छ । संविधानले अपाङ्गता भएका र आर्थिक रूपमा विपन्न नागरिकलाई कानुनबमोजिम निःशुल्क शिक्षा पाउने हक र मातृभाषामा शिक्षा पाउने हक समेतको व्यवस्था गरेको छ। गुणस्तरीय शिक्षाको सुनिश्चितता र जीवनपर्यन्त शिक्षाको समान अवसरले राज्यको आर्थिक समृद्धि र सामाजिक न्याय सहितको समतामूलक समाज निर्माण गर्ने सोच पुरा गर्न योगदान पुऱ्याउँदछ।

शिक्षालाई सर्वव्यापी, जीवनोपयोगी, प्रतिष्पर्धी एवम् गुणस्तरयुक्त बनाउनका लागि अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षासम्बन्धी ऐन २०७५ ले हरेक नागरिकको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गरेको छ । नेपाल सरकारले २०७६ सालमा जारी गरेको राष्ट्रिय शिक्षा नीतिले गुणस्तरीय शिक्षामा सबैको समतामूलक पहुँच सुनिश्चित गर्दै सिर्जनशीलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी, सीपयुक्त एवं उत्पादनशील जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ। यसै गरी नेपाल सरकारको २५-वर्षे दीर्घकालीन सोच समृद्ध नेपाल, सुखी नेपाली सहितको समुन्नत राष्ट्र निर्माणका आधारमा पन्ध्रौँ आवधिक योजनाका लक्षहरू तय गरिएको छ। उल्लिखित नीति कार्यान्वयन गरी लक्ष प्राप्त गर्नका लागि शिक्षा पद्धति र शिक्षामा गरिने लगानीको स्वरूपमा आवश्यक सुधार गर्नु पर्ने हुन्छ।

नेपालको विद्यालय क्षेत्रअन्तर्गत एक बर्षको प्रारम्भिक बालविकास तथा शिक्षामा चार वर्षका बालबालिका सहभागी हुन्छन् भने ५–१२ वर्ष उमेर समूहका लागि ८ वर्षको निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा र १३–१६ वर्ष उमेर समूहका लागि ४ वर्षको निःशुल्क माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व सरकारको रहेको छ तापनि शुल्क तिरेर पढ्ने निजी क्षेत्रबाट सञ्चालित र सरकारको लगानीमा सञ्चालित शुल्क तिर्न नपर्ने गरी दुवै प्रकारका विद्यालयहरू सञ्चालन भइरहेका छन्। यस खण्डमा मुलुकको संक्षिप्त शैक्षिक सन्दर्भअन्तर्गत नीतिगत

प्रबन्ध, उल्लेख्य उपलब्धि तथा अन्तर, विद्यालय क्षेत्र विकास योजनाका कार्यक्रम तथा उपलब्धिहरू र दिगो विकास लक्षहरूको सन्दर्भ उल्लेख गरिएको छ।

निःशुल्क शिक्षा सम्बन्धी नियमावली, २०७७ ले  प्रत्येक नागरिकको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई शिक्षा सम्बन्धी २३ वटा अधिकार/कार्यहरु प्रदान गरे अनुरुप रुपनी गाउँपालिकाले दिवा खाजा कार्यविधि निर्माण तथा कार्यान्वयन लगायत यहाँको समग्र शैक्षिक गुणस्तरलाई वृद्धि गर्न शैक्षिक अन्तरक्रिया, पेशागत क्षमता विकास, शैक्षिक गुणस्तर सुधार लगायतका योजना तथा कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ। साथै विद्यालय शिक्षालाई गुणस्तरिय बनाउनका लागि पालिका ले विभिन्न ऐन, नियमावली, कार्यविधी नर्माण गरी कार्यान्वयन भईरहेको छ।

यसै गरी यस गाउँपालिकाको शिक्षाक्षेत्रमा तपशिलका अधिकारहरु समेत रहेका छन्-

- विद्यालय स्थापना तथा ब्यबस्थापन र अनुमती
- शिक्षा सम्बन्धी तालिम गोष्ठी संचालन
- गाभिएका र बन्द भएका विद्यालयका सम्पत्ती व्यवस्थापन
- गाउँ शिक्षा समिति, विद्यालय ब्यवस्थापन समिति गठन तथा ब्यवस्थापन
- विद्यालयको भौतिक सम्पत्तिको अभिलेख संरक्षण र व्यवस्थापन
- विद्यालय शिक्षाको गुणस्तर बृद्दिकालागि विभिन्न तालिम गोष्ठि संचालन तथा पाठ्यसामाग्री वितरण
- सामुदायिक विद्यालयको दरबन्दि मिलान
- विद्यालयको नकसाङ्कन
- सामुदायिक विद्यालयको पूर्वाधार निर्माण तथा मर्मत
- आधारभुत तहको परिक्षा संचालन अनुगमन तथा व्यवस्थापन
- विद्यार्थी सिकाई उपलब्धी परिक्षण र मुल्याङ्कन
- छात्रबृत्ती व्यवस्थापन
- सामुदायिक आध्ययन केन्द्  सामुदायिक बाचनालय रसामुदायिक पुस्तकालयको संचालन र ब्यवस्थापन
- अतिरिक्त क्रियाकलापको आयोजना

त्यसैगरी यस स्थानीय तहले  स्थापनाकाल देखि नै विद्यालयको शैक्षिक गुणस्तर सुधारमा विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ। परीक्षा प्रणाली, स्थानीय पाठ्यक्रम, प्रारम्भिक कक्षा पढाइ तथा सिकाइ सुधार, शिक्षक ब्यवस्थापन तथा सिकाइ सुधारमा गतिविधिहरुमा केन्द्रित हुँदै आएको छ।

## उपलब्धि अवस्था

रुपनी गाउँपालिकाको स्थापना सँगै शिक्षामा जोड दिदै आएको छ।  हरेक बर्ष शिक्षा क्षेत्रको बजेटमा विस्तार गरिदै आएको छ।  विद्यालय शिक्षालाई गहन रुपमा विश्लेषण गर्दा पछिल्ला दिनमा शिक्षाको पहुँचमा उल्लेखनीय विस्तार भएको भए पनि गुणस्तर तथा सिकाइ उपलब्धि सुनिश्चतता एक मुख्य चुनौतिको विषय रहेको छ। समग्र शैक्षिक सुचकको अवस्थालाई तलको टेबलमा प्रस्तुत गरिन्छ।

रुपनी  गाउँपालिकामा १३ वटा सामुदायिक र ७ वटा संस्थागत गरी जम्मा २० वटा विद्यालयहरु छन्। पालिका स्तरीय शिक्षा पार्श्र्वचित्र अनुसार प्रारम्भिक बालविकास शिक्षामा अनुभव लिई कक्षा १ मा नवप्रवेशी प्रतिशत ५९.९ रहेको छ।

कक्षा १ मा कूल र खुद प्रवेश दर क्रमशः १३५.६ र ९७.९रहेको छ। आधारभूत तह (कक्षा १-५) को कूल भर्ना दर ११६.५, खुद भर्ना दर ९६.०, लैङ्गिक समता सूचक १.११, शिक्षक विद्यार्थी अनुपात ३५.८२, कक्षा ५ को टिकाउ दर ९२.१, कक्षा ५ को उतीर्ण दर ९५.८ प्रतिशत रहेको छ भने अझै पनि कक्षा ५ दोहोऱ्याउने दर २.० र कक्षा ५ मा कक्षा छोड्ने दर २.३ प्रतिशत रहेको छ।

आधारभूत तह (कक्षा १-८) को कूल भर्ना दर १०८.८, खुद भर्ना दर ८९.१, लैङ्गिक समता सूचक १.१९, शिक्षक विद्यार्थी अनुपात ६५.४७, कक्षा ८ को टिकाउ दर ८३.८६, कक्षा ८ को उतीर्ण दर ९०.३ प्रतिशत रहेको छ भने अझै पनि कक्षा ८ दोहोऱ्याउने दर ६.० र कक्षा ८ मा कक्षा छोड्ने दर ३.७ प्रतिशत रहेको छ।

माध्यमिक तह (कक्षा ९-१०) को कूल भर्ना दर ९३.०, खुद भर्ना दर ७६.४, लैङ्गिक समता सूचक १.२०, शिक्षक विद्यार्थी अनुपात ६०.४४, कक्षा १० को टिकाउ दर ५६.०, कक्षा १० को उतीर्ण दर ९७.९ प्रतिशत रहेको छ भने कक्षा १० दोहोऱ्याउने दर १.४ र कक्षा १० मा कक्षा छोड्ने दर ०.७ प्रतिशत रहेको छ।

रुपनी गाउँपालिकाको विगत वर्षहरुको शैक्षिक उपलब्धि स्तर र शैक्षिक वर्ष २०८० को उपलब्धि स्तरलाई समीक्षा गर्दा विगतका वर्षहरुको भन्दा हालको उपलब्धि स्तर क्रमशः उन्नयन तर्फगएको स्थिति छ।

**भर्ना सम्बन्धी शैक्षिक सुचकहरुको विश्लेषण**

| सुचक | लिंग | अवस्था २०८० |
|---|---|---|
| कुल भर्नादर (पूर्वप्रथामिक कक्षा) | छात्रा | 76.98 |
| | छात्रा | 85.86 |
| | जम्मा | 81.78 |
| खुद भर्नादर (पूर्वप्राथमिक कक्षा) | छात्रा | 74.66 |
| | छात्रा | 81.09 |
| | जम्मा | 78.13 |
| **बालविकासको अनुभव सहित कक्षा १ मा भर्ना** | छात्रा | 96.98 |
| | छात्रा | 94.44 |
| | जम्मा | 95.54 |
| कुल भर्नादर कक्षा १ | छात्रा | 104.59 |
| | छात्रा | 100.88 |
| | जम्मा | 102.63 |
| खुद भर्नादर कक्षा १ | छात्रा | 95.41 |
| | छात्रा | 96.19 |
| | जम्मा | 95.82 |
| कुल भर्नादर कक्षा (५-१) | छात्रा | 102.46 |
| | छात्रा | 101.02 |
| | जम्मा | 101.70 |
| कुल भर्नादर कक्षा (५-१) | छात्रा | 96.35 |
| | छात्रा | 95.93 |
| | जम्मा | 96.13 |

| | | |
|---|---|---|
| कुल भर्नादर कक्षा (८-६) | **छात्रा** | 100.77 |
| | **छात्रा** | 94.08 |
| | **जम्मा** | 97.25 |
| खुद भर्नादर कक्षा (८-६) | **छात्रा** | 93.82 |
| | **छात्रा** | 92.92 |
| | **जम्मा** | 93.35 |
| कुल भर्नादर कक्षा (८-१) | **छात्रा** | 101.88 |
| | **छात्रा** | 98.66 |
| | **जम्मा** | 100.19 |
| खुद भर्नादर कक्षा (८-१) | **छात्रा** | 95.49 |
| | **छात्रा** | 94.91 |
| | **जम्मा** | 95.18 |
| कुल भर्नादर कक्षा (१०-९) | **छात्रा** | 86.79 |
| | **छात्रा** | 90.46 |
| | **जम्मा** | 88.60 |
| खुद भर्नादर कक्षा (१०-९) | **छात्रा** | 76.18 |
| | **छात्रा** | 69.93 |
| | **जम्मा** | 73.11 |
| कुल भर्नादर कक्षा (१२-११) | **छात्रा** | 37.10 |
| | **छात्रा** | 46.50 |
| | **जम्मा** | 40.16 |
| खुद भर्नादर कक्षा (१२-११) | **छात्रा** | 20.24 |
| | **छात्रा** | 25.93 |
| | **जम्मा** | 22.09 |
| कुल भर्नादर कक्षा (१२-९) | **छात्रा** | 59.81 |
| | **छात्रा** | 74.08 |
| | **जम्मा** | 65.70 |
| खुद भर्नादर कक्षा (१२-९) | **छात्रा** | 45.80 |
| | **छात्रा** | 53.53 |
| | **जम्मा** | 48.99 |
| कक्षा ८ सम्मको टिकाउ दर | **छात्रा** | 79.69 |
| | **छात्रा** | 76.67 |
| | **जम्मा** | 78.24 |

स्रोत : Toolkit

## दोर्हाउने छोड्ने र उत्तिर्ण हुने दर सम्बन्धि शैक्षिक सुचकहरु को विश्लेषण

| सुचक | लिंग | अवस्था २०८० |
|---|---|---|
| कक्षा १ को उत्तिर्ण दर | छात्रा | 86.87 |
| | छात्र | 84.65 |
| | जम्मा | 85.70 |
| कक्षा २ को उत्तिर्ण दर | छात्रा | 84.69 |
| | छात्र | 82.76 |
| | जम्मा | 83.64 |
| कक्षा ३ को उत्तिर्ण दर | छात्रा | 86.29 |
| | छात्र | 88.75 |
| | जम्मा | 87.62 |
| कक्षा ४ को उत्तिर्ण दर | छात्रा | 88.48 |
| | छात्र | 89.44 |
| | जम्मा | 88.96 |
| कक्षा ५ को उत्तिर्ण दर | छात्रा | 89.20 |
| | छात्र | 89.82 |
| | जम्मा | 89.47 |
| कक्षा १-५ को उत्तिर्ण दर | छात्रा | 85.29 |
| | छात्र | 84.89 |
| | जम्मा | 85.08 |
| कक्षा ६ को उत्तिर्ण दर | छात्रा | 86.60 |
| | छात्र | 88.01 |
| | जम्मा | 87.36 |
| कक्षा ७ को उत्तिर्ण दर | छात्रा | 93.45 |
| | छात्र | 91.43 |
| | जम्मा | 92.48 |
| कक्षा ८ को उत्तिर्ण दर | छात्रा | 89.50 |
| | छात्र | 87.52 |
| | जम्मा | 88.45 |
| कक्षा ६-८ को उत्तिर्ण दर | छात्रा | 89.71 |
| | छात्र | 88.93 |
| | जम्मा | 89.32 |
| कक्षा ९ को उत्तिर्ण दर | छात्रा | 85.24 |
| | छात्र | 88.26 |
| | जम्मा | 86.70 |

| | | |
|---|---|---|
| **कक्षा १० को उत्तिर्ण दर** | छात्रा | 98.57 |
| | छात्र | 97.50 |
| | जम्मा | 98.02 |
| **कक्षा ९-१० को उत्तिर्ण दर** | छात्रा | 91.72 |
| | छात्र | 92.63 |
| | जम्मा | 92.18 |
| **कक्षा १ को दोर्हाउने दर** | छात्रा | 4.98 |
| | छात्र | 6.91 |
| | जम्मा | 6.00 |
| **कक्षा २ को दोर्हाउने दर** | छात्रा | 9.41 |
| | छात्र | 11.38 |
| | जम्मा | 10.47 |
| **कक्षा ३ को दोर्हाउने दर** | छात्रा | 7.25 |
| | छात्र | 4.90 |
| | जम्मा | 5.99 |
| **कक्षा ४ को दोर्हाउने दर** | छात्रा | 2.70 |
| | छात्र | 2.17 |
| | जम्मा | 2.42 |
| **कक्षा ५ को दोर्हाउने दर** | छात्रा | 3.76 |
| | छात्र | 1.11 |
| | जम्मा | 2.42 |
| **कक्षा १-५ को दोर्हाउने दर** | छात्रा | 6.15 |
| | छात्र | 6.29 |
| | जम्मा | 6.22 |
| **कक्षा ६ को दोर्हाउने दर** | छात्रा | 3.89 |
| | छात्र | 1.72 |
| | जम्मा | 2.79 |
| **कक्षा ७ को दोर्हाउने दर** | छात्र | 0.77 |
| | छात्रा | 0.83 |
| | जम्मा | 0.80 |
| **कक्षा ८ को दोर्हाउने दर** | छात्रा | 2.09 |
| | छात्र | 1.07 |
| | जम्मा | 1.54 |
| **कक्षा ६-८ को दोर्हाउने दर** | छात्रा | 2.30 |
| | छात्र | 1.23 |
| | जम्मा | 1.76 |

| | | |
|---|---|---|
| **कक्षा ९ को दोर्हाउने दर** | छात्रा | 5.91 |
| | छात्र | 2.25 |
| | जम्मा | 4.12 |
| **कक्षा १० को दोर्हाउने दर** | छात्रा | 0.00 |
| | छात्र | 0.00 |
| | जम्मा | 0.00 |
| **कक्षा ९-१० को दोर्हाउने दर** | छात्रा | 2.99 |
| | छात्र | 1.08 |
| | जम्मा | 2.03 |
| **कक्षा १ को छोड्ने दर** | छात्रा | 2.69 |
| | छात्र | 2.95 |
| | जम्मा | 2.83 |
| **कक्षा २ को छोड्ने दर** | छात्रा | 1.86 |
| | छात्र | 2.39 |
| | जम्मा | 2.16 |
| **कक्षा ३ को छोड्ने दर** | छात्रा | 3.02 |
| | छात्र | 3.21 |
| | जम्मा | 3.12 |
| **कक्षा ४ को छोड्ने दर** | छात्रा | 5.38 |
| | छात्र | 4.62 |
| | जम्मा | 5.00 |
| **कक्षा ५ को छोड्ने दर** | छात्रा | 4.26 |
| | छात्र | 5.76 |
| | जम्मा | 5.05 |
| **कक्षा १-५ को छोड्ने दर** | छात्रा | 3.45 |
| | छात्र | 3.70 |
| | जम्मा | 3.58 |
| **कक्षा ६ को छोड्ने दर** | छात्रा | 3.93 |
| | छात्र | 4.77 |
| | जम्मा | 4.32 |
| **कक्षा ७ को छोड्ने दर** | छात्रा | 2.56 |
| | छात्र | 2.49 |
| | जम्मा | 2.53 |
| **कक्षा ८ को छोड्ने दर** | छात्रा | 6.15 |
| | छात्र | 6.83 |
| | जम्मा | 6.50 |

| | | |
|---|---|---|
| **कक्षा ६-८ को छोड्ने दर** | छात्रा | 4.21 |
| | छात्र | 4.73 |
| | जम्मा | 4.47 |
| **कक्षा ९ को छोड्ने दर** | छात्रा | 5.09 |
| | छात्र | 6.91 |
| | जम्मा | 6.00 |
| **कक्षा १०को छोड्ने दर** | छात्रा | 0.00 |
| | छात्र | 0.00 |
| | जम्मा | 0.00 |
| **कक्षा ९-१०को छोड्ने दर** | छात्रा | 2.69 |
| | छात्र | 3.75 |
| | जम्मा | 3.21 |

स्रोत : Flash Report

## ज) तोकिएका शैक्षिक सूचकहरुमा हालको प्रगती र बिगत ५ बर्षको प्रबित्ति साथै विश्लेषण

### १.२.५ शिक्षक सङ्ख्या र प्रबित्ति

| | | कक्षा | मावि तह दरवन्दी | | | | निमावि तह दरवन्दी | | | प्रावि दरबन्दी | | | मावि तह | नि. मावि तह | लेखा | कर्मचारी | बाल विकाश | कर्मचारी | बाल विकाश | शिक्षक | कैफियत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | विद्यालयको नाम | | साधारण | राहत | 11,12 अनुदान | जम्मा | साधारण | राहत | जम्मा | साधारण | राहत | जम्मा | अ.ग.वि | अ.ग.वि | कर्मचारी | सहायक | शिक्षक | गा.पा अनुदान | गा.पा अनुदान | गा.पा अनुदान | 0 | |
| 1 | कान्छु नर प्रताप माध्यमिक, वडा नं-1 | बालविकाश -12 | ५ | १ | २ | ८ | ६ | १ | ७ | ८ | १ | ९ | 0 | 0 | 1 | 1 | 2 | 2 | 1 | 3 | | |
| 2 | जसिज आधारभूत विद्यालय पौवा, वडा नं-2 | बालविकाश -7 | 0 | 0 | 0 | ० | ० | ० | ० | ५ | १ | ६ | 0 | 1 | 0 | 1 | 2 | 0 | 0 | 0 | 0 | |
| 3 | आदर्श सरस्वती आधारभूत विद्यालय लौवापर, वडा नं-2 | बालविकाश -4 | 0 | 0 | 0 | ० | 0 | 0 | ० | १ | १ | २ | 0 | 0 | 0 | 1 | 2 | 0 | 0 | 1 | 0 | |

| | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 4 | बुधेश्वरी आधारभूत विद्यालय हरिराव, वडा नं-2 | बालविकाश - 8 | 0 | 0 | 0 | ० | ० | ० | ० | ५ | २ | ७ | 0 | 1 | 0 | 1 | 2 | 0 | 0 | 0 | 0 | |
| 5 | श्री माध्यमिक विद्यालय कटैया हरदिया, वडा नं-3 | बालविकाश - 11 | ० | ० | 0 | ० | १ | २ | ३ | ७ | २ | ९ | 3 | 0 | 0 | 1 | 1 | 0 | 0 | 4 | 0 | |
| 6 | जा प्रा वि मकरी कटैया, वडा नं-3 | बालविकाश - 5 | 0 | 0 | 0 | ० | 0 | 0 | ० | १ | 0 | १ | 0 | 0 | 0 | 1 | 1 | 0 | 0 | 4 | 0 | |
| 7 | आधारभूत विद्यालय छपकी भथौल, वडा नं-4 | बालविकाश - 8 | 0 | 0 | 0 | ० | ० | ० | ० | ५ | १ | ६ | 0 | 1 | 0 | 1 | 2 | 0 | 0 | 3 | 0 | |
| 8 | मुकेश्वरनाथ प्रा वि बसबिती, वडा नं-5 | बालविकाश - 3 | ० | 0 | 0 | ० | 0 | 0 | ० | 0 | १ | १ | 0 | 0 | 0 | 1 | 1 | 0 | 0 | 1 | 0 | |
| 9 | श्री जनता मावि, बसवेटी वडा नं-5 | बालविकाश - 10 | १ | १ | 0 | २ | ३ | १ | ४ | ८ | २ | १० | 1 | 0 | 1 | 1 | 1 | 1 | 0 | 2 | 0 | |
| 10 | लुखिया लखीचन्द सखीचन्द जनता मा वि, वडा नं-6 | बालविकाश - 12 | १ | ४ | २ | ७ | ३ | २ | ५ | ५ | ३ | ८ | 0 | 0 | 1 | 1 | 1 | 1 | 0 | 1 | 0 | |

| | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 11 | युवावर्ष अधर वि, वडा नं-6 | बालविकाश - 8 | ० | ० | ० | ० | ० | ० | ० | ४ | १ | ५ | 0 | 1 | 0 | 1 | 2 | 0 | 0 | 3 | 0 | |
| 12 | युवा इस्लामिया मदरसा, वडा नं-1 | बालविकाश - 3 | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | 0 | 0 | 0 | 1 | 1 | 0 | 0 | 0 | 0 | |
| 13 | मदरसा इस्लामिया तालिमुल कुरान बसबिती, वडा नं-5 | बालविकाश - 5 | 0 | 0 | ० | ० | 0 | 0 | ० | 0 | 0 | 0 | 0 | 0 | 0 | 1 | 0 | 0 | 0 | 1 | 0 | |
| | जम्मा | | ७ | ६ | ४ | १७ | १३ | ६ | १९ | ४९ | १५ | ६४ | 4 | 4 | 3 | 13 | 18 | 4 | 1 | 23 | 0 | |
| | | | | | | | | | | | | | | | | | | | 4 खाली | | |

### १.२.५.१ विद्यार्थी शिक्षक अनुपात अन्य सूचकहरुको अवस्था र प्रबित्ति विश्लेषण

### १.२.५ उल्लेख्य उपलब्धि तथा अन्तर (Gaps)

नेपालमा विगत केही दशकमा भएको शिक्षाको विस्तार उल्लेख्य रहेको छ। विद्यालय तथा विद्यार्थी सङ्ख्यामा भएको वृद्धि, कुल र खुद भर्ना दरमा भएको वृद्धि र साक्षरता दरमा भएको उल्लेख्य सुधारले शिक्षामा भएको विस्तारलाई पुष्टि गर्दछन्। सन् २०२० को तथ्याङ्कअनुसार प्रारम्भिक बालविकास तथा शिक्षामा कुल र खुद भर्ना दर क्रमशः ८६.४ र ६७.२ प्रतिशत पुगेको छ भने आधारभूत शिक्षा (कक्षा १–५) मा यो प्रतिशत क्रमशः ११९.३ र ९७.१ रहेको छ। त्यसै गरी आधारभूत शिक्षा (कक्षा १–८) कुल र खुद भर्ना दर क्रमशः ११०.४ र ९३.८ प्रतिशत रहेको छ। अर्कोतिर कक्षा १–३ मा औसत कक्षा दोहऱ्याउने दर ८ प्रतिशतको हाराहारीमा र कक्षा छाड्ने दर ४ प्रतिशतको हाराहारीमा रहेको छ। कक्षा ८ सम्मको टिकाउ दर ७९.३ प्रतिशत मात्र रहेको देखिन्छ। यसरी भर्ना भएकामध्ये करिब २१ प्रतिशत बालबालिकाहरू कक्षा ८ सम्म पनि नपुगेका र करिब ६.२ प्रतिशत उमेर समूह ५–१२ वर्षका बालबालिकाहरू विद्यालय बाहिर रहेका हुनाले यी दुवै समूहका बालबालिकालाई कक्षा ८ सम्म टिकाउनु जरुरी छ। माध्यमिक तह (कक्षा ९–१२) मा भने कुल र खुद भर्ना दर क्रमशः ७१.४ र ४७.६ प्रतिशत मात्र रही माध्यमिक शिक्षा उमेरको ठूलो जनसङ्ख्या (५२.४ प्रतिशत) माध्यमिक तहको शिक्षाभन्दा बाहिर रहेको छ।

विद्यालय शिक्षामा सरकारको प्रत्यक्ष लगानी नभई अभिभावकबाट शुल्क लिएर सञ्चालन भएका नाफामूलक र गैरनाफामूलक गरी दुई प्रकारका संस्थागत (निजी क्षेत्रबाट सञ्चालित) विद्यालयको उपस्थिति पनि उल्लेख्य छ। सन् २०२० को तथ्याङ्कअनुसार प्रारम्भिक बालविकास तथा शिक्षामा कुल विद्यार्थी सङ्ख्याको ४९.८% निजी क्षेत्रबाट सञ्चालित विद्यालयमा भर्ना भएका छन्। विद्यालयहरूको सङ्ख्याका आधारमा १६.४% मात्र निजी क्षेत्रबाट सञ्चालित छन् भने सामुदायिक प्रारम्भिक बालविकास तथा शिक्षामा केन्द्रहरू (८३.६%) मा ५०.२% मात्र विद्यार्थी देखिन्छन्। यसका हुनाका दुई कारण छन्। पहिलो, निजी क्षेत्रबाट सञ्चालित विद्यालयहरूले २ देखि ४ वर्षका कक्षाहरू चलाएका छन् भने धेरैजसो सामुदायिकले १ वर्षका कक्षा चलाएका छन्। दोस्रो, निजी क्षेत्रबाट सञ्चालित अधिकांश प्रारम्भिक बालविकास तथा शिक्षामा केन्द्रहरू तुलनात्मक रूपमा घना बस्ती भएका क्षेत्रमा रहेका छन्। त्यसै गरी आधारभूत (१–८) र माध्यमिक तह (९–१२) मा कुल विद्यार्थी सङ्ख्याको क्रमशः २५.७ र २८.२ प्रतिशत निजी क्षेत्रबाट सञ्चालित विद्यालयमा अध्ययन गर्दछन्।

आधारभूत तहमा लैङ्गिक समता सूचक ०.९८ पुगेको छ भने माध्यमिक तहमा सूचक समतामा पुगेको देखिन्छ। त्यसै गरी दलित विद्यार्थीहरूको भर्ना दरमा पनि पर्याप्त सुधार भई प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत तह (कक्षा १–५) र आधारभूत तह (कक्षा १–८) मा कुल भर्नामध्ये क्रमशः १८.५, १९.५ र १८.२ प्रतिशत दलित विद्यार्थी भर्ना भएका छन्। विभिन्न किसिमका अपाङ्गता भएका सबै बालबालिकालाई समावेशी

वातावरण सिर्जना तथा आवश्यकता अनुसारको प्रबन्धसहिको सहभागिता र सिकाइका लागि समग्र विद्यालय पद्धतिको क्षमता विकास तथा अपाङ्गता मैत्री सिकाइ वातावरण निर्माणमा थप प्रयास आवश्यक छ।

विद्यार्थीको सिकाइ उपलब्धिका आधारमा गुणस्तरलाई हेर्दा शैक्षिक गुणस्तर परीक्षण केन्द्रद्वारा कक्षा ३, ५ र ८ मा गरिएका परीक्षणले समग्रमा कमजोर उपलब्धि देखाएका छन् भने सोही केन्द्रद्वारा गरिएका माध्यमिक विद्यालयका कार्यसम्पादन परीक्षणहरूले अधिकांश विद्यालयको व्यस्थापकीय क्षमता, विद्यालयको भौतिक तथा शैक्षिक वातावरण, शिक्षक तयारी, कक्षाकोठाको शिक्षण सिकाइ तथा विद्यार्थीको समग्र सिकाइ उपलब्धि कमजोर रहेको देखाएका छन्।

यसरी विद्यालय तथा विद्यार्थी भर्नामा वृद्धि तथा समताका सूचकहरूमा सुधार आए पनि सबै बालबालिकालाई विद्यालयमा ल्याई गुणस्तरीय सिकाइसहित विद्यालय तह पुरा गराउन थप प्रयास तथा सुधार आवश्यक छ। यसका लागि समग्र विद्यालय पद्धतिलाई बालमैत्री र गुणस्तर उन्मुख बनाउन विद्यालयमा पूर्वाधारसिहतको सिकाइ वातावरण निर्माण, शिक्षकको क्षमता तथा उत्प्रेरणामा सुधार र निरन्तर सहयोग पद्धतिको विकास आवश्यक हुन्छ। त्यसै गरी विद्यार्थीलाई सिकाइका लागि उत्प्रेरित गर्न उनीहरूको कुशलताप्रति चासो बढाउन विद्यालयमा आधारित स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा तथा शिक्षालाई विद्यालयमा आवद्ध गरी व्यवस्थित गर्नु पनि उत्तिकै आवश्यक छ

शिक्षाको सबै तहमा सुशासन कायम गर्न र प्रभावकारी र गुणस्तरीय सेवा प्रवाहका लागि नेपालको संविधानअनुसार तीनै तहको सरकारको समन्वय. सहकार्य र सहकारिताको सिद्धान्तमा आधारित उच्च गुणस्तरको शैक्षिक व्यवस्थापनका गर्न सक्ने गरी शासकीय तथा व्यवस्थापकीय प्रबन्धका लागि गर्नु आवश्यक छ। सार्वजनिक शिक्षामा न्यून पहुँच भएका दुर्गम गाउँका बालबालिका तथा युवाहरूका लागि शिक्षा प्रणालीमा समतामूलक पहुँच तथा सहभागिता सुनिश्चित गर्न सेवा प्रदायक प्रणाली तथा शिक्षकका दक्षता सुधार गरी गुणस्तर अभिवृद्धि गर्नु आवश्यक छ। यस प्रयोजनका लागि हालसम्म कार्यान्वयन भएका योजनाहरूको समीक्षाका आधारमा विकास कार्यक्रमहरूको परिमार्जन तथा सेवा प्रदायक एकाइ तथा निकायहरूको क्षमता अभिवृद्धि जरूरी देखिएको छ।

यसै गरी स्थानीय र प्रदेश तहमा शिक्षा योजना निर्माण, अनुगमन तथा प्रतिवेदन प्रणालीसम्बन्धी क्षमता तथा संयन्त्र विकास गर्ने, शिक्षकको सक्षमता विकास गर्ने, पाठ्यक्रमअनुसार अपेक्षित गुणस्तर सुनिश्चित गर्ने, सामुदायिक विद्यालयहरूको प्रतिवद्धता र उत्तरदायित्वमा सुधार गर्ने, साधन र स्रोतको पर्याप्त व्यवस्था गर्ने, विद्यालय तहको प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकासलाई श्रम बजारको मागसँग जोडी सान्दर्भिकता सुनिश्चित गर्ने गरी सुधार गर्ने, तथ्याङ्कलाई विश्वसनीय बनाई शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई सुदृढ गर्ने, दिगो लगानीको स्रोत पहिचान गर्ने, जीवन पर्यन्त सिकाइका अवसरमा वृद्धि तथा विस्तार गर्ने, औपचारिक, अनौपचारिक, अनियमित र जीवनपर्यन्त शिक्षाबिच पारगम्यताको संस्थागत व्यवस्था गर्ने, प्रविधिमा आधारित शिक्षण सिकाइ सुनिश्चित गर्ने, सिकाइलाई विज्ञान र प्रविधिसँग जोड्ने र कोभिड-१९ का कारण सिर्जित पहुँच, सहभागिता र सिकाइ उपलब्धिमा देखा परेको अन्तर घटाउने जस्ता प्रमुख चुनौतीहरू रहेका छन्।

### १.३.३ शिक्षा क्षेत्रको योजना

नेपालको संविधान र संघीय संरचनाअनुरूप शिक्षाका योजना तथा कार्यक्रमहरू विकास गर्ने क्रममा तयार गरिएको चालु विद्यालय क्षेत्र विकास योजना (SSDP) को ५वर्षे (वि.सं. २०७३-२०७८) समयावधि आगामी २०७८ साल असार मसान्तमा समाप्त हुँदैछ । यस योजनाले राष्ट्रको सामाजिक तथा आर्थिक रूपान्तरणका लागि आवश्यक स्वावलम्बी, प्रतिस्पर्धी, प्रवर्तनात्मक र मूल्य उन्मुख नागरिकको विकासमा योगदान पुर्‍याउने दूरदृष्टि राखेको थियो । मुलुकको भावी संघीय स्वरूपलाई दृष्टिगत गर्दै समाजका विविधतापूर्ण परिवेश तथा आवश्यकतालाई आत्मसात् गरी सबै नागरिकलाई उत्पादनशील जीवन यापन गर्न चाहिने कार्यमूलक साक्षरता, गणितीय सिप, ज्ञान तथा आधारभूत जीवनोपयोगी सिपको विकासका अवसर प्राप्त गर्न सहजीकरण गर्दै जनशक्तिको क्षमता विकासका प्रयासमार्फत् मुलुकको सामाजिक तथा आर्थिक विकासमा योगदान दिई विद्यमान असमानता घटाउने उद्देश्यका साथ कार्यक्रमहरूका कार्यान्वयन भरहेका छन् । विद्यालय क्षेत्र विकास योजनामा लक्षित नतिजामार्फत् विद्यालय शिक्षामा समता, गुणस्तर, सक्षमता, सुशासन तथा व्यवस्थापन र उत्थानशीलताका आधारमा योजनाका समग्र कार्यक्रमहरू निर्देशित थिए । यस योजनाको कार्यान्वयन हुदाँहुदै नेपालको शासकीय स्वरूप केन्द्रीय शासन प्रणालीबाट संघीय प्रणालीअनुरुप तीन तहको सरकारमार्फत् सञ्चालन हुने संक्रमणकालीन अवस्था सुरू भयो । आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्थापनसम्बन्धी मुख्य दायित्व स्थानीय सरकारको हुने भए पछि यसको कार्यान्वयन संरचना, स्वरूप तथा प्रतिवेदन प्रणालीमा परिवर्तनसहित थप सबल बनाउनु पर्ने आवश्यकता रहेको छ ।

कार्यक्रमको पहिलो चरणको कार्यान्वयनमा हुँदा सम्ममा आधारभूत तहमा विद्यार्थीहरूको पहुँच र भर्ना दरमा उल्लेख्य वृद्धि भएको थियो । कक्षा ८ मा विद्यार्थी टिक्ने र उत्तीर्ण हुने दर पनि बढ्यो । औपचारिक तथा अनौपचारिक शिक्षाको विस्तारबाट विद्यालय बाहिर रहेका बालबालिकाहरूको शिक्षामा उल्लेख्य सङ्ख्यामा सहभागिता बढ्यो ।कक्षा १० र कक्षा १२ मा विद्यार्थी टिकाउ दरमा  निरन्तर प्रगति देखिए तापनि अपेक्षित लक्ष्य भने प्राप्त हुन सकेन ।

विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयनको सन्दर्भमा गुणस्तर सुधारका लागि विपद् व्यवस्थापन गुरू योजना, वृहत् समावेशी गुरू योजना, सिकाइकालागि न्यूनतम अवस्था सिर्जना लगायतका मापदण्ड विकास तथा नीतिगत सुधारहरू भए । यसका साथै विभिन्न क्षेत्रमा विज्ञहरूको परिचालनसमेत गरी पाठ्यक्रम प्रारूप परिमार्जन, शिक्षक पेसागत विकास सामग्री र तालिम सामग्री विकासजस्ता कार्यहरू सम्पन्न भए । तर विद्यार्थीहरूको सिकाइ उपलब्धि अपेक्षित रूपमा बढ्न  सकेन ।

विद्यालय क्षेत्र विकास कार्यक्रमको उद्देश्य, क्रियाकलापहरू र कार्यान्वयनको सन्दर्भमा गुणस्तरीय शिक्षाका लागि गर्नु पर्ने शैक्षिक सुधारका कार्यक्रमहरूको सम्बन्धमा स्थानीय सरकार, शिक्षक तथा अभिभावकहरूको क्षमता विकासको आवश्यकता देखियो । लक्षित प्रमुख नतिजा सूचकका ढाँचा अनुसार गर्नु पर्ने सुधारका लागि विभिन्न तहमा आवश्यक प्रणालीहरू पर्याप्त मात्रामा व्यवस्थित गर्नु पर्ने देखिएको छ । संघीय व्यवस्थाको कार्यान्वयनको

संक्रमणकालीन अवस्थाले विद्यालय क्षेत्र विकास कार्यक्रमको कार्यन्वयनमा समेत कुनै न कुनै रूपमा प्रभाव पाऱ्यो । कार्यान्वयनसम्बन्धी प्रतिवेदनको प्रभावकारी प्रणालीको खाँचो महुसस भयो । तीन तहको सरकारबिचको आपसी जिम्मेवारीको थप स्पष्टतासहित स्रोत केन्द्रहरूको विघटनपछि वैकल्पिक शिक्षक सहायता प्रणालीको आावश्यकता देखिएको छ ।

### १.३.४ दिगो विकास लक्षहरू

विद्यालय क्षेत्र विकास योजनाको कार्यान्वयन सँगै १५ वर्षे सहश्राब्दि विकास लक्षहरूको कार्यान्वयन पश्चात् प्राप्त उपलब्धिका आधारमा सन् २०३० सम्मको दिगो विकासका लक्ष्य प्राप्त गर्ने विषयमा नेपालले पनि प्रतिबद्धता जनाएको छ । फलस्वरूप नेपाल सरकारले दिगो विकास लक्ष ४: नेपाल राष्ट्रिय कार्यढाँचा निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । नेपाल सरकारले सन् २०१५ मे को इन्चोन र सेम्टेम्बरको संयुक्त राष्ट्र सङ्घको साधारण सभाको बैठकबाट पारित दिगो विकास लक्ष्यहरूमध्ये लक्ष्य ४ ×सबैका लागि समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरूमा प्रोत्साहित गर्ने" पुरा गर्न नेपालले राष्ट्रिय कार्यढाँचा स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ ।

नेपालको राष्ट्रिय कार्यढाँचाले नेपाल सरकारको दीर्घकालीन दूरदृष्टिलाई अनुसरण तथा शिक्षालाई मौलिक मानव अधिकारका रूपमा ग्रहण गरी राज्यको उत्तरदायित्व भित्र समेटेको छ । त्यस्तै नेपाल सरकारले वि.सं. २१०० सम्ममा नेपाललाई समुन्नत राष्ट्रको स्तरमा पुऱ्याउने दीर्घकालीन राष्ट्रिय लक्ष्यलाई समेत आत्मसात गरी दिगो विकास, समावेशिता तथा गुणस्तरीयताको मर्मअनुरूप आवश्यक पर्ने सिकाइको स्तर हासिल गर्ने कार्यमा कोही पनि नागरिक पछाडि पर्न हुँदैन भन्ने मान्यतामा कार्यढाँचाका उद्देश्य तथा लक्ष्यहरू किटान भएका छन् ।

प्रस्तुत कार्यढाँचाले राष्ट्रिय योजना आयोगले तयार गरेको १५ वर्षे दिगो विकास लक्ष, स्थिति र मार्गदर्शनका आधारमा नेपाल सरकारको नीति, योजना तथा कार्यक्रमहरूमा लिङ्ग, सामाजिक र भाषिक विविधता, अपाङ्गता, गरिबी आदिसमेतलाई दृष्टिगत गरी समावेशिता र समताका सिद्धान्त तथा मूल्यको एकीकरण गर्ने गरी सन् २०१५ लाई आधार रेखा मानी सन् २०१९, सन् २०२२, सन् २०२५ र सन् २०३० मा प्राप्त हुने उपलब्धिहरूको परिमाणात्मक गन्तव्य तथा लक्ष्यहरू किटान गरेको छ । दिगो विकासको लक्ष्य ४ का लागि नेपालको राष्ट्रिय कार्यढाँचाले सबै स्थानीय तथा प्रदेश सरकारहरूले निर्धारित सूचकका आधारमा आ-आफ्ना कार्यक्रमको प्रगतिको समीक्षा गरी पृष्ठपोषणसहित पठाइएको विवरणलाई संघीय सरकारले राष्ट्रिय प्रतिवेदनमा समावेश गर्ने व्यवस्था गरेकोछ । राष्ट्रिय योजना आयोगले निर्धारण गरेका अनुगमनका सूचकहरूसँग आबद्ध हुने गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले राष्ट्रिय प्रतिवेदन तयार गर्ने व्यवस्थासहित सो प्रतिवेदन तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति तथा राष्ट्रिय विकास समस्या समाधान समिति जस्ता अनुगमनका उच्चस्तरीय संयन्त्रको बैठकमा प्रगति समीक्षा हुने व्यवस्था गरेको छ ।

दिगो विकास लक्ष्य ४ ले दिगो विकास लक्ष्यहरूको प्रगतिको समीक्षा गर्ने सिलसिलामा सबै मुलकहरूले स्वयम्सेवी रूपमा राष्ट्रिय र स्थानीय तहका योजनाहरूको आवधिक समीक्षा गर्न सकिने प्रावधान राखेको छ । यस सन्दर्भमा नेपालले दिगो विकास लक्ष्य कार्यान्वयन अवधिभित्र कम्तीमा ३ पटक स्वयम्सेवी राष्ट्रिय समीक्षा गर्ने

योजना बनाएको छ । यो समीक्षा राष्ट्रिय योजना आयोगको संयोजनमा गरिने व्यवस्थाअनुसार आयोगले सन् २०२० को जुन महिनामा पहिलो  स्वयम्सेवी राष्ट्रिय समीक्षा गरेको थियो । यस समीक्षाले द्रुत गतिमा भइरहेको पूर्वाधार विकासले शिक्षामा पहुँच बढाउन महत्त्वपूर्ण भूमिका खेलेको उल्लेख गरेको छ । समीक्षामा शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाई प्रदेश र स्थानीय तहसँग समन्वय हुने गरी थप सवलीकरण गरी खण्डीकृत तथ्याङ्क तथा सूचनाहरू प्रविष्ठि गर्नु पर्ने सुझाव प्रस्तुत भएको छ । सो समीक्षामा अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा ऐन, २०७५ को कार्यान्वयनले गरिब, सीमान्तकृत र आर्थिक रूपमा पछाडि परेका समदायका बालबालिकाहरूको विद्यालय शिक्षामा पहुँच अपेक्षाकृत रूपमा बढेको विश्लेषण गरिएको छ । सो समीक्षामा प्रस्तुत भएअनुसार प्राथमिक शिक्षाको खुद भर्ना दर तथा तह पुरा गर्ने दर र समग्र विद्यालय शिक्षामा लैङ्गिक सूचकमा सुधार आएको जस्ता सकारात्मक प्रगति देखिए तापनि सिकाइ उपलब्धिमा अपेक्षाकृत रूपमा सुधार हुन नसकेको पक्षलाई इङ्गित गरेको छ । उक्त समीक्षाले साक्षरताको राष्ट्रिय अभियानअन्तर्गत झण्डै एकतिहाइ जिल्लालाई साक्षर बनाउन तथा दिवा खाजा र छात्रवृत्तिको थप कार्यक्रमका लागि आवश्यक हुने स्रोतको आकलनसमेत गरेको छ ।

## १.४ पालिकाको शिक्षा क्षेत्रका मुख्य चुनौतीहरू

उल्लिखित सन्दर्भ तथा विद्यालय शिक्षाका उपलब्धि र अन्तरका आधारमा विद्यालय क्षेत्रको शिक्षामा देखिएका प्रमुख चुनौतीहरू निम्नअनुसार पहिचान गरिएको छः

१. सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चत गर्न प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्र/कक्षाको समायोजन तथा पुनर्वितरण गरी मापदण्डअनुसार सञ्चालन;

२. प्रारम्भिक बालविकास तथा शिक्षा चार वर्षका बालबालिकाहरूका लक्ष्यित गरी सञ्चालन गरिने कार्यक्रम भए पनि चारवर्ष भन्दा कम उमेरका बालबालिकाहरू पनि सहभागी हुनु;

३. नक्साङ्कनका आधारमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी सबै विद्यालय शिक्षामा बालबालिकाको पहुँच र सहभागिताको सुनिश्चितता;

४. सबै विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाउने;

५. आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षालाई निःशुल्क गरी गुणस्तरीय सिकाइ सुनिश्चित गर्न आवश्यक स्रोत व्यवस्था र संरचना तथा क्षमता विकास;

६. विद्यालय शिक्षाको पहुँच, सहभागिता र उपलब्धिमा प्रदेशगत, सामाजिक–सांस्कृतिक परिवेश, आर्थिक अवस्था लगायतमा आधारित भिन्नताहरू कामय रहनु;

७. व्यवहारकुशल सिपहरूलाई विद्यालय शिक्षाको प्रारम्भिक कक्षादेखि माध्यमिक तहसम्म नै एकीकृत गर्ने र सिकाइलाई दैनिक जीवनसँग आबद्ध गर्न पाठ्यक्रम तथा सिकाइ क्रियाकलापमा सुधार गरी  विद्यालय शिक्षाको सान्दर्भिकता बढाउने;

८. पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सान्दर्भिक बनाउने, शिक्षक विकास तथा तयारीलाई प्रभावकारी बनाउने, शिक्षक सहायता प्रणालीको व्यवस्था र शिक्षण सिकाइ तथा मूल्याङ्कन पद्धतिमा सुधार गरी विद्यालय शिक्षाको सान्दर्भिकता, गुणस्तर र शिक्षा पद्धतिको कार्यकुशलता वृद्धि;

९. माध्यमिक तहमा व्यावसायिक तथा प्राविधिक शिक्षाका लागि उपयुक्त संरचना तथा कार्यक्रम विकास तथा कार्यान्वयन;

१०. सूचना तथा सञ्चार लगायतका प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार र सिकाइमा प्रभावकारी ढङ्गले प्रयोग;

११. विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील बनाउने;

१२. बालबालिकाको पोषणको अवस्था तथा स्वास्थ्यमासुधार गर्न दिवा खाजालगायत सरसफाइ तथा स्वच्छता, आधारभूत स्वास्थ्य तथा पोषण सेवा तथा शिक्षा विद्यालयमार्फत् प्रदान;

१३. छात्रवृत्ति तथा अन्य सहायता प्रणालीलाई गरिब, सुविधाविहिन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयमा भर्ना हुन, निरन्तरता दिन र सिकाइमा सहभागी भई उपलब्धि सुधारमा सहयोग हुने गरी व्यवस्थापन गर्ने;

१४. विद्यालयलाई भय, विभेद र दुर्व्यवहारमुक्त बनाई विविधताअनुकूल, समावेशी र समतामूलक बनाउने;

१५. साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसरमा वृद्धि गर्ने र विद्यालयमा नियमित उपस्थित भई शिक्षा निरन्तर गर्न नसक्ने तथा बढी उमेर भएका व्यक्तिका लागि वैकल्पिक सिकाइको प्रबन्ध गर्ने;

१६. संघीय संरचनाबमोजिम सरकारका सबै तह र निकायमा शिक्षाको शासकीय प्रबन्धलाई थप सुदृढ बनाउदै नतिजामुखी व्यवस्थापन तथा सुशासन प्रवर्द्धन गर्न संघ, प्रदेश र स्थानीय सरकारबिच समन्वयात्मक कार्यढाँचा र उत्तरदायित्व प्रणालीलाई प्रभावकारी र सुदृढ गर्ने;

१७. सार्वजनिक विद्यालयको सिकाइप्रति अभिभावकको आकर्षण तथा विश्वास कायम गर्ने ।

## १.५ पालिकाको शिक्षा क्षेत्रको विकासकालागि मुख्य अवसरहरू

उल्लिखित चुनौतीहरू समाधान गरी विद्यालय शिक्षाको विकासका लागि सहयोगी हुने निम्नलिखित अवसरहरू उलपब्ध हुनेछन्ः

१. विगत केही दशकदेखि विद्यालय शिक्षाको पहुँच, गुणस्तर र समता विकासका लागि सञ्चालन भएका कार्यक्रमहरूले विकास गरेका संरचना तथा क्षमता पूर्वधारका रूपमा रहन सक्ने;

२. आधारभूत तहमा निःशुल्क तथा अनिवार्य र माध्यमिक तहमा निःशुल्क शिक्षाका लागि संवैधानिक, कानुनी तथा नीतिगत आधार तयार भएको ;

३. दिगो विकास लक्ष प्राप्तिका लागि बहुपक्षीय तथा द्विपक्षीय सहकार्य तथा सहयोगको प्रतिबद्धता रहेको ;

४. शिक्षामा सरकारको लगानी वृद्धिका लागि राजनीतिक रूपमा सहमति देखिएको ;

५. लामो समयदेखि सरकार तथा विकास साझेदारहरूबिच सहयोग परिचालन र कार्यक्रम कार्यान्वयनका लागि शिक्षा क्षेत्रको क्षेत्रगत सहयोगको ढाँचाको विकास तथा कार्यन्वयन भइरहेको ;

६. संघीय संरचनामा विद्यालय शिक्षाको विकास र शासकीय तथा व्यवस्थापकीय प्रबन्धका लागि स्थानीय तहलाई जिम्मेवार बनाई तीनै तहका सरकारको सहकार्य तथा समन्वयको स्वरूप प्रारम्भ भएको र तीनै तहबाट लगानी हुन सक्ने व्यवस्था रहेको ;

७. विद्यालय शिक्षाका लागि आवश्यक केही संरचना तथा क्षमता विद्यमान रहेकोले यसमा सुधार तथा परिमार्जन मात्र गर्दा यस योजनाको कार्यन्वयनमा उपयोग गर्न सकिने ;

८. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ विकास भई कार्यान्वयन प्रारम्भ भएको ;

९. विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण तथा विद्यालयको कार्यसम्पादन परीक्षण गर्ने पद्धति विकास भएकाले यसका नतिजाहरूले प्रमाणमा आधारित सुधारका लागि सहयोग हुन सक्ने;

१०. सार्वजनिक शिक्षाको विकास तथा गुणस्तर सुधारका लागि सहयोगी तथा सकारात्मक जनमत रहेको;

११. यस योजनाको प्रभावकारी कार्यान्वयनबाट सार्वजनिक शिक्षाप्रतिको विश्वास तथा आकर्षणमा बढ्न सहयोग पुग्न सक्ने ।

## १.६ पालिकाको शिक्षा क्षेत्रको योजना निर्माण प्रक्रिया

शिक्षा क्षेत्रको यो योजना तयारीको प्रारम्भिक कार्यको सुरुआतसँगै कोभिड–१९ को प्रकोप सुरु हुनाले यो प्रक्रियाले पुनः गति लिन केही समय लाग्यो । दूरीमा रही सञ्चार गर्ने विभिन्न वैकल्पिक माध्यमसमेत प्रयोग गरी २०२०को मे/जुन महिनादेखि यस प्रक्रियाले पुनः गति लिएको थियो । शिक्षा क्षेत्रको यो योजना निर्माणको नेतृत्व नेपाल सरकारको शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट भई मन्त्रीस्तरबाट योजना निर्माणका लागि आवश्यक संरचना निर्माणको निर्णयका साथै आवश्यक नीतिगत मार्गदर्शन प्राप्त भएको थियो । योजना निर्माण प्रक्रियालाई मार्गदर्शन गर्न गठित निर्देशक समितिको अध्यक्षता मन्त्रालयका सचिवबाट गरिएको थियो । योजनाको तयारी तथा विकास कार्यको समग्र संयोजन मन्त्रालयको योजना महाशाखाबाट भएको थियो भने यसमा आवश्यक समन्वयसहित समग्र व्यवस्थापन गर्ने गरी योजना निर्माणका लागि सचिवालयको काम मन्त्रालयको योजना महाशाखाअन्तर्गत रहेको वैदेशिक सहायता समन्वय शाखा (DACS) गरेको थियो ।

यो योजना तयारीका क्रममा राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालयलगायत विषयगत मन्त्रायलहरूसँग सम्बन्धित विषयमा अन्तर्क्रिया गरी पृष्ठपोषण प्राप्त गरिएको थियो । विभिन्न स्थानीय तह, प्रदेश सरकारका निकायहरू, केही विद्यालयहरूसँग अन्तरक्रिया गरी सुझाबहरू लिइएको थियो । यस क्रममा सतओटै प्रदेश र केही स्थानीय तहले शिक्षाका लागि रणनीतिक योजना निर्माणको अभ्यास गरेका थिए । ती अभ्यासमा मन्त्रलय तथा विभागीय निकाय सहभागी भई त्यसका सिकाइलाई यो योजना विकासका प्रक्रियामा समावेश गरिएको थियो। यो योजना तयारीका विभिन्न चरणमा विकास साझेदारहरूको सहयोग तथा सहभागिता निरन्तर रहेको थियो ।

### १.६.१ योजना निर्माणमा बिभिन्न श्रोत/सामग्रीको अध्ययन तथा समीक्षाहरू

योजनाको तयारीका लागि निम्नअनुसारका अध्ययन तथा समीक्षाहरू भएका थिएः

क) विभिन्न विषयमा सन् २०२० मा गरिएका नौ ओटा अध्ययनहरूले शिक्षा क्षेत्रको विश्लेषणका लागि आधार तयार गरेका थिए । यी अध्ययनहरू शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको समन्वयमा विभिन्न विकास साझेदारहरूको सहयोगमा गरिएका थिए । ती अध्ययनहरू निम्निअनुसार रहेका छन्ः

• संस्थागत र सन्दर्भ अध्ययन

• लैङ्गिक समानता र सामाजिक समावेशीकरण (GESI) अध्ययन

• शिक्षा बाह्य दक्षता विश्लेषण

• शिक्षा अध्ययनको सामाजिक प्रभाव

• सकारात्मक विचलन अध्ययन

• अपाङ्गता-समावेशी शिक्षा अध्ययन

• जोखिम र जोखिम अध्ययन

• आर्थिक र सार्वजनिक वित्त विश्लेषण अध्ययन

• स्कूल खुवाउने सम्बन्धी राम्रो शिक्षा परिणामहरूको लागि प्रणाली दृष्टिकोण (SABER) अध्ययन

उल्लिखित नौ ओटा अध्ययनका आधारमा स्थानीय शिक्षा समूहका तर्फबाट शिक्षा क्षेत्रको अवस्थाको विश्लेषण प्रतिवेदन तयार गरेको थियो । यसले शिक्षा क्षेत्रको योजना निर्माणका लागि एउटा महत्त्वपूर्ण सन्दर्भका रूपमा काम गरेको गरेको छ ।

ख) यो योजना तयारीका क्रममा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले ७ देखि १० जनासम्मको बाह्रओटा विषयतगत समूह गठन गरी ती समूहले अलग अलग प्रतिवेदन तयार गरेका थिए । बाह्रओटा विषयतगत समूहले निम्नलिखित विषयमा अध्ययन प्रतिवेदनहरू (Thematic study papers) तयार गरेका थिएः

- बालविकास र शिक्षा
- आधारभूत शिक्षा
- माध्यमिक शिक्षा
- पाठ्यक्रम तथा मूल्याङ्कन
- शिक्षक व्यस्थापन तथा विकास
- अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ
- समता र समावेशीकरण
- दिवा खाजा, स्वास्थ्य तथा पोषण, छात्रवृत्ति, विद्यार्थी परामर्शलगायतका विद्यार्थी सहायता सेवाहरू
- आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा

- शिक्षामा सूचना र प्रविधि
- सुशासन तथा व्यवस्थापन
- अनुगमन तथा मूल्याङ्कन

उल्लिखित बाह्र ओटा विषयगत प्रतिवेदनले यस योजनाका लागि महत्त्वपूर्ण आधार तयार गरेको थियो।

### १.६.२ योजनाको तयारी तथा विकासको संरचनात्मक व्यवस्था

योजनाको तयारी तथा विकासको संरचनात्मक व्यवस्था निम्नअनुसारको रहेको थियोः

- **योजना निर्देशक समिति (ESP Steering Committee) :** शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिवको अध्यक्षतामा रहेको योजना निर्देशक समितिमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सम्बन्धित पदाधिकारीहरू, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, संघीय मामला तथा सामान्य प्रशासन, महालेखा नियन्त्रकको कार्यालय, प्रदेश सरकार तथा स्थ ानीय तहलगायतको प्रतिनिधित्व रहेको थियो।

- **योजना प्राविधिक सल्लाहकार समूह (TAT)**: शिक्षा नीति तथा योजनासम्बन्धी विज्ञको संयोजकत्वमा गठित योजना प्राविधिक सल्लाहकार समूहमा विभिन्न विज्ञ तथा शिक्षा विद्को सहभागिता रहेको थियो।

- **योजना प्राविधिक समिति (ESP Technical Committee):** शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको योजना महाशाखाका प्रमुखको अध्यक्षतामा रहेको योजना प्राविधिक समितिमा मन्त्रालयअन्तर्गतका विभागीय निकायहरू तथा मन्त्रालयअन्तर्गतका विभिन्न शाखाका प्रमुखहरू रहेका थिए।

- **परामर्शदाता समूहहरू (Consultative Teams):** विभिन्न विज्ञ तथा परामर्शदाताहरूका समूहहरूले आवश्यकतानुसार विभिन्न विषयमा कार्य गरेका थिए। परामर्शदाता समूहहरूका कार्यको संयोजन मन्त्रालयको वैदेशिक सहायता समन्वय शाखाबाट भएको थियो।

- **विषयगत अध्ययन समूहहरू (Thematic Teams):** माथि उल्लेख भएअनुसार मन्त्रालयले सम्बन्धित विषय क्षेत्रका विज्ञको संयोजकत्वमा सम्बन्धित विषयका विज्ञ, मन्त्रालय तथा विभागीय निकायका सम्बन्धत क्षेत्रको अनुभव भएका कर्मचारीहरू, विकास साझेदार तथा स्थानीय तहका शिक्षा अधिकारीहरूसमेत संलग्न भएका १२ ओटा विषयगत अध्ययन समूहहरू गठन गरेको थियो।

- **प्रारम्भिक मस्यौदा समूहहरू (Initial chapter drafting Teams):** मन्त्रालयले सम्बन्धित विषय क्षेत्रमा काम गर्ने २ वा ३ जना विज्ञ तथा कर्मचारी सम्मिलित टिमलाई योजनाका विभिन्न खण्डहरूको प्रारम्भिक मस्यौदा तयार गर्न लगाइएको थियो।

### १.६.३ योजनाको पहिलो मस्यौदा विकास (ESP first draft preparation)

उल्लिखित प्रारम्भिक मस्यौदा समूहहरूबाट तयार भएका प्रारम्भिक मस्यौदालाई आवश्यक परिमार्जन गरी निर्धारित ढाँचामा योजनाको खाका तयार गरी पहिलो पूर्ण मस्यौदा तयार गरिएको थियो । यस कार्यका लागि विज्ञसहित मन्त्रालयको टिमले काम गरेको थियो । यस क्रममा उल्लिखत विषयगत अध्ययनहरू, शिक्षा क्षेत्रको विश्लेषण प्रतिवेदन तथा सम्बन्धित अध्ययनहरूलगायत अन्य आवश्यक सन्दर्भहरूलाई समेत अध्ययन गरिएको थियो भने विषय क्षेत्रसँग सम्बन्धित विभिन्न निकायका कर्मचारीहरूसँग आवश्यकतानुसार निरन्तर छलफल गरिएको थियो । यस क्रममा योजना प्राविधिक समिति, योजना प्राविधिक सल्लाहकार समूह तथा योजना प्राविधिक समितिमा आवश्यक छलफल गरी पृष्ठपोषण प्राप्त गरिएको थियो । यसरी तयार भएको पहिलो मस्यौदामा सम्बन्धित सरोकारवालाहरूबाट प्राप्त हुने सुझाब तथा पृष्ठपोषणलाई समेत ध्यान दिएर यो योजनाको अन्तिम मस्यौदा तयार गरिने छ ।

## परिच्छेद दुई

## दूरदृष्टि, ध्येय, उद्देश्य, रणनीति तथा लक्ष्य/गन्तव्य

### २.१ परिचय

परिच्छेद एकमा उल्लेख गरिएको राष्ट्रिय शैक्षिक परिवेशको समीक्षासहित उठान गरिएका मुख्य चुनौती तथा अवसर र सम्भावनाहरूले नेपालको विद्यालय शिक्षाको आागामी १० वर्षको मार्ग पहिचानका लागि आधार सिर्जना गरेका छन् । यही सन्दर्भलाई दृष्टिगत गरी यस विद्यालय क्षेत्र योजनाको माध्यमबाट अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षा, नि:शुल्क माध्यमिक शिक्षा र सर्वसुलभ साक्षरता, निरन्तर शिक्षा तथा जीवन पर्यन्त सिकाइमा नेपालले वि. सं. २०८७ (सन् २०३०) सम्ममा प्राप्त गर्ने उपलब्धिहरूलाई समेटेने गरी यस परिच्छेदमा योजनाको दूरदृष्टि (Vision), ध्येय (Mission), उद्देश्यहरू ( Objectives), रणनीतिहरू (Strategies) तथा प्रमुख उपलब्धि सूचक (Key indicators) प्रस्तुत गरिएको छ ।

### २.२ दीर्घकालीन सोच (Vision)

"समृद्ध नेपाल सुखी नेपाली " को आकांक्षा पुरा गर्नका लागि एक्काइसौँ शताब्दीको आवश्यकतालाई सम्बोधन तथा अवसरलाई उपयोग गर्न सक्ने नेपाली मूल्य मान्यता अनुकुलको सक्षम नागरिक तयार हुने ।

### २.३ ध्येय (Mission)

नेपाली मूल्य र मान्यता सहितको एक्काइसौँ शताब्दी सुहाउँदो सक्षम नागरिक तयार गर्न गुणस्तरीय विद्यालय शिक्षालाई अधिकारका रूपमा स्थापित गरी सबैको सहज पहुँच, सहभागिता र निरन्तरता सुनिश्चित गर्ने ।

### २.४ उद्देश्यहरू (Objectives)

१. सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नु ।
२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गर्दै गुणस्तर अभिवृद्धि गर्नु ।
३. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गर्दै सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु ।
४. सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर सुनिश्चित गर्नु ।
५. संघीय संरचना बमोजिम सरकारको सबै तह र निकायमा शिक्षाको शासकीय प्रबन्धलाई थप सुदृढ बनाउदै नतिजामुखी व्यवस्थापन प्रवर्द्धन गर्नु ।

### २.५ रणनीतिहरू ( Strategies)

१. संघीय सरकारले तोके बमोजिमको मापदण्ड, नर्म्स र ढाँचाअनुसार निश्चित अनुदानका आधारमा प्रारम्भिक बालविकास तथा शिक्षाको सञ्चालन तथा व्यवस्थापन स्थानीय तहबाट हुनेछ । प्रदेश सरकारले क्षमता विकास, समन्वय तथा सहजीकरणका माध्यमबाट स्थानीय सरकारलाई सहयोग गर्नेछ।

२. संघीय कानुन र मापदण्ड बमोजिम नक्साङ्कनका आधारमा स्थानीय तहले विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी सबै बालबालिकाको पहुँच र सहभागिताको सुनिश्चित गर्नेछ।

३. संघीय तथा प्रदेश सरकारको सहयोग र सहजीकरणमा तथा स्थानीय सरकारको अगुवाइमा विद्यालयहरूले भौतिक, आर्थिक, शैक्षिक तथा मानवीय व्यवस्थापन र विकास गर्दै आधारभूत शिक्षाको गुणस्तर प्रवर्द्धन गर्नेछन् ।

४. निःशुल्क माध्यमिक शिक्षा (व्यावसायिक तथा साधारण) मा सहज पहुँच र समावेशी सहभागिता सुनिश्चित गर्न संघ, प्रदेश र स्थानीय सरकारको समन्वयात्मक कार्यढाँचामा माध्यमिक विद्यालयहरूको क्षमता सुधार गरिने छ।

५. माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तर विकासका लागि पाठ्यक्रम तथा पाठ्यसामग्री परिमार्जन तथा सान्दर्भिकरणसहित शिक्षक शिक्षा तथा तालिम र शिक्षण सिकाइ तथा मूल्याङ्कन पद्धतिमा सुधार गरिने छ।

६. बालबालिकाको पोषणको अवस्था तथा स्वास्थ्यमा सहयोग पुग्ने गरी दिवा खाजाको प्रबन्धका साथै स्थानीय स्वास्थ्य तथा अन्य सम्बन्धित सरकारी तथा गैरसरकारी संस्थाहरूसँग सहकार्य गरी सरसफाइ तथा स्वच्छता, आधारभूत स्वास्थ्य तथा पोषण सेवा तथा शिक्षा विद्यालयमार्फत् प्रदान गरिनाका साथै गरिब, सुविधाविहिन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयमा भर्ना हुन, निरन्तरता दिन र सिकाइमा सहभागी भई उपलब्धि सुधारमा सहयोग गर्न छात्रवृत्ति प्रणालीलाई सुदृढ गरिने छ ।

७. साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर सर्वसुलभ गर्न सामुदायिक सिकाइ केन्द्रहरूको पुनर्वितरण तथा कार्यक्षमतामा सबलीकरण गरिने छ ।

८. अनौपचारिक शिक्षाको पुनर्परिभाषासहित अनौपचारिक र औपचारिक शिक्षाबिचको अन्तरसम्बन्ध विस्तार तथा अनौपचारिक शिक्षाको माध्यमबाट आयआर्जन तथा दिगो सामुदायक विकास प्रबर्द्धन गरिने छ।

९. विद्यालय शिक्षामा सुशासन प्रवर्द्धन गर्न विद्यालयको नेतृत्व प्रणालीमा सुधार, सूचना प्रविधिमा आधारित व्यवस्थापन, नतिजामा आधारित उत्तरदायित्व प्रणालीको विकास र अनुगमन तथा मूल्याङ्कन संयन्त्रको विकास गरिने छ।

१०. विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण तथा विद्यालयको कार्यसम्पादन परीक्षण गर्ने पद्धतिलाई सुदृढ गरी यसका नतिजाहरूका आधारमा सुधार गर्ने पद्धित विकास गरिने छ ।

११. अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षा तथा नि:शुल्क माध्यमिक शिक्षाको विकास तथा व्यवस्थापनका लागि संघ, प्रदेश र स्थानीय सरकारबिच समन्वयात्कम कार्यढाँचा र उत्तरदायित्व प्रणालीलाई प्रभावकारी र सुदृढगरिने छ ।

## २.६ अपेक्षित मुख्य उपलब्धि

योजनाको अन्त्य (२०३०) सम्ममा निम्नानुसारको उपलब्धि प्राप्त हुनेछः

१. प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गर्ने अवसर हुनेछ।

२. आधारभूत शिक्षाको उमेर समूहका सबै बालबालिकाले न्यूनतम सिकाइ सक्षमतासहित आधारभूत तह पूरा गरेका हुनेछन्।

३. माध्यमिक विद्यालय उमेरका सबै बालबालिका विद्यालयमा भर्ना भई गुणस्तरीय माध्यमिक शिक्षा प्राप्त गरेको हुने।

१. आवश्यकतामा आधारित अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका अवसरहरू सबैका लागि सुनिश्चित भई साक्षर, आत्मनिर्भर र सचेत सिकाइ समाज ( Learning Society) निर्माणमा योगदान हुने ।

२. विद्यालय शिक्षा पद्धतिमा सुशासन कायम हुनेछ र योजना तथा कार्यक्रम कार्यान्वयन तथा व्यवस्थापनमा नतिजामुखी प्रणाली स्थापित भई अपेक्षित उपलब्धि हासिल हुने ।

३. विद्यालय तहको पाठ्यक्रमको सान्दर्भिकतामा वृद्धि भई विद्यालय तह पुरा गर्ने एउटा व्यक्ति दैनिक जीवनका लागि आवश्यक आधारभूत भाषिक, सामाजिक, विज्ञान र प्रविधिसम्बन्धी तथा गणितीयलगायतका सक्षमतासहित सृजनशील, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध , रोजगारउन्मुख हुने।

४. सक्षम र अभिप्रेरित शिक्षकद्वारा सिकारुकेन्द्रित सिकाइ क्रियाकलापमा आधारित शिक्षण सिकाइको माध्यबाट विद्यार्थीको सिकाइ उपलब्धि सुधार हुने।

५. विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तर सुनिश्चत हुने।

६. विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलता (well-being) मा अभिवृद्धि तथा सिकाइमा सुधारसहित सुरक्षित तथा रमाइलो (joyful) सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता हुने .

७. आपतकालीन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाको सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित हुने।

८. सबै विद्यालयमा आवश्यक सक्षमताका आाधार पुरा भई बालमैत्री तथा अपाङ्गता मैत्री भौतिक पूर्वाधार सहितको सिकाइ वातावरण तयार हुने।

## २.७ अपेक्षित मुख्य कार्य सम्पादन सूचक (परिमाणात्मक नतिजा)

यस योजनाका अपेक्षित मुख्य कार्य सम्पादन सूचक (परिमाणात्मक नतिजा) निम्नबमोजिम हुने छ ।

| क्र.सं. | सूचक | सूचकहरुको तहको | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचक को स्रोत | तथ्याँकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| १. | **प्रारम्भिक बालविकास र शिक्षा** | | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर* (%) | स्थानीय | ९३.०२ | ९५. | ९७. | ९९. | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ८६.२ | ८९.५ | ९४. | ९९. | | |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | स्थानीय | ८५.२६ | ८९. | ९३. | ९६. | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ६८.६ | ७३. | ८५. | ९५. | | |
| २. | **आधारभूत शिक्षा (कक्षा १ - ८)** | | | | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुदप्रवेश दर (%) | स्थानीय | ९५.६ | ९७. | ९८. | १००. | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९६.९ | ९७.५ | ९९. | १०० | | |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | स्थानीय | १०२.२ | १०० | १०० | १०० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १२१.९ | ११५. | १०७. | १०५. | | |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | स्थानीय | ९६. | ९८. | ९९. | १००. | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९७.१ | ९९. | ९९.५ | १०० | | |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर* (%) | स्थानीय | ११२.७ | १०८. | १०५. | १००. | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११९.२ | ११५. | | | | |
| २.५ | आधारभूत तहको कक्षा ५ को खुदप्रवेश दर* (%) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९८.३ | | | | | |
| २.६ | आधारभूत तहको कक्षा ५ को कूलप्रवेश दर* (%) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११३ | ११० | १०७ | १०५. | | |
| २.७ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर* (%) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९३. | | | | | |
| २.८ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर* (%) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | राष्ट्रिय | **८५.८** | **९३.१** | **९५.५** | **९९.५** | | |
| २.९ | आधारभूत तहमा (प्राथमिक कक्षा १-५)मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका* (%) | | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | **२२.२** | **२०.** | **१५.** | **१०.** | | |
| २.१ | आधारभूत तह (प्राथमिक कक्षा १-५) कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क* | | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | **१.०६** | | | **१.०१** | | |
| २.११ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | | स्थानीय | **९५.१** | **९७.** | **९८.** | **९९.** | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | **९३.४** | **९९.** | | **१००** | | |
| २.१२ | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | | स्थानीय | **१०८.६** | **१०५.** | **१०३.** | **१००.** | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | **११०.४** | | | | | |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | | स्थानीय | **८५.५** | **८९.** | **९३.** | **९७.** | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | **७९.३** | | | **९५.** | | |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर*(%) | | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | **७२.७** | | | **९५.** | | |
| २.१५ | आधारभूत तह(कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक* | | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | **१.०१** | **१.०१** | | | | |
| २.१६ | कक्षा ३ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ३ को आधारभूत वा तह २ हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | कार्तिक-मङ्सिरमा नयाँ नतिजा आउने भएकाले सोही बमोजिम पछि राखिने | | | | | |
| | | गणित | स्थानीय | कार्तिक-मङ्सिरमा नयाँ नतिजा आउने भएकाले सोही बमोजिम पछि राखिने | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| २.१७ | कक्षा ५ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ५ को आधारभूत तह हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४५. | ५२. | ६०. | ७०. | | |
| | | गणित | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | २८.३ | ४०. | ६०. | ७०. | | |
| | | अङ्ग्रेजी | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २.१८ | कक्षा ८ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ८ को तह ३ हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ६८.५ | ७० | ७२ | ७५ | | |
| | | गणित | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ५३.५ | ६०. | ६५. | ७०. | | |
| | | विज्ञान | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४३.८ | ५०. | ६०. | ७०. | | |
| २.१९ | विद्यालय वाहिर रहेका बालबालिका* (%) | आधारभूत (कक्षा १-५) | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | **२.९** | **१.** | **०.५** | **०** | | |
| | | आधारभूत (कक्षा १-८) | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | **६.६** | | **१.** | **०** | | |
| २.२ | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या*(%) | | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | **४३.७** | **४५.** | **५०.** | **५०.** | | |
| ३. | **माध्यमिक शिक्षा (कक्षा ९-१२)** | | | | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | | स्थानीय | **४८.१** | **५५.** | **६१.** | **७०.** | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | **४७.६** | | **६५.** | | | |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर* (%) | | स्थानीय | **५९.४** | **६५.** | **७१.** | **७५.** | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | **७१.४** | | | **९९.** | | |
| ३.३ | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक* (कक्षा ९-१२) | | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | **१.०२** | **१.** | **१.** | **१.** | | |
| ३.४ | आधारभूत तहवाट माध्यमिक तहमा ट्रान्जिसन दर* (%) | | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | **९७.५** | | | | | |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (%) | | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | **६०.३** | | | | | |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर (%) | | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | **२४.** | | | | | |
| ३.७ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या* | | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | (%) | राष्ट्रिय | | २०.६ | २२. | २७. | ३३. | | |
| ३.८ | माध्यमिक तह (कक्षा ९-१२) मा अध्ययनरत विद्यार्थी मध्ये विज्ञान र प्राविधिक तथा व्यावसायिक शिक्षा विषयमा भर्ना भएका विद्यार्थी सङ्ख्या*(%) | स्थानीय | विज्ञान | | | | | | |
| | | | प्रा.व्या. | | | | | | |
| | | प्रदेश | विज्ञान | | | | | | |
| | | | प्रा.व्या. | | | | | | |
| | | राष्ट्रिय | विज्ञान | | | १५. | | | |
| | | | प्रा.व्या. | १०. | १७. | ३०. | | | |
| ३.९ | कक्षा १० का विद्यार्थी सिकाइ उपलव्धि* (अङ्कमा) | नेपाली भाषा | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | गणित | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | विज्ञान | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | राष्ट्रिय | | | | | | |
| | | अङ्ग्रेजी | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| **४.** | **जिवन-पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा** | | | | | | | | |
| ४.१ | साक्षरता दर (१५ वर्ष भन्दा माथि) (%) | स्थानीय | | ५२.५ | ६०. | ६७. | ७३. | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | **५८.** | | **९५.** | | | |
| ४.२ | साक्षरता दर (६ वर्ष भन्दा माथि) (%) | स्थानीय | | ६८.१८ | ७५. | ७९. | ८३. | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | **८२.** | **८९.** | **९५.** | **१००** | | |
| ४.३ | साक्षरता दर (१५-२४ उमेर समूह) (%) | स्थानीय | | ८१.६८ | ८५. | ८९. | ९३. | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | **९२.** | | **९९.** | | | |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता (१५ वर्ष भन्दा माथि) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | **०.६५** | | | **०.८** | | |
| **५.** | **प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास तालिम** | | | | | | | | |
| ५.१ | प्राविधिक तथा व्यावसायिक सीप विकास तथा तालिम प्राप्त आर्थिक रूपले सक्रिय जनशक्ति*(%) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | **३१.** | **४०.** | **५०.** | **७५.** | | |
| ५.२ | प्राविधिक तथा व्यावसायिक शिक्षा(कक्षा ९-१२ वा डिप्लोमा वा प्रि-डिप्लोमा वा सो सरह)उत्तीर्णजनशक्ति* (वार्षिक सङ्ख्या) | स्थानीय | छात्रा | | | | | | |
| | | | छात्र | | | | | | |
| | | प्रदेश | छात्रा | | | | | | |
| | | | छात्र | | | | | | |
| | | राष्ट्रिय | छात्रा | | | | | | |
| | | | छा | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | त्र | | | | | | |
| ६. | **सुशासन तथा व्यवस्थापन** | | | | | | | |
| ६. १ | आधारभूत तह (कक्षा १-५) मा विद्यार्थीःशिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | ४८:०१:०० | ४५:०१:०० | ४०:०१:०० | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | २४:०१:०० | | ३०:०१:०० | ३०:०१:०० | | |
| ६. २ | आधारभूत तह (कक्षा ६-८) मा विद्यार्थीःशिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | ७०:०१:०० | ६०:०१:०० | ५०:०१:०० | ४०:०१:०० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ३०:०१:०० | | ३०:०१:०० | ३०:०१:०० | | |
| ६. ३ | आधारभूत तह (कक्षा १-८) मा विद्यार्थीःशिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ३३:०१:०० | ३१:०१:०० | ३०:०१:०० | ३०:०१:०० | | |
| ६. ४ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थीःशिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | ५७:०१:०० | ५०:०१:०० | ४५:०१:०० | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ४०:०१:०० | | ३०:०१:०० | ३०:०१:०० | | |
| ६. ५ | माध्यमिक तह (कक्षा ९-१२) मा विद्यार्थीःशिक्षक अनुपात | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ४१:०१:०० | ३५:०१:०० | ३०:०१:०० | ३०:०१:०० | | |
| ७. | **शिक्षामा लगानी** | | | | | | | |
| ८. १ | कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट*(%) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १०.६८ | १५. | १७. | २०. | | |
| ८. २ | आधारभूत तह (कक्षा १-८) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १८ | २१ | २४ | | | |
| ८. ३ | माध्यमिक तह (कक्षा ९-१२) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११ | १५ | १७ | | | |

## परिच्छेद ३: विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरु

### परिचय

यस शिक्षा क्षेत्रको योजना सन् २०८१-२०९० का लागि परिच्छेद दुईमा पहिचान गरिएका विद्यालय शिक्षाका दृष्टिकोण तथा उद्देश्यहरूका आधारमा प्रमुख क्रियाकलापहरू निर्धारण र लक्ष्यहरू आकलन गरि पहिलो पाँच वर्षका लागि लागत अनुमान सहित योजनाको खाका तयार गरिएको छ। पहिलो परिच्छेदमा यस शिक्षा क्षेत्रको योजनाको सन्दर्भ र विद्यालय क्षेत्रको वर्तमान अवस्थाको समग्र समीक्षा गरिएको छ। यसले शिक्षा क्षेत्रको योजनाको आवश्यकता तथा प्राथमिकता पहिचान गर्ने आधार तयार गरेको छ। परिच्छेद दुईमा यस योजनाका समग्र दूरदृष्टि, ध्येय, उद्देश्य, रणनीति तथा लक्ष्यहरू पहिचान गरिएको छ।

तेश्रो परिच्छेदमा विद्यालय क्षेत्रअन्तर्गतका विभिन्न उपक्षेत्रहरू: बालिवकास र शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा र अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका वर्तमान अवस्थाको समीक्षा गरी चुनौतीहरू पहिचान गरिएको छ भने पाठ्यक्रम तथा मूल्याङ्कन र शिक्षक विकास तथा व्यवस्थापनजस्ता सबैजसो उपक्षेत्रसँग अन्तर विषयहरूको वर्तमान अवस्थाको समीक्षा गरि चुनौतीहरू पहिचान गरिएको छ। यसमा प्रत्येक उपक्षेत्रको वर्तमान अवस्थाको समीक्षा र पहिचान गरिएका चुनौतीहरूलाई दृष्टिगत गरेर योजनाका उद्देश्य, चुनौतीहरू सामना गरि उद्देश्य प्राप्तिका लागि आवश्यक उपक्षेत्रगत रणनीतिहरू र प्रमुख क्रियाकलापहरू तथा लक्ष्यहरू निर्धारण गरिएको छ।

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

### ३.१.१ परिचय

नेपालको संविधान २०७२ को धारा ३९ बालबालिकाको हकको उपधारा (३) मा "प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुनेछ" भनी उल्लेख गरेको छ, साथै शिक्षा ऐन २०२८ को आठौँ संशोधनले बालविकास शिक्षालाई विद्यालय शिक्षाकै अंगको रूपमा मान्यता दिएको छ। प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमले बालबालिकालाई लेखपढ गराउने वा अक्षर तथा अङ्क चिनाउने कार्यमा जोड दिने भन्दा बालबालिकाको सर्वाङ्गीण विकासमा सहयोग गर्नुका साथै आधारभूत शिक्षाको लागि तयार गराउन सहयोग गर्नुपर्छ। प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमहरू विभिन्न समयावधिका सञ्चालन गर्ने प्रचलन भए पनि चार वर्ष उमेर पुगेका बालबालिकाका लागि एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन गरिने व्यवस्था नेपालको निःशुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५ तथा राष्ट्रिय शिक्षा नीति, २०६७ मा उल्लेख भएको र नेपालको पन्ध्रौं योजनामा पनि सोही व्यवस्था गरिएको सन्दर्भमा यस शिक्षा योजनामा पनि एकवर्षे बालविकास कार्यक्रम समावेश गरिएको छ। सरकारी तथा गैरसरकारी संस्था, स्थानीय सरकार, समुदाय, निजी क्षेत्र र विद्यालयहरूको सहयोगले यस पालिकामा प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम विस्तारमा महत्त्वपूर्ण उपलब्धि हासिल भएको छ। बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक एवं नैतिक सृजनात्मक पक्षको विकासमा सघाउँदै उनीहरूलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकोले पनि यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउनु स्थानीय सरकारको दायित्व भित्र पर्दछ। यसै कुरालाई मध्यनजर गरेर रुपनी गाउँपालिका

गाउँपालिकाले निर्माण गरेको यस शिक्षा योजनामा प्रारम्भिक बालविकास शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउने प्रयास स्वरुप कार्यक्रमहरू समावेश गरिएको छ।

### ३.१.२ वर्तमान अवस्था

शैक्षिक सत्र २०८० को तथ्यांक अनुसार रुपनी गाउँपालिकामा सामुदायिक र संस्थागत तर्फ गरी जम्मा २० वटा बालविकास केन्द्रहरू सञ्चालनमा रहेका छन् । ०-४ वर्ष उमेरको कूल जनसंख्या २७५२ रहेको यस पालिकामा ४१२ जना बालबालिका बालविकास केन्द्रमा भर्ना भएका छन् । जसमध्ये छात्राहरु २०० जना र छात्रहरु २१२ जना रहेका छन् । कक्षा १ मा प्रारम्भिक बालविकास तथा शिक्षा अनुभव सहितको भर्नादर ५९.९ प्रतिशत रहेको छ। रुपनी गाउँपालिकाको प्रारम्भिक बालविकास शिक्षामा कूल भर्ना दर ५०.० प्रतिशत रहेको छ । प्रत्येक वर्ष कुल भर्नादरमा सुधार देखिन्छ भने यस पालिकामा कार्यरत सबै सहजकर्ताहरु नेपाल सरकारले तोकेको न्यूनतम् शैक्षिक योग्यता पूरा भएको देखिन्छ ।

भौतिक रुपमा हेर्दा प्रारम्भिक बालविकास सम्बन्धी न्यूनतम् मापदण्ड निर्देशिका २०६७ ( पहिलो संशोधन (२०७५) अनुसार यस पालिका अन्तर्गत कुनै पनि बालविकास केन्द्रको न्यूनतम् मापदण्ड नपुगेको देखिन्छ। प्रायःबालविकास केन्द्रहरु बालमैत्री, अपाङ्ग मैत्री, लैङ्गिक मैत्री बन्न सकेका छैनन्। एकातिर सहजकर्ताका लागि उत्प्रेरणा र मनोवल वढाइ पेशामा क्रियाशील बनाउन पारिश्रमिकतामा न्यूनता छ भने अर्कातिर उनीहरुका लागि कुनै सघन तथा पुनर्ताजगी तालिम प्रदान गर्ने व्यवस्था गरिएको छैन ।

### ३.१.३ अवसर र चुनौतिहरु

अधिकांश प्रारम्भिक बालविकास केन्द्र वा कक्षाहरुमा प्रारम्भिक बालविकासका मापदण्ड अनुसार न्युनतम भौतिक तथा शैक्षिक प्रबन्ध हुन सकेको छैन । जसबाट बालबालिकाहरु गुणस्तरीय शिक्षा प्राप्त गर्ने हक बाट वञ्चित हुनु परेको छ । प्रारम्भिक बालविकास शिक्षमा बालबालिकाहरुको सहभागिता र पहुँचमा वृद्धि गरी गुणस्तर सुधार गर्न देहाय अनुसारका चुनौति तथा समस्याहरु रहेका देखिन्छन्

- सबै प्रारम्भिक बालविकास केन्द्रमा गुणस्तरका न्युनतम मापदण्ड कायम गर्नु र कार्यन्वयन गर्नु ,
- अपाङगता भएका बालबालिका, अनाथ तथा टुहुरा बालबालिकालाई बालविकास केन्द्रको पहुँचमा पुर्याउनु ,
- प्रारम्भिक बालविकास केन्द्रको पठनपाठनको समयावधि र पाठ्यक्रम कार्यान्वयनको सम्बन्धमा समन्वय र एकरुपता कायम गर्नु
- प्रारम्भिक बालविकास केन्द्रमा उपयुक्त योग्यता र तालिमप्राप्त शिक्षकको व्यवस्था गर्नु,
- प्रम्भिक बालहेरचाह, पोषण, सुरक्षा तथा सिकाइको सम्बन्धमा अभिभावक जागरण गर्नु
- प्रारम्भिक बालविकास तथा शिक्षा चार वर्ष उमेर पुरा गरेका बालबालिकाहरुका लागि सञ्चालन गरीने कार्यक्रम भए पनि चार वर्षभन्दा कम उमेरका बालबालिकाहरु पनि उपस्थित हुनु,

**३४ उदेश्यहरु.१.**

प्रारम्भिक बालविकास तथा शिक्षा सम्बन्धी निम्न लिखित उदेश्यहरु रहेका छन्

- सबै बालबालिकाहरुलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नु,
- चार वर्ष उमेर पुरा भएका सबै बालबालिकाहरुको सर्वाङ्गीण पक्षको विकास गर्नु,
- सबै बालबालिकाहरुलाई प्रारम्भिक बाल शिक्षाको अनुभव सहित कक्षा एकमा भर्ना गर्नु ,
- ५ बर्ष मुनिको सबै बालबालिकाहरुलाई प्रारभ्भिक बालविकास तथा शिक्षामा पहुँचको सुनिश्चत गर्नु ।
- बालविकास केन्द्रहरूलाई प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड गुणस्तरीय बनाउनु ।
- सबै बालबालिकाहरुलाई प्रारम्भिक बाल शिक्षा तथा विकास/पर्व प्राथमिक शिक्षालाईको अनुभव सहित कक्षा १ मा प्रवेशको गराउनु ।

**३.१.५ रणनीतिहरु**

यस रुपनी गाउँपालिकाले तय गरेका प्रारम्भिक बालविकास शिक्षाको उदेश्यहरु हासिल गर्न निम्नलखित रणनीतिहरु अवलम्वन गरीनेछ

- प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमलाई प्रविधिमैत्री, बालमैत्री एवं गुणस्तरीय बनाउँदै सबै बालबालिकाहरुको पहुँचमा विस्तार गरिने छ,
- माग , आवश्यक्ता तथा दुरीको आधारमा प्रारम्भिक बालविकास केन्द्रहरुको समायोजन, पुनर्वितरण तथा आवश्यक भएमा नयाँ स्थानमा केन्द्रस्थापना गरिनेछ ,
- प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम२०७७ कार्यान्वयनलाई अनिवार्य गर्ने,
- प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैरसरकारी संघ संस्था,सरकारी तथा निजी क्षेत्र र विद्यालयलाई जिम्मेवार बनाउने,
- प्रारम्भिक बालकक्षामा निर्धारित मापदण्ड अनुरुप बसाइ व्यवस्था  लाई ध्यान दिइ खेल तथा सिकाइ सामाग्री र अडियो भिडियो सामग्री सहितको कक्षाकोठा व्ययस्थापन गरीनेछ ।
- सबै शिक्षकका लागि न्युनतम योग्यता कक्षा १० ÷क्भ्भ् उत्तीर्ण निर्धारण गर्ने र न्युनतम योग्यता पुरा नगरेका शिक्षकहरुका लागि योग्यता वृद्धिको अवसर प्रदान गरीनेछ ।
- सबै शिक्षकहरुका लागि सेवाकालीन क्षमता अभिवृद्धि तालिमको व्यवस्था गरीनेछ ।
- प्रत्येक वडा वा टोलमा खेल तथा सिकाई सामग्री सहितको बाल उद्यान वा बालपार्कको निर्माण गरीनेछ।
- प्रत्येक वडामा कम्तीमा एउटा नमुना बालविकास केन्द्रको स्थापना गरीनेछ ।
- नगरस्तरीय बालविकास केन्द्र व्यवस्थापन समिति गठन गरीनेछ ।
- शिक्षकहरुसंग कार्यसम्पादन करार सम्झौता गरी पुरस्कार र दण्डको व्यवस्था गरीनेछ ।
- विसदस्यहरु .स .व्य., अभिभावकहरु तथा सरोकारवालाहरुका लागि प्रारम्भिक बालविकास शिक्षा सम्बन्धी नियमित अभिमुखीकरण गरीनेछ ।

- बालबालिकाहरुको संख्या तथा दुरी तथा आवश्यकताको आधारमा केन्द्रहरुको समायोजन तथा थप केन्द्र स्थापना गरीनेछ ।
- प्रारम्भिक बालविकास शिक्षाको पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि पाठ्यक्रम प्रबोधीकरण सम्बन्धि तालिम प्रदान गरीनेछ ।
- पाठ्यक्रमकोकार्यान्वयन लाई अनिवार्य गरी सो बमोजिम सिकाइ सहजीकरण गरीनेछ ।
- शिक्षकहरुलाई जिल्लाभित्र वा बाहिरका नमुना तथा उत्कृष्ट केन्द्रहरुको भ्रमण गराई त्यहाँको असल अभ्यासलाई प्रयोगमा ल्याइनेछ ।
- बालविकास केन्द्रमा पछिल्ला तिन महिना प्रारम्भिक साक्षरता र गणितीय सीप विकासमा जोड दिइने ।

### ३.१.६ उपलब्धि, नतिजाहरु, प्रमुख क्रियाकलापहरु तथा लक्ष्य

**उपलब्धि**

सबै बालबालिकाहरुलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ ।

**प्रमुख नतिजाहरु**

यसयोजनाको अन्त्य सम्ममा निम्नानुसार नतिजा प्राप्त हुने अपेक्षा गरीएको छ ः

- प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरुलाई एक वर्षको प्रारम्भिकबालविकास तथा शिक्षा कार्यक्रममा सहज पहुँच हुने ।
- प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरुलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गर्ने अवसर हुने ।
- प्रारम्भिक बालविकास केन्द्रहरुका सबै शिक्षकहरुले न्युनतम योग्यता र तालिम हासील गरेका हुने
- प्रत्येक वडामा कम्तीमा एउटा नमुना बालविकास केन्द्रको स्थापना भएको हुनेछ ।
- प्रारम्भिक बालविकास तथा शिक्षाको कार्यान्वयनमा परिवार, समुदाय, गैरसरकारी संघसंस्था, विद्यालय र स्थानीय सरकार जिम्मेवार हुने
- सबै प्रारम्भिक बालविकास केन्द्रहरुले न्युनतम मापदण्ड पुरा गरेका हुने ।

**नतिजा**

योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजाहरू तलको तालिका

| क्रसं | सूचक (उदाहरण) | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना सँङ्ख्या | १२८ | ११२ | १०९ | १०४ | १०२ | १०० |
| २ | तोकिएको न्यूनतम मापदण्ड | ० | ५ | ९ | १३ | १८ | २२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | पूरा गरेका प्रारम्भिक बालविकास र शिक्षा केन्द्र | | | | | | |
| ३ | तालिम प्राप्त बालविकास शिक्षकहरुको सङ्ख्या | १० | १० | २ | २२ | आवश्यकता अनुसार | आवश्यकता अनुसार |
| ४ | थप बालविकास शिक्षक हरु | ४ | ३ | ५ | ७ | ९ | १० |
| ५ | बालविकास कक्षाको खुद भर्ना दर | ९४.३१ | ८५ | ८९ | ९५ | ९८ | १०० |
| ६ | बालविकासको अनुभव सहित कक्षा 1 मा भर्नादर | ९८.२६ | ९० | ९३ | ९५ | ९८ | १०० |

### ३.१.५ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | प्रारम्भिक बालकक्षामा निर्धारित मापदण्ड अनुरुप बसाइ व्यवस्था लाई ध्यान दिइ खेल तथा सिकाइ सामाग्री र अडियो भिडियो सामग्री सहितको कक्षाकोठा व्ययस्थापन गरीनेछ। | संख्या | ० | ५ | ५ | ५ | ५ | २५ | प्रदेश/ गाउँपालिका |
| २ | घुम्ती बालविकास केन्द्र विस्तार | पटक | | | १ | | | २ | गाउँपालिका |
| ३ | इसीडि सहजकर्ताको क्षमता विकासका लागि छोटो अविधिको तालिम सञ्चालन | पटक | | १ | | १ | | ४ | पटक |
| ४ | प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको नक्शाङ्कन र पुनर्वितरण | पटक | | | १ | | | २ | गाउँपालिका |
| ५ | गर्भवती र नवजात शिशु पोषणमा अभिभावक सचेतना कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | १० | गाउँपालिका |
| ६ | पोषणयुक्त दिवा खाजाको व्यवस्था | बालविकास | २२ | २२ | २२ | २२ | २२ | २२ | संघ |
| ७ | शिक्षकको क्षमता विकास तथा वृत्ति विकास | संख्या | ५ | | ५ | | ५ | २० | प्रदेश/ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | गाउँपालिका |
| ८ | सिकाइ क्रियाकलाप सहजीकरणमा मातृभाषाको प्रयोग | संख्या | २२ | २२ | २२ | २२ | २२ | २२ | विद्यालय |
| ९ | प्रारम्भिक बालविकास तथा शिक्षाको शिक्षकहरूको पारिश्रमिक तथा सेवा सुविधा वृद्धि | पटक | १ | | | १ | | ३ | संघ/ प्रदेश/ गाउँपालिका |
| १० | प्रारम्भिक बालविकास तथा शिक्षामा सरोकारवालाको सहभागिता | पटक | १ | १ | १ | १ | १ | १० | स्थानीय सरोकारवाला |
| ११ | प्रारम्भिक बालविकास तथा शिक्षाको नक्साङ्कन गरी पुनर्वितरण तथा नयाँ थप केन्द्रको स्थापना | केन्द्र | १ | | १ | | | ३ | गाउँपालिका |
| १२ | सिमान्तकृत तथा विद्यालय बाहिर रहेका बालबालबालिकाको लागि शैक्षिक सहयोग कार्यक्रम सञ्चालन | पटक | | १ | | १ | | ५ | गाउँपालिका |
| १३ | केन्द्र तोकिएको मापदण्ड अनुरुपको बालविकास केन्द्र ब्यवस्थापनका लागि प्रस्ताबनामा आधारित नमुना बालविकास केन्द्र विकास कार्यक्रम सञ्चालन | केन्द्र | | १ | १ | | १ | ५ | गाउँपालिका |
| १४ | बार्षिक उत्कृष्ट बालविकास सहजकर्ता लाई सम्मान कार्यक्रम | जना | १ | १ | १ | १ | १ | १० | गाउँपालिका |
| १५ | शिक्षक अभिभाब संघ मार्फत मासिक सुचकको आधारमा अनुगमन समीक्षा बैठक सञ्चालन | जना | | ४ | | ४ | ५ | ४० | गाउँपालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १६ | बालविकास केन्द्रको ब्यवस्थापकहरुको क्षमता विकास कार्यक्रम सञ्चालन | केन्द्र | | १० | | १० | | ३० | गाउँपालिका |

## ३२. आधारभूत शिक्षा

### ३.२.१ परिचय

शिक्षा ऐन २०२८ अनुसार "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा हो। विद्यालय क्षेत्र सुधार योजना २०६६-२०७२ ले विद्यालय शिक्षाको पुनर्संरचना गरेर कक्षा १-८ लाई आधारभूत शिक्षा र कक्षा ९-१२ लाई माध्यमिक शिक्षाको रूपमा परिभाषित गरेपछि विद्यालय शिक्षा हाल दुई तहको भएको छ। प्राथमिक र निम्न माध्यमिक तहलाई मिलाएर बनाइएको आधारभूत तहलाई संविधानको धारा ३१ (१) मा नागरिकको मौलिक हक अन्तर्गत राखिएको छ । गुणस्तरीय आधारभूत शिक्षाले गरिबी घटाउन मद्दत गर्ने र व्यक्तिको जीवनस्तरमा उल्लेखनीय सुधार ल्याउन सक्ने तथा यसबाट समाज र राष्ट्रलाई नै विकासको पथमा अगाडि बढ्नमा सहयोग हुने कुरा विभिन्न अध्ययन प्रतिवेदनहरूले देखाएका छन्। युनेस्कोको एउटा प्रतिवेदनले यदि कम आय भएका मुलुकका सबै विद्यार्थीहरूले आधारभूत पढाइ सीप हासिल गरेर विद्यालय छाड्ने हो भने १७ करोड १० लाख मानिसलाई गरिबीबाट माथि उठाउन सकिने तथ्य प्रकाशन गरेको छ। आधारभूत तहको शिक्षाको महत्वलाई दृष्टिगत गरेर नै यसलाई योजनाबद्ध रूपमा व्यवस्थित र गुणस्तरीय बनाउनका लागि रुपनी  गाउँपालिका गाउँपालिकाले यस योजनामा आधारभूत शिक्षाअन्तर्गत कक्षा १ देखि ८ सम्मको शिक्षामा पहुँच, गुणस्तर तथा समता र व्यवस्थापकीय प्रवन्धको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौतीहरू पहिचान गरि आगामी दश वर्षका लागि यस तहको शिक्षा विकासका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ।

संविधानले विद्यालय तहको शिक्षालाई स्थानीय तहको एकल अधिकार क्षेत्रभित्र तथा संघ, प्रदेश र स्थानीय सरकारको साझा अधिकारभित्र पनि राखेको छ। संविधानका उल्लिखित प्रावधानहरूले सबै बालबालिकाहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्न एकल तथा साझा सूचीका आधारमा तीनै तहका सरकार जिम्मेवार हुनुपर्ने देखिन्छ।

### ३.२२ वर्तमान अवस्था.

गाउँपालिकाको शिक्षा शाखामा रहेको तथ्यांक अनुसार यस रूपनी गाउँपालिकामा जम्मा २० विद्यालयहरु रहेकाछन् । जस मध्ये १३ वटा सामुदायिक र ७ वटा संस्थागत विद्यालयहरु रहेकाछन् । रूपनी  गाउँपालिका भित्र हाल कक्षा १-५ सञ्चालित ५ र कक्षा १-८ का विद्यालयको ४ रहेको छ गरी आधारभूत विद्यालयहरूको संख्या १० वटा रहेको छ । आधारभूत तहमा विद्यमान अवस्थाको लिङ्गको आधारमा विद्यार्थी हेर्दा सामुदायिक विद्यालयतर्फ २०७८ सालमा कक्षा १-५ मा ५२.७० प्रतिशत छात्रा र प्रतिशत छात्र ४७.३०, कक्षा ६-८ मा ५४.४८ प्रतिशत छात्रा र ५५.५२ प्रतिशत छात्र भर्ना भएको अवस्था छ । यसरी हेर्दा सामुदायिक विद्यालयमा छात्राको प्रतिशत उच्च छ । आधारभूत तहका कुल शिक्षकहरु मध्ये ८० वटा शिक्षक आधारभुत तहमा रहेकाछन् । ४८ वटा स्थायी १६ वटा राहत १५ वटा निजी र १ वटा अन्य शिक्षकहरु आधारभूत तहमा रहेका छन् । आधारभूत तहमा कार्यरत शिक्षक मध्ये ३७.५ प्रतिशत महिला रहेको देखिन्छ । विद्यार्थी शिक्षक अनुपात कक्षा १-५ मा ३५.८२ प्रतिशत र कक्षा ६-८ मा

६५.४७ प्रतिशत रहेको अवस्थामा विद्यालयमा रहेको पूरानो दरवन्दी संरचनाले गर्दा न्यायोचित रुपमा विद्यालय विद्यार्थी संख्याका आधारमा दरबन्दी नरहेको तथा शिक्षण सिकाइ पद्धतिमा बहुकक्षा शिक्षणको अधिक विद्यालयमा अभ्यास भइरहेकोले विद्यार्थी संख्याका आधारमा शिक्षक दरबन्दीको पुनर्वितरण गर्नु आवश्यक रहेको छ। यस पालिकाको कूल जनसंख्या २६३८७ मध्ये आधारभूत तह उत्तीर्ण गर्ने जनसंख्या सबैभन्दा धैरै ७६१५  जना रहेको र जसमा ४२.९२ प्रतिशत महिला देखिन्छ। समग्रमा उल्लेख गर्दा पालिकाको २८.८५ प्रतिशत संख्याले आधारभूत तहको शिक्षा हासिल गरेको देखिन्छ तथापि कक्षा ६-८ मा भने खुद भर्नादर ८९.१ प्रतिशत रहेकोले तोकिएको उमेर भन्दा माथिल्लो उमेर समूहका बालबालिकाले आधारभूत शिक्षा लिएको देखिन्छ। आधारभूत तहको विस्तृत अवस्था तल प्रस्तुत गरिन्छ।

| **क्षेत्रहरु** | **आव ०७७/७८** | **आव ०८०/८१** |
|---|---|---|
| सामुदायिक विद्यालय को संख्या | १४ | |
| सस्थागत विद्यालयको संख्या | ७ | |
| कक्षा १-३ को सामुदायिक विदयालयको विद्यार्थी संख्या | १५१८ | |
| कक्षा १-८ को सामुदायिक विदयालयको विद्यार्थी संख्या | ३३१० | |
| प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | ५९.९ | |
| कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुदप्रवेश दर (%) | ९७.९ | |
| आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | ९६.० | |
| आधारभूत तह (कक्षा ६-८) मा खुद भर्ना दर* (%) | ८९.१ | |
| आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | ९०.९ | |
| समग्र सिकाइ उपलब्धि स्तर | ५५.४५ | |
| कक्षा ५ सम्मको टिकाउदर | | |
| कक्षा ८ सम्मको टिकाउदर | ७४.९ | |
| आधारभूत तहमा महिला शिक्षक प्रतिशत | ३७.५ | |
| आधारभूत तहमा  शिक्षक विद्यार्थी अनुपात | ५०.६५ | |
| आधारभुत तहको आन्तरिक सक्षमता | ८१.५ | |

आधारभूत शिक्षामा देखिएका विद्यमान चुनौतीहरु -

१. निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षामा सबै बालबालिकाको पहुँच तथा सहभागिता सुनिश्चित गर्ने।
२. सिकाइको गुणस्तर अभिवृद्दि गरी विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार ल्याउने।
३. विद्यालयको प्रशासनिकभौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई अपा ,ङ्ग मैत्री , बालमैत्री बनाउने।

४. विद्यालय व्यवस्थापन तथा जनसहभागितामा परिवार, समुदाय, गैरसरकारी संघ संस्था, निजी क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाउने ।
५. सूचना तथा सञ्चार प्रविधिमा दक्षतामा वृद्धि गरि शिक्षण सिकाइमा प्रभावकारी ढङ्गले प्रयोग गर्ने।

**३.२ ३.उद्देश्य**

यस योजनाले आधारभूत शिक्षासम्बन्धी निम्नलिखित उद्देश्य राखेको छ -

१. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गर्दै समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु,
२. विद्यार्थीको सिकाइ उपलब्धी राष्ट्रिय औसत उपलब्धी बराबर बनाउने,
३. विद्यालयको भौतिकसुरक्षित र ,समावेशी ,शैक्षिक र व्यवस्थापकीय वातावरणमा सुधार गरि बालमैत्री , ,जवाफदेही बनाउनु
४. ५—१२ वर्ष उमेर समुहका सबै बालबालिकाहरूलाई आधारभूत शिक्षामा समतामुलक पहुँच तथा सहभागीताको सुनिश्चितता गर्नु ।
५. आधारभूत तहका विद्यार्थीहरुमा न्यनत्तम सिकाइ उपलब्धी सुनिश्चित गर्नु ।
६. आधारभूत तह पुरा गर्ने बालबालिकाहरुको संख्यामा उल्लेखनीय सुधार ल्याउनु ।
७. सिकाइ सुधारको लागि शैक्षिक तथा भौतिक वातावरणलाई बालमैत्री बनाउनु ।
८. विद्यार्थी सिकाइप्रति उत्तरदायी विद्यालयको ब्यवस्थापन तथा प्रबन्धमा उल्लेखनीय सुधार ल्याउनु ।

**३.२ ४ रणनीतिहरू .**

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ -

१. विद्यालय नक्साङ्कनमार्फत् सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालय दरबन्दीलाई पुनर्वितरण तथा समायोजन गर्ने।
२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्न स्थानीय सरकारले आवश्यक कानुन तर्जुमा तथा आवश्यक स्रोतको व्यवस्था गर्ने।
३. विद्यालय बहिर रहेका सबै बालबालिकाहरूको यथार्थ विवरण सङ्कलन गरि उनीहरूको पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था गर्ने।
४. वैकल्पिकपरम्परागत शिक्षा तथा सिकाइ/खुला/अनौपचारिक/, लक्षित कार्यक्रम, प्रोत्साहनमूलक कार्यक्रम, आवासीय सुविधा आदि कार्यक्रम सञ्चालन गर्ने।
५. विद्यालयमा न्यूनतम् भौतिक सुविधा सुनिश्चितता गर्ने।
६. सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीको दक्षतामा वृद्धि गरी शिक्षण सिकाइमा प्रभावकारी ढङ्ले प्रयोग गर्ने।
७. शिक्षकलाई पेशागत तालिमको लागि आवश्यक वातावरण सिर्जना गर्ने।

८. मूल्याङ्कनलाई शिक्षण सिकाइ कै अभिन्न अङ्गको रूपमा प्रयोगमा ल्याएर विद्यार्थीलाई कक्षाकोठामा आधारित मूल्याङ्कनसँग सम्बन्धित क्षमता विकास गरिनेछ।

९. विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघका पदाधिकारीको क्षमता विकास र अभिभावक अभिमुखीकरण गरिनेछ।

१०. विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार गर्न स्थानीय स्वास्थ्य एकाइ मार्फत विद्यालयमा पोषण कर्नर स्थापना गरी सचित्र स्थानीय पोषण पाठ्यक्रम तयार गरी लागू गर्ने।

११. स्थानीय पाठ्यक्रम मार्फत प्रकोप व्यवस्थापन तथा न्युनिकरण सम्बन्धी ज्ञान दिने।

१२. विद्यालय तथा शैक्षिक निकायको शासकीय तथा व्यस्थापकीय पद्धतिमा सुधार गर्ने।

१३. कक्षा १ देखि ३ सम्मका बालबालिकाहरुका लागि बालमैत्री सिकाई वातावरण निर्माण गर्दै आधारभूत साक्षरता सिप विकासको लागि पढाइ तथा गणितिय साथै अन्य अन्तरविषयक जीवनोपयोगी पक्षको शिक्षण सिकाइ कार्यलाई सुनिश्चित गर्न पठन तथा गणितिय सीप केन्द्रित क्रियाकलापहरुलाई निरन्तर गरिने छ ।

## ३.२५ उपलब्धि.नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

### क) उपलब्धि

४ अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा प्रविधियुक्त पहुँच, सहभागिता र गुणस्तर अभिवृद्धि भएको हुने।

५ अनिबार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तरीय जनशक्तीको रुपमा माध्यमिक शिक्षामा शतप्रतिशत प्रबेश हुने

६ सबै वालवालिकाहरुलाई गुणस्तरीय आधारभूत शिक्षामा पहुँचको अवसर सुनिश्चित भएको हुनेछ ।

७ आधारभूत तहको कुल तथा खुद भर्नादर सतप्रतिशत पुगेको हुनेछ ।

### ख) प्रमुख नतिजाहरू

१. विद्यालय नक्साङ्कनमार्फत् सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालय दरबन्दीलाई पुनर्वितरण तथा समायोजन भएको हुने।

२. स्थानीय सरकारले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्न बालमैत्री र समावेशी वातावरणमा सिकाइ हुने।

३. आधारभूत तह पूरा गर्ने बालबालिकाले न्यूनतम् सिकाइ उपलब्धि हासिल गरेको हुने।

४. स्थानीय तहले आवश्यक सहकार्य गरी विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिप्रति सचेत बनाउने।

५. विद्यालय शिक्षालाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरि सहज र उपयोगी बनाउने कार्यलाई व्यवस्थित रूपमा विस्तार गरिने।
६. जनशक्तिको क्षमता विकास गर्दै आधारभूत तहमा गुणस्तरीय शिक्षा र शैक्षिक सुशासन कायम हुने।
७. विद्यार्थीको सिकाइ उपलब्धि राष्ट्रिय औसत उपलब्धिसँग बराबर हुने।

**नतिजा**

*योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजाहरू तलको तालिकामा उल्लेख गर्ने । उदाहरणका लागि*

| क्र.सं. | सूचक | आधार वर्ष (२०८०/८१) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १. | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेशदर (%) | 92.00 | 101 | 100 | 100 | 100 | 100 |
| २. | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर (%) | 93.00 | 96 | 97 | 98 | 99 | 100 |
| ३. | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर (%) | 131.01 | 97 | 98 | 98 | 99 | 199 |
| ४. | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर (%) | 93.60 | 96 | 97 | 98 | 99 | 100 |
| ५. | आधारभूत तह (कक्षा ६-८) मा कूल भर्ना दर (%) | 112.00 | 110 | 108 | 105 | 104 | 101 |
| ६. | आधारभूत तह (कक्षा ६-८) मा खुद भर्ना दर (%) | 87.77 | 110 | 109 | 106 | 103 | 100 |
| ७. | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | 88.70 | 110 | 109 | 106 | 105 | 101 |
| ८. | आधारभूत तह (कक्षा | 95.96 | 96 | 97 | 98 | 99 | 100 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | १-८) मा खुद भर्ना दर (%) | | | | | | |
| ९. | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा विद्यालय बाहिर रहेका बालबालिकाको सङ्ख्या | 800 | 700 | 600 | 500 | 400 | 300 |
| १०. | आधारभूत तह (कक्षा १-५) मा तालिम प्राप्त शिक्षकको सङ्ख्या | 10 | 17 | 25 | 35 | 45 | 60 |
| ११. | न्यूनतम सिकाइ सबलीकरण मापदण्ड (Minimum Enabling Conditions) पूरा गरेका आधारभूत तहका विद्यालयको सङ्ख्या | 0 | 5 | 7 | 8 | 10 | 15 |
| १२. | प्रविधिमैत्री पूर्वाधारको बिकास हुने | 3 | 4 | 8 | 10 | 12 | 15 |
| १३. | आधारभूत तहको उपल्लो कक्षाको विद्यार्थी संख्या | 900 | 1200 | 2000 | 2800 | 3500 | 4000 |

### ३.२.५ प्रमुख क्रियाकलापहरु तथा लक्ष्यहरु

- कक्षा १ देखि ५ सम्मको बालवालिकाका लागि बालमैत्री बसाई व्यवस्थापन budgetary

- कक्षा १ देखि ५ सम्मको पठनसीप तथा गणितीय सीप विकासको लागि शिक्षक तथा विद्यार्थी निर्मित स्थानीय सामग्रीहरु सहितको छापायुक्त कक्षाकोठा ब्यवस्थापन nonbudgetary
- बाँकी विद्यालयहरुका कक्षा १ देखि ३ सम्मको कक्षाकोठाहरुलाई छापामय कक्षाकोठा ब्यवस्थापन budgetary
- स्थापना भएको कक्षा पुस्तकालयको वा बुक कर्नरमा नियमित पठन तथा गणितिय सीप विकास गर्ने सामग्रीहरुलाई उचित ब्यवस्थापन तथा प्रयोग budgetary SSDP
- पठनसीपमा सहयोग को लागि प्रविधि मैत्री सिकाइका लागि टेलिभिजन, कम्पयुटर, इन्टरनेट लगायतको व्यवस्थापन budgetary
- कक्षा १ देखि ५ मा शैक्षणिक सामग्रीहरु आवश्कयताको आधारमा ब्यवस्थापन budgetary
- कक्षा १ देखी ३ सम्म क्रमिक सिकाइ रणनीतिमा आधारित शिक्षण सिकाइ कार्य सञ्चालनnonbudgetary
- पठनसीपको महत्व सम्बन्धि अभिभाबक सचेतनाको लागि पालिका स्तरीय पढाइ मेला तथा प्रतियोगिता सञ्चालन budgetary
- घरमा पढाइ कुना निर्माण र प्रयोग
- कक्षा १ देखी ३ सम्मका बालबालिकाहरुको पठन तथा सिकाइ सहयोग पुर्याउने अभिभाबकलाई सम्मान कार्यक्रम budgetary
- प्रारम्भिक कक्षाका सबै बालबालिकाहरुको प्रारम्भिक पहिचान गरी सोहि अनुरुपको शिक्षण सहयोग प्रणाली कार्यान्वयन

ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

*तालिका ३.२ आधारभूत शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य*

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१०वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | विद्यालयमा नक्शाङ्कन, पुनर्वितरण र समायोजन | पटक | | १ | १ | | | ३ | गाउँपालिका |
| २ | शिक्षक योग्यता र दरबन्दी निर्धारण तथा पुनराबलोकन | पटक | | १ | | १ | १ | ४ | गाउँपालिका |
| ३ | आधारभूत तहमा सबै बालबालिकालाई विद्यालयमा भर्ना | प्रतिशत | ९५.०१ | ९६.०७ | ९७.०३ | ९७.०९ | ९८.०१ | १०० | गाउँपालिका |
| ४ | विद्यालयमा न्युनतम् भौतिक पूर्वाधार विकास | संख्या | ० | २ | ४ | ३ | ६ | २५ | संघ/ प्रदेश/ गाउँपालिका |
| ५ | स्थानीय पाठ्यक्रम २०७८ को कार्यान्वयन | कक्षा | | ५ | ८ | | | | गाउँपालिका |
| ६ | विद्यालय शिक्षालाई प्रकोप, संकट तथा योजना तयारी महामारीलगायतका परिस्थितिप्रति योजना | पटक | १ | १ | १ | १ | १ | १० | संघ/ प्रदेश/ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | तयार गरी कार्यान्वयन | | | | | | | | गाउँपालिका |
| ७ | सूचना तथा सञ्चार प्रविधि प्रविधिको प्रयोगमा क्षमता विकास | संख्या | | १ | २ | २ | २ | १३ | संघ/ प्रदेश/ गाउँपालिका |
| ८ | विद्यालय पोषण ,स्वास्थ्य कार्यक्रम तथा दिवा खाजा | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | संघ/ प्रदेश/ गाउँपालिका |
| ९ | अपाङ्गता भएका विद्यार्थीलाई सहयोग | निरन्तर | सबै | सबै | सबै | सबै | सबै | निरन्तर | गाउँपालिका |
| १० | निःशुल्क शिक्षाको सुनिश्चितताका लागि विद्यार्थी पाठ्यपुस्तक | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | संघ |
| ११ | आर्थिक रूपमा विपन्नका लागि ड्रेस, विद्यार्थी स्टेशनरी इत्यादि वितरण | प्रतिशत | ५ | ५ | ५ | ५ | ५ | ४० | गाउँपालिका |
| १२ | विद्यालयलाई शैक्षिक सामग्री सहयोग तथा व्यवस्थापन कार्यक्रम | प्रतिशत | ५ | ५ | ५ | ५ | ५ | ५० | गाउँपालिका |
| १३ | कक्षा १ देखि ३ सम्मको पठनसीप तथा गणितीय सीप विकासको लागि शिक्षक तथा विद्यार्थी निर्मित स्थानीय सामग्रीहरु सहितको छापायुक्त कक्षाकोठा ब्यवस्थापन सञ्चालन | विद्यालय | १ | ३ | ३ | ४ | २ | २५ | गाउँपालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १४ | प्रारम्भिक कक्षाको शिक्षणका क्रमिक सिकाइ रणनितिको निरन्तरता सहित प्रविधिमैत्री तथा बालमैत्री शिक्षण सिकाइका लागि शैक्षिक सामग्री सहयोग कार्यक्रम | विद्यालय | १ | ३ | ३ | ४ | २ | २५ | गाउँपालिका |
| १५ | बालबालिकाहरुको पठन सहित सिकाइ सुधारमा योगदान पुर्याउने उत्कृष्ट अभिभाबक सम्मान कार्यक्रम | जना | १ | १ | १ | १ | १ | १० | गाउँपालिका |
| १६ | कक्षा १ ३ मा कक्षाकोठामा आधारित प्रारम्भिक कक्षा पठाइ तथा गणितिय सीप परिक्षण सञ्चालन | विद्यालय | २ | २ | २ | २ | ३ | १९ | गाउँपालिका |
| १७ | विद्यालय स्तरीय तथा पालिका स्तरीय पढाइ प्रतियोगिता पढाइ उत्सब सहित शैक्षिक प्रदशनी मेला सञ्चालन | पटक | १ | १ | १ | १ | १ | १० | गाउँपालिका |
| १८ | विद्यालयको शिअसंघ विब्यसको टिमको क्षमता विकास कार्कक्रम | पटक | १ | १ | १ | १ | १ | १० | गाउँपालिका |
| १९ | शिक्षकले कक्षाकोठामा विताउने समयको पुर्ण कार्यान्वयनमा सहयोग | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | गाउँपालिका |
| २० | शिक्षकको क्षमता विकासको लागि माग र | जना | ३० | ३० | | ६० | ३० | २५० | गाउँपालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | आवश्यकताको आधारमा तालिम सञ्चालन | | | | | | | | |

## ३ ३.माध्यमिक शिक्षा

### ३.३.१ परिचय

नेपालको संविधानले २०७२ ले  माध्यमिक तहको शिक्षा निःशुल्क प्राप्त गर्ने हक स्थापित गरेको छ भने अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ ले पनि प्रत्येक नागरिकलाई माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने उल्लेख गरेको छ। संविधानले एकातिर विद्यालय तहको शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्रभित्र रहने व्यवस्था गरेको देखिन्छ भने अर्कोतिर संघ, प्रदेश र स्थानीय सरकारको साझा अधिकारभित्र पनि राखेको छ | संविधानका उल्लिखित प्रावधानहरूले आम नागरिकका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्न एकल तथा साझा सूचीका आधारमा तीनै तहका  सरकारलाई जिम्मेवार बनाउने स्पष्ट दिशा निर्देश गरेको छ। शिक्षा ऐन २०२८ ले कक्षा ९-१२ सम्मलाई माध्यमिक शिक्षाको रुपमा राखेको छ। अनिवार्य आधारभूत शिक्षा अन्तर्गत सबै बालबालिकाले कक्षा ८ सम्मको गुणस्तरीय शिक्षा प्राप्त गरिसकेपछि विद्यार्थीको रुचि र क्षमता अनुसार माध्यमिक तहमा परम्परागत, प्राविधिक र साधारण धारको शिक्षा छनोट गर्ने अवसर प्रदान गर्नुपर्दछ। यस तहको शिक्षालाई जीवनोपयोगी, उत्पादनमूलक, प्रविधियुक्त, सीपमूलक र व्यावहारिक बनाउनु पर्दछ। आधारभूत तहमा विद्यार्थीले हासिल गरेको भाषिक र गणितीय सीपको उपयोग गरेर आफ्नो रुचि र क्षमताअनुसार विद्यार्थीले साधारण शिक्षाको लक्ष्य लिएर विभिन्न विषयमा उच्च शिक्षा हासिल गर्ने लक्ष्य लिने वा विभिन्न किसिमका प्राविधिक र व्यावसायिक सीप हासिल गरेर भविष्यमा आय आर्जनको बाटो सुनिश्चित गर्ने भन्ने निर्णय माध्यमिक तहको शिक्षाले गर्नुपर्दछ। रुपनी गाउँपालिका गाउँपालिकाले माध्यमिक तहको शिक्षालाई प्रविधियुक्त, सीपमूलक, निःशुल्क, बालमैत्री, र समावेशी गराउने नीति लिएको छ।

### ३.३.२ वर्तमान अवस्था

रुपनी  गाउँपालिका  भित्र हाल कक्षा १-१० सञ्चालित २, कक्षा ६-१० सञ्चालित ० र कक्षा १-१२ सञ्चालित २ गरी माध्यमिक तहको विद्यालयहरूको संख्या ४ वटा रहेको छ । माध्यमिक तह कक्षाको ९-१० को खुद भर्ना दर ७६.४ र कूल भर्नादर ९३.० रहेको छ। माध्यमिक तहमा विद्यमान अवस्थामा लिङ्गको आधारमा विद्यार्थी हेर्दा सामुदायिक विद्यालयतर्फ कक्षा ९-१० मा ५४.६० प्रतिशत छात्रा र ४५.४० प्रतिशत छात्र भर्ना भएको अवस्था छ। यस तहमा शिक्षक विद्यार्थी अनुपात ६०.४४ प्रतिशत रहेको छ। कक्षा १० को टिकाउ दर ५६.५ प्रतिशत, उत्तीर्ण दर ९७.९, कक्षा १० मा कक्षा दोहोर्‍याउने दर १.४ र कक्षा छोड्ने दर ०.७ रहेको छ।

माध्यमिक शिक्षामा देखिएका विद्यमान चुनौतीहरुः

१. निःशुल्क माध्यमिक शिक्षालाई पहुँच योग्य बनाई कार्यान्वयन गर्ने।
२. माध्यमिक तहमा प्राविधिक तथा ब्यावसायिक शिक्षालाई व्यवस्थित गर्ने।
३. विद्यार्थीको सिकाइ गुणस्तर सुधार गरी सिकाइ उपलब्धिमा सुधार ल्याउने।
४. प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार गर्ने।

५. विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री बनाउने।
६. शिक्षकको वृत्ति विकासलाई पारदर्शी, नतिजामा आधारित र अनुमानयोग्य बनाई व्यवस्थित गर्ने।
७. विद्यालय शिक्षालाई समावेशी र समतामूलक बनाउने |
८. विषायगत दरबन्दीको व्यवस्था गरी विद्यालयमा सक्षम जनशक्ति व्यवस्थापन गर्ने।
९. विद्यालयको छुट्टै प्रशासनिक काम गर्ने गरी योग्यता र क्षमतामा आधारित प्रव्यवस्थापन गर्ने। .अ.

**३ ३.३.उद्देश्यहरू**

१. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चीत गरी गुणस्तरमा सुधार गर्नु।
२. विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरणमा सुधार गरी बालमैत्री, समावेशी र शुरक्षित बनाउनु।
३. माध्यमिक शिक्षामा खुद भर्ना  तथा टिकाउ दर बढाउनु र कक्षा छोड्ने र दोहोर्‍याउने दर घटाउने।
४. सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गर्नु र प्राविधिक तथा व्यवहार कुशल सीपलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु।
५. माध्यमिक शिक्षामा सबैको पुहँचमा सुधार ल्याउनु ।
६. माध्यमिक तहका विद्यार्थीहरुमा न्यनत्तम सिकाइ उपलब्धी सुनिश्चित गर्नु ।
७. माध्यमिक तह पुरा गर्ने बालबालिकाहरुको संख्यामा उल्लेखनीय सुधार ल्याउनु ।
८. सिकाइ सुधारको लागि शैक्षिक तथा भौतिक वातावरणलाई बालमैत्री बनाउनु ।
९. विद्यार्थी सिकाइप्रति उत्तरदायी विद्यालयको ब्यवस्थापन तथा प्रबन्धमा उल्लेखनीय सुधार ल्याउनु ।
१०. माध्यमिक शिक्षामा प्राविधिक तथा ब्यवसायिक शिक्षामा उल्लेखनीय सुधार ल्याउनु ।

**३.३४ रणनीतिहरू.**

योजनाका उद्देश्यहरू हासिल गर्न निम्न लिखित रणनीतिहरू अवलम्बन गरीनेछ :

१. विद्यालय नक्शाङ्कनमार्फत सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयहरूलाई पुनर्वितरण ,समायोजन तथा स्थापना गरीनेछ।
२. निःशुल्क माध्यमिक शिक्षामा पहुँच र समावेशी सहभागिता सुनिश्चित गर्न क्षमता विकास गरीने छ।
३. माध्यमिक तहमा सञ्चालन भइरहेको प्राविधिक धारमा थप २ क्षेत्र समेटिनेछ।
४. माध्यमिक आवासीय विद्यालय विस्तार गरीनेछ।
५. हरेक विद्यालयको शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधि बढाइनेछ।
६. विद्यालयको छुट्टै प्रशासनिक काम गर्ने गरी योग्यता र क्षमतामा आधारित प्रव्यवस्थापन गरीनेछ। .अ.
७. विद्यालयको भौतिक शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाइनेछ।
८. एउटा सामुदायिक विद्यालयमा कक्षा ११।१२ मा विज्ञान विषय अध्ययन-का लागि आकर्षण बढाउन पर्याप्त पूर्वाधार सहितको व्यवस्था गरीनेछ।
९. आवश्यकता अनुसार शिक्षक दरबन्दी पुनर्वितरण, समायोजन तथा थप गर्नेछ।

**३.३५ उपलब्धि.नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य**

**क) उपलब्धि**

- माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने।
- माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने ।
- सबै वालवालिकाहरुलाई गुणस्तरीय माध्यमिक शिक्षामा पहुँचको अवसर सुनिश्चित भएको हुनेछ ।
- नमुनाको रुपमा व्यबसायिक शिक्षाको सुरुवात भइ बालबालिकाहरुलाई गुणस्तरीय व्यबसायिक शिक्षामा पहुचको अवसर सुनिश्चित भएको हुनेछ ।

**ख) नतिजा**

१. निःशुल्क माध्यमिक तहको शिक्षामा पहुँच सुनिश्चित भई खुद भर्ना तथा टिकाउ दरमा वृद्धि हुने तथा कक्षा छोड्ने र दोहोऱ्याउने दरमा कमी आउने।
२. सबै माध्यमिक विद्यालयले आधारभूत मापदण्ड पूरा गरेको हुने।
३. माध्यमिक तहमा प्राविधिक धारतर्फको शिक्षा व्यवस्थित र विस्तार भएको हुने।
४. मध्यमिक शिक्षा पूरा गर्ने विद्यार्थीले न्यूनतम् सिकाइ उपलब्धि हासिल गरेको हुने।
५. विद्यालय शिक्षामा सूचना प्रविधिको प्रयोगमा विस्तार तथा सहज प्रयोग र उचित सिकाइ वातावरणको निर्माण भएको हुने।
६. विद्यालयको छुट्टै प्रशासनिक काम गर्ने गरी योग्यता र क्षमतामा आधारित प्रव्यवस्थापन हुने। .अ.
७. माध्यमिक तहमा जनशक्तिको क्षमता विकास गरी गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम हुने।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १. | माध्यमिक तह (कक्षा ९-१०) मा भर्ना भएका विद्यार्थी सङ्ख्या | 704 | 820 | 900 | 1100 | 1400 | 1500 |
| २. | माध्यमिक तह (कक्षा ११-१२) मा भर्ना भएका विद्यार्थी सङ्ख्या | 206 | 300 | 350 | 375 | 400 | 425 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३. | विज्ञान विषयमा अध्ययनरत विद्यार्थी सङ्ख्या | 55 | 60 | 65 | 70 | 90 | 130 |
| ४. | न्यूनतम सिकाइ सबलीकरण मापदण्ड(MEC) पूरा गरेका माध्यमिक विद्यालय सङ्ख्या | 0 | 2 | 3 | 4 | 4 | 4 |
| ५. | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर (%) | 80.0 | 82.2 | 83.7 | 86.4 | 89.2 | 80.0 |
| ६. | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर (%) | 20.9 | 23.4 | 26.2 | 29.3 | 32.9 | 20.9 |
| ७. | माध्यमिक तह( कक्षा ९-१०) उत्तीर्ण दर | 67.01 | 75 | 85 | 90 | 100 | 100 |
| ८. | माध्यमिक तह( कक्षा ११-१२) उत्तीर्ण दर | 46.40 | 50 | 60 | 99 | 100 | 100 |
| ९. | माध्यमिक तह( कक्षा ९-१०) छाड्ने | 6.00 | 1 | 0.5 | 0 | 0 | 0 |
| १०. | माध्यमिक तह( कक्षा ११-१२) छाड्ने | 0 | 0 | 0 | 0 | 0 | 0 |
| ११. | माध्यमिक तह( कक्षा ९-१०) दोहोर्याउने | 0 | 0 | 0 | 0 | 0 | 0 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १२. | माध्यमिक तह( कक्षा ११-१२) दोहोर्याउने | 0 | 0 | 0 | 0 | 0 | 0 |
| १३. | सबै माध्यमिक विद्यालयले आधारभूत मापदण्ड पूरा गरेको | 1 | 1 | 2 | 3 | 4 | 4 |
| १४. | माध्यमिक तहमा प्राविधिक तथा व्यवसायिक धारतर्फको शिक्षा | 0 | 0 | 1 | 1 | 1 | 1 |
| १५. | विद्यालयहरूमा सुरक्षित र बालमैत्री, अपाङ्गमैत्री भौतिक पूर्वाधार विकास | 0 | 0 | 1 | 3 | 4 | 4 |
| १६. | अभिभावक शिक्षा मार्फत आफ्ना वालवालिकाहरुको शिक्षाप्रति सचेतना कार्यक्रम संचालन भएका बिद्यालय | 0 | 0 | 1 | 2 | 3 | 4 |
| १७. | विद्यालयको प्रशासनिक काम गर्ने गरी योग्यता र क्षमतामा आधारित प्र .अ. व्यवस्थापन | 0 | 1 | 2 | 3 | 4 | 4 |
| १८. | शिक्षण/सिकाइ सहजिकरण प्रक्रियामा नविनतम प्रविधिको प्रयोगमा वृद्धि | 2 | 4 | 4 | 4 | 4 | 4 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १९. | विद्यालयहरूमा सुरक्षित र बालमैत्री, अपाङ्गमैत्री भौतिक पूर्वाधार विकास | 0 | 1 | 2 | 4 | 4 | 4 |

ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

*तालिका ३.३ माध्यमिक शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य*

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयनका लागि आवश्यक कार्यविधि तयारी | पटक | | १ | १ | | | २ | गाउँपालिका |
| २ | विद्यालयमा नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | | १ | | | | २ | गाउँपालिका |
| ३ | प्राविधिक धारको शिक्षाको विस्तार | संख्या | | | १ | | | २ | गाउँपालिका |
| ४ | शिक्षक योग्यताका मापदण्ड र दरबन्दी आधारको पुनरावलोकन | संख्या | ० | | १ | | | २ | संघ/ प्रदेश/ गाउँपालिका |
| ५ | विद्यालयमा न्यूनतम् भौतिक पूर्वाधार विकास तथा कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, प्रतिशत स्थानीय तह सुधारको क्रियकलाप अनुसार | पटक | | १ | १ | १ | १ | १० | संघ/ प्रदेश/ गाउँपालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६ | नमुना माध्यमिक विद्यालय विस्तार | संख्या | | | | १ | | २ | संघ/ प्रदेश/ गाउँपालिका |
| ७ | सूचना तथा सञ्चार प्रविधि प्रविधिको प्रयोगमा क्षमता विकास | संख्या | | १ | १ | १ | १ | ५ | संघ/ प्रदेश/ गाउँपालिका |
| ८ | विद्यालय पोषण ,स्वास्थ्य कार्यक्रम | प्रतिशत | | १० | १५ | १५ | १५ | १०० | संघ/ प्रदेश/ गाउँपालिका |
| ९ | क्षमतामा आधारित प्र.अ. व्यवस्थापन | संख्या | | १ | | १ | | ४ | गाउँपालिका |
| १० | प्रकोप प्रति सचेत रहन योजना विकास | पटक | | १ | | १ | | ४ | गाउँपालिका |
| ११ | निःशुल्क शिक्षाको सुनिश्चितताका लागि विद्यार्थी पाठ्यपुस्तक | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | संघ |
| १२ | आर्थिक रूपमा विपन्नका लागि ड्रेस, विद्यार्थी स्टेशनरी इत्यादि वितरण | प्रतिशत | ५ | ५ | ५ | ५ | ५ | ३५ | गाउँपालिका |
| १३ | सिकाइ सामग्री व्यवस्थापन | प्रतिशत | ५ | ५ | ५ | ५ | ५ | ५० | गाउँपालिका |

## ३.४ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ

### परिचय

अनौपचारिक शिक्षा औपचारिक शिक्षाको जननी हो। सिकाइ कोक्रोदेखि मृत्युपर्यन्तसम्म चलिरहने प्रक्रिया हो। विभिन्न माध्यम र किसिमले जीवनोपयोगी ज्ञान र सीप हासिल गरेर समाजमा आफ्नो उपस्थितिलाई सशक्त बनाउन उपयुक्त शिक्षा अनौपचारिक र औपचारिक माध्यमबाट आर्जन गर्नुपर्ने हुन्छ। समुदायले विभिन्न योग्यता, क्षमता, सामाजिक, आर्थिक, सांस्कृतिक तथा धार्मिक विविधता समिश्रणको प्रतिनिधित्व गर्छन्। समुदायमा बसेका विभिन्न तप्काका व्यक्तिहरुमा रहेको अन्तर्निहित प्रतिभाको प्रस्फूटन गर्दै उनीहरुको जीवनस्तर उकास्न जीवनपर्यन्त सिकाइको अवसर सुनिश्चित गर्न औपचारिक र अनौपचारिक शिक्षामा राज्यले लगानी गरेको हुन्छ।औपचारिक शिक्षाको निश्चित समयावधिमा हासिल गरेका ज्ञान र सीपले मात्र मानव जीवनलाई सार्थक बनाउन सक्दैन। अनौपचारिक शिक्षाको दायरा र अपरिहार्यताको आधारमा यसको गरीमा बढाउन राज्यको लगानी तथा ध्यान पर्याप्त नभएको वास्तविकता हो। गुणस्तरीय र प्रतिस्पर्धी जीवन बिताउन अनौपचारिक शिक्षाको विकल्प छैन। जीवनपर्यन्त सिकाइको अवधारणा नेपालमा जीवनपर्यन्त सिकाइलाई आधिकारिक रूपमा परिभाषित नगरिएको भए पनि सरकारी नीति तथा योजनालाई आधार मान्दा जीवनपर्यन्त सिकाइ, अनौपचारिक र औपचारिक शिक्षाका माध्यमबाट जीवनभर गरिने सिकाइ हो।

### वर्तमान अवस्था

यस स्थानीय तहमा पूर्ण रुपमा निरक्षर १०५४७ रहेका छन्  जुन कूल जनसंख्यको ३९.९७ प्रतिशत हुन आउँछ। सामान्य लेखपढ गर्न सक्ने जनसंख्या ११८१४ रहेको छ। रुपनीको कूल साक्षरता ४९.९९ प्रतिशतमा ३७.७४ प्रतिशत महिला रहेका छन्।

अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका चुनौतीहरू देहाय बमोजिम पहिचान गरिएको छ -

**अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको सहज र सर्वसुलभ पहुँच सुनिश्चित।**

१. साक्षरता, निरन्तर सिकाइ, आयमूलक सीपसँगै समय सापेक्ष सूचना प्रविधियुक्त साक्षरता कक्षा सञ्चालन।
२. मौलिक तथा परम्परागत सस्कृतिको पहिचान, संरक्षण प्रवर्धन।
३. सामुदायिक सिकाइ केन्द्रलाई समयसापेक्ष सिकाइ आवश्यकता सम्बोधन गर्न सक्ने बनाउनु।
४. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ लागि मापदण्ड बनाउनु।
५. पाठ्यक्रम, पाठ्यपुस्तक तथा थप सिकाइ सामग्रीहरू विकास
६. व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्रघुम्ती पुस्तकालय स्थापना र प्रवर्धन गर्ने विषयलाई ,

७. सहजकर्ताको क्षमता विकास।

### उद्देश्य

यस योजनाले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइसम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छ-

१. साक्षर रुपनिको रूपमा विकास गर्नु।
२. साक्षरतालाई सीपसँग आवद्ध गरि रोजगारका अवसर प्रदान गर्नु।
३. सामुदायिक सिकाइ केन्द्रको विकास र विस्तार गर्ने।
४. सबैको निरन्तर सिकाइका अवसरहरुको पुँहचमा समतामुलक सहभागीतामा वृद्धि गर्नु ।
५. बालबालिकाहरुको सिकाइको लागि अभिभावकहरुको सचेतनामा सुधार ल्याउनु ।
६. नवसाक्षरहरुलाई जीवोकोपार्जनका गतिविधिहरुको सहभागीतामा वृद्धि गर्नु ।

**रणनीतिहरू**

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्वन गरीनेछ-

१. साक्षर नेपाल अभियान पूरा गर्न यस पालिकाले सामुदायिक सिकाइ केन्द्र, विद्यालय, विकास साझेदार,नागरिक समाज, टोल विकासराजनैतिक दल सञ्चार माध्यम ,, अभिभावक र अन्य साझेदारहरू परिचालन गरिनेछ।
२. सामुदायिक तथा घुम्ती पुस्तकालय पहुँचको अभिवृद्धि गरिनेछ।
३. मौलिक एवम् परम्परागत ज्ञान तथा सीपको पहिचान, संरक्षण, प्रवर्धन एवम् हस्तान्तरणसम्बन्धी कार्यक्रमहरू सञ्चालन गरीनेछ।
४. स्थानीय तहले सञ्चालनमा रहेका सामुदायिक सिकाइ केन्द्रहरूको आवश्यकतानुसार समायोजन, पुनर्संरचना तथा पुनर्वितरण गरि स्थानीय आवश्यकताका आधारमा सिकाइ केन्द्र स्थापना तथा सञ्चालन गर्दै गरिनेछ।
५. विज्ञ समूह निर्माण गरि अनौपचारिक तथा आजीवन सिकाइ सम्बन्धी अवधारणा पत्र तयार गरिने छ।
६. सामुदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न विद्युतीय पुस्तकालय बहुउद्देश्यीय संयन्त्रको रूपमा सुदृढीकरण गरि समावेशी एवम् समतामा आधारित आजीवन सिकाइ थलो को रूपमा विकास गरिनेछ।

**उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य**

**क) उपलब्धि**

- यस स्थानीय तहका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त भएको हुने।
- सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त भएको हुने।
- सम्पुर्ण औपचारिक शिक्षाबाट वञ्चित भएका नागरीकहरुका लागि समयानुकुलको अनौपचारिक तथा निरन्तर सिकाई र जिवनपर्यन्त जिबनोपयोगि र सिपमुलक सिकाईको अवसर प्राप्त हुने ।
- १५ देखि २४ वर्षको साक्षरता १०० प्रतिशत पुगेको हुनेछ ।
- विद्यार्थीहरुको बीचमा विद्यालय छोड्ने दर शुन्य प्रतिशत पुगेको हुनेछ ।

**ख) प्रमुख नतिजाहरू**

१. साक्षर रुपनिको रुपमा विकास हुने।

२. लक्षित बर्ग र समुदायमा सिकाइ अवसरहरूको सिर्जना हुने।

३. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको व्यवस्थापनका लागि आवश्यक संरचनागत व्यवस्था तयार भई कार्य सञ्चालन हुने।

४. सामुदायिक सिकाइ केन्द्रको विकास र विस्तार हुने।

५. विज्ञ समूह निर्माण गरि अनौपचारिक तथा आजीवन सिकाइसम्बन्धी अवधारणा पत्र तयार हुने।

६. स्थानीय माग र आवश्यकताका आधारमा रोजगारीमूलक अनौपचारिक पाठ्यक्रम तयार हुने।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | एकीकृत पाठ्यक्रम लागु गरेका विद्यालय सङ्ख्या | सबै | सबै | सबै | सबै | सबै | सबै |
| २ | पाठ्यक्रम/विशिष्टिकरण तालिकाको आधारमा प्रश्न पत्र निर्माण गरी परीक्षा/मुल्यांकन गर्ने विद्यालय सङ्ख्या | सबै | सबै | सबै | सबै | सबै | सबै |
| ३ | स्थानीय भाषामा स्थानीय बिषयको कक्षा सञ्चालन गर्ने विद्यालय | नभएको | नभएको | मागमा आधारित | मागमा आधारित | मागमा आधारित | मागमा आधारित |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै |
| ५ | जलवायु परिवर्तन तथा उत्थानशीलता सम्बन्धी सामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | ४ | ८ | १० | १६ | १८ | २१ |
| ६ | स्थानीय पाठ्यक्रम २०८० कक्षा १ देखि कक्षा ८ सम्म परिमार्जन तथा कार्यान्वयन | स्थानीय पाठ्यक्रम नभएको | | | | | |
| ७ | आधारभूत तहमा अध्ययनरत सबै विद्यार्थीहरुको पहुँचमा स्थानीय पाठ्यक्रम सम्बद्ध पाठ्यसामग्री पुगेको कक्षाको संख्या | प्रक्रियामा | ० | | | | |
| ८ | स्थानीय पाठ्यपुस्तक निर्माण तथा प्रबोधिकरणमा सरोकारवालहरु सबैको सहभागिता | प्रक्रिया समेत नभएको | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | अवस्था | | | | | | |
| ९ | पाठ्यक्रम निर्दिष्ट मूल्याङ्कन प्रक्रियाको निरन्तर अनुगमन र आवधिक प्रतिवेदनले मूल्याङ्कन प्रभावकारिता सुनिश्चित | नभएको | नभएको | गरिने | गरिने | गरिने | गरिने |
| १० | अनुदानको अवस्था | नगन्य | केही बढाउने | व्यापक गर्ने | व्यापक गर्ने | व्यापक गर्ने | व्यापक गर्ने |
| ११ | कृषिमा आत्मनिर्भर सुनिश्चित | नगन्य | केही बढाउने | व्यापक गर्ने | व्यापक गर्ने | व्यापक गर्ने | पुरा गर्ने |

ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

*तालिका ३.७ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका प्रमुख क्रियाकलापहरू तथा लक्ष्यहरु*

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य) ५ वर्ष( | | | | | भौतिक लक्ष्य) १० वर्ष( | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | निरक्षरहरुको विवरण संकलन | पटक | १ | | | | | २ | गाउँपालिका |
| २ | साक्षर | वडागत | | १ | १ | | २ | ७ | गाउँपालिका |
| ३ | स्थानीय माग र आवश्यकताका आधारमा सा.सि.के सञ्चालन र व्यवस्थापन | संख्या | | | १ | | १ | ५ | गाउँपालिका |
| ४ | सामुदायिक पुस्तकालयलाई सामुदायिक केन्द्रसग आवद्ध गर्ने | पुस्तकालय | | | | | | २ | गाउँपालिका |
| ५ | सा.सि.के.मा प्रविधिको विकास गर्ने | संख्या | | | १ | | १ | ५ | गाउँपालिका |
| ६ | सा.सि.के. ले समुदायमा आधारीत संघ सस्थासँग सहकार्य गर्ने | निरन्तर | | | | | | | सा. सि.के. |
| ७ | विज्ञ समूह निर्माण | पटक | | १ | | | १ | २ | सा. सि.के. |
| ८ | जीवनपर्यन्त सिकाइका लागि सामग्री विकास | संख्या | | | १ | १ | १ | १० | सा. सि.के. |
| ९ | परिचालकको क्षमता विकास | संख्या | | १ | | | १ | ५ | गाउँपालिका |

## परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू

परिचय

परिच्छेद तीनमा शिक्षा क्षेत्रकाअन्तर्गतका मुख्य उपक्षेत्रहरू प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइलगायत पाठ्यक्रम तथा मूल्याङ्कन र शिक्षक व्यवस्थापन तथा विकाससँग सम्बन्धित वर्तमान अवस्थाको विश्लेषणका आधारमा चुनौतीहरू पहिचान गरि यस योजनाका लागि उद्देश्य, रणनीतिहरू तथा प्रमुख नतिजा, क्रियाकलाप तथा लक्ष्यहरूसहितको योजनाको खाका प्रस्तुत गरिएको छ। परिच्छेद तीनका विभिन्न खण्डहरूमा ती खण्डहरूसँग सम्बन्धित विभिन्न अन्तरसम्बन्धित विषयहरू जस्तैः समता तथा समावेशीकरण, स्वास्थ्य, पोषण तथा दिवा खाजा, छात्रवृत्ति, आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा; विद्यालय भौतिक विकास, शिक्षामा सूचना तथा सञ्चारलगायतका कतिपय पक्षहरू समावेश गरिएका भए पनि यी अन्तरसम्बन्धित विषयलाई समग्रमा विश्लेषण गरि योजनामा प्राथमिकता प्रदान गर्न र विभिन्न उपक्षेत्रसँग सम्बन्धित गराउन सहयोग पुऱ्याउने उद्देश्यले यस परिच्छेदमा प्रस्तुत गरिएको छ।

यस परिच्छेदमा शिक्षामा समता तथा समावेशीकरणको अभिवृद्धि, विद्यालय स्वास्थ्य, पोषण तथा दिवा खाजा र छात्रवृत्तिजस्ता आवश्यकीय सेवाको सञ्चालन तथा व्यवस्थापन, आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षाका लागि तयारी, विद्यालय भौतिक विकास, र शिक्षामा सूचना तथा सञ्चार जस्ता अन्तरसम्बन्धित विषयहरू समावेश गरिएको छ। यसमा उल्लिखित प्रत्येक विषयको अवधारणा तथा विद्यालय शिक्षामा यसको आवश्यकता, विद्यमान अवस्थाको विश्लेक्षण गरि चुनौतीहरू पहिचान गरिएको छ भने यस योजनामा यस विषयका उद्देश्य, अपेक्षित नतिजा तथा योजना अवधिमा सञ्चालन गरिने मुख्य क्रियालाप तथा लक्ष्यहरू उल्लेख गरिएको छ।

### ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

**परिचय**

मानव जीवनका लागि आइपर्ने विभिन्न समस्याहरु समाधान गर्नका लागि चाहिने ज्ञान, सीप र क्षमता आर्जनका लागि एउटा मार्गनिर्देश नै पाठ्यक्रम हो। मानव जीवनका व्यावहारिक समस्या समाधान हुनु भनेको राष्ट्र र समाजका समस्या समाधान हुनु हो। वास्तवमा पाठ्यक्रमले शैक्षिक तथा सामाजिक जीवनदर्शन, समकालीन समाजका वास्तविकताहरु, सिकाइ प्रक्रिया एवं विषयवस्तु तथा ज्ञानको प्रकृति समेतलाई विचार गरि बालकका सिकाइ सम्बन्धी आवश्यकताको निदान गरेर विस्तृत योजना प्रस्तुत गरेको हुन्छ। पाठ्यक्रम विकास एउटा निरन्तर प्रक्रिया भएकोले समाज, राष्ट्र र व्यक्तिको आवश्यकता र चाहाना अनुरुप परिवर्तन भइरहन्छ। निर्धारित सिकाइ उपलब्धिहरु प्राप्तिका लागि विद्यार्थीहरुलाई विभिन्न अनुभवहरु हासिल गराउन निश्चित दिशा दिने कार्यक्रम नै पाठ्यक्रम हो।

पाठ्यक्रम विकास तथा कार्यान्वयन प्राविधिक कार्य हो। यसमा विभिन्न व्यक्ति, समूहसँगको सहकार्य आवश्यक हुन्छ। पाठ्यक्रम निश्चित रुपमा सान्दर्भिक हुनुपर्छ। समयसापेक्ष हुनुपर्छ। जनचाहाना पूरा गर्न सक्नुपर्दछ। कक्षाकोठा

वातावरण अनुकूल हुनुपर्छ। व्यवहार योग्य, प्रयोग योग्य, पाठ्यक्रम विकास तथा कार्यान्वयन सर्वत्र अपेक्षित विषयका रुपमा पर्छ। पाठ्यक्रम समावेशी हुनुपर्छ। यसले सबैको चाहाना प्रतिविम्वन गर्न सक्नुपर्छ। स्थानीय तहको नेतृत्व र सहभागिताका आधारमा स्थानीय तहमै प्राविधिक तथा आर्थिक स्रोत परिचालन गरि मातृभाषा तथा स्थानीय ज्ञान, सीप र प्रविधिमा आधारित विषयवस्तुको चयन, व्यवस्थापन र कार्यान्वयन गरिनुलाई स्थानीय आवश्यकतामा आधारित शिक्षाका रुपमा लिइन्छ।

पाठ्यक्रम कुनै कक्षा वा तहमा कुन कुन विषयवस्तु सिकाउने भन्ने कुरासँग मात्र सम्बन्धित नभई विद्यार्थीमा केकस्ता क्षमता विकास गराउने हो अर्थात् किन पढाउने, के कस्ता क्रियाकलापका माध्यबाट अपेक्षित सक्षमता हासिल गराउन सकिन्छ र विद्यार्थीले सिकेको वा नसिकेको सुनिश्चित गरि आवश्यक पृष्ठपोषण प्रदान गर्न केकसरी मूल्याङ्कन गर्ने भन्ने कुरा निर्धारिण गर्ने महत्त्वपूर्ण आधार हो।

**वर्तमान अवस्था**

रुपनी  गाउँपालिकाले हालसम्म नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम लागू गर्दै आएको सर्वविदितै छ। यसै शैक्षिक सत्रदेखि यस पालिकाले आधारभूत तह कक्षा १-५ को स्थानीय विषयको पाठ्यक्रम निर्माणको थालनी गर्ने र अर्को बर्ष आधारभूत तह कक्षा ६-८ को स्थानीय विषयको पाठ्यक्रम निर्माण योजना गरेको छ। स्थानीय विषयले यस पालिकाको समग्रता झल्काउन मद्दत पुऱ्याई बालबालिकाहरुलाई आफ्नो परिवेश अनुकूलको विषयवस्तुमा सहज तरिकाले परिचित हुन सहयोग पुऱ्याउछ। स्थानीय पाठ्यक्रममा विद्यालय तहको पाठ्यक्रमलाई सान्दर्भिक तथा प्रभावकारी बनाउन कक्षा १-८ मा अन्तरसम्बधित विषयवस्तुलाई एकीकृत गरिएको, व्यवहार कुशल तथा जीवनोपयोगी सीपहरू समावेश हुने गरी सिकाइ क्रियाकलाप तर्जुमा गर्ने रणनीति लिइएको, आधारभूत तहमा स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञानमा आधारित स्थानीय पाठ्यक्रम स्थानीय तहले विकास गरी कार्यान्वयन गर्नु पर्ने र सबै कक्षाका विषयवस्तुलाई यथासम्भव स्थानीय परिवेश तथा दैनिक जीवनसँग सम्बधित गराई सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने व्यवस्था गरीएको छ। प्रत्येक विषयमा विषयवस्तुको स्वरूपअनुसार विद्यार्थीलाई २५ देखि ५० प्रतिशतसम्म भारको प्रयोगात्मक कार्य, परियोजना कार्य वा सामुदायिक कार्य लगायतका व्यवहारिक अभ्यास गराउनु पर्ने व्यवस्था छ। त्यसैगरी यसले सिकाइमा प्रयोग गरीने माध्यम भाषाले सिकाइमा बाधा नपर्ने गरी आवश्यकता अनुसार मातृभाषा, स्थानीय भाषा वा बहुभाषाको प्रयोग गरी सिकाइ सहजीकरण गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई  जीवनोपयोगी तथा व्यवहार कुशल सीपका रूपमा एकीकृत गर्नुका साथै सिकाइको माध्यमका रूपमा प्रयोगलाई विस्तार गर्ने र विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्ने गरी प्रयोग गर्ने नीति लिएको छ।

आधारभूत तह कक्षा १-३ मा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली  मार्फत उदार कक्षोन्नति नीति अपनाइएको छ भने आधारभूत तह कक्षा ४-५ मा ५० प्रतिशत निर्णयात्मक र ५० प्रतिशत निर्माणात्मक मूल्याङ्कन बिधि अपनाएइको छ। आधारभूत तह कक्षा ६-८ मा ५० प्रतिशत निर्णयात्मक र ५० प्रतिशत निर्माणात्मक मूल्याङ्कन अपनाएइको छ।

कक्षा ८ को वार्षिक परीक्षा पालिका स्तरमा हुने छ । कक्षा १० तथा १२ को अन्तिम परीक्षा राष्ट्रिय परीक्षा बोर्डको निर्देशन अनुरुप हुने गरेको छ।

पाठ्यक्रम तथा मूल्याङ्कनमा देखिएका विद्यमान चुनौतीहरुः

१. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री विकासका लागि क्षमता विकास।
२. प्रारम्भिक कक्षाहरूमा आवश्यकता अनुसार मातृभाषा, स्थानीय भाषा, बहुभाषा प्रयोग।
३. स्थानीय पाठ्यक्रम विकास तथा अद्यावधिक कार्यलाई अनुसन्धानमा आधारित बनाउने।
४. सिकाइ सहजीकरण र मूल्याङ्कनमा सूचना प्रविधिको प्रयोग।
५. स्थानीय पाठ्यक्रम कार्यान्वयन तथा मूल्याङ्कनमा स्थानीय तह अर्थपूर्ण सहभागिता।
६. अपाङ्गता मैत्री पाठ्यपुस्तक तथा कार्य पुस्तिकाको प्रयोग।
७. स्थानीय पाठ्यक्रम कार्यान्वयन।
८. शिक्षक निर्देशिकाको वितरण र प्रयोग
९. पाठ्यक्रम निर्दिष्ट मूल्याङकन प्रक्रिया प्रयोग

**उद्देश्य**

यस योजनाले पाठ्यक्रम तथा मूल्याङ्कनसम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छ :

१. सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउने र विषयवस्तुलाई अन्तरसम्बन्धित गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु।
२. स्थानीय पाठ्यक्रम मार्फत समृद्ध रुपनी निर्माणका लागि सक्षम, सिर्जनशील तथा प्रतिस्पर्धी नागरीक तयार गर्न सहयोग गर्नु।
३. सिकारुका सिकाइ समस्याको समाधान उन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको व्यवस्था गर्नु।
४. विद्यालय तहमा तोकिएको पाठ्यक्रमलाई पूर्ण रुपमा कार्यान्वयन गर्नु ।
५. स्थानीय परिवेश बमोजिम तोकिएका तहमा स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्नु ।
६. पाठ्यक्रम तथा पाठ्यक्रम पुस्तक प्रयोगमा कार्यान्वयनमा एकरुपता ल्याउनु ।
७. सिकाइका लागि मूल्यांकन प्रणालीका रुपमा विद्यालय तहको मूल्यांकन प्रक्रियामा सुधार ल्याउनु ।
८. पाठ्यक्रम तथा शैक्षिक सामग्रीहरुको विकास तथा व्यवस्थापनमा क्षमता विकासमा सुधार ल्याउनु ।
९. अपाङ्गता मैत्री सहजीकरण सामग्रीको विकासप्रयोग र भण्डारणको उचित प्रवन्ध गर्नु । ,
१०. शिक्षक निर्देशिकाको व्यवहारिक प्रयोगबाट योजनाबद्ध सहजीकरण प्रक्रियाले उच्च सिसक्षमता /.उ . सुनिश्चित गर्नु ।

**रणनीतिहरू**

उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरीनेछ :

१. स्थानीय पाठ्यक्रमलाई समयसापेक्ष, सान्दर्भिक, गुणस्तरीय र प्रभावकारी बनाई सम्मृद्ध रुपनी निर्माणका लागि सक्षम र प्रतिस्पर्धी नागरीक तयार गर्न पाठ्यक्रम विकास तथा कार्यान्वयन प्रक्रियालाई अनुसन्धान तथा आवधिक मूल्याङ्कनमा आधारित बनाइने छ।
२. पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास प्रक्रियालाई सहभागितामूलक बनाई स्थानीय सरोकारवालामा अपनत्व विकास गरी जवाफदेही बनाउन स्थानीय परिवेशमा आधारित पाठ्यक्रम विकास प्रक्रियालाई अवलम्वन गरी परीक्षणका रूपमा कार्यान्वयनमा ल्याइने छ र प्रभावकारिता आधारमा निरन्तरता प्रदान गरीने छ।
३. स्थानीय पाठ्यक्रम मार्फत प्रकोप व्यवस्थापन विषयवस्तु समावेश गरी विपत, महामारी तथा सङ्कट व्यवस्थापन र न्यूनीकरण गर्न प्रारम्भिक कक्षा देखिनै बालबालिकालाई सक्षम बनाइँदै लगिने छ।
४. विपत, महामारी तथा सङ्कटको समयमा सिकाइलाई निरन्तरता दिन सूचना तथा सञ्चार प्रविधिको अधिकतम् उपयोगमा जोड दिइने छ।
५. प्रारम्भिक कक्षाहरुमा सिकाइ सहजीकरणका निम्ति आवश्यकता अनुसार मातृभाषा र स्थानीय भाषा लाई प्राथमिकता दिइने छ।
६. अपाङ्गता भएका बालबालिकाहरूको सिकाइ अवसर वृद्धि गर्न सिकाइ सामग्रीलाई ब्रेल लिपिमा तयार गर्ने र श्रव्यदृश्यमा आधारित साङ्केतिक भाषाका शैक्षिक सामग्रीहरूको विकास र प्रयोगलाई प्राथमिकताका साथ कार्यान्वयनमा ल्याईने छ।
७. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलाई प्रभावकारिताका साथ कार्यान्वयन गरीनेछ।
८. आधारभूत तहको कक्षा ५ र ८ को वार्षिक परीक्षालाई पालिका स्तरीय वनाइ सुधार गरीनेछ।
९. अपाङ्ग मैत्री सहजीकरण सामग्री निर्माण र व्यवस्थापनमा सहजकर्ता शिक्षकको संलग्नता एवम् न.पा. को आर्थिक सहयोगमा खरिद गरी विशेष कक्षा सञ्चालित विद्यालयलाई उपलब्ध गराउने ।
१०.विषय विज्ञ र प.अ. द्वारा मूल्याङ्कन प्रक्रियाको अनुगमन गरी आवश्यक अन्तर्कियासहित त्रैमासिक प्रतिवेदन नगरपालिकाशिक्षा शाखामा पेस गर्ने ।

## उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

### क) उपलब्धि

१विद्यालय तहमा रहेको आधारभूत तहको स्थानीय पाठ्यक्रम सान्दर्भिक तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भई दैनिक जीवनका लागि आवश्यक व्यवहारकुशल तथा जीवनोपयोगी सीपहरू समावेश हुने स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा,सीप तथा ज्ञान, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरीक तयार गर्न सहयोग हुने।

1. स्थानीय स्तरका आवश्यकतामा आधारित कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण भएको हुनेछ ।

2. राष्ट्रिय तथा स्थानीय पाठ्यक्रमको कार्यान्वयन सम्बन्धी प्रबोधीकरण भएको हुनेछ ।
3. स्थानीय पाठ्यक्रमको सफल कार्यान्वयनको लागि पाठ्यसामग्रीहरुको विकास भएको हुनेछ ।
4. समावेशी शिक्षाअन्तर्गत अपाङ्ता भएका विद्यार्थीहरुलाई आवश्यक सहजीकरण सामग्री (कार्यपुस्तिका/ पाठ्यपुस्तक र अन्य सन्दर्भ र शैक्षिक सामग्री) को प्रवन्ध हुनेछ ।
5. पाठ्यक्रम निर्दिष्ट मूल्याङ्कन प्रक्रियको निरन्तर अनुगमन र आवधिक प्रतिवेदनले मूल्याङ्कन प्रभावकारिता सुनिश्चित हुनेछ ।

**ख) नतिजा**

१. स्थानीय पाठ्यक्रम२०७८ प्रारम्भिक बाल विकास देखि कक्षा ८ सम्म विकास तथा कार्यान्वयन हुने।
२. प्रारम्भिक बालविकास तथा शिक्षादेखि आधारभूत तह कक्षा १५ मा आवश्यकतानुसार मातृभाषा र- स्थानीय भाषा प्रयोग गरी सिकाइ सहजीकरण हुने।
३. शिक्षण सिकाइको अभिन्न अङ्गको रुपमा मूल्याङ्कन हुने।
४. शिक्षण सिकाइ क्रियाकलाप बालमैत्री अपाङ्ग ,मैत्री तथा स्थानीय सन्दर्भ सापेक्ष प्रभावकारी हुने।
५. स्थानीय पाठ्यक्रम परिमार्जन तथा सुधार अनुसन्धानमा आधारित हुने।
६. प्रत्येक विद्यालयमा प्रत्येक विद्यार्थीको मूल्याङ्कनका लागि अनिवार्य कार्य सञ्चयिका फायल खडा भएको हुने।
७. समावेशी शिक्षाअन्तर्गत अपाङ्ता भएका विद्यार्थीहरुलाई आवश्यक सहजीकरण सामग्री /कार्यपुस्तिका) को प्रवन्ध हु (पाठ्यपुस्तक र अन्य सन्दर्भ र शैक्षिक सामग्रीनेछ ।
८. पाठ्यक्रम निर्दिष्ट मूल्याङ्कन प्रक्रियको निरन्तर अनुगमन र आवधिक प्रतिवेदनले मूल्याङ्कन प्रभावकारिता सुनिश्चित हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | एकीकृत पाठ्यक्रम लागु गरेका विद्यालय सँख्या | १३ | सबै | सबै | सबै | सबै | सबै |
| २ | परीक्षामा स्तरीकृत प्रश्न प्रयोग गर्ने विद्यालय सँख्या | ८ | सबै | सबै | सबै | सबै | सबै |
| ३ | स्थानीय भाषामा कक्षा सञ्चालन | २२ | सबै | सबै | सबै | सबै | सबै |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | गर्ने विद्यालय | | | | | | |
| ४ | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने विद्यालय | २२ | सबै | सबै | सबै | सबै | सबै |
| ५ | जलवायु परिवर्तन तथा उत्थानशीलता सम्बन्धी सामग्री प्रयोग गर्ने विद्यालय सँख्या | केहि | सबै | सबै | सबै | सबै | सबै |

ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

*तालिका ३.५ पाठ्यक्रम तथा मूल्याङ्कनका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य*

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | स्थानीय पाठ्यक्रम २०७८ कार्यान्वयन | | | | | | | | |
| | स्थानीय पाठ्यक्रम परीक्षण | कक्षा /विषय | १-५ | ६-८ | | | | | गाउँपालिका |
| | स्थानीय पाठ्यक्रम कार्यान्वयन | कक्षा /विषय | | १-५ | ६-८ | | | | गाउँपालिका |
| | सिकाइ सहजीकरण पुस्तिका निर्माण र वितरण | कक्षा /विषय | | १-५ | ६-८ | | | | गाउँपालिका |
| | स्थानीय पाठ्यक्रम तथा सिकाइ सहजीकरण पुस्तिका प्रबोधिकरण | कक्षा /विषय | १-५ | ६-८ | | | | | गाउँपालिका |
| २ | विद्यार्थी मूल्याङ्कन | | | | | | | | |
| | नमुना साधन विकास | कक्षा /विषय | | १-५/३ | ६-८/३ | | ९-१२/३ | | गाउँपालिका |
| | कार्य सञ्चयिका फायलको प्रयोग | कक्षा / विद्यार्थी | सबै | सबै | सबै | सबै | सबै | | विद्यालय |
| ३ | मातृभाषा वा स्थानीय भाषा | | | | | | | | |
| | स्थानीय पाठ्यक्रमलाई मातृभाषा वा स्थानीय भाषामा रुपान्तरण गर्ने | संख्या | | | १ | | १ | २ | गाउँपालिका |
| | सिकाइ सहजीकरण पुस्तिकालाई मातृभाषा वा स्थानीय भाषामा रुपान्तरण गर्ने | कक्षा /विषय | | | | | १-५ | ६-८ | गाउँपालिका |
| ४ | सूचना तथा सञ्चार प्रविधि प्रविधिमा आधारित डिजिटल सामग्री | प्रतिशत | ५ | ६ | ७ | १० | १५ | ७० | संघ |

## ४.१ शिक्षक व्यवस्थापन र विकास

### परिचय

सिकाइ सहजीकरण प्रक्रियाको केन्द्रका रुपमा शिक्षक रहन्छन्। सिकारु र शिक्षकबीचको अन्तरक्रियाको प्रकृतिमा सिकाइको गुणस्तर निर्भर रहने गर्दछ। शिक्षक सदैव आफूले अध्यापन गराउनु पर्ने विषयवस्तुका बारेमा गहन ढंगले ज्ञान लिनु आवश्यक हुन्छ। शिक्षक आफ्नो पेशाप्रति प्रतिबद्ध भई समावेशी कक्षा व्यवस्थापन गरि विद्यार्थी, अभिभावक तथा शिक्षकहरुबीच प्रभावकारी सञ्चार र सहकार्य हुनु जरुरी छ। वर्तमान समयका शिक्षकहरुमा आवश्यकीय सक्षमताहरु सुनिश्चित हुनु पर्दछ। शिक्षकले शैक्षणिक योजना निर्माण, सिकाइ सहजीकरणका लागि शैक्षणिक सामग्री संकलन तथा निर्माण, प्रभावकारी विद्यार्थी मूल्याङ्कनको कार्यान्वयन गर्न सहज तरिकाले सम्पादन गर्न सक्नुपर्दछ।

गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य, व्यावसायिक रूपमा दक्ष, पेशाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ। शिक्षकमा भएको विषयवस्तुको पर्याप्त ज्ञान, शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र नमूना व्यक्तित्व प्रदर्शनले विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पार्दछ। सबै तहको शिक्षामा योग्य, दक्ष, समर्पित र अभिप्रेरित शिक्षकहरूको व्यवस्थापनबाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ। यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ। नेपालमा विद्यालय तहको शिक्षामा पहुँच, गुणस्तर, समता, सान्दर्भिकता, सुशासन प्रवर्धनका लागि विगतमा सञ्चालित विभिन्न योजना, परियोजना तथा कार्यक्रमहरूले शिक्षक व्यवस्थापन र शिक्षकको पेशागत क्षमता अभिवृद्धिलाई उच्च प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन गरेको पाइन्छ।

यस योजनामा शिक्षाको गुणस्तर अभिवृद्धिका लागि शिक्षण पेशालाई रोजाइको पेशाका रूपमा विकास गर्ने, शिक्षक तयारी गर्ने, कक्षाकोठाको शिक्षण सिकाइलाई गुणस्तरयुक्त बनाउने, शिक्षक सहयोग प्रणालीलाई सुदृढ बनाउने, शिक्षक पेशागत विकासलाई प्रभावकारी बनाउने, विद्यार्थीको सिकाइप्रति शिक्षकलाई जिम्मेवार बनाउने र औचित्यपूर्ण शिक्षक आपूर्ति र वितरण गर्ने कार्यलाई प्राथमिकता दिइने छ। यसमा शिक्षक व्यवस्थापन तथा विकासको वर्तमान अवस्थाको समीक्षा गरी चुनौतीहरू पहिचान गरिएको छ। वर्तमान अवस्थाको समीक्षा तथा पहिचान गरिएका चुनौतीहरूको सामना गरि शिक्षक व्यवस्थापन तथा विकासलाई व्यवस्थित र प्रभावकारी बनाउने सन्दर्भमा यस रुपनी गाउँपालिकाले कार्यक्रमका उद्देश्य, उद्देश्य पूरा गर्नका लागि अपनाइने रणनीतिहरू, कार्यक्रम कार्यान्वयनबाट हासिल हुने अपेक्षित नतिजा तथा मुख्य मुख्य क्रियाकलाप तथा लक्ष्यहरू समावेश गरिएको छ।

### वर्तमान अवस्था

### शिक्षण पेशाप्रति आकर्षण र नियुक्ति

शिक्षण पेशालाई रोजाइको पेशाका रूपमा विकास गर्नका लागि नेपालको पन्ध्रौं योजना (२०७६/०७७-२०८०/०८१) ले यस  पेशामा अब्बल प्रतिभाहरूलाई आकर्षित गर्न विश्वविद्यालयमा उत्कृष्ट अङ्क हासिल गरेका

व्यक्तिलाई सोझै शिक्षण पेशामा प्रवेश गर्न पाउने कानूनी व्यवस्था गर्ने उल्लेख गरेको छ। शिक्षक सेवा आयोग नियमावली, २०५७ अनुसार शिक्षक हुनका लागि शिक्षण अनुमति पत्र अनिवार्य हुनु पर्ने, स्थायी शिक्षक हुनका लागि शिक्षक सेवा आयोगले लिने परीक्षा उत्तीर्ण भएको हुनुपर्ने, बढुवाका लागि निश्चित मापदण्ड पूरा गर्नुपर्ने र पेशाको सुरक्षा लगायतका कारणले शिक्षण पेशालाई समाजमा प्रतिष्ठत पेशाका रूपमा लिइने अवस्था सुधार हुँदै गएको छ। नियमित रूपमा स्थायी नियुक्ति गर्ने कार्यको थालनीले शिक्षण पेशामा थप आकर्षण बढेको अवस्था छ। शिक्षक सेवा आयोगद्वारा सञ्चालित परीक्षामा सम्मिलित हुने युवाहरूको उल्लेख्य उपस्थितिले यस सेवाप्रति शिक्षित युवाहरूको आकर्षण बढ्दै गएको पुष्टि हुन्छ। शिक्षक सेवा आयोगबाट नियुक्तिका लागि सिफारिस भएका शिक्षकहरूलाई स्थानीय तहले विद्यालयमा नियुक्ति तथा पदस्थापन गर्ने कार्यको थालनी भएको छ।

**शिक्षक तयारी**

सिकाइ सहजीकरण प्रक्रियाको केन्द्रका रुपमा शिक्षक रहन्छन्। सिकारु र शिक्षकबीचको अन्तरक्रियाको प्रकृतिमा सिकाइको गुणस्तर निर्भर रहने गर्दछ। शिक्षक सदैंव आफूले अध्यापन गराउनु पर्ने विषयवस्तुका बारेमा गहन ढंगले ज्ञान लिनु आवश्यक हुन्छ। शिक्षक आफ्नो पेशाप्रति प्रतिबद्ध भई समावेशी कक्षा व्यवस्थापन गरी विद्यार्थी, अभिभावक तथा शिक्षकहरुबीच प्रभावकारी सञ्चार र सहकार्य हुनु जरुरी छ। वर्तमान समयका शिक्षकहरुमा आवश्यकीय सक्षमताहरु सुनिश्चित हुनु पर्दछ। शिक्षकले शैक्षणिक योजना निर्माण, सिकाइ सहजीकरणका लागि शैक्षणिक सामग्री संकलन तथा निर्माण, प्रभावकारी विद्यार्थी मूल्याङ्कनको कार्यान्वयन गर्न सहज तरिकाले सम्पादन गर्न सक्नुपर्दछ।

शिक्षक सेवा आयोग नियमावली, २०५७ बमोजिम वी.एड. वा एम.एड.गरेपछि अध्यापन अनुमतिपत्रका लागि योग्य मानिन्छ। अध्यापन अनुमति पत्र प्राप्त गरेको व्यक्ति मात्र शिक्षकका लागि योग्य हुन्छ। शिक्षा ऐन, २०२८ (संशोधनसहित) तथा शिक्षा नियमावली, २०५९ र शिक्षक सेवा आयोग नियमावली, २०५७ मा भएको व्यवस्था अनुसार नेपालमा प्राथमिक र निम्नमाध्यमिक तहका लागि शिक्षाशास्त्रमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण वा कक्षा १२ वा अन्यबाट प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरी १० महिने शिक्षक तालिम लिई अध्यापन अनुमति पत्र प्राप्त गरेका र माध्यमिक तहका लागि शिक्षा शास्त्रबाट स्नातक तह उत्तीर्ण वा अन्यबाट स्नातक तह उत्तीर्ण गरी एक वर्षे वी.एड.गरी अध्यापन अनुमति प्राप्त गरेका व्यक्ति मात्र शिक्षक हुन योग्य मानिन्छ। यसै गरी माध्यमिक तह कक्षा ११-१२ मा अध्यापन गर्नका लागि स्नातकोत्तर तह उत्तीर्ण गरि अध्यापन अनुमति पत्र प्राप्त गरेको हुनुपर्ने प्रावधान छ। शिक्षक अध्यापन अनुमति पत्रका लागि परीक्षा सञ्चालन भने शिक्षक सेवा आयोगले गर्दै आएको छ।

**शिक्षणसिकाइ क्रियाकलाप**

कुनै पनि विषयवस्तु विद्यार्थी समक्ष पुऱ्याउँदा जे जस्ता विधि वा माध्यम अपनाइन्छ, तिनले अपेक्षित उद्देश्य परिपूर्तिमा सघाउनु पर्दछ। कुनै पनि शिक्षण विधि शिक्षकले प्रयोग गर्ने तौरतरिका वा विषयवस्तुको स्वरुपमा भर पर्दछ। शिक्षण विधि छनौट गर्दा सकेसम्म विद्यार्थी केन्द्रित खालको अर्थात बालकेन्द्रित विधि अपनाउनुपर्छ, जसमा बढी भन्दा बढी विद्यार्थीको सहभागिता रहोस। शिक्षण विधिको चयन गर्दा मुख्य रुपमा विद्यार्थीको पूर्व ज्ञान, रुचि, क्षमता, चाहना, उनीहरुको तहगत स्तर, विषयवस्तुको प्रकृति र स्वरुप आदिका आधारमा छनौट गर्नु पर्छ।

बालबालिकाको सिकाइ उपलब्धि मूलतः कक्षाकोठामा सञ्चालन गरिने शिक्षणसिकाइ क्रियाकलापमा भर पर्छ। विद्यालय तहको पाठ्यक्रम प्रारूप २०७६ ले पनि शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित, प्रविधिमैत्री, परियोजनामा आधारित, समूहकार्यमा आधारित, सामुदायिक क्रियाकलापमा आधारित बनाउन जोड दिएको छ। नेपालमा विगतदेखि हालसम्म सञ्चालित विभिन्न शिक्षा योजना, परियोजना तथा कार्यक्रमहरूले कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याई शिक्षाको स्तर वृद्धि गर्न जोड दिएका छन्। यसको फलस्वरूप विद्यालयको शिक्षणसिकाइलाई विद्यार्थी केन्द्रित बनाउने, प्रविधिको प्रयोग गरि शिक्षण गर्ने, बालमैत्री सिकाइ वातावरण सिर्जना गर्ने जस्ता केही प्रयास भएका छन्।

शिक्षक पेशागत सहयोग पद्धति

नेपालमा सर्वप्रथम वि.सं. १९९८ सालमा चिफ इन्सपेक्टर स्कूलको स्थापना सगै शिक्षक पेशागत सहयोग पद्धतिको शुरुवात भएको देखिनछ। राष्ट्रिय शिक्षा पद्दति योजना २०२८ ले विद्यालय सुपरिवेक्षणबाट शिक्षक सहायता उपलब्ध गराउन प्राथमिक विद्यालय निरीक्षक, माध्यमिक विद्यालय निरीक्षकहरूको व्यवस्था गरिएको थियो। ग्रामीण विकासका लागि सेती परियोजना (१९८१- १९९१) र सो पश्चात् नेपालको शिक्षा सुधारका लागि धैरै परियोजनाहरू कार्यान्वयनमा आए। प्राथमिक शिक्षा परियोजना (२०४२-०४७), विज्ञान शिक्षा विकास परियोजना (१९८४-१९९१), आधारभूत तथा प्राथमिक शिक्षा परियोजना-पहिलो (२०४९-०५४), आधारभूत तथा प्राथमिक शिक्षा परियोजना-दोस्रो (२०५६-०६१), प्राथमिक शिक्षा विकास परियोजना (सन् १९९२-१९९९), माध्यमिक शिक्षा विकास परियोजना (सन् १९९३-२०००), शिक्षक शिक्षा परियोजना (सन् २००२-२००९), विद्यालय क्षेत्र विकास कार्यक्रम (२०६७/०६८-२०७२/०७३) हुँदै हाल कार्यान्वयनमा रहेको विद्यालय क्षेत्र विकास कार्यक्रम (२०७३/०७४-२०७७/०७८) ले समेत शिक्षकको पेशागत सहयोगलाई महत्त्व दिई विभिन्न तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालन भएका देखिन्छ।

ग्रामीण विकासका लागि सेती परियोजना तथा आधारभूत तथा प्राथमिक शिक्षा परियोजनादेखि नै नेपालमा शिक्षक पेशागत सहयोगका लागि स्रोत केन्द्रहरू स्थापना भएर क्रमश: तिनको सङ्ख्या बिस्तार गरि १०९१ स्रोत केन्द्रहरू तोकेकोमा १०५३ स्रोत केन्द्रहरू मार्फत शिक्षक पेशागत सहयोग प्रदान हुँदै आइरहेको थियो।

शिक्षक पेशागत सहयोग स्रोतकेन्द्र १०५३, अगुवा स्रोत केन्द्र ४६ र "क" शैक्षिक तालिम केन्द्रहरु ९, "ख" शैक्षिक तालिम केन्द्रहरु २० र उपकेन्द्र ५ बाट विद्यालय सुपरिवेक्षण, शिक्षकको कार्यको अनुगमन, तालिमको

फलोअप, कक्षा अवलोकन र पृष्ठपोषण प्रदान, नियमित प्रधानाध्यापक बैठक, शिक्षक अन्तर्क्रिया कार्यशाला, छोटो अवधिको मागमा आधारित आदि तालिम सञ्चालन हुँदै आएका थिए।

**शिक्षक क्षमता विकास कार्यक्रम**

एकाइसौं शताब्दीको शिक्षक आफ्नो विषयमा निपूर्ण हुनुपर्छ। शिक्षण सिकाइ क्रियाकलाप सम्बन्धी कलाकौशलबाट भरपूर्ण हुनुपर्छ। स्थानीय सरकारले प्रदेश सरकार तथा केन्द्र सरकारसँग समन्वय गरि शिक्षक तथा कर्मचारीहरुको क्षमता विकासका लागि निम्नानुसारका क्षमता विकास कार्यक्रम सञ्चालन गर्न सकिनेछ, प्रमाणीकरण तालिम , पुनर्ताजगी तालिम, अनुभव आदान प्रदान कार्यक्रम, स्थानीय आवश्यकतामा आधारित मोड्युलर तालिम, स्वप्रयत्नमा आधारित सिकाइ आदि। पेशागत रूपमा सक्षम, दक्ष र अभिप्रेरित शिक्षकबाट नै कक्षाकोठाको शिक्षण सिकाइमा सुधार आउन सक्छ। यसका निम्ति शिक्षकलाई पेशागत विकासका अवसरहरू उपलब्ध हुन आवश्यक छ। शिक्षकको पेशागत विकासका विभिन्न तौरतरिकाहरू छन्। शिक्षक तालिम, कार्यशाला, सेमिनार, कन्फरेन्स, क्रियात्मक अनुसन्धान, शिक्षकहरूको सिकाइ सञ्जाल, अवलोकन भ्रमण, मेन्टरिङ आदि अवसरहरूबाट शिक्षकको पेशागत विकास सम्भव हुन्छ। नेपालमा शिक्षकको पेशागत क्षमता अभिवृद्धि गर्ने ध्येयले नेपालमा विभिन्न परियोजना तथा कार्यक्रमहरू सञ्चालन भएका थिए। शिक्षकको क्षमता अभिवृद्धि गरि कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याउने उद्देश्यले वि.सं. २०५० मा शैक्षिक जनशक्ति विकास केन्द्रको स्थापना भएको थियो।

**शिक्षक उत्तरदायित्व**

शिक्षणसिकाइ प्रक्रियामा शिक्षकको महत्त्वपूर्ण स्थान रहेको हुन्छ। शिक्षक बालबालिकाको भाग्य निर्माता, अभिभावकको भरोसा तथा आशाको केन्द्र, परिवर्तनको संवाहक र समाजको प्रतिष्ठित व्यक्ति हो। असल शिक्षकको सहायताबाट शिक्षाका उद्देश्य पूरा हुन सक्छ। शिक्षकका आचरण समाजका अन्य वर्गलाई अनुकरणीय बन्न सक्नु पर्दछ। शिक्षकमा समाजको मार्गदर्शक, उपदेशक एवम् उदाहरणीय व्यक्तित्वको भूमिका सजिलैसँग निर्वाह गर्न सक्ने आर्दश गुणहरु हुनुपर्दछ। शिक्षक आफ्नो पेशाप्रति प्रतिबद्ध हुनुपर्छ।

शिक्षक विद्यार्थी, अभिभावक, समुदाय तथा विद्यालय प्रशासक/प्रधानाध्यापकप्रति उत्तरदायी हुनुपर्छ। शिक्षक विद्यार्थीप्रति उत्तरदायी हुनु भनेको आफूले पढाउने विद्यार्थीहरूको सिकाइ तथा कार्यसम्पादनप्रति जवाफदेही हुनु पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धिमा भएको प्रगति र विकासमा जवाफ दिनु र विद्यार्थीको गुणस्तरीय जीवनका विषयमा जवाफदेही हुनु भन्ने बुझिन्छ। विद्यालयको आचार संहिता पालना गर्दै दैनिक कार्यतालिकाअनुसार अध्यापन गर्ने, विद्यार्थीको सिकाइको लेखाजोखा तथा मूल्याङ्कन गर्ने त्यसको प्रतिवेदन प्रधानाध्यापकलाई पेस गर्ने आदि कार्य शिक्षकले गर्नुपर्ने हुँदा शिक्षक प्रधानाध्यापकप्रति पनि उत्तरदायी हुनुपर्छ। आगामी दिनमा यस गाउँपालिका ले शैक्षिक सुधार घोषणापत्र तयार पारी विभिन्न निकायको भूमिका तथा जिम्मेवारी अन्तर्गत प्र.अ. र शिक्षकको भूमिका तथा जिम्मेवारी तोकी शिक्षकलाई आफ्नो पेशाप्रति उत्तरदायी बनाउने अभ्यास गर्ने छ । शिक्षक विद्यार्थी, अभिभावक, समुदाय तथा विद्यालय प्रशासक/प्रधानाध्यापक प्रति उत्तरदायी हुनुपर्छ।शिक्षक विद्यार्थीप्रति उत्तरदायी हुनु भनेको आफुले पढाउने विद्यार्थीहरुको सिकाइ तथा कार्यसम्पादन प्रति जवाफदेही हुनु, पाठ्यक्रमले तोकेका सिकाइ

उपलब्धिमा भएको प्रगति र विकासमा जवाफ दिनु र विद्यार्थीको गुणस्तरीय जीवनका विषयमा जवाफदेही हुनु भन्ने वुझिन्छ।सामान्यतया शिक्षकका उत्तरदायित्वहरुलाइ निम्न बुँदामा प्रष्ट पार्न सकिन्छ ।

- पाठहरुको एक व्यापक तरीकामा प्रस्तुतीर श्रव्य/दृश्य सामग्रीको माध्यमबाट सिकाई सहजीकरणगर्ने।
- अन्तरक्रियात्मक सिकाइलाई प्रवर्धन गर्दै प्रत्येक विद्यार्थीलाई व्यक्तिगत निर्देशन प्रदान गर्ने ।
- शैक्षिक सामग्रीको सिर्जनार वितरण नोट), सारांश, गृहकार्य आदिगर्ने । (
- विद्यार्थीको प्रगतिको मुल्यांकन र रेकर्ड राख्ने, ग्रेडतह र सुझाव प्रदान गर्ने।/
- एक सफा र व्यवस्थित कक्षाकोठा कायम राख्ने ।
- अन्य शिक्षकहरु, अभिभावक र सरोकारवालाहरुसंग सहकार्य गर्ने र नियमित बैठकमा भाग लिने ।
- कक्षा भित्र तथा बाहिरी गतिविधिहरुर अन्य शैक्षिक इभेन्टको योजना र कार्यन्वयन गर्ने ।
- विद्यार्थीहरुको व्यवहार र मानसिकता अवलोकन गर्ने र बुझ्ने र उपेक्षा, दुर्व्यवहार आदिको संदेह रिपोर्ट तयार पार्ने ।
- सेमिनार, सम्मेलन आदिमा भाग लिईव्यवसायिक सीप र ज्ञानको विकास र समृद्ध बन्ने।

**शिक्षकको आपूर्ति र वितरण**

शिक्षा नियमावली,२०५९ को नियम ९२ अनुसार सामुदायिक विद्यालयमा रहने शिक्षक दरबन्दीको विवरण अनुसूची १२ मा व्यवस्था गरिएको छ। पूर्व प्राथमिक विद्यालयमा १ जना, प्राथमिक विद्यालयमा ५० जनासम्म विद्यार्थी भएमा कम्तीमा २ जना र सोभन्दा बढी विद्यार्थी भएमा कम्तीमा ३ जना, कक्षा ६-८ का लागि कम्तीमा ४ जना र माध्यमिक तह ९-१२ का लागि ८ जना शिक्षक रहने व्यवस्था उक्त नियमावलीमा छ।

यस पालिकाको सामुदायिक बिद्यालयमा शिक्षक विद्यार्थी अनुपात कक्षा १-५ मा ३५.८२, कक्षा ६-८ मा ६५.४७, कक्षा ९-१० मा ६०.४४ रहेको छ । दरबन्दी मिलान तथा समायोजनका आधारहरू, २०७३ अनुसार गरेको छ। अधिकांश बिद्यालयमा आधारभूत तहका शिक्षक अप्राप्त रहेकोले विद्यालयले प्र.वि. दरबन्दीका शिक्षकलाई निम्न माध्यमिक तहमा परिचालन गरेको र प्रा.वि. तहको शिक्षकको आवश्यकतालाई बालबिकाश सहजकर्ता र विद्यालयका परिचरबाट पूर्ति गर्नु परेको बाध्यता छ । गत आर्थिक बर्षमा शिक्षा बिकाश तथा समन्वय इकाइ सप्तरीले यस पालिकासंगको सहकार्यमा शिक्षक समायोजन तथा दरबन्दी मिलानको कम सम्पन्न गरिसकेकोले र सङ्घीय सरकारबाट मांग अनुसारको शिक्षक आपूर्ति हुने आश गरिएको र तत्कालको लागि यस पालिकाले स्वयंसेवक शिक्षक परिचालन गर्ने योजना बनाएको छ ।

शिक्षक व्यवस्थापन र विकासका विद्यमान चुनौतीहरु निम्न बमोजिम छन् :

१. शिक्षण पेशालाई सबैको रोजाइको पेशाका रूपमा विकास गर्नु ।
२. शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउन शिक्षण विधि र क्रियाकलापमा विविधता ल्याउनु ।
३. शिक्षक पेशागत सहयोगको सुदृढ प्रणाली स्थापित गर्नु ।
४. विषयगत आधारमा आवश्यक शिक्षक दरबन्दी सुनिश्चित गर्नु ।

५. शिक्षकको पेशागत विकासको अवसर र विस्तार गर्न ।
६. समयमा कक्षाकोठाभित्र शिक्षकको नियमितता र गुणस्तरीय शिक्षण हुन् नसक्नु ।
७. तहगत रुपमा परीक्षा सञ्चालन गरी अग्रिम रुपमा स्वयंसेवक सूची प्रकाशन गर्नु ।

**उद्देश्य**

यस पालिकाको शिक्षा क्षेत्रको योजनामा शिक्षक व्यवस्थापन र विकासका देहाय बमोजिमका उद्देश्यहरू निर्धारण गरिएका छन्:

१. शिक्षकको छनौट, नियुक्ति र पुनर्वितरणलाई सुदृढ बनाउन सहयोग पुऱ्याउनु ।
२. शिक्षक विकास तथा निरन्तर पेशागत सहायता प्रणाली स्थापना गर्नु ।
३. सबै तहमा योग्यदक्ष तथा क्षमतावान् शिक्षकहरूको प्रबन्ध गर्नु । ,
४. पालिका अन्तर्गत स्वयम् सेवकक शिक्षकको छनोट गर्नु ।
५. कक्षाकोठामा शिक्षकको नियमितताको लागि निरन्तर अनुगमन र शिक्षकको पेशागत सहयोग प्रणालीको विकास ।
६. सिकाइ सुधारको लागि आवश्यक शिक्षकको क्रमश ब्यवस्थापन गर्दै लैजानु ।
७. पालिका स्तरबाट हुने शिक्षक नियुक्तिलाई थप प्रभावकारी तथा सुढृण बनाउनु ।
८. विद्यालय सुपरीवेक्षण पाठ्यक्रम तथा शिक्षकको पेशागत सहयोगको लागि स्थानिय तहमा एक प्रणालीको विकास तथा कार्यान्वयन गर्नु ।
९. शिक्षकको पेशागत क्षमता विकासको लागि पालिका स्तरमा प्रभावकारी सन्यत्रको विकास तथा कार्यान्वयन गर्नु ।

**रणनीतिहरू**

१. शिक्षक तालिमलाई विषयवस्तुको ज्ञान र शिक्षण सीपमा केन्द्रित बनाइने छ ।
२. विषयगत रूपमा शिक्षक दरबन्दी मिलानपरिमार्जन गरिनेछ ।/
३. शिक्षकको निरन्तर पेशागत विकासका लागि शिक्षण सीप विकास सम्बन्धी तालिम सञ्चालन गरिने छ ।
४. शिक्षक पेशागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेशागत सहयोग उपलब्ध गराइने छ । यसका लागि अनुभवी शिक्षकबाट सहयोग तथा मेन्टरिङको पद्धति विकास गरिनेछ ।
५. शिक्षक सरुवा हुँदा विद्यार्थीको सिकाइमा कुनै अवरोध नहुने पद्धति विकास गरीनेछ ।
६. पालिका अन्तर्गत स्वयंसेवक शिक्षकको करार सूची प्रकाशन गरिनेछ ।
७. शिक्षकको पेसागत performance को आधारमा पुरस्कार र दण्डको व्यवस्था गरिनेछ ।
८. ५ वर्षे सेवा निरन्तरता संझौता गरि क्षमतावान् तथा मेधावी शिक्षकलाई एम्.वा विद्यावारिधिका लागि .फिल. छात्रवृत्ति सहित अनुसन्धानको अवसर दिइने छ ।
९. कक्षा १ देखी ३ सम्मका शिक्षणमा सहजीकरण गर्ने शिक्षकहरुको पेशागत विकास तथा सहयोग प्रणालीका विगतको अभ्यासलाई निरन्तर दिइदै उपयुक्त प्रणालीलाई कार्यान्वयन गरिने छ ।

**उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य**

**क) उपलब्धि**

- प्रविधिमैत्री ,क्षमतावान् र सक्षम शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार भएको हुने।
- यस योजनाको कार्यान्वयन पश्चात सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाई सक्षमतामा सुधार हुनेछ।
- सामुदायिक विद्यालयको प्रशासकीय सुशासनमा सुधार भई अभिभावक, विद्यार्थी र बिद्यालय परिवारको सुमधुर सम्बन्ध कायम हुनेछ ।

**ख) नतिजा**

१. पालिका अन्तर्गत स्वयंसेवक शिक्षकको लागि प्रतिस्पर्धा गराई २ वर्षे करार सूची प्रकाशन गरिनेछ।
२. शिक्षण पेशा प्रतिस्पर्धी र सम्मानित हुनेछ।
३. स्थानीय तहबाट शिक्षक पेशागत सहयोग प्रणाली मार्फत निरन्तर पेशागत सहयोग प्राप्त हुने।
४. विषयगत रूपमा शिक्षक दरबन्दी मिलानपरिमार्जन तथा आप/ूर्ति हुने।
५. क्षमतावान् तथा मेधावी शिक्षकले एम्वा विद्यावारिधिका अवसर पाएका हुनेछन्। .फिल्.

**प्रमुख क्रियाकलापहरु तथा लक्ष्यहरु**

- एकीकृत  पाठ्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्नका लागि कक्षा १ देखि ३ सम्मका शिक्षकहरुलाई पठन तत्व तथा  एकीकृत ढाँचाको विषयमा बर्षको १ पटक क्षमता विकासको समीक्षात्मक छोटो अवधिका आवश्यकतामा आधारित तालिम सञ्चालन
- शिक्षकको पेशागत सहयोगको लागि पालिकामा स्थानीय तहमा छुट्टै ब्यक्तिलाई जिम्मेबार दिने
- शिक्षकको पेशागत सहयोगको लागि स्थानीय विज्ञ समुहको बार्षिक कार्ययोजना निर्माण गरी परिचालन
- शिक्षकको पेशागत सहयोगको लागि प्रारम्भिक कक्षाका शिक्षकहरुको सहभागितामा कलस्टरमा मासिक समीक्षा बैठक सञ्चालन
- शिक्षकको पेशागत सहयोगको लागि पालिकामा विषयगत समितिहरु निर्माण तथा परिचालन
- सबै विद्यालयमा विषयगत सिकाइ समुहहरु निर्माण गरी मासिक सिकाइ समिक्षा बैठक सञ्चालन
- शिक्षकको पेशागत सहयोगकर्ताको लागि बर्षको एक पटक अभिमुखीकरण सञ्चालन

**४.२.४ प्रमुख उपलब्धि तथा नतिजा**

**उपलब्धि**

*योजनाको कार्यान्वियनबाट हाँसिल हुने मुख्य उपलब्धिहरू बुँदागत रूपमा उल्लेख गर्ने। उदाहरणका लागि*

१. दरवन्दी मिलान सम्पन्न भै विषयगत र कक्षागत रुपमा शिक्षकको व्यवस्थापन भएको हुनेछ।
२. शिक्षकहरुलाई निरन्तर पेसागत विकासका अवसरहरू प्राप्त भएको हुनेछ।

**ख) नतिजा**

१. पालिका अन्तर्गत स्वयंसेवक शिक्षकको लागि प्रतिस्पर्धा गराई २ वर्षे करार सूची प्रकाशन गरिनेछ।
२. शिक्षण पेशा प्रतिस्पर्धी र सम्मानित हुनेछ।
३. स्थानीय तहबाट शिक्षक पेशागत सहयोग प्रणाली मार्फत निरन्तर पेशागत सहयोग प्राप्त हुने।
४. विषयगत रूपमा शिक्षक दरबन्दी मिलानपरिमार्जन तथा आपूर्ति हुने।/
५. क्षमतावान् तथा मेधावी शिक्षकले एम्.फिल्. वा विद्यावारिधिका अवसर पाएका हुनेछन्।

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ताको सँख्या | ७ | ५ | २ | २ | १ | १ |
| २ | आधारभूत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक (%) | केहि | केहि | ४० | ७० | ९० | १०० |
| ३ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत न्यूनतम योग्यता तथा तालिम प्राप्त शिक्षक (%) | केहि | केहि | ५० | ६५ | ८५ | १०० |
| ४ | सूचना तथा प्रविधिसम्बन्धी नूनतम सक्षमता भएका शिक्षक (%) | अधिकतम | अधिकतम | ४० | ६५ | ७५ | ९५ |
| ५ | शिक्षक पेसागत सहयोग प्रणाली | सबै | सबै | सबै | सबै | सबै | सबै |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | लागु भएका विद्यालय | | | | | | |

ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

*तालिका ३.६ शिक्षक व्यवस्थापन तथा विकाससम्बन्धी प्रमुख क्रियाकलापहरू तथा लक्ष्य*

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | **भौतिक लक्ष्य (५ वर्ष)** | | | | | **भौतिक लक्ष्य (१० वर्ष)** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | **१** | **२** | **३** | **४** | **५** | | |
| १ | शिक्षण पेशाप्रति आकर्षण र नियुक्ति | | | | | | | | |
| | स्वयम् सेवक शिक्षक तयारी | संख्या | | १० | १५ | | १५ | ५० | गाउँपालिका |
| | पालिका श्रोतबाट नियुक्त शिक्षकका लागि निर्देशिका निर्माण | पटक | | १ | | | | १ | गाउँपालिका |
| २ | शिक्षक तयारी | | | | | | | | |
| | नया नियुक्त शिक्षकलाई सेवा प्रवेश तालिम सञ्चालन | पटक | | | | | | आवश्यकता अनुसार | संघ /प्रदेश/ गाउँपालिका |
| ३ | शिक्षणसिकाइ क्रियाकलाप | | | | | | | | |
| | शिक्षण सिकाइ नियमित गर्ने मापदण्ड विकास | पटक | | १ | | | | १ | गाउँपालिका |
| | उपचारात्मक शिक्षण पद्धति | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | विद्यालय |
| | एक विद्यालय एक पुस्तकालय | संख्या | १ | १ | १ | १ | १ | १० | संघ /प्रदेश/ गाउँपालिका |
| | एक विद्यालय एक ICT ल्याव | संख्या | १ | १ | १ | १ | १ | १० | संघ /प्रदेश/ गाउँपालिका |
| | शिक्षक पेशागत सहयोग पद्धति | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | संघ /प्रदेश/ गाउँपालिका |
| | शिक्षक पेशागत सहयोग मार्गदर्शन विकास गर्ने | पटक | | १ | | | | २ | गाउँपालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | पेशागत शैक्षिक अवलोकन | पटक | | | | | | निरन्तर | गाउँपालिका |
| ४ | शिक्षक क्षमता विकास कार्यक्रम | | | | | | | | |
| | छोटो अवधिको पुनर्ताजगी तालिम सञ्चालन गर्ने | पटक | | १ | | १ | | ३ | गाउँपालिका |
| | शिक्षकको पेशागत सहयोगका लागि स्थानीयय विज्ञ समूह सहित कार्यविधि तयार गरि स्रोत शिक्षक परिचालन | पटक | | १ | | १ | | ३ | गाउँपालिका |
| ५ | शिक्षक उत्तरदायित्व | | | | | | | | |
| | शिक्षकले शिक्षणमा विताउने समयमा प्र.अ. लाई जिम्मेवार नाउने | सबै विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | गाउँपालिका |
| | विद्यालयमा छुट्टै प्र.अ. पदको व्यवस्था गर्ने | संख्या | | | १ | | | ३ | गाउँपालिका |
| ६ | शिक्षकको आपूर्ति र वितरण विद्यार्थी संख्यको आधारमा दरबन्दी व्यवस्थापन गर्ने | पटक | | | | | | १ | संघ /प्रदेश/ गाउँपालिका |

## ४.३ शैक्षिक समता र समावेशीकरण

### परिचय

नेपालको संविधान २०७२ ले शिक्षालाई आधारभूत मानव अधिकारको रुपमा परिभाषित गरेको वर्तमान परिप्रेक्षमा सबै वर्ग, लिङ्ग, जातजाति, भौगोलिक क्षेत्र लगायत विभिन्न शारीरिक तथा मानसिक क्षमता भएका व्यक्तिहरुको शिक्षामा सहज, सर्वसुलभ र समतामुलक पहुँचको सुनिश्चितता गर्नु राज्यको अहम् दायित्वको रुपमा स्वीकार गरी शिक्षा मौलिक अधिकारको रुपमा स्थापित गरेको छ । सामान्य रुपमा विद्यालयमा सेवाक्षेत्रबाट आइरहेका तथा सेवाक्षेत्रमै गएर सेवा दिनुपर्ने सबैका लागि अनुकुल हुने शिक्षा पद्धति नै समावेशी शिक्षा हो ।

नेपाल सरकारको सोहौँ योजना २०८१/०८२- २०८५/०८६ ले पनि आर्थिक, समाजिक, राजनैतिक र प्रशासनिक दृष्टिकोणले पछाडी परेका विभिन्न वर्गहरुका लागि सिप विकास तालिम, छात्रवृति, शिक्षा तथा सार्वजनिक क्षेत्रको रोजगारीमा आरक्षण, शैक्षिक तथा स्वास्थ्य क्षेत्रमा देखिएको अन्तरको अन्त्य सम्बन्धी कार्यक्रम संचालन हुँदै आएको उल्लेख गरेको छ ।

समावेशी शिक्षा तथा समता सम्बन्धी संबैधानिक तथा नितिगत व्यवस्थालाई हेर्ने हो भने दिगो विकास लक्ष्य (२०१५-२०३०) को लक्ष्य नं. ४ मा पनि यो विषय उल्लेख भएको छ । त्यसैगरी समता रणनिति २०७१ ले पनि शिक्षामा समावेशी र समतालाई जोड दिएको पाइन्छ । त्यसै गरेर राष्ट्रिय शिक्षा निति २०७६ ले अपाङ्गता भएका बालबालिकाहरुको अपाङ्गताको अवस्था हेरी सम्भव भएसम्म अन्य बालबालिकाहरुसंगै बसेर सिक्न पाउने गरी समावेशी शिक्षाको व्यवस्था गरेको छ । विविधताको सम्मान र समता तथा समावेशीता अभिवृद्धि गरी शिक्षामा सबैको पहुँच पुर्याई अर्थपूर्ण सहभागिता कायम गर्ने र सिकाइ सुनिश्चित गर्नका लागि यसका कारणहरु तथा वाधाहरु पहिचान गरी ती वाधाहरुलाई हटाउन सक्नु पर्दछ ।

### वर्तमान अवस्था

नेपालमा ३३ विषेश विद्यालय २३ एकीकृत विद्यालय र लगभग ३८०० सामुदायिक विद्यालयहरु रहेका छन । यस स्थानीय तहमा लैङ्गिक अनुपात ९४.५५ प्रतिशत रहेको छ। गाउँ कार्यपालिका, वडा समिति, नगर शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, सामाजिक परीक्षण समिति आदि तथा विभिन्न सङ्‌ध संस्थामा महिला र दलितको सहभागितात्मक उपस्थिति उल्लेख्य रहेको छ। आधारभूत तह कक्षा १-३ मा १.०१ कक्षा ४-५ मा १.३३ कक्षा ६-८ मा १.१९ र कक्षा ९-१० मा १.२० प्रतिशत लैङ्गिक समता सूचक रहेको छ। यसै गरि सामुदायिक विद्यालयमा महिला शिक्षक अनुपात ३२.९६ रहेको छ।

पालिका ससर्त अनुदन अन्तर्गत दिवा खाजा, निःशुल्क पाठ्यपुस्तक वितरण, अपाङ्गता भएका, दलित तथा छात्राहरुलाई छात्रवृत्ति कार्यक्रम, केहि विद्यालयको प्राथमिक तहमा मातृभाषाको पढाइ हुनु, बालबालिकाको गुनासो तथा सुझावहरु सुन्नका लागि गुनासो सुनुवाइ सम्बन्धी व्यवस्था हुनु, केही विद्यालयमा सूचना अधिकारीको व्यबस्था आदि गतिविधिहरु

संचालनमा रहेका छन् । युएसआइडी र नेपाल सरकारको साझेदारीमा प्रारम्भिक कक्षा सिकाइ कार्यक्रम अन्तर्गत पनि बालबालिकाहरुको अपाङ्गता सम्बन्धि प्रारम्भिक पहिचान, समावेशीकरण र समता सम्बन्धी विषयवस्तुलाई समेटी हाल कक्षा १ देखि ३ सम्मका बालबालिकाहरुको प्रारम्भिक पहिचान गर्ने कार्य लगायतका कार्यक्रमहरु संचालन भएता पनि विद्यालय शिक्षामा समता र समावेशीतामा अपेक्षित उपलब्धि हुन सकेको छैन् । भुगोल, जनसंख्या, वस्ती आदिलाई समेटी विद्यालय वाहिर रहेका, विचैमा विद्यालय छाडी तह पुरा नगर्ने, अपेक्षित शैक्षिक उपलब्धि प्राप्त गर्न नसकेकाहरुलाई सम्वोधन गरी समता र समावेशीता अभिवृद्धि गर्नु जरुरी हुन आउँछ।

शैक्षिक समता र समावेशीकरण सम्बन्धमा देहाय बमोजिमका चुनौतीहरू पहिचान गरिएको छ -

- लैङ्गिक मूलप्रवाहीकरणमा महिलाको सहभागिता सुनिस्चित गर्नु।
- विद्यालयहरूमा लैङ्गिक र अपाङ्गमैत्री भौतिक तथा शैक्षिक वातावरण निर्माण गर्ने।
- लक्षित समूहको शिक्षामा समतामूलक पहुँच पुर्‍याउने।
- विद्यालयमाविभेदरहित बालमैत्रीबनाउने।
- लक्षित समूह, दलित, जनजाती लोपउन्मुख समुदाय, आर्थिक रुपले विपन्न द्वन्द्व प्रभावित व्यक्तिहरुको शिक्षामा समतामुलक पहुँच पुर्याउनु ।
- सबै किसिमका अपाङ्गता भएका हरुका लागि शिक्षामा पहुँच सुनिश्चित गर्नु ।

**उद्देश्यहरू**

१. शिक्षाको मूल धारबाट वञ्चित रहेका व्यक्तिहरूलाई शिक्षामा पहुँच पुर्‍याई गुणस्तर सुनिश्चित गर्ने।
२. शैक्षिक सुशासन कायम गर्ने।
३. विद्यालयलाई लैङ्गिकमैत्रीअपाङ्गतामैत्री तथा बालमैत्री बनाउने। ,
४. लक्षित वर्गको सबै तहको शिक्षामा हुने पहँचमा वृद्धि गर्नु ।
५. विद्यालयमा कुनै पनि प्रकारका विभेद भय दुर्वहार तथा त्रास मुक्तको सिकाइ वातावरणको सुनिश्चतता गर्नु ।
६. विद्यालयका सबै प्रकारका शैक्षणिक तथा शैक्षिक गतिविधिहरुमा समता तथा समावेशीताको सुनिश्चतता गर्नु ।

**रणनीतिहरू**

१. विद्यालय बाहिर रहेका बालबालिकाहरुको अवस्था र आवश्यकता पहिचान गरि सोअनुसार प्रबन्ध मिलाइने छ।
२. विद्यालयहरूमा लैङ्गिक तथा अपाङ्गतामैत्री भौतिक अवस्था तथा शैक्षिक वातावरणको विकास गरिने छ।
३. आवासीय विद्यालय मार्फत आवश्यकतानुसार पोशाक, स्टेसनरी तथा सिकाइ सामग्रीका लागि छात्रवृत्ति उपलब्ध गराइने छ।
४. विभेदरहित बालमैत्री वातावरण सिर्जना गरिने छ।

५. आधारभूत तहमा मातृभाषामा सिकाइको अवसर प्रदान गरिनेछ।
६. लैङ्गिकमैत्रीअपाङ्गतामैत्री तथा बालमैत्री भौतिक संरचना निर्माण गर्ने। ,
७. किशोरी शिक्षा तथा मनोसामाजिक परामर्श प्रदान गरिने छ।
८. हरेक कार्यालय तथा विद्यालयमा लैङ्गिक सम्पर्क व्यक्ति व्यवस्था गर्ने।
९. अपाङ्गताको प्रारम्भिक लेखाजोखा (Disability Screening) गर्दै अपाङ्गताका किसिम तथा स्वरूप पहिचान गरी विशेष कार्यक्रमको माध्यमबाट उपयुक्त समावेशी शिक्षाको व्यवस्थाका साथै आवश्यकतानुसार विशेष विद्यालयको प्रबन्ध गर्ने
१०. छात्रवृत्तिका लागि विपन्न लक्षित गरी आर्थिक रूपले विपन्नकठिन परिस्थतिमा रहेका र ,सुविधाविहीन , अपाङ्गता भएका बालबालिका सहभागी हुने व्यवस्था गर्ने ।
११. सीमान्तकृत समुदायका बालबालिका तथा अपाङ्गता भएका सबै बालबालिकाहरुलाई आवश्यकतामा आधारीत वैकल्पीक शिक्षा कार्यक्रमको सुनिश्चितगर्ने ।
१२. दिवा खाजा सहित स्वास्थ्य पोषण, सरसफाइ तथा स्वच्छता सम्बन्धी र किशोरी लक्षित सेवा तथा तालिमको व्यवस्था गर्ने ।
१३. आवश्यकता अनुसार झोला, पोशाक, शैक्षिक सामग्री, सिकाइ सामग्री तथा छात्रवृत्ति उपलब्ध गर्ने ।
१४. विद्यालयमा अभिभावकको संलग्नता तथा उत्तरदायित्व बढाउन यस पालिकाको प्रत्येक विद्यालयलाई अभिभावक उपस्थिति पुस्तिका राख्न लगाइ उत्कृष्ट उपस्थित अभिभावकलाई पुरस्कृत गर्न विद्यालयलाई आग्रह गरीनेछ ।
१५. विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ नहुने वालमैत्री वातावरणको सृजना गर्ने ।

**उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य**

**क) उपलब्धि**

विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षा निश्चित भएको हुने।

**ख) नतिजा**

१. विद्यालय बाहिर रहेका बालबालिकाहरुको अवस्था र आवश्यकता पहिचान गरि सबै बालबालिकाहरूलाई शिक्षा प्राप्त गर्ने अवसर प्रदान गर्ने।
२. लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि गरि गुणस्तर सुधार हुने।
३. विद्यालयमा भेदभाव रहित बालमैत्री वातावरण सिर्जना हुने।
४. विद्यालयहरूमा अपाङ्गतामैत्री र लैङ्गिकमैत्री वातावरण सिर्जना हुने।
५. किशोरी शिक्षा तथा मनोसामाजिक परामर्श प्रदान गरिने।
६. मातृभाषामा सिकाइको अवसर प्रदान गरिने।

७. महिला, दलित, जनजाति, अपाङ्गता भएका तथा अर्थिक रुपले विपन्न सबै बालबालिकाहरुले शिक्षा प्राप्त गर्ने अवसर पाउने ।
८. अपांगता भएका सम्वन्धित उमेर समुहका व्यक्तिहरुको पहिचान भई स्रोत कक्षाहरुमा विद्यार्थी सहभागिता वृद्धिमार्फत अपांगता भएका व्यक्तिहरुको शिक्षासम्वन्धि अधिकार सुनिश्चित भएको हुने
९. अपांगता भएका व्यक्तिहरुको स्रोत कक्षा शिक्षकले आवधिक तालिम प्राप्त गरेको हुने ।

**४.३.४ प्रमुख उपलब्धि तथा नतिजा**

**उपलब्धि**

*योजनाको कार्यान्वियनबाट हाँसिल हुने मुख्य उपलब्धिहरू बुँदागत रूपमा उल्लेख गर्ने । उदाहरणका लागि*

- लक्षित समूहका बालबालिकाको शिक्षामा समतामूलक पहुँच सुनिश्चित भै सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ ।

**नतिजा**

*योजनाको कार्यान्वियनबाट हाँसिल हुने मुख्य नतिजाहरू तलको तालिकामा उल्लेख गर्ने । उदाहरणका लागि*

| | शिक्षामा समता र समावेशीकरण | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तहमा विद्यालय बाहिर रहेका बालबालिकाको सँख्या | १३०० | १००० | ८०० | ७०० | ४०० | ० |
| २ | आधारभूत तहमा लैङ्गिक समता सूचक | १.३ | १.२ | १.१५ | १.१० | १.०५ | १ |
| | आधारभूत तहमा महिला शिक्षकको सङ्ख्या | ४६ | ४७ | ४८ | ५९ | ५० | ५० |
| ३ | माध्यमिक तहमा लैङ्गिक समता सूचक | १.१ | १.०८ | १.०५ | १.०३ | १.०१ | १ |
| ४ | माध्यमिक तहमा महिला शिक्षकको सङ्ख्या | ० | ३ | ५ | ७ | १० | १३ |

ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

*तालिका ४.१ शैक्षिक समता र समावेशीकरणका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य*

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | अवस्था र आवश्यकता पहिचान | पटक | | १ | | | | २ | गाउँपालिका |
| २ | विद्यालय बाहिर रहेका बालबालिकाहरुको अवस्था र आवश्यकता पहिचान गरी सहभागिता | निरन्तर | | १ | १ | | | ३ | सा.सि.के. |
| ३ | वर्गीय आधारमा छात्रवृत्ति वितरण | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | गाउँपालिका |
| ४ | आवासीय विद्यालय मार्फत छात्रवृत्ति | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | संघ/ प्रदेश/ गाउँपालिका |
| ५ | विद्यालयहरूमा वालमैत्री, अपाङ्गतामैत्री र लैङ्गिकमैत्री भौतिक संरचना निर्माण | संख्या | | | ५ | | ५ | १५ | संघ/ प्रदेश/ गाउँपालिका |
| ६ | मातृभाषामा सिकाइको अवसर प्रदान गरिने। | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | विद्यालय |
| ७ | मनोसामाजिक परामर्श | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | विद्यालय |
| ८ | लैङ्गिक सम्पर्क व्यक्तिको क्षमता विकास | आवश्यकता अनुसार | | १ | | १ | १ | ५ | संघ/ प्रदेश/ गाउँपालिका |

## ४.४ दिवा खाजासहित पोषण तथा स्वास्थ्य कार्यक्रम

### परिचय

नेपालमा सन् १९७४ देखि छानिएका जिल्लाका छानिएका प्राथमिक विद्यालयमा विश्व खाजा कार्यक्रमको खाद्यान्न अनुदानमा आधारित दिवा खाजा कार्यक्रम प्रारम्भ भएको थियो।आर्थिक वर्ष २०७७/२०७८ मा सामुदायिक विद्यालयमा पूर्वप्राथमिकदेखि कक्षा ५ का सबै विद्यार्थीलाई दिवाखाजाको व्यवस्था गरीएको छ।नेपाल सरकारले दिवा खाजामा विगत केही वर्षदेखि लगानी विस्तार गर्दै आई आर्थिक वर्ष २०७७-७८ मा यो लगानी करिब ८ अरब पुगेको नेपालको हाल कार्यान्वयनमा रहेको सोह्रौं योजनालगायत शिक्षा क्षेत्रका मुख्य रणनीतिक दस्तावेजहरूमा दिवा खाजालाई प्राथमिकता दिइएको छ भने विद्यालय क्षेत्र विकास योजना (SSDP) र बिद्यालय शिक्षा क्षेत्र योजना (SESP) ले बालबालिकाहरूको स्वास्थ्य तथा पोषण स्थितिमा सुधार ल्याई उनीहरूलाई विद्यालयमा टिकाउने, कुनै पनि बालबालिकाहरूको भोकको कारणबाट विद्यालय आउनबाट बञ्चित तथा स्वस्थ्य दिमागमा मात्र स्वस्थ्य सिकाई सम्भव हुने मान्यता अनुरूप शैक्षिक उपलब्धिहरू हासिल गर्न दिवा खाजाले महत्वपूर्ण योगदान दिएको छ। यस रुपनी गाउँपालिकामा दिवा खाजाको लागी १ करोड ८० लाख रहेको छ |

### विद्यालय स्वास्थ्य र पोषण

विद्यार्थीको स्वास्थ्य तथा पोषणको अवस्थाले उनीहरूको संज्ञानात्मक क्षमता, शैक्षिक उपलब्धि, गुणस्तरीय जीवन तथा समाजका लागि विभिन्न पक्षमा योगदान गर्ने क्षमतालाई प्रभाव पार्ने भएकाले उनीहरूको स्वास्थ्य तथा पोषणको अवस्था राम्रो बनाइनु पर्दछ। वार्षिक स्वास्थ्य परीक्षण, अर्धवार्षिक रूपमा जुकाको औषधि, किशोरीका लागि फोलिक एसिड तथा आइरन चक्की वितरण कार्यक्रम स्वास्थ्य क्षेत्रबाट सञ्चालन हुने गर्दछन्।

### सरसफाइ तथा स्वच्छता

विद्यालयमा हुने सरसफाइ तथा स्वच्छताको अभ्यास तथा शिक्षाले बालबालिकाको स्वास्थ्यमा सकारात्मक प्रभाव पर्ने स्पष्ट छ। यसले बालबालिकाको भावी जीवनका लागि सरसफाइ तथा स्वच्छताको अभ्यासमा सहयोग गर्नाका साथै परिवार तथा समुदायमा पनि यसले सकारात्मक  घर/कोठाको प्रबन्ध नै छैन भने भएकाहरूमध्ये कतिपयको सरसफाइ र स्वच्छतामा सुधार आवश्यक छ। विपद तथा जोखिम व्यवस्थापनको तयारीका केही कार्य भए पनि यसमा विपद,जोखिम तथा महामारी समावेश गरि थप सुधार गर्नु आवश्यक छ।

### वर्तमान अवस्था

नेपालमा विभिन्न समयमा विद्यालय स्वास्थ्य तथा पोषण र खानेपानी सरसफाइ तथा स्वच्छता सम्बन्धि केही कार्यक्रम तथा निर्धारित कक्षा तथा क्षेत्रका विद्यार्थीकालागि दिवा खाजा कार्यक्रमकोवर्तमानअबश्थाको विश्लेषण गर्दासबैकालागि शिक्षाको डकार बैठक सन् २०००ले सिफारिस गरेको ढाँचालाई मुख्यगरी चारवटा अङ्गहरु समाबेश गरेको छ।

- विद्यालय स्वास्थ्य सम्बन्धि नीतिहरु तय गर्नु
- सुरक्षित पानी तथा सरसफाइ सहित सुरक्षित विद्यालय वातावरण सिर्जना गर्नु
- सिपमा आधारित स्वास्थ्य शिक्षकको प्रबन्ध गर्नु
- विद्यालयमा आधारितस्वास्थ्य तथा पोषणसेवा प्रदान गर्नु

यिनै बुँदाहरुलाइ आधार मानि यस पालिकामा समेत वर्तमान अवस्थालाई विश्लेषण् गरी दिवाखाजा स्वास्थ्य तथा पोषण र सरसफाइ तथा स्वच्छताको अलगअलग समीक्षा गरी तिनीहरुको अन्तर सम्बन्ध उल्लेख गरी योजना तयार गरीएको छ । नेपाल सरकारले विद्यालय दिवा खाजा कार्यक्रम शुरु गरे पश्चात् यस पालिकाले खाजा कार्यक्रम सञ्चालन गरेको छ । साथै पालिकाबाट विद्यालय दिवा खाजा सम्वन्धी कार्यविधि निर्माण गरी विद्यालय दिवा खाजामा पूर्ण रुपमा जङ्क फुड निषेध गरि व्यवस्थापन गर्ने प्रयास गरिएकोछ ।

नेपालको संविधानले प्रत्याभूत गरेको शिक्षा, स्वास्थ्य खाद्य सम्बन्धी अधिकारहरू, खाद्य सम्प्रभुतासम्बन्धी कानुन, राष्ट्रिय स्वास्थ्य नीति २०७६ लागू हुनु, नेपाल सरकारले आर्थिक वर्ष २०७७/०७८ देखि सामुदायिक विद्यालयहरूमा बालकक्षा देखि कक्षा ५ सम्मका सबै बालबालिकाहरूलाई रु १५ का दरले खाजा व्यवस्थापनका लागि रकम उपलब्ध गराउनू, सङ्घीय सरकार शिक्षा ससर्त अनुदान अन्तर्गत WASH सहितको शौचालय र स्यानिटरी प्याड उपलब्ध हुनु, प्रदेश सरकार बाट खानेपानीका कार्यक्रम उपलब्धि हुनु, विभिन्न व्यक्ति तथा सङ्घसंस्थाबाट खाजा व्यवस्थापनका लागि टिफिन क्यारीको व्यवस्थापन गरिनु, खाजाको कारण बालबालिकाहरूमा विद्यालय नियमिततामा सुधार हुनु, अभिभावकहरूमा पोषणयुक्त खाना तथा बालबालिकाको स्वास्थ्य सम्बन्धी जनचेतना बढ्नु, ग्रामीण क्षेत्रका बालबालिकाहरू लामो समय पैदल यात्राका कारण भोको पेट रही अध्ययन गर्नु पर्ने अवस्थाको अन्त्य भई सिकाइ उपलब्धिमा सुधार आउनु, विद्यालय स्तरीय बालक्लब तथा आमा समूह गठन हुनु लगायतका गतिविधिले यस क्षेत्रको सुधारको प्रत्याभूत गर्दछ । यस पक्षको चुनौतिका रुपमा खाजाको कार्यक्रमका लागि नेपाल सरकारबाट उपलब्ध हुने रकम वर्तमान परिपेक्षमा एकदमै कम हुनु, बालबलिकाहरुले घरैबाट लिएर आएको खाजा बासी हुनु, ग्रामिण भेगका अभिभावकहरुलाई पोषणयुक्त खानाको ज्ञानको कमी हुनु आदि रहेका छन् । यस क्षेत्रका मुख्य समस्या तथा चुनौतिहरुलाई निम्न बुँदामा उल्लेख गर्न सकिन्छ ।

दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रम निम्नलिखित चुनौतीहरू पहिचान गरीएको छ –

- दिवा खाजा, स्वास्थ्य तथा पोषण र सरसफाइ तथा स्वच्छताका प्रभावकारितालाई व्यवस्थित गर्ने।
- सबै विद्यालयमा स्वास्थ्य कर्मीको व्यवस्था गर्ने।
- विद्यालय खाजाका लागि उपयुक्त स्वरूप निर्धारण गरी पौष्टिक तथा स्वस्थकर विद्यालय खाजा सुनिश्चित गर्ने।
- सचित्र पोषण पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्नु।
- विद्यालय दिवा खाजा कार्यक्रमलाई स्थानीय कृषि तथा व्यापारसँग जोड्ने।
- सरसफाइ तथा स्वच्छताका लागि मापदण्ड विकास गरि कार्यान्वयन गर्ने।
- विद्यालयहरुले पोषणयुक्त खाजाका लागि विद्यालय मै पकाउने र खुवाउने व्यवस्थाको वातावरण मिलाउनु ।

- प्राप्त रकम एकदमै न्युन भएकोले रकम थप गरी व्यवस्थापन गर्ने चुनौति हुनु ।
- कतिपय विद्यालयहरु खाने पानी कै समस्याबाट गुज्रिरहेको अवस्थामा उचित पिउने पानीको व्यवस्थापन
- घरैबाट खाजा बनाएर लिएर आउँदा खाजा चिसिने साथै स्वास्थ्यमा प्रतिकुल असर पर्ने,
- ग्रामिण भेगका अभिभावकहरुमा पोषणयुक्त खानाको जानकारीमा कमी हुनु ।
- वालबालिकाहरुमा साथीहरुले वेग्ला बेग्लै खाजा ल्याउँदा मनोविज्ञानमा विचलन आउनु ।
- महंगीलाई मध्यनजर गरेर दिवाखाजाको रकममा प्रतिवर्ष पुनरावलोकन गरिने,
- अभिभावक सचेतना कार्यक्रम सञ्चालन गरी सहजीकरण गरिने,
- कार्यक्रमको व्यवस्थापन ठीक ढङ्गले भए नभएको नियमित अनुगमन गरिने,
- विद्यालय कर्मचारीको क्षमतावृद्धि गरी सक्षम तथा योग्य व्यक्तिबाट खाजा कार्यक्रमलाई चुस्त दुरुस्त व्यबस्थापन गरिने ।
- अभिभावक, शिक्षक, कर्मचारी र प्र.अको संयुक्त प्रयासबाट यो कार्यक्रम सफल बनाइने.,
- खाद्यवस्तुको नियमित गुणस्तर मापन गर्न चुस्त संयन्त्र बनाइने,
- शैको अन्त्यमा अभिभावक.स., शिक्षक, विद्यार्थी सहित सरोकारवालाको संयुक्त भेला गराई समीक्षा गराइने,
- स्थानीय स्तरमा उपलब्ध हुने पोसिला खानेकुराको प्रबन्ध मिलाउने,
- अभिभावकलाई सक्रिय बनाएर आमा समुह वा सामाजिक क्लबको माध्यमबाट खाद्यवस्तु संकलन, खाजा तयारी तथा वितरण कार्यलाई व्यबस्थित बनाइने,
- सम्बन्धित वडाका वडाध्यक्षको नेतृत्वमा प्रविधिक सहितको चुस्त अनुगमन टोली बनाइने,
- विद्यालय खाजासँग सम्बन्धित सेवाहरुमा सुधार गरी प्रत्येक विद्यालयमा बालबालिकालाई स्वस्थकर तथा पोषणयुक्त खाजाको सुनिश्चित गर्नु ।
- विद्यालयमा बालबालिकाको सरसफाई तथा स्वच्छतासम्बन्धी व्यबहारलाई प्रोत्साहन गर्नु ।
- बालबालिकाको पोषण स्वास्थ्य र ,सिकाइ उपलब्धिमा सुधार गर्न स्थानीय सरकार ,सरोकारवालाहरु र अभिभावकहरु सँग समन्वय गर्नु ।

**उद्देश्य**

१. प्रत्येक विद्यालयमा बालबालिकालाई स्वस्थकर तथा पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु।
२. विद्यालयमा बालबालिकाको स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छताका सेवामा सुधार गर्नु।
३. सरोकारवालाहरूको समन्वय तथा सहभागितामा सुदृढ गरी बालबालिकाको पोषण,स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु।
४. विद्यालयका बालबालिकाहरुलाई स्वस्थ्य तथा पोषणयुक्त आहारको सुनिश्चित गर्नु ।
५. विद्यालयमा कार्यान्वयन रहेको खाजा कार्यक्रमको कार्यान्वयनमा सुधार ल्याउनु ।
६. विद्यालयका बालबालिकाहरुको स्वास्थ्य पोषण तथा सरसफाई सम्बन्धि सकारात्म व्यवहारको विकासमा सुधार ल्याउनु ।

**रणनीतिहरू**

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्वन गरीनेछ -

१. शिक्षास्वास्थ्य र कृषि क्षेत्रलाई समेत समेटी गरी विद्यालय स्वास्थ्य तथा पोषण रणनिति तयार गरिने। ,
२. बालबालिकाको लागि विद्यालयमा नै सफा ताजा र पोषिलो खाजा तयार गरी समूहमा हात धुने बानी विस्तार गरिनेछ।
३. सवै विद्यालयमा User Manual समेतको प्राथमिक उपचार बाकस प्रदान गर्ने तथा आधारभूत प्रथमिक उपचारको तरिका  सम्बन्धमा समय सापेक्ष अद्यावधिक गरिएको हुने।
४. अभिभावक आमा समूह मार्फत सचित्र पोषण पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने।
५. सरसफाइ तथा स्वच्छताका लागि मापदण्ड विकास गरि कार्यान्वयन गर्ने।

**उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य**

**क) उपलब्धि**

विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार भएको साथै स्वच्छ पिउने पानी तथा सरसफाइप्रति सचेत भएको हुने।

**ख) प्रमुख नतिजाहरू**

१. विद्यालय दिवा खाजा कर्यविधि अनुसार प्रभावकारिताका साथ कार्यान्वयन भएको हुने।
२. स्थानीय पाठ्यक्रममा किशोरी शिक्षा सम्बन्धी विषय समावेश हुने।
३. सरसफाइ सम्बन्धी आवश्यक पूर्ण पूर्वाधार विकास भएको हुने।
४. स्थानीय उत्पादनमा चक्रिय पोषणयुक्त दिवा खाजा सुनिश्चितता हुने।
५. विद्यालयमा दिवा खाजा सहित स्वास्थ्य तथा पोषण र स्वच्छता सम्बन्धी स्पष्ट जिम्मेवारी निर्धारण र कार्यान्वयन हुने ।
६. दिवा खाजा रकम वृद्धि भई वर्तमान परिप्रेक्ष्य सुहाउँदो पोषणयुक्त खानाको विद्यालयमा उचित व्यवस्थापनमा टेवा पुग्ने
**७.** सामुदायिक विद्यालयका प्राथमिक तह तथा क्रमशः आधारभूत तहमा पौष्टिक तथा स्वस्थकर स्थानीय स्तरमा उत्पादित खाजाको व्यवस्थापनमा सहयोग मिल्ने

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | छात्र/छात्राहरूको लागि दिवा खाजाको सुनिश्चितता | ४५०० | आबश्यकता अनुसार | आबश्यकता अनुसार | आबश्यकता अनुसार | आबश्यकता अनुसार | आबश्यकता अनुसार |
| २ | विद्यालयमा सरसफाई तथा स्वास्थ्य सेवाको सुनिश्चितता | ० | ४ | ३ | ३ | १ | २ |
| ३ | विद्यालयहरूमा निर्देशिकाको प्रभावकारीता कार्यान्वयन सुनिश्चितता | ० | २२ | ० | ० | ० | ० |
| ४ | विद्यालयहरूमा उपयुक्त भान्सा कोठाको व्यवस्थापन | ० | ७ | ३ | ३ | ० | ० |
| ५ | विद्यालयहरूमा तालिम प्राप्त भान्सेको नियुक्ती | ० | ७ | ३ | ३ | ० | ० |
| ६ | WASH कार्यक्रम संचालीत विद्यालय | ० | २२ | ० | ० | ० | ० |

ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

*तालिका ४.२ दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रमका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य*

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य १० ) (वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | विद्यालय दिवा खाजा कार्यविधि २०७७ अद्यावधिक र परिमार्जन | पटक | | १ | | | | २ | गाउँपालिका |
| २ | एक विद्यालय एक स्वास्थ्यकर्मी | संख्या | | | १ | १ | १ | ६ | संघ/ प्रदेश/ गाउँपालिका |
| ३ | User Manual समेतको प्राथमिक उपचार बाकस | संख्या | | | १० | १२ | | २५ | गाउँपालिका |
| ४ | स्थानीय पाठ्यक्रममा किशोरी शिक्षा | कक्षा | | ६-८ | | | | | विद्यालय |
| ५ | सरसफाइ सम्बन्धी आवश्यक पूर्ण पूर्वाधार विकास | संख्या | | ५ | ५ | ५ | ५ | २५ | विद्यालय |
| ६ | स्थानीय उत्पादनमा चक्रिय पोषणयुक्त दिवा खाजा | निरन्तर | | | | | | निरन्तर | विद्यालय |
| ७ | विद्यालयमा पोषण कर्नर निर्माण | निरन्तर | | २१ | | | | ३० | विद्यालय |
| ८ | अभिभावक आमा समूह | संख्या | | १ | | १ | १ | ५ | विद्यालय |

## ४.५ बिद्यालय सुरक्षा विपद्न्युनिकरण तथा उत्थानशिलता

**परिचय**

विपद को अबस्थामा परिस्थितिजन्य शिक्षा भन्नाले द्वन्द्व, महामारी तथा प्रकोपको अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपाय सहितको शैक्षिक कार्यक्रमलाई लिने गरिन्छ । यसको मुख्य उद्देश्य विभिन्न कारणले उत्पन्न संकटकालीन अवस्थामा बालबालिकालगायत शिक्षासँग सम्बद्ध व्यक्ति, परिवार तथा समुदायको जीवन रक्षा, प्रकोपबाट सिर्जित संकटको व्यवस्थापन, सामाजिक द्वन्द तथा हिंसा र दुरुपयोगबाट बालबालिकालाई शुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाध रूपमा क्रियाशील हुने गरी शैक्षिक कार्यक्रमहरूको तयारी तथा सञ्चालन गर्नु हो । यस अवधारणाअन्तर्गत सम्भावित जोखिमको पूर्व तयारी, आपतकालीन अवस्थामा क्षति कम हुने गरी तत्कालको व्यवस्थापन गर्ने आपतकाल पश्चात् क्षतिको आपूरण गर्ने कार्यढाँचा समेटिएको हुनु पर्दछ ।

आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षाको अवधारणा बाल अधिकारको रूपमा स्वीकार गरीएपछि यसलाई थप प्रभावकारी बनाउने कार्य प्रारम्भ भएको हो । अधिकारका क्षेत्रमा भएका अन्तर्राष्ट्रिय कानुनहरू, विश्वव्यापी घोषणाहरू, अन्तर्राष्ट्रिय एवम् क्षेत्रीय घोषणा तथा प्रतिवद्धताहरूबाट परिलक्षित यस अवधारणालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न विभिन्न राष्ट्रहरूले आआफ्नो नीति-, कानुन तथा योजनाहरूमा परिस्थितिजन्य शिक्षा लाई समावेश गर्ने गरेका छन् (आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा) । विशेषतलामो द्वन्दको : परिवेशमा शिक्षा क्षेत्रमा परेको प्रभाव, २०७२ को विनाशकारी भूकम्प तथा विभिन्न समय र स्थानमा घटेका प्राकृतिक प्रकोपका घटनाहरूका साथै कोभिड१९ लगायतका महामारीहरूका प्रभावका कारण बालबालिकाको शिक्षा प्राप्त - गर्ने अधिकारमा पुगेको अवरोधबाट पाठ सिकी यस शिक्षा क्षेत्रको योजना मा यस पालिकाले आगामी५ वर्षका लागि नीति तथा कार्यक्रमिक प्राथमिकता र कार्यान्वयन ढाँचा समावेश गरिएको छ ।

यस खण्डमा मूलत तीन प्रकारका आपतकालीन अवस्थाहरू समावेश गरिएको छ :-

क) प्राकृतिक प्रकोपभूकम्प :, बाढीपहिरो, हावाहुरी, शितलहर, आगोलागी, चट्याङ, खडेरी, दुर्घटना, आदि ।

ख) महामारीझाडापखा :ला, कालाज्वर, हैजा, भाइरल ज्वरो, डेङ्गु, लु-लाग्नु, टाइफाइड, हेपाटाइटिस, बर्डफ्लू, क्षयरोग, कुष्ठरोग, ठेउला, स्वाइन फ्लूकोभिड आदि सरूवा रोगहरू , ।

ग) द्वन्द्व, विस्थापनद्वन्द्व तथा साम्प्रदायिक :, धार्मिक, राजनीतिक आदि द्वन्द्व, शोषण, दुराचार तथा अन्य कारणले नागरीकहरूको विस्थापन, आन्तरिक तथा बाह्य स्थानान्तरणका कारण बालबालिकाले शिक्षा प्राप्त गर्ने अधिकारलाई शुरक्षित राख्ने ।

४.५.१ वर्तमान अवस्था

नेपालको संविधान २०७२ले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा ,, निःशुल्क माध्यमिक शिक्षा तथा सुविधाविहीन तथा अपाङ्गहरूका लागि निःशुल्क उच्च शिक्षाको सुनिश्चितताका साथै बालबालिका माथि हुने

विभेद, सजाय र दुराचारलाई निषेध गरेको छ । अनिवार्य तथा निःशुल्क शिक्षा ऐन र अनिवार्य तथा (२०७५) ले छात्रवृत्ति (२०७७) निःशुल्क शिक्षा नियमावली, दिवाखाजा, सुविधा विहिनहरूका लागि विशेष सहयोग, मातृभाषामा शिक्षासहित कुनै पनि अवस्थामा बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छ ।

यस पालिकामा पनि विभिन्न समयमा विपद तथा संकट आइपर्दछन् यस्तो अवस्थामा शिक्षण सिकाइ क्रियाकलापलाई निरन्तरता दिन तथा विपद तथा संकटको घडिमा पनि विचलित नभइ सो को व्यवस्थापन र न्यूनीकरण गर्न योजनाबद्ध रुपमा शिक्षा प्रदान गरीदै आएको छ जस्तै कोभिडका कारणबाट अस्त व्यस्त भएको शैक्षिक सत्र २०७७ लाई विद्यालय ब्यवस्थापन समितिको संयुक्त सहयोगमा टोल सिकाइ योजना बनाएर बालबालिकाको सिक्ने अधिकारलाई सुनिश्चित गरी सिकाइलाई निरन्तरता दिएको सर्वविविदै छ । स्थानीय पाठ्यक्रमको तल्लो कक्षा देखिनै विपद जोखिम न्युनीकरणका विषयवस्तु समावेश गरिनु पर्ने छ ।

**परिस्थितिजन्य शिक्षाका चुनौतीहरू -**

१. रुपनी गाउँपालिकाका विद्यालय, विद्यार्थी र शिक्षकहरु भुकम्प, बाढी, शितलहर, आगलागी, लु, भाइरल ज्वरो लगायतका प्रकोपहरुको उच्च जोखिममा हुनु ।
२. विद्यालय सुधार योजनामा समावेश गरिएका विद्यालय विपद् व्यवस्थापन सँग सम्बन्धित क्रियाकलापहरु प्रभावकारी रुपमा कार्यान्वयन हुन नसक्नु ।
३. गाउँपालिका स्तरीय विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्य योजना कार्यान्वयनमा चुनौती हुनु ।
४. शिक्षण सिकाई क्रियाकलापमा विपत जोखिम सम्बन्धी विषयवस्तुलाई प्रभावकारी कार्यान्वयनको अभाव हुनु
५. प्राकृतिक प्रकोप प्रति सचेतनाको अपर्याप्त जानकारी हुनु ।
६. विद्यालय विपद व्यवस्थापनमा स्रोत तथा सामग्रीहरुको अभाव हुनु ।

**४.५.२ उद्देश्यहरू**

१. प्राकृतिक प्रकोपको उच्च जोखिमबाट विद्यालय, विद्यार्थी र शिक्षकहरुलाई सुरक्षित गर्नु ।
२. विद्यालय सुधार योजनामा समावेश गरिएका विद्यालय विपद् व्यवस्थापन सँग सम्बन्धित क्रियाकलापहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्नु ।
३. गाउँपालिका स्तरीय विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्य योजनालाई प्रभावकारी कार्यान्वयन गर्नु ।
४. स्थानीय पाठ्यक्रममा विपत जोखिम न्यूनीकरणका विषयवस्तुलाई समावेश गरी कार्यान्वयनमा ल्याउनु ।
५. विद्यालय विपत् व्यवस्थापनका लागि आवश्यक पर्ने पर्याप्त स्रोत साधनको सुनिश्चिता गर्नु ।

**४.५.३ रणनीतिहरू**

१. गाउँपालिका भित्रका सबै विद्यालयहरुको विपत् जोखिम लेखाजोखा गरी विद्यालय विपत व्यवस्थपन योजना बनाउने र कार्यानव्यन गर्ने ।
२. विद्यालय विपत व्यवस्थपन योजनालाई प्रभावकारी रुपमा कार्यान्वयन र अनुगमन गर्न स्थानीय तह का कर्मचारीहरु एवम् शिक्षकहरुको क्षमता अभिवृद्धि गर्ने ।

३. विपद् प्रतिरोधी भौतिक पूर्वाधारको निर्माण तथा पुनर्स्थापन गर्ने ।
४. विद्यार्थी, शिक्षक ,अभिभावकलाई प्रकोप रोकथाम र पुनर्स्थापनाका लागि क्षमता विकास गर्ने ।
५. अतिरिक्त क्रियाकलापहरुमा विपत जोखिम न्यूनिकरण संग सम्बन्धित क्रियाकलापहरु समावेश गर्ने ।

६. स्थानीय तहले निर्माण गरेको विपत् व्यवस्थापन योजना कार्यान्वयन र अनुगमनमा संघ संस्थाहरु, स्थानीय समुदाय, विद्यालय एवम् प्रदेश तथा संघिय सरकार सँग समन्वय र सहकार्य गर्ने ।
७. स्थानीय पाठ्यक्रममा विपत जोखिम न्यूनीकरणका विषयवस्तुलाई समावेश गरी प्रभावकारी रुपमा कार्यान्वयन र अनुगमन को सुनिश्चितता गर्ने ।
८. विपत जोखिम न्यूनिकरणका लागि सबै विद्यालयहरुमा नियमित अभ्यास गर्ने गराउने ।

**४.५.४ उपलब्धि प्रमुख क्रियाकलाप तथा लक्ष्य ,नतिजा ,**

**कउपलब्धि (**

१. पालिका अन्तर्गतका सबै विद्यालय, शिक्षक र विद्यार्थीहरुले विपत् जोखिम न्यूनिकरणका लागि आवश्यक पर्ने आधारभूत ज्ञान र सिप प्राप्त गरेको हुनेछन् ।
२. विद्यालय तथा पालिकाले निर्माण गरेका विपत् जोखिम न्यूनिकरण सम्बन्धि योजनाहरु प्रभावकारी कार्यान्वयन भएको हुनेछन् ।
३. विद्यालय तथा पालिकाले निर्माण गरेका भौतिक संरचनाहरु भवन निर्माण संहिता मापदण्ड बमोजिम निर्माण भएको हुनेछन् ।

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | बालबालिकालाई आधारभूत जीवन-सीपसहित कोभिड जस्ता महामारी तथा विपद् जोखिम न्यूनीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने माध्यमिक | सबै | सबै | सबै | सबै | सबै | सबै |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | विद्यालय सँख्या | | | | | | |
| २ | हरित विद्यालय सँख्या | नभएको | २ | ५ | ४ | ४ | ४ |
| ३ | जलवायु परिवर्तन तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रमहरु कार्यान्वयन गर्ने विद्यालय सँख्या | नभएको | ५ | ५ | ५ | ५ | २ |

४.५.५. प्रमुख क्रियाकलापहरु तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | सुरक्षित शिक्षण सिकाइ सहजीकरण योजना | योजना | | १ | | | | २ | संघ/ प्रदेश/ गाउँपालिका |
| २ | स्थानीय र विद्यालयको  क्षमता विकास | संख्या | | | ३१ | | | ३१ | गाउँपालिका |
| ३ | विपद् तथा प्रकोप व्यवस्थापन नीति तथा मापदण्ड पुनरावलोकन तथा निर्माण | निरन्तर | | | ५ | | | १० | संघ/ प्रदेश/ गाउँपालिका |
| ४ | समुदायमा सूचना तथा सञ्चार प्रविधिको विस्तार | प्रतिशत | | | ५ | | | ५ | गाउँपालिका |
| ५ | विद्यालयमा सूचना तथा संचार प्रविधिको विकास | संख्या | २ | ५ | ५ | ३ | | १५ | गाउँपालिका |
| ६ | User manual सहितको प्राथमिक उपचार बाकस | संख्या | | ५ | ४ | ५ | | १९ | गाउँपालिका |
| ७ | विद्यालयको भौगोलिक अवस्था र परिस्थिति अनुसार वैकल्पिक सिकाईको व्यवस्थापन कार्यक्रम | आवस्यकतानुसार | | | | | | आवस्यकतानुसार | गाउँपालिका |
| ८ | प्रतिकार्य कार्यदलको गठन र परिचालन | संख्या | | १ | | | १ | ३ | गाउँपालिका |
| ९ | सचेतना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | १० | गाउँपालिका |
| १० | कल्स्टर/गृह विधालय (Home Schooling/ Remedial teaching/ Coaching जस्ता क्रियाकलापहरु संचालन गर्ने | विधालय | सबै | सबै | सबै | सबै | सबै | सबै | गाउँपालिका |
| ११ | शिक्षक तथा विव्यस तालिम | | | | | | | | |
| | विपद प्रतिरोधी विद्यालय सँख्या | | | | | | | | |

## ४६ विद्यालय भौतिक पूर्वाधार विकास.

**परिचय**

शिक्षा नियमावली २०५९ अनुसार एक विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी बन्न प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तह तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्गमिटर बराबरको क्षेत्रफल तोकिएको छ। बालबालिका विद्यालयमा भर्ना हुनका लागि शुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, शौचका लागि शौचालय, सफाइ र पिउनका लागि खानेपानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन्। राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवनलगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद जोखिममुक्त बनाउदै सबै विद्यालयलाई शुरक्षित एवं बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्थापन गरेको छ।

यस खण्डमा विद्यालयको भौतिक पूर्वाधार विकासको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौतीहरू पहिचान गरी आगामी दश वर्षका लागि विद्यालयको भौतिक पूर्वाधार विकासका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ।

**वर्तमान अवस्था**

सामुदायिक विद्यालय तर्फ ११४ भवन रहेकोमा १० वटा पक्की भवन छन् । सामुदायिक विद्यालयमा छात्रा शौचालय भएका विद्यालयहरु ३, छात्र शौचालय १३  तथा महिला शिक्षक शौचालय ५ वटा छन् । खानेपानीको आफ्नै श्रोत भएका विद्यालय १३ वटा छन् । विपद तथा जोखिम व्यवस्थापनको तयारीका लागि स्थानीय पाठ्यक्रम मार्फत प्रारम्भिक कक्षा देखि नै विषयवस्तु समावेश गरिएको छ । यस पालिकाको २ वटा विद्यालयमा पुस्तकालय, १ वटा विद्यालयमा विज्ञान प्रयोगशाला, ३ विद्यालयमा कम्प्युटर प्रयोगशाला र ५ वटा विद्यालयमा इन्टरनेट पुगेको छ । अधिकांस विद्यालयमा पर्खाल तथा तारजाली सहितको घेरबार भएको छ भने केही विद्यालयमा प्रवेश गेट निर्माण हुने क्रममा रहेका छन् ।

विद्यालय पूर्वाधार विकाससँग सम्बन्धित निम्नलिखित चुनौतीहरू रहेका देखिन्छन् :

१. भौतिक पूर्वाधारको विकास र विस्तारमा स्थानीय तहको भूमिका ।
२. पूर्वाधार विकासकालाई गुणस्तरीय पारदर्शी एवं जवाफदेही बनाउनु ।
३. सुरक्षित विद्यालय पूर्वाधार विकास एवम् विस्तारका लागि मापदण्ड अनुसारको गुरु योजना विकास गर्नु ।
४. आवश्यक स्रोतको व्यवस्थापन गर्नु ।
५. पूर्वाधारहरूलाई बालमैत्रीअपाङ्गता र लैङ्गिक मैत्री बनाउनु । ,

**उद्देश्य**

१. सुरक्षित विद्यालय पूर्वाधारको आवश्यक मापदण्ड विकास र कार्यान्वयन गर्नु।
२. पूर्वाधारहरूलाई पारदर्शी एवं जवाफदेहीताका आधारमा  बालमैत्रीअपङ्गता र लैङ्गिकमैत्री बनाउने। ,

**रणनीतिहरू**

१. पूर्वाधार विकासका लागि विद्यालयको तह र विद्यार्थी  सङ्ख्याको आधारमा मापदण्ड विकास गरिनेछ।
२. विद्यालय पूर्वाधार विकासका लागि विभिन्न संघसंस्था एवं सरोकारवालाहरूसँग लागत साझेदारी गरिनेछ।
३. विद्यालयहरू निर्माण गर्दा कक्षाकोठा, शिक्षक, प्रधानाध्यापक तथा प्रशासनिक कक्ष, पानी, शौचालय, भान्सा वा खाजा घर लगायत सबैको योजना समावेश गरी डिजाइन गरिनेछ।
४. प्रकोपको सिकार भएका विद्यालय भवनलाई तुरून्त वैकल्पिक व्यवस्था गरी स्तरोन्नती गरिनेछ।
५. पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय निर्माणका लागि संस्थागत क्षमता अभिवृद्धि गरीने छ।
६. पूर्वाधार विकासका लागि विद्यालयको भौतिक सूचक तयार गरिनेछ।
७. आंसिक रुपमा क्षति भएका विद्यालका संरचनाको मर्मत सम्भार गरिनेछ।

**उपलब्धि, नतिजा तथा प्रमुख क्रियाकलापहरु तथा लक्ष्य**

**क) उपलब्धि**

सबै विद्यार्थीहरूलाई शुरक्षित र उपयुक्त भौतिक वातावरणमा अध्ययन गर्ने अवसर हुने।

**ख) नतिजा**

१. माग र आवश्यकताका आधारमा विद्यालय पूर्वाधार विकास एवम् विस्तारका लागि मापदण्ड अनुसारको १० वर्षे गुरु योजना तयार हुने।
२. पूर्वाधार विकासका लागि विद्यालयको तह र विद्यार्थी सङ्ख्याको आधारमा मापदण्ड विकास गरिनेछ।
३. पूर्वाधार विकासको लागि स्रोत र जिम्मेवारीको विन्यास सहित कार्यान्वयन प्रारूप विकास हुने।
४. पालिकाका सबै विद्यालयहरुमा आवश्यक भौतिक पूर्वाधार विकास र विस्तार हुने।
५. पूर्वाधार विकासका लागि विद्यालयको भौतिक सूचक तयार हुने।
६. विद्यालयमा अपाङ्गमैत्रीबालमैत्री तथा लैङ्गिक मैत्री भौतिक पूर्वाधार हुने। ,
७. सबै विद्यालयको क्षेत्रभित्र घेरबार र प्रवेश गेट निर्माण भएको हुने।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र सं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | भूकम्प प्रतिरोधी विद्यालय | ८ | सबै | सबै | सबै | सबै | सबै |
| २ | नयाँ निर्माण गर्नु पर्ने कक्षाकोठा सँख्या | ८० | आवश्यकतानुसार | आवश्यकतानुसार | आवश्यकतानुसार | आवश्यकतानुसार | आवश्यकतानुसार |
| ३ | सबलीकरण गर्नु पर्ने कक्षाकोठा सँख्या | ६० | आवश्यकतानुसार | आवश्यकतानुसार | आवश्यकतानुसार | आवश्यकतानुसार | आवश्यकतानुसार |
| ४ | नयाँ निर्माण गर्नु पर्ने शौचालय सँख्या | १८ | आवश्यकतानुसार | आवश्यकतानुसार | आवश्यकतानुसार | आवश्यकतानुसार | आवश्यकतानुसार |
| ५ | बाढी पहिरो लगायतका प्रकोप न्यूनीकरणका लागि कार्य गर्नु पर्ने विद्यालय सँख्या | केहि | आवश्यकतानुसार | आवश्यकतानुसार | आवश्यकतानुसार | आवश्यकतानुसार | आवश्यकतानुसार |

ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

*तालिका ४.५ विद्यालय भौतिक पूर्वाधार विकासकाप्रमुख क्रियाकलापहरू तथा लक्ष्य*

| क्र. सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (पहिलो ५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | भौतिक पूर्वाधार विकास योजना निर्माण | पटक | | १ | - | | - | १ | १ | गाउँपालिका |
| २ | नयाँ भौतिक संरचना निर्माण (भवन, शौचालय,घेरा बारा,खानेपानी) | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | संघ/प्रदेश/गाउँपालिका |
| ३ | निर्माण भएका संरचनाहरुको सम्बर्धन तथा मर्मत | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | गाउँपालिका |
| ४ | विज्ञ समुहद्वारा सम्पूर्ण विद्यालयको स्थलगत अध्ययन गर्ने, विनियोजित | विद्यालय | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | संघ/प्रदेश/गाउँपालिका |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | रकमको शिर्षक अनुसार कार्यान्वयन, अनुगमन तथा मूल्याङकन | | | | | | | | | |
| ५ | हामि बनाउछौं हाम्रो विद्यालय कार्यक्रम सञ्चालन | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | गाउँ पालिका |
| ६ | बालमैत्री, प्रविधिमैत्री र समतामुललक कक्षाकोठा व्यबस्थापन | विद्यालय कक्षाकोठा | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | गाउँ पालिका |
| ७ | नछोडौं विद्यालय परिसर खाली, बनाऔं वगैचा हरियाली कार्यक्रम | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | गाउँ पालिका |

**४.७विद्यालयमा सूचना तथा सञ्चार प्रविधि**

**परिचय**

सूचना प्रविधि भन्नाले ध्वनी, तस्विर, अक्षर तथ्यांकको रुपमा सूचनाहरुलाई विद्युतीय यन्त्रहरु कम्प्युटर तथा दुरसञ्चारको प्रविधिको प्रयोग गरि भण्डारण, सम्पादन, सम्प्रेषण संग्रह र प्रवाहलाई चिनिन्छ। २१ औ शताव्दीको युग सूचना र प्रविधिको युगमा परिभाषित भइसकेको छ। अबको शिक्षा विश्वव्यापिकरण, प्रतिस्पर्धात्मक तथा आधुनिकताले भरिपूर्ण हुन जरुरी छ। विश्वका शक्तिशाली राष्ट्रहरु विश्व बजारमा आफ्नो मानव संसाधनलाई कसरी शुरक्षित राख्ने र आफ्नो प्रविधिलाई कसरी विश्व बजारसामू अग्रपंक्तिमा पुर्याउने भन्ने होडमा रहेका छन्।

हालको कोभिड–१९ को विषम परिस्थितिमा सूचना प्रविधिको महत्व अझ बढेको छ। नेपाल सरकार शिक्षा मन्त्रालयले मिति २०७७/०२/१८ मा जारी गरेको वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका,

२०७७ का अनुसार वैकल्पिक प्रणाली भन्नाले कोभिड–१९ वा यस्तै प्रकारको विपद् वा महामारी जस्ता कारणले पठनपाठन गर्न कठिन भएको वा हुने अवस्थामा रेडियो, टेलिभिजन, अनलाइन, अफलाइन, परियोजना पाठहरु, स्वअध्ययन, दुर तथा खुल्ला शिक्षालगायतका वैकल्पिक माध्यम वा पद्धतिबाट अध्ययन अध्यापन सुचारु राख्ने विधि र प्रक्रियालाई सम्झनु पर्दछ। यस निर्देशिकाले पनि सूचना प्रविधिलाई विशेष जोड दिएको छ। वैकल्पिक प्रणालीबाट सिकाइ गर्न सूचना प्रविधिको अहम भूमिका रहेको होला।

शिक्षाको राष्ट्रिय नीति २०७६ को ४८ मा सूचना तथा संचार प्रविधिलाई शिक्षा प्रणालीको अंगको रुपमा एकीकृत गर्दै विद्यालय तथा शिक्षण संस्थामा प्रविधिको पूर्वाधार विकास गर्ने र शिक्षण सिकाइ प्रक्रियालाई सूचना प्रविधिमैत्री बनाउने नीति ल्याइएको छ।

शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुऱ्याइ डिजिटल भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइ सुधार गर्ने, सबैका लागि शिक्षामा पहुँच पुऱ्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूतिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई बढावा दिनु पर्दछ।

**वर्तमान अवस्था**

यस पालिकाले आ.ब. २०७७/०७८ मा स्मार्ट वोर्ड वा प्रोजेक्टर भएको ३ विद्यालय छन्। रुपनीमा ८ वटा विद्यालयमा विद्युतको पहुँच छ भने विज्ञान प्रयोगशाला, कम्प्युटर प्रयोगशाला तथा इन्टरनेट सुविधा भएका विद्यालयहरु क्रमशः १, ३ र ५ वटा रहेका छन्। आ.व. २०७७/०७८ मा ३ दिने विद्यालय जिन्सी लेखा तथा एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीको तालिम यस पालिकाले सञ्चालन गरेको थियो।

शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी निम्नलिखित चुनौतीहरू पहिचान गरिएको छ -

१. सबै विद्यालयहरूमा प्रविधि सम्बन्धी आधारभूत संरचना विस्तार गर्न ।
२. विस्तार गरिएका ईपुस्तकालयलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न ।-
३. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका लागि एकीकृत प्रणालीको विकास गर्न ।
४. प्रविधि सम्बन्धी उपकरणको व्यवस्था त्यसको सञ्चालन र प्रयोगका लागि क्षमता विकास गर्न ।
५. सबै विद्यालयलाई सहज हुने गरी शैक्षिक व्यवस्थापन सूचना प्रणाली तथा लेखा प्रणाली व्यवस्थित गर्न ।
६. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली मार्फत तथ्याङ्क अद्यावधिक गर्न ।
७. स्थानीय स्तरमा अडियोभिडियो सहितको अनलाइन तथा अफलाइन कक्षा सञ्चालन गर्न सरोकारवालको , सक्रियता बढाउने ।

**उद्देश्यहरू**

१. विद्यालय शिक्षालाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्ने ।
२. अपाङ्गता भएका व्यक्तिहरू लगायत सबैमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षामा पहुँच पुऱ्याउने ।

३. विद्यालयको व्यवस्थापन तथा तथ्याङ्क पद्धतिलाई पेपर लेस बनाउने।
४. शिक्षण सिकाइलाई गुणस्तरीय तथा प्रभावकारी बनाउनको लागि सुचना तथा प्रविधिको पहुँचका विस्तार गर्नु ।
५. विद्यालय तहको शासकीय प्रबन्धलाई प्रभावकारी बनाउन सुचना तथा प्रविधिको प्रयोमा वृद्धि गर्नु।
६. बालबालिकाहरुलाई आधुनिक सुचना तथा प्रविधिहरुको ज्ञान तथा सीपको अवसर प्रदान गर्नु।

**रणनीतिहरू**

१. सबै विद्यालयहरूमा प्रविधिसम्बन्धी आधारभूत संरचना विस्तार गरी उपकरणको प्रवन्ध गरिने।
२. शिक्षकहरूको क्षमता विकास गरी स्वयंसेवक शिक्षक सेवा प्रवेशका लागि आधारभूत सूचना तथा सञ्चार प्रविधिको सीप अनिवार्य गरिनेछ।
३. विभिन्न कक्षा र विषयका लागि अन्तरक्रियात्मक डिजिटल सामग्री विकास गरीनेछ।
४. सूचना तथा सञ्चार प्रविधमा आधारित अनुगमन तथा मूल्याङ्कन पद्धतिको विकास गरिनेछ।
५. अपाङ्गता भएका व्यक्तिहरू लगायत सबैमा सूचना तथा सञ्चार प्रविधमा आधारित शिक्षामा पहुँच पुऱ्याउने ।
६. विद्यालयको समग्र व्यवस्थापन तथा तथ्याङ्क पद्धतिलाई पेपर लेस बनाउने।
७. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई मासिक रुपमा अद्यावधिक गरिनेछ।
८. विद्युत्तीय पुस्तकालयलाई वार्षिक रुपमा अद्यावधिक गरिनेछ।
९. सामुदायिक सिकाइ केन्द्रमा सूचना तथा सञ्चार प्रविधको विकास गरिनेछ।

**नतिजा, क्रियाकलाप तथा लक्ष्य**

**क) उपलब्धि**

समुदाय तथा विद्यालयमा सूचना तथा सञ्चार प्रविधिमैत्री बातावरण निर्माण भइ विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार ल्याइ सुशासन प्रवर्धन हुने।

**ख) नतिजा**

१. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका लागि अगुवा विद्यालय विकास गरि एक पूर्णकालीन ICT शिक्षक व्यवस्थापनडिजिटल ल्याव स्थापना सञ्चालन हुने। ,
२. विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भई सबैको पहुँच पुग्ने।
३. स्थानीय स्तरमा अडियो भिडियो सहितको अनलाइन तथा अफलाइन कक्षा सञ्चालनका लागि प्रत्येक विद्यार्थीको हातमा भिडियो प्लेयर वा Android फोन का साथै पेनड्राइभ हुने।
४. विद्यालयको तथ्याङ्क पद्धति पूर्ण पेपर लेस हुने।
५. प्रत्येक वडामा एक फ्रि वाईफई चौतारी निर्माण गर्ने।-
६. शिक्षकहरूको क्षमता विकास गरी स्वयंसेवक शिक्षक सेवा प्रवेशका लागि आधारभूत सूचना तथा सञ्चार प्रविधिको सीप अनिवार्य गरिनेछ।
७. सामुदायिक सिकाइ केन्द्रमा सूचना तथा सञ्चार प्रविधको प्रयोगमा  विस्तार हुने।
८. सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन हुने।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | इन्टरनेट जडान भएका विद्यालयको सङ्ख्या | सबै | सबै | सबै | सबै | सबै | सबै |
| २ | शिक्षण-सिकाइ क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधिको उपयोग भएका विद्यालय सङ्ख्या | ८ | ५ | ५ | २ | १ | १ |
| ३ | मुख्य विषयमा डिजिटल पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | ४ | ५ | ५ | ५ | २ | १ |
| ४ | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने विद्यालय सङ्ख्या | ६ | ५ | ५ | ३ | १ | २ |
| ५ | विद्युत्को पहुँच पुगेका विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | | | | | | |

ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

*तालिका ४.६ शिक्षामा सूचना र प्रविधिका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य*

| **क्र.सं.** | **प्रमुख क्रियाकलापहरु** | **इकाइ** | **भौतिक लक्ष्य) ५ वर्ष(** | | | | | **भौतिक लक्ष्य (१० वर्ष)** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | **१** | **२** | **३** | **४** | **५** | | |
| १ | प्रविधिसम्बन्धी आधारभूत संरचना विस्तार | संख्या | | १ | १ | | २ | १० | संघ/ प्रदेश/ गाउँपालिका |
| २ | पूर्णक ालीन ICT शिक्षक व्यवस्थापन ,डिजिटल ल्याव स्थापना | संख्या | | | १ | | | २ | प्र / .स्थानीय |
| ३ | कक्षाकोठामा प्रविधिको प्रयोग | संख्या | १ | १ | १ | १ | १ | १० | विद्यालय |
| ४ | ई-पुस्तकालय आद्यावधिक र विस्तार | संख्या | | | | १ | | २ | गाउँपालिका |
| ५ | विद्यार्थीको हातमा भिडियो प्लेयर वा Android फोन का साथै पेनड्राइभको पहुच | प्रतिशत | | ५ | | १० | १५ | ४० | संघ/ प्रदेश/ गाउँपालिका |
| ६ | शिक्षकहरूको क्षमता विकास | निरन्तर | | | | | | | गाउँपालिका |
| ७ | सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन | निरन्तर | | | | सबै | | सबै | गाउँपालिका |

# परिच्छेद पाँच:  सुशासन तथा व्यवस्थापन

## परिचय

शिक्षा पद्धतिमा निणर्य तथा कार्यान्वयनको समग्र प्रक्रियाले शासकीय प्रबन्धलाई जनाउँदछ। शासकीय प्रवन्धमा संरचना तथा प्रक्रिया दुवै पर्दछन्। विद्यालय क्षेत्रको यो योजनाका सन्दर्भमा शासकीय प्रवन्ध अन्तर्गत योजनाको प्रभावकारी ढङ्गले तथा कुशलतापूर्वक कार्यान्वयन गरि बालबालिकाको सहभागिता र सिकाइमा सुधार गर्न आवश्यक संरचना, भूमिका तथा कार्य प्रक्रिया समावेश हुन्छन्। यस्ता संरचना तथा कार्य प्रक्रियाहरूले सहभागिता तथा सहमतिमा निणर्य गर्नु तथा निणर्य कार्यान्वयन गर्नु, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित हुनु, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायी हुनु, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्नु, विद्यार्थीको सिकाइप्रति जवाफदेही भई पारदर्शी हुनु र विधिको सर्वोच्चता तथा समतालाई प्रोत्साहन गरि सुशासनको प्रत्याभूति गर्नुपर्दछ। शिक्षामा स्थानीय सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारहरूको भूमिका रहने भएकाले भूमिका अनुसार सुशासन कायम गर्न यी सबैको योगदान रहेको छ।

शिक्षा क्षेत्रको योजना कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचना सहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु पर्दछ। सुशासन तथा व्यवस्थापन सम्बन्धी योजनाका उद्देश्य, अपेक्षित नतिजा र कार्यक्रमको स्वरूप, संवैधानिक प्रावधान अनुसारको संघीय संरचनामा विभिन्न तहका सरकारको दायित्व तथा ज्ञान, प्रविधि, मूल्यमान्यता र दृष्टिकोणमा आएको परिवर्तनलाई विचार गर्नु पर्दछ। नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तह गरि तीन तहका सरकारका एकल र साझा अधिकारका सूची सहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था भएको छ। यस सन्दर्भमा संविधानमा संघीय एकाइहरूका लागि एकल र साझा अधिकार तथा दायित्वको रूपमा विषयहरू प्रस्तुत भएका सन्दर्भमा एकल अधिकार मूल रूपमा प्रभावी भई साझा अधिकार परिपूरक वा सम्पूरक भएर आउँछ भन्ने विषयलाई ध्यान दिनका साथै शिक्षामा विशिष्टीकृत प्रकृतिका कार्यको सञ्चालन तथा व्यवस्थापनका लागि विशेष प्रबन्धको आवश्यकतालाई पनि विचार गर्नु पर्दछ। त्यसै गरि योजना कार्यान्वयन तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग, समता र समावेशिताको प्रवर्धन, नतिजाप्रतिको जिम्मेवारी र उत्तरदायित्व जस्ता पक्षहरूलाई प्राथमिकता दिनु पर्दछ। यस परिच्छेदमा सुशासन प्रवर्धन गरी शिक्षा क्षेत्रमा यस १० वर्षे शिक्षा क्षेत्रको योजना कार्यान्वयनबाट अपेक्षित नतिजा हासिल गर्नका लागि आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीका सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरीएको छ। वर्तमान अवस्थाको समीक्षाका आधारमा यस योजनाका अपेक्षित नतिजा प्राप्तिका लागि प्रस्तावित कार्यक्रमहरूको कुशल तथा प्रभावकारी कार्यान्वयन गर्नका लागि आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको स्वरूप प्रस्तुत गरिएको छ।

## ५१ संस्थागत संरचना र क्षमता विकास.

### परिचय

बदलिदो परिवेश अनुसार शासकीय संरचना, प्रक्रिया र क्षमता सुधार गरिएमा शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले संघीय सरचनाअनुसार स्थानीय सरकारका अधिकार तथा दायित्व; शिक्षामा भएको सङ्ख्यात्मक विस्तार, ज्ञान, विज्ञान, प्रविधि र सञ्चारमा भएको विकास, सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत बिचार गरेर संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु आवश्यक देखिएको छ। यसमा योजनाका प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तरमा सुधार, अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार;प्रकोप तथा महामारीको अवस्थामा सिकाइ र समता तथा समावेशिताको प्रवर्धनसहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्ने प्रयास गरिएको छ भने त्यसका लागि आवश्यक पर्ने जनशक्ति तथा क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ। यस खण्डमा सुशासन प्रवर्धन गरी शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयनका लागि विद्यमान पद्धतिको समीक्षा गरी यस विद्यालय क्षेत्रको योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना, क्षमता र प्रक्रियामा देखिएका चुनौतीहरू पहिचान गरिएको छ। पहिचान गरीएका चुनौतीहरू सामना गरी सुशासन प्रवर्धन गर्नका लागि आवश्यक संरचना, क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको लागि तयार गरिएको छ।

### वर्तमान अवस्था

शिक्षा क्षेत्रको विकासका लागि हाल संघमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ। मन्त्रालय अन्तर्गत केन्द्रीय तहमा विभागीय रुपमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन्। त्यसैगरी स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग क्रियाशील रहेका छन्। यसैगरी प्रदेश तहमा सामाजिक विकास मन्त्रालय मार्फत शिक्षा, शिक्षा विकास निर्देशनालय र प्रत्येक प्रदेशमा शिक्षा तालिम केन्द्र रहेका छन् भने स्थानीय तहमा शिक्षा विकास तथा समन्वय इकाइ, प्रत्येक पालिकामा शिक्षा शाखाको व्यवस्था रहेको छ। पालिका स्तरमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐनले तोकिए बमोजिमको २३ ओटा कार्यहरु कार्यान्वयनमा रहेका छन्।

### उद्देश्य

यस योजनामा सुशासन तथा व्यवस्थापनका लागि संस्थागत संरचना र क्षमता विकाससम्बन्धी उद्देश्यहरू निम्नअनुसार रहेका छन्ः

१. विद्यार्थीको सिकाइ उपलब्धिको न्यून नतिजा सम्बोधनको लागि स्थानीय तहमा गुणस्तर अभिवृद्धि गर्ने संरचना र जनशक्तिको व्यवस्था गर्ने

२. विद्यालय शिक्षा क्षेत्रका शैक्षिक गतिविधिहरुको समन्वय, सहअस्तित्व र सहकार्यको प्रत्याभूतिका लागि संयन्त्र र संस्थागत व्यवस्था गर्ने

३. समता तथा समावेशितालाई प्रोत्साहन गरी शिक्षामा सुशासन व्यवस्था गर्ने

४. विद्यालयमा जनशक्ति, संरचना र संयन्त्रको क्षमता अभिवृद्धि गर्ने

५. शिक्षा सेवा सम्बन्धि कार्य सम्पादनप्रति उत्तरदायी तथा नतिजाप्रति जवाफदेही सहितको विद्यालय शिक्षाको सुशासनमा अभिवृद्धि गर्नु ।

६. विद्यालयको ब्यवस्थापनका कार्यरत टिमको क्षमता विकासमा अभिवृद्धि गर्नु ।

**रणनीतिहरू**

१. विद्यार्थीको सिकाइ उपलब्धिको न्यून नतिजा सम्बोधनको लागि स्थानीय तहमा गुणस्तर अभिवृद्धि गर्न भौतिक तथा सांगठानिक संरचनाको सुधार गर्ने र पर्याप्त र तालिम प्राप्त जनशक्तिको व्यवस्थापनमा जोड दिने

२. विद्यालय शिक्षा क्षेत्रका शैक्षिक गतिविधिहरुको समन्वय, सहअस्तित्व र सहकार्यको प्रत्याभूतिका लागि नीतिगत र प्रणालीगत संयन्त्रको विकास र कार्यान्वयन गर्ने र संस्थागत व्यवस्थाका लागि आवश्यक भौतिक पूर्वाधार, जनशक्ति, वित्त व्यवस्थापन र नीति नियम निर्माण गरी कार्यान्वयन गर्ने

३. समता तथा समावेशितालाई प्रोत्साहन गर्नका लागि आवश्यक पर्ने नीतिगत तथा कानूनी व्यवस्था गरी कार्यान्वयनमा ल्याउने र शिक्षामा सुशासन व्यवस्था गर्नका लागि पारदर्शिता, जवाफदेहीता, नियमको पालना, कुशल नेतृत्व तथा सूचना सम्प्रेषणका लागि पद्धतिको विकास गरी कार्यान्वयन गर्न जोड दिने

४. विद्यालयका दक्ष जनशक्ति व्यवस्थापनका लागि पेशागत योग्यता र तालिमको व्यवस्था गर्नुका साथै भौतिक तथा सांगठानिक संरचनाको निर्माण गर्ने र संयन्त्रको क्षमता अभिवृद्धि गर्नमा जोड दिने

**उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य**

**क) उपलब्धि**

शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीमा विकास भएको हुने।

**ख) प्रमुख नतिजाहरू**

१. स्थानीय तहको शिक्षाको शासकीय तथा व्यवस्थापकीय कार्यका लागि संयन्त्र, संरचना र जनशक्ति तयार हुने

२. स्थानीय सरकार, शिक्षाको शासकीय स्वरुप र विद्यालयको जिम्मेवारी, भूमिका, कर्तव्य, दायित्व र अधिकार सुनिश्चित हुने

३. शैक्षिक निकाय र जनशक्तिको दक्षता प्रवर्धन गर्ने संयन्त्र निर्माण हुने र उक्त संयन्त्रले क्षमता सुधार गर्ने

४. शिक्षा सेवा प्रवाह सहभागितामूलक, कार्यसम्पादनमुखी, शिक्षार्थीको सिकाइप्रति जवाफदेही, समतमूलक तथा समावेशिताको सिद्धान्तमा कार्यसम्पादन उद्देश्यमूलक र प्रभावकारी हुने

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक विद्यालयमा नेतृत्व तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सँख्या | ० | २ | २ | ५ | ५ | ५ |
| २ | आधारभूत तहको विद्यालयमा नेतृत्व विकास तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सँख्या | ० | ४ | ७ | १० | १३ | १५ |
| ३ | लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्ने विद्यालय सँख्या | सबै | सबै | सबै | सबै | सबै | सबै |
| ४ | विद्यालय व्यवस्थापन समिति भएका विद्यालय सँख्या | सबै | सबै | सबै | सबै | सबै | सबै |
| ५ | प्रचलित कानूनमा व्यवस्था भए बमोजिम प्रधानाध्यापक तथा प्राचार्य नियुक्त गर्ने माध्यमिक विद्यालय सँख्या | ० | १ | २ | १ | सबै | सबै |

ग) प्रमुख क्रियाकलाप र लक्ष्य

*तालिका ५.१ संस्थागत संरचनाका लागि प्रमुख क्रियाकलाप र लक्ष्य*

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य) ५ वर्ष( | | | | | भौतिक लक्ष्य) १० वर्ष( | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | आवश्यक कानूनी प्रवन्ध र मापदण्ड विकास | संख्या | १ | १ | २ | ३ | ३ | २० | स्थानीय तह |
| २ | सूचना प्रणाली सुधार तथा सुदृढीकरण | पद्धति | सबै | सबै | सबै | सबै | सबै | सबै | स्थानीय तह |
| ३ | प्र.अ.लाई कार्यसम्पादन करार गरी जिमवेवार वनाउने | संख्या | सबै | सबै | सबै | सबै | सबै | सबै | स्थानीय तह |
| ४ | शिक्षक तथा विद्यालय शिक्षा प्रणालीलाई सिकाइप्रति उत्तरदायी बनाउने | पद्धति | सबै | सबै | सबै | सबै | सबै | सबै | स्थानीय तह |
| ५ | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइसम्बन्धी संयन्त्र विकास | संयन्त्र वडा संख्या | सबै | सबै | सबै | सबै | सबै | सबै | स्थानीय तह |
| ६ | विद्यालय स्वास्थ्य, पोषण, सरसफाइ तथा स्वच्छता, विपत तथा महामारी सम्बन्धी सेवा तथा समन्वय संयन्त्रको विकास | संयन्त्र | सबै | सबै | सबै | सबै | सबै | सबै | स्थानीय तह र विद्यालय |
| ७ | शिक्षासम्बन्धी कार्यको लागि स्थानीय तहको जनशक्ति तथा | संरचना | १ | ३ | | ५ | ५ | २० | स्थानीय तह |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | संरचनाको क्षमता विकास गर्ने | | | | | | | | |

## ५२. स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### परिचय

कुनै पनि योजनाको प्रभावकारी कार्यान्वयनको निमित्त व्यवस्थित, नीतिगत, प्रणालीगत र वैज्ञानिक प्रबन्धको खाँचो पर्दछ। योजना निर्माण, संगठन, नियन्त्रण, निर्देशन, नेतृत्व प्रदान जस्ता तत्वहरुले योजना कार्यान्वयनको प्रबन्धमा महत्वपूर्ण भूमिका खेल्दछन्। यसै गरी शिक्षा क्षेत्रको योजना कार्यान्वयन गर्न पनि उल्लेखित तत्वहरुले प्रभाव पार्दछन्। शिक्षा क्षेत्रको योजना कार्यान्वयनको प्रबन्ध प्रभावकारी भएमा अपेक्षित उपलब्धि प्राप्त गर्न सकिन्छ।

अपेक्षित नतिजा तथा उपलब्धि हासिल गर्न कार्यान्वयनको उपयुक्त व्यवस्था हुनु आवश्यक छ। योजना कार्यान्वयन प्रबन्धमा सङ्गठन, निर्देशन, नियन्त्रण, संयन्त्र, जनशक्ति, नीति नियम ,कानुन तथा मापदण्ड सहितको जिम्मेवारी र उत्तरदायित्व रहन्छन्

नेपालमा संघीय व्यवस्था अनुसार संघ, प्रदेश र स्थानीय तहको संरचना तयार भई स्थानीय तहमा केही कानुनी प्रबन्ध सहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण गरीएको छ। त्यसैले कार्यान्वयन प्रबन्ध र सम्पादनका लागि आवश्यक संयन्त्रको विकास हुनु जरुरत छ। कार्यान्वयन प्रबन्ध तयार गर्दा दीगोपन, कार्यकुशलता, प्रभावकारितामा ध्यान दिनु पर्दछ। कार्यान्वयन प्रबन्धको समग्र पक्षलाई समावेश गरी स्थानीय तह र विद्यालय अन्तर्गत योजना कार्यान्वयनको प्रबन्धको प्रक्रिया इङ्गित गरिएको छ।

### वर्तमान अवस्था

मुलुक संघीय संरचनाको ढाँचामा रुपान्तरण भएसँगै नयाँ चिराबाट योजना कार्यान्वयनको प्रवन्ध गर्नु पर्ने कानूनी व्यवस्था छ। शिक्षा क्षेत्रमा पनि यसै अनुसार संरचनात्मक रुपान्तरण गर्नुपर्ने हुन्छ। संघमा रहेको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले समग्र शिक्षा नीति तथा योजना तर्जुमा, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय तथा अन्य विषयगत मन्त्रालय, विकास साझेदारहरूसँग समन्वय तथा सहकार्य गर्दछ। स्थानीय तहमा शिक्षा महाशाखा/शाखा रहेका छन्। विद्यालयमा विद्यालय व्यवस्थापन समिति रहनुका साथै शिक्षक मध्ये एक जनालाई प्रधानाध्यापक नियुक्त गरी विद्यालय सञ्चालनको जिम्मेवारी दिइएको छ।

स्थानीय तहमा कार्यसम्पादन गर्नका लागि परिवर्तन गरीएको उल्लिखित सङ्गठन संरचना तथा जनशक्ति व्यवस्थापन विद्यालय शिक्षामा सुशासन कामय गरी कुशल व्यवस्थापनका लागि पर्याप्त नदेखिएको सन्दर्भलाई विचार गर्दा यस योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि वर्तमान प्रबन्धमा परिमार्जन तथा सुधार आवश्यक देखिएको छ। हालको संरचनामा देखिएका केही समस्या तथा चुनौतीहरू निम्न अनुसार छन् -

१. स्थानीय शिक्षक सहायता पद्धति विकास गर्नु
२. शिक्षक तालिमको क्षमता विस्तार गर्नु।
३. स्थानीय तहमा जनशक्ति अभावले विद्यालयका लागि सहयोग तथा अनुगमन प्रणाली व्यवस्थित गर्न र सङ्गठन तथा दरवन्दी पुनरावलोकन गर्नु।

४. विद्यालय शिक्षाका सन्दर्भमा स्थानीय तहको भूमिका तथा कार्य विवरण स्पष्ट गर्नु पर्ने
५. संघ, प्रदेश र स्थानीय तहको बजेटलाई एकीकृत गरी स्थानीय तहमा शिक्षा योजना निर्माण गर्नु।
६. संघ, प्रदेश तथा स्थानीय तहहरूवीच समन्वय र सहकार्य सुदृढ गर्ने,

**योजना कार्यान्वयनको प्रबन्ध**

योजनाको कार्यान्वयनको मुख्य थलो विद्यालय भएकाले विद्यालयमा कार्यान्वयनको उपयुक्त प्रवन्धका साथै स्थानीय तहले विद्यालयको क्रियाकलापहरुमा नियमित अनुगमन तथा कार्यान्वयनमा आवश्यकता अनुसार सहयोग, समन्वय र सहकारी गर्नु पर्दछ। स्थानीय तहमा शिक्षा क्षेत्रको समग्र योजना कार्यान्वयन प्रक्रियाका लागि निम्न लिखित प्रवन्ध गर्नु पर्दछ।

**स्थानीय तह**

१. स्थानीय तहले संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरण मार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने।
२. स्थानीय तहको शिक्षा शाखाको क्षमता विकास गरी कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार समितिहरू निर्माण गर्ने।
३. स्थानीय तहले कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने छन्।
४. कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार रुपनी गाउँपालिका गाउँपालिकाले कानुन, मापदण्ड र निर्देशिका विकास गर्ने।
५. स्थानीय तहले एकीकृत शैक्षिक सूचना व्यवस्थापन मार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने, योजना निर्माणको आधारका रूपमा प्रयोग गर्ने र संघीय तथा प्रदेशमा समेत आवश्यक विवरण सहजै प्राप्त हुने सुनिश्चितता गर्ने।
६. स्थानीय तहले sशिक्षण सिकाइमा आवश्यक सहयोग तथा आदान प्रदानका लागि पालिका स्तरमा शिक्षक तथा विज्ञ समूह सम्मिलित शिक्षक सहायता प्रणाली विकास तथा सञ्चाल गर्ने।

**विद्यालय**

१. विद्यालयले विद्यालय सुधार योजना तयार गरी सालवसाली अद्यावधिक गर्ने।
२. संघ, प्रदेश, स्थानीय तह र विद्यालयको आफ्नै आम्दानीबाट प्राप्त बजेट समावेश गरी निर्धारित वार्षिक कार्यक्रमलाई विद्यालय व्यवस्थापन समितिले कार्यान्वयन गर्ने।
३. व्यवस्थापन तथा निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाइने।
४. विद्यालयले वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, अभिलेखीकरण, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चितता सम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागू गर्ने।

५. विद्यालयले अभिभावक र सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने।

६. स्थानीय सरकारका सम्बन्धित इकाइहरू, समुदाय र गैरसरकारी संस्थाको सहकार्यमा बालबालिकाका लागि पौष्टिक आहार, सरसफाइ र विपत्तिको व्यवस्थापन समबन्धी सीप प्रदान गर्न क्रियाशील संरचना तयार गर्ने।

७. विद्यालयले विद्यार्थीलाई विषयगत सिकाइ, अतिरिक्त क्रियाकलाप, सामुदायिक कार्यमा सहभागिताका लागि आवश्यक जिम्मेवारी तथा कार्ययोजना तयार गर्ने।

**समुदायिक सिकाइ केन्द्र**

१. सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न व्यवस्थापन समिति गठन गर्ने।

१. वित्तीय व्यवस्थापनका आधारमा व्यवस्थापन समितिले वार्षिक योजना निर्माण गरी कार्यान्वयनको व्यवस्था मिलाउने।

२. साले विषयगत स्थानीय तहका इकाइहरू .के.सि., समुदाय, गैर सरकारी संस्था र सामुदायिक संस्थासँग आवश्यकता अनुसार सहकार्य गरी कार्यक्रमहरू सञ्चालन गर्ने।

तत्कालीन उपलब्धि

**तालिका ७ ,१ योजनाको समग्र नतिजा.नतिजा खाका अपेक्षित प्रभाव तथा उपलब्धिहरू**

| क्र.सं. | उपलब्धि | नतिजा सूचक | स्रोत तथा तरिका |
|---|---|---|---|
| १ | निशुल्क तथा अनिवार्य आधारभूत शिक्षाको पूर्ण कार्यान्वयन | ● प्रमुख कार्य सम्पादन सूचकहरु,<br>● कार्यक्रम नतिजा सूचकहरु | ● एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली,<br>● वार्षिक स्थिति, अनुगमन, प्रगति प्रतिवेदन,<br>● वार्षिक परीक्षको नतिजा विष्लेषण |
| २ | पोषणयुक्त दिवा खाजा | | |
| ३ | धुम्ती पुस्तकालय सञ्चालन | | |
| ४ | स्थानीय पाठ्यक्रम कार्यान्वयन | | |
| ५ | निरक्षरहरुको विवरण संकलन | | |
| ६ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विकास | | |
| ७ | विद्यालयको मर्मत सम्भार | | |
| ७ | ईपुस्तकालय- अद्यावधिक र विस्तार | | |

**मध्यकालीन उपलब्धि**

| क्र.सं. | उपलब्धि | नतिजा सूचक | स्रोत तथा तरिका |
|---|---|---|---|
| १ | स्नातक तहको अध्ययन | • प्रमुख कार्य सम्पादन सूचकहरु,<br>• कार्यक्रम नतिजा सूचकहरु | • एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली,<br>• वार्षिक स्थिति, अनुगमन, प्रगति प्रतिवेदन,<br>• वार्षिक परीक्षको नतिजा विश्लेषण |
| २ | प्राविधिक धारको स्तर उन्नती | | |
| ३ | स्वयम् सेवक शिक्षक तयारी | | |
| ४ | जीवनपर्यन्त सिकाइका लागि सामग्री विकास | | |
| ५ | वर्गीय आधारमा छात्रवृत्ति वितरण | | |
| ६ | आवासीय विद्यालय मार्फत छात्रवृत्ति | | |
| ७ | User Manual समेतको प्राथमिक उपचार बाकस | | |
| ८ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विकास | | |

**दीर्घकालीन उपलब्धि**

| क्र.सं. | उवपलब्धि | नतिजा सूचक | स्रोत तथा तरिका |
|---|---|---|---|
| १ | सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गरीने। | • प्रमुख कार्य सम्पादन सूचकहरु<br>• कार्यक्रम नतिजा सूचकहरु | • एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली<br>• वार्षिक स्थिति प्रतिवेदन<br>• वार्षिक अनुगमन प्रतिवेदन<br>• विभिन्न तहमा वार्षिक प्रगति प्रतिवेदन |
| २ | अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा प्रविधियुक्त पहुँच , सहभागिता र गुणस्तर अभिवृद्धि हुने। | | |
| ३ | माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने। | | |
| ४ | शुरक्षित र उपयुक्त भौतिक पूर्वाधार सहितको उच्च शिक्षामा अध्ययन गर्ने अवसर हुने। | | |

| | | | |
|---|---|---|---|
| ५ | विद्यालय तहमा रहेको आधारभूत तहको स्थानीय पाठ्यक्रम सान्दर्भिक तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भई दैनिक जीवनका लागि आवश्यक व्यवहार कुशल तथा जीवनोपयोगी सीपहरू समावेश हुने स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञान ,सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरीक तयार गर्न सहयोग हुने। | | ● वार्षिक परीक्षको नतिजा विष्लेषण |
| ६ | प्रविधिमैत्रीक्षमतावान् र सक्षम , शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार हुने। | | |
| ७ | सबै नागरीकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त हुने। | | |
| ८ | विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा निश्चित हुने। | | |
| ९ | विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, स्वच्छ खानेपानी तथा सरसफाइ प्रति सचेत हुने। | | |
| १० | आर्थिक  अभावका कारणले कुनैपनि बालबालिका शिक्षाको अवसरबाट बञ्चित नहुने। | | |
| ११ | हरेक परिस्थितिमा बालबालिकाको सुरक्षा सहित शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गरीने। | | |
| १२ | सबै विद्यार्थीहरूलाई शुरक्षित र उपयुक्त भौतिक वातावरणमा अध्ययन गर्ने अवसर हुने। | | |
| १३ | समुदाय तथा विद्यालयमा सूचना तथा सञ्चार प्रविधि मैत्री वातावरण निर्माण भई विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार ल्याइ सुशासन प्रवर्धन हुने। | | |

| | | | |
|---|---|---|---|
| १४ | शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीमा विकास हुने। | | |
| १५ | प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका समस्या तथा चुनौतीहरु सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल हुने र आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुने। | | |

## परिच्छेद छ: लगानी र स्रोत व्यवस्थापन

### परिचय

आर्थिक तथा सामाजिक परिवर्तनका लागि शिक्षाको भूमिका अहम हुन्छ। सभ्य समाज र समृद्ध राष्ट्र निर्माणका लागि व्यक्ति, समुदाय र सरकारले बालबालिकाको शिक्षामा प्राथमिकताका साथ लगानी गर्नु आवश्यक छ।दक्ष, सीपयुक्त र गुणस्तरीय मानव संसाधनको विकास गर्न नै शिक्षामा लगानी गरिएको हो।शिक्षामा गरिने लगानीले व्यक्ति, समाज र राष्ट्रको दीर्घकालीन विकासका लागि सहयोग गर्दछ।

राष्ट्रिय आकांक्षालाई मध्यनजर गर्दै नेपाल सरकार र समुदायबाट विगत केही दशकदेखि शिक्षा क्षेत्रमा लगानीलाई विस्तार गरीएको छ।शिक्षामा गरीने लगानीले समाजको आकांक्षा, आवश्यकता, मान्यता र दीगो विकासको लक्ष्यका लागि कार्य गर्नु पर्दछ। संवैधानिक व्यवस्था बमोजिम विद्यालय शिक्षा सञ्चालनको मूल जिम्मेवारी स्थानीय तहको भए तापनि शिक्षा साझा सूचीको विषय रहेकोले शिक्षाको वित्तीय व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहका साथै समुदाय र नीजिक्षेत्रको समेत साझेदारी आवश्यकता पर्दछ।
शिक्षामा आवश्यक पर्ने स्रोत पहिचान गरी तिनलाई एकीकृत गर्नु र उपयुक्त तरिकाले वितरण तथा उपयोग गर्नु शिक्षामा लगानीको प्रबन्धका लागि ध्यान दिनु पर्ने महत्वपूर्ण पक्ष हुन्।शिक्षामा आवश्यक पर्ने वित्तीय स्रोत जुटाउने, स्रोतको विनियोजन गर्ने, विनियोजित स्रोतको प्रवाह गर्ने र उपलब्ध स्रोतको उपयोग गर्ने भन्ने विषयमा ध्यान पुग्दछ।

यस सन्दर्भमा शिक्षा क्षेत्रको यो योजना कार्यान्वयनका लागि लगानी तथा स्रोत व्यवस्थापन सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरी यसमा देखिएका चुनौतीहरू उल्लेख गरीएको छ।पहिचान गरीएका चुनौतीहरूको सामना गर्दै वित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि यसका उद्देश्य तथा रणनीतिहरू प्रस्तुत गरी स्रोतको आकलन तथा लगानीका क्षेत्र र लागत अनुमान गरिएको छ।

### वर्तमान अवस्था

रुपनी गाउँपालिकाको आ.व. २०७७/७८ को कूल बजेट बाट शिक्षा क्षेत्रमा कार्यक्रम तथा परियोजन कार्यन्वयनमा नियमित बजेट विनियोजन गरि शिक्षाका विभिन्न क्रियाकलापहरू संचालन गर्दै आएको छ। शिक्षामा लगानी बढाउनु पर्छ भन्ने विषयमा सैद्धान्तिक रूपमा राजनीतिक तहमा र नेपालका नीतिगत दस्तावेजहरूमा सहमति देखिन्छ।सबैको धारणा लगानी बढाउने कुरामा एकै हुनुलाई लगानी वृद्धि गर्ने प्रयासको महत्वपूर्ण आधार मान्न सकिन्छ।नेपालका सबैजसो राजनीतिक दलको राष्ट्रिय तहको चुनावी घोषणापत्रमा कूल राष्ट्रिय बजेटको कम्तीमा २० प्रतिशत शिक्षामा लगानी गरीने कुरा उल्लेख गरिएको छ।

### शिक्षामा राज्यको लगानीको अवस्था

नेपालमा वि. सं. २०४९/५० मा शिक्षामा राज्यको लगानी कूल राष्ट्रिय बजेटको करिब ८.५ प्रतिशत मात्र रहेकोमा सबैको लागि शिक्षा अभियान (सन् १९९० को दशक) सँगै आ.व. २०६७/६८ मा आइपुग्दा यो प्रतिशत १७.१ पुगेको थियो।कूल गार्हस्थ उत्पादनसँग शिक्षा क्षेत्रको बजेट तुलना गर्दा वि सं. २०५५ देखि २०७५ सम्मको

अवधिमा नेपाल सरकारको शिक्षामा लगानी कूल गार्हस्थ उत्पादनको औसत ३.७ प्रतिशत रहेको थियो।विगत एक दशक अवधिमा सरकारबाट कूल राष्ट्रिय बजेटको औसत १३.२ प्रतिशत बजेट शिक्षा क्षेत्रमा लगानी भएको पाइन्छ। उल्लिखित जानकारी तथा विश्लेषणको आधारमा देहाय बमोजिमका चुनौतीहरू पहिचान गरीएको छ -

१. शिक्षासम्बन्धी अन्तर्राष्ट्रिय परिवेश, स्थापित मूल्य र मान्यता, संवैधानिक प्रत्याभूति, राज्यले अख्तियार गरेका नीतिलाई उचित रूपमा सम्बोधन गर्न विद्यालय शिक्षा क्षेत्रमा लगनी वृद्धि र दीगो स्रोत व्यवस्थापन गर्ने।

२. संघीय संरचनाअनुसार संघ, प्रदेश र स्थानीय तह विचको शिक्षाको लगानी मापदण्ड र बित्तीय स्रोत हस्तान्तरणको उपयुक्त माध्यम निर्धारण गरी तीनै तहका सरकारलाई शिक्षामा लगानीको लागि जिम्मेवार बनाउने।

३. संवैधानिक मार्गदर्शन तथा नीति अनुरूप निजी क्षेत्रबाट शिक्षामा गरीने लगानीको व्यवस्थापन र स्वरूप निर्धारण गरी सार्वजनिक सेवा, सामाजिक दायित्व वा सेवामूलक व्यवसायको रूपमा विकास गर्ने।

४. प्राविधिक तथा व्यावसायिक शिक्षामा विद्यार्थी अनुपात बनाउने सरकारको प्रतिवद्धता कार्यान्वयन गर्न आवश्यक पर्ने वित्तीय स्रोत पहिचान र परिचालन पद्धति सुनिश्चित गर्ने।

५. वैदेशिक सहायता प्राप्ति, परिचालन, घट्दै गएको वैदेशिक सहायतालाई बढाउन र त्यसको दीगोपना सुनिश्चित गर्ने।

६. आधुनिक प्रविधि विशेष गरी सूचना तथा सञ्चार प्रविधिमैत्री शिक्षण सिकाइ सञ्चालन गर्न आवश्यक स्रोतको व्यवस्था गर्ने।

७. शिक्षा क्षेत्रका विभिन्न उपक्षेत्रहरूः प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, उच्च शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा र अनौपचारिक तथा निरन्तर शिक्षामा सरकारी लगानीको संरचना (प्राथमिकता र प्रतिशत) निर्धारण गर्ने।

८. विद्यार्थीको सिकाइ तथा कुशलतामा केन्द्रित भई गुणस्तर अभिवृद्धि गर्न आवश्यक पर्ने गरी लगानी गर्न स्रोत व्यवस्थापन गर्ने।

९. शिक्षामा समता तथा समावेशिता सुधार गरी आर्थिक रूपले विपन्न, सुविधाविहिन, विभिन्न कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूको पहुँच, सहभागिता र गुणस्तरीय सिकाइ सुनिश्चित गर्न पर्याप्त लगानी प्राप्त गर्ने।

१०. गैरसरकारी क्षेत्रको लगानी, सामुदायिक सहभागिता र अभिभावकको लगानीलाई अभिलेखीकरण र प्रोत्साहन गर्ने

११. वित्तीय व्यवस्थापनक कार्यकुशल बउनाउन व्यक्ति, संस्था र पद्धतिको क्षमता विकास गर्ने

१२. वित्तीय गतिविधिलाई पारदर्शी, जवाफदेही, सरलीकृत गरी वित्तीय सुशासन कायम गर्न।

**उद्देश्य**

योजनाको वित्तीय व्यवस्थापनका प्रमुख उद्देश्यहरू देहायअनुसार रहेका छन् -

१. योजना अवधिका लागि विद्यालय शिक्षामा आवश्यक स्रोतको प्रक्षेपण गर्नु।

२. विद्यालय शिक्षासम्बन्धी पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु।

३. उपलब्ध सम्भावित स्रोतका आधारमा पहिचान गरीएका कार्यक्रमको प्राथमिकता निर्धाण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु।

४. खर्चको प्रक्रिया, तीनै तहका सरकारको भूमिका र दायित्व स्पष्ट गर्नु।

५. लगानीको उपयोगको अवस्था जानकारी लिने विधि र प्रक्रिया उपयुक्त (प्रतिवेदन पद्धति) प्रस्तुत गर्नु र जवाफदेहिता स्पष्ट गर्नु।

**रणनीतिहरू**

योजनाको वित्तीय व्यवस्थासम्बन्धी रणनीतिहरू देहाय बमोजिम हुनेछन् -

- विद्यालय शिक्षाको लागि कानूनमा तोकिए अनुसारको आर्थिक दायित्व तीनै तहका सरकारहरू बिचको लागत साझेदारीमा हुनेछ।यसका लागि कम्तीमा संघीय सरकारको शिक्षा क्षेत्रको लगानीको अनुपातमा प्रदेश तथा स्थानीय सरकारले आआफ्नो स्रोतबाट थप लगानी हुने अपेक्षा गरिने।
- शिक्षामा सरकारी अनुदान खर्चको जिम्मेवारी स्थानीय तहको भएकोले आफ्नो तह भित्रको लक्षित शैक्षिक पहुँच र सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न स्थानीय तहलाई जवाफदेही हुने पद्धति विकास गर्ने।
- सरकारबाट प्रदान गरीने स्रोतको उपयोग गर्ने प्रमुख एकाइ विद्यालय भएकाले लक्षित गुणस्तर सुनिश्चित गर्ने जवाफदेहिता विद्यालयको हुनेछ।
- शिक्षामा सार्वजनिक लगानी वृद्धि गरी कूल गार्हस्थ उत्पादनको ७ प्रतिशत र तिनै तहका सरकारबाट कूल बजेटको वार्षिक रूपमा २० प्रतिशत पुऱ्याइने छ।
- नेपालको वैदेशिक सहायता नीतिअनुरुप शिक्षाको बजेटमा हुने न्यूनता पूरा  गर्नका लागि निश्चित लक्ष्य हासिल गर्न बाह्य स्रोतको परिचालन गरिनेछ।
- उपागम को अवधारणा अनुसार कार्यक्रम खर्च तथा नतिजामा आधारित खर्च  गरिनेछ।
- सार्वजनिक सेवा ,सामाजिक दायित्त्व वा सेवामूलक व्यवसायका रूपमा विकास गरिनेछ।

- मापदण्डका आधारमा शिक्षामा निजी तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रवर्धन गरीने छ भने निजी क्षेत्रले सार्वजनिक सेवा ,सामाजिक दायित्त्व वा सेवामूलक व्यवसायका रूपमा रहने गरी विद्यालय शिक्षा सञ्चालन गर्न व्यवस्था गरिनेछ।

- अवस्था र आवश्यकताका आधारमा समानीकरण, समपुरक, शसर्त र विशेष अनुदानको अवलम्वन र उपयोग गरिनेछ।

- मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्वन गरिनेछ।

- वित्तीय व्यवस्थापन क्षमतामा सुधार गरी ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई थप सबल बनाइनेछ।

**प्रस्तावित कार्यक्रम तथा बजेट अनुमान**

रुपनी गाउँपालिकाले १० वर्षका लागि तयार गरेको शिक्षा क्षेत्रको योजना) २०८०-२०८१ मा विद्यालय क्षेत्रका प्रस्तावित कार्य क्रम अनुसार बजेट अनुमान गरिएको छ । बजेट अनुमान गर्दा सबैका लागि निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षाको सुनिश्चितता सहित गुणस्तर सुधारलाई विशेषध्यान दिइएको छ । प्रारम्भिक बालविकास तथा शिक्षामा न्यूनतम्स क्षमताका मापदण्ड पूरा गरि गुणस्तरीय सेवा सुनिश्चित गर्न लगानी बढाइएको छ । माध्यमिक शिक्षालाई निःशुल्क गर्न, सान्दर्भिकता बढाउन र गुणस्तर सुधार गर्न, भर्ना वृद्धि तथा टिकाउदर बढाउन र व्यावसायिक सीप तथा प्रविधिमा आधारित सिकाइको गुणस्तर सुधार गर्न आवश्यक पर्ने बजेट समावेश गरिएको छ । आधार भूत तहमा पाँच वर्षमा सबै विद्यालयमा प्राथमिकता प्राप्त न्यूनतम्स क्षमताका मापण्ड पूरा गर्ने भने माध्यमिक तहमा दश वर्ष भित्र सबै विद्यालयमा यो मापदण्ड पूरा गर्ने गरी बजेट प्रस्ताव गरिएको छ । विद्यालयको भौतिक अवस्था सुधार र गुणस्तर सुधारका लागि शिक्षक विकास मा पनि लगानी उल्लेख्य रहेको छ । पाठ्यक्रमको सान्दर्भिकता बढाउने .पाठ्यपुस्तक सुधार गर्ने, शिक्षा प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई विस्तार गर्ने, आधारभूत तह सम्म दिवाखाजाको प्रबन्ध गर्ने, समता तथा समाविशतामा सुधार गर्न अपाङ्गता भएका, आर्थिक रूपमा विपन्न तथा कठिन परिस्थितिमा रहेका बाल बालिकाहरू मध्ये केहीलाई आवासीय प्रबन्ध सहित शिक्षा प्रदान गर्ने र अन्यलाई छात्रवृत्ति का लागि पनि उल्लेख्य बजेट प्रस्ताव गरिएको छ ।

***तालिका६.४ विद्यालयक्षेत्र अन्तर्गत विभिन्नउ क्षेत्र तथा विषयमाप्र स्तावित बजेट***

**क। सङ्घीय सरकार, प्रदेश सरकार, स्थानीय तह, अन्य संघसंस्थाहरु बाट विद्यालय शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट**

| क्र.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र बिषय | आर्थिक बर्ष रु हजारमा | | | | | ५ बर्षको जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | 2081/082 | 2082/083 | 2083/084 | 2084/085 | 2085/086 | | |
| १ | आधारभूत तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक/कर्मचारीहरु समेत) | 55618 | 55618 | 55618 | 55618 | 55618 | 278090 | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | माध्यमिक तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षक लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक/कर्मचारी,प्राविधिक धारका प्रशिक्षक समेत) | 126140 | 126140 | 126140 | 126140 | 126140 | 630700 | |
| ३ | प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यबस्थापन अनुदान | 4000 | 4000 | 4000 | 4000 | 4000 | 20000 | |
| ४ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | 8200 | 8200 | 8200 | 8200 | 8200 | 41000 | |
| ५ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | 5200 | 5200 | 5200 | 5200 | 5200 | 26000 | |
| ६ | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) | 1200 | 1200 | 1200 | 1200 | 1200 | 6000 | |
| ७ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | 5720 | 5720 | 5720 | 5720 | 5720 | 28600 | |
| ८ | शैक्षिक सुशासनका लागि सस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मुल्याङ्कन, शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण | 8970 | 8970 | 8970 | 8970 | 8970 | 44850 | |
| ९ | माध्यमिक तह कक्षा (९-१०) मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | 2312 | 2312 | 2312 | 2312 | 2312 | 11560 | |
| १० | आधारमुत तह कक्षा (६-८) मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | 1886 | 1886 | 1886 | 1886 | 1886 | 9430 | |
| ११ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रबृत्ति (आवासीय तथा गैरआवासीय) | 817 | 817 | 817 | 817 | 817 | 4085 | |
| १३ | स्थानीय साझेदारीमा विद्यालय भवन निर्माण अनुदान | 5500 | 5500 | 5500 | 5500 | 5500 | 27500 | |
| १४ | सामुदायिक विद्यालयका छात्राहरूलाई निःशुल्क स्यानिटरी प्याड व्यवस्थापन | 1300 | 1300 | 1300 | 1300 | 1300 | 6500 | |
| १५ | सार्वजनिक विद्यालयका विद्यार्थीहरूका लागि नि.पा.पु.अनुदान(स्था. विषय मातृभाषाको समेत) | 3960 | 3960 | 3960 | 3960 | 3960 | 19800 | |
| १६ | विपदका  समयमा सिकाइ निरन्तरका लागि सी.आ.तथा द्रुत सिकाई योजना Realplan | 400 | 400 | 400 | 400 | 400 | 2000 | |
| १७ | विपन्न लक्षित छात्रवृत्तिका लागि छनौट भएका विद्यार्थीका लागि छात्रवृत्ति (PMT) | 776 | 776 | 776 | 776 | 776 | 3880 | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १८ | प्रति विद्यार्थी लागतका आधारमा सी. सा. तथा डि.सी.सा.व्यव. अनुदान | 1202 | 1202 | 1202 | 1202 | 1202 | 6010 | |
| १९ | विद्यालय कर्मचारी तथा वालविकास शिक्षकलाई थप तलव भत्ता | 8600 | 8600 | 8600 | 8600 | 8600 | 43000 | |
| २१ | परिक्षा संचालन व्यवस्थापन | 500 | 500 | 500 | 500 | 500 | 2500 | |
| २२ | शिक्षक डायरि वितरण | 100 | 100 | 100 | 100 | 100 | 500 | |
| २३ | तहगत विषय शिक्षकहरुको वैठक तालिम अन्तर्क्रिया तथा छलफल | 200 | 200 | 200 | 200 | 200 | 1000 | |
| २४ | प्र.अ.वैठक यातायात तथा खाजा खर्च एवम् सहजिकरण भत्ता | 100 | 100 | 100 | 100 | 100 | 500 | |
| २६ | पालिका स्तरीय अतिरिक्त क्रियाकलाप,राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता समेत एवम् विवध कार्यक्रम संचालन तथा व्यवस्थापन | 200 | 300 | 300 | 400 | 400 | 1600 | |
| २८ | वालविकास केन्द्रका लागि शैक्षिक सामग्रि व्यवस्थापन | 0 | 500 | 500 | 500 | 500 | 2000 | |
| २९ | विद्यार्थी भर्ना अभियान कार्यक्रम | 0 | 200 | 200 | 250 | 250 | 900 | |
| ३० | विद्यालय तथा कार्यक्रम अनुगमन,सुपरीवेक्षण र अन्तरक्रिया कार्यक्रम | 0 | 100 | 100 | 100 | 100 | 400 | |
| ३१ | शैक्षिक क्यालेण्डर निर्माण तथा वितरण | 100 | 100 | 100 | 100 | 100 | 500 | |
| ३२ | शैक्षिक सत्र  लागि एल के जि पाठ्य सामग्रि लगायत शैक्षिक सामग्रि व्यवस्थापन | 0 | 200 | 200 | 200 | 200 | 800 | |
| ३३ | शिक्षक डायरि लगवुक तथा शैक्षिक सामग्रि खरिद तथा व्यवस्थापन | 100 | 100 | 100 | 100 | 100 | 500 | |
| ३५ | शिक्षा समिति वैठक तथा विभिन्न समिति वैठक भत्ता खाजा व्यवस्थापन खर्च | 0 | 100 | 100 | 100 | 100 | 400 | |
| ३६ | विद्यालयमा प्रिन्टर ल्यपटप तथा सूचना प्रविधि सामाग्रि वितरण | 0 | 300 | 300 | 300 | 300 | 1200 | |
| ३७ | शाखामा प्रोजेक्टर र कलर प्रिन्टर खरिद | 0 | 300 | 400 | 400 | 400 | 1500 | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३८ | धार्मिक विद्यालय मदरसा जामियाका लागि कक्षाकोठा तथा फर्निचर व्यवस्थापन | 0 | 300 | 400 | 400 | 400 | 1500 | |
| ३९ | विद्यालयमा इ हाजिरी व्यवस्थापन | 0 | 200 | 200 | 200 | 200 | 800 | |
| ३९ | स्थानीय पाठ्यक्रम निर्माण | 0 | 1500 | 1500 | 1500 | 1500 | 6000 | |
| ४० | प्रारम्भिक बाल बिकास केन्द्र शिक्षकहरुको क्षमता विकास आधारभूत तालिम | 0 | 200 | 200 | 200 | 200 | 800 | |
| ४२ | प्रारम्भिक बाल बिकास केन्द्र अध्ययनरत बालबालिकाहरुका अभिभावकहरुको लागी अभिभावक शिक्षा कार्यक्रम | 0 | 300 | 300 | 300 | 300 | 1200 | |
| ४३ | बिद्यालय सुधार योजना कार्यान्वनका लागी बिद्यालय स्वमुल्यांकन तथा स्वमुल्यांकन पश्चात तयार पारिएका बिधालय सुधार योजना कार्यान्वनमा स्थानीय सरकारको सहयोग | 0 | 150 | 150 | 200 | 200 | 700 | |
| ४४ | बिद्यालयहरुमा शैक्षिक सामग्री र खेल सामग्रीको व्यबस्थापन सहयोग | 0 | 400 | 500 | 500 | 500 | 1900 | |
| ४५ | विद्यालय व्यवस्थापन समिति तथा शिक्षकहरूमा उच्चस्तरीय क्षमता दक्षता र नैतिकता अभिवृद्धिका लागि अध्ययन अवलोकन भ्रमण | 0 | 200 | 200 | 300 | 300 | 1000 | |
| | अनौपचारिक शिक्षा तथा जीवन पर्यन्त सिकाई कार्यक्रम संचालन | 0 | 500 | 500 | 500 | 500 | 2000 | |
| ४६ | विद्यालय बाहिर रहेका बालबालिकाको तथ्याङ्क सङ्कलन तथा विद्यालयमा मूल प्रवाहीकरण | 0 | 400 | 400 | 500 | 500 | 1800 | |
| ४७ | बिद्यालय तथा स्थानीय तह स्तरमा EMIS को व्यवस्थित प्रयोग तथा सबलीकरण | 0 | 200 | 200 | 200 | 200 | 800 | |
| ४८ | स्थानीय सरकार तथा विद्यालय स्तरमा गुनासो पेटीका तथा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्पर्क व्यक्ति व्यवस्थापन | 0 | 100 | 100 | 200 | 200 | 600 | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४९ | शिक्षकका लागि ICT सम्बन्धी तालिम | 0 | 400 | 400 | 400 | 400 | 1600 | |
| | बृहत बिद्यालय सुरक्षा न्युनतम प्याकेज कार्यन्वयन | 0 | 300 | 300 | 400 | 400 | 1400 | |
| ५० | साक्षरता अभियान कार्यक्रम | 0 | 500 | 500 | 500 | 500 | 2000 | |
| ५१ | अभिभावक शिक्षा कार्यक्रम | 0 | 200 | 200 | 300 | 300 | 1000 | |
| ५२ | विद्यालय खानेपानी तथा शौचालय निर्माण | 0 | 500 | 500 | 500 | 500 | 2000 | |
| ५५ | दिवा खाजा व्यबस्थापनमा सहयोग पालिकाबाट थप अनुदान रकम | 0 | 400 | 400 | 400 | 400 | 1600 | |
| ५६ | बाल बिकास केन्द्र को लागी (सिकाइ कुना) six corner | 0 | 1000 | 1000 | 1000 | 1000 | 4000 | |
| | **जम्मा** | **243101** | **252651** | **252951** | **253651** | **253651** | **1256005** | |

**६.६ योजना कार्यान्वयनका लागि वर्षिक रणनीति कार्यान्वयन योजना निर्माण तथा कार्यान्वयन**

यस गाउपलिकाको शिक्षा योजना कार्यान्वयन गर्न वार्षिक रूपमा तय भएका योजना तथा कार्यक्रमलाई वार्षिकरूपमा सङ्घ, प्रदेश तथा स्थानीय तहको नीति तथा कार्यक्रमका आधारमा वार्षिकरूपमा स्रोत सनिश्तितताका आधारमा वार्षिक रणनीति तथा कार्यान्वयन योजना निर्माण गरि कार्यान्वन गरिदै लानेछ । त्यसका लागि योजना, रणनीति तथा कार्यक्रमलाई अद्यावधिक गरी कार्यान्वयन हुने तथा स्रोत सनिश्चित भएका सो आर्थिक वर्षमा कार्यान्वयन हुने कार्यक्रमलाई समावेश गरिदै लगिनेछ । योजना निर्माणका लागि पाचँ वर्षे बजेट सहितको वार्षिक योजनामा उल्लिखित क्रियाकलापलाई केन्द्रित भई वार्षिक बजेट तथा कार्यक्रम तयार गरी कार्यान्वयन तथा रणनीति तयार गरिने छ । वार्षिक रणनीति योजना निर्माण गर्दा योजनाको ढाचालाई आधार मानी तयार गरिने छ ।

## परिच्छेद ७ : अनुगमन तथा मूल्याङ्कन

### परिचय

शैक्षिक कार्यक्रमहरूमा स्रोत साधनको विनियोजन,वितरण,लगानीको प्रवाह,कार्यक्रम कार्यान्वयन प्रक्रिया,शैक्षिक क्रियाकलापहरू कार्य तालिका अनुसार कार्यान्वयन,लक्षित प्रतिफल प्राप्ति जस्ता विषयका बारेमा नियमित वा आवधिक रूपमा निगरानी,निरीक्षण, पुनर्निरीक्षण,पर्यवेक्षण एवम् जाँचबुझ गर्ने गराउने कार्य अनुगमन हो। यसले कार्यक्रमको प्रगति र वर्तमान स्थितिको बारेमा जानकारी गराउँदछ।

शैक्षिक कार्यक्रमहरूको औचित्यता,सान्दर्भिकता,उपयुक्तता,दक्षता र प्रभावकारिताको सन्दर्भमा व्यवस्थित र उद्देश्यपूर्ण ढङ्गले जाँचबुझ तथा लेखाजोखा गरी मूल्य प्रदान गर्नु मूल्याङ्कन हो। मूल्याङ्कन प्रतिफल र प्रभावसँग बढी केन्द्रित हुन्छ। अनुगमन सामान्यतः कार्यक्रम कार्यान्वयनको चरणमा मात्र गरिन्छ भने मूल्याङ्कन कार्यक्रम सञ्चालनका चरणका साथै कार्यक्रम सम्पन्न भए पश्चात् पनि गरिन्छ। अनुगमन र मूल्याङ्कनले शैक्षिक कार्यक्रमहरूमा भएको लगानीलाई पारदर्शी, नतिजामुखी, जवाफदेही र उत्तरदायीपूर्ण बनाउन सहयोग गर्दछन्।

### वर्तमान अवस्था

शैक्षिक अनुगमन तथा मूल्याङ्कन कार्य संघीय तहमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्र लगायतका निकायहरूबाट, प्रदेश तहमा सामाजिक विकास मन्त्रालय र प्रदेश शिक्षा विकास निर्देशनालयबाट, जिल्ला स्तरमा शिक्षा विकास तथा समन्वय एकाइबाट र स्थानीय स्तरमा स्थानीय शिक्षा शाखाबाट हुँदै आएको छ। दीगो विकासको शिक्षासम्बन्धी लक्ष्य नं ४ कार्यान्वयनका लागि तयार गरीएको कार्य ढाँचा, विद्यालय क्षेत्र विकास योजना, चालु आवधिक योजना, नेपाल सरकारको नीति, कार्यक्रम तथा बजेटका लक्ष्य मापनका लागि विकास गरीएका सूचक, रुपनी गाउँपालिका गाउँपालिकाका शिक्षा सम्बन्धि नीति, योजना तथा कार्यक्रमका आधारमा अनुगमन तथा मूल्याङ्कन गरीने गरिएको छ।वार्षिक कार्यक्रम कार्यान्वयनको लागि मन्त्रालयद्वारा तयार गरिएको कार्यक्रम कार्यान्वयन पुस्तिकामा वार्षिक कार्यक्रमको अनुगमनसम्बन्धी प्रबन्ध गरिएको छ। विद्यालय, विद्यार्थी, शिक्षक, कक्षाकोठा तथा पूर्वाधार सम्बन्धी मुख्य सूचना प्राप्तिको आधारको रूपमा शैक्षिक व्यवस्थापन सूचना प्रणाली लाई लिइएको छ। विद्यार्थीको शैक्षिक उपलव्धि, शिक्षक तथा विद्यार्थीको सामाजिक तथा भाषिक पृष्ठभूमि लगायतको विषयमा पनि तथ्याङ्क सङ्कलनको कार्य शुरू गरिएको छ।

विद्यालय र पालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा शैक्षिक योजना निर्माण, कार्यान्वयन तथा समीक्षाको लागि शैक्षिक व्यवस्थापन सूचना प्रणालीको उपयोग गरिएको छ। यसका लागि हाल प्रयोगमा रहेको शैक्षिक सूचना प्रणालीमा सुधार गरी एकीकृत सूचना प्रणालीका माध्यमबाट स्थानीय सरकारले आवश्यक सूचना प्राप्त गर्न सक्ने बनाउनु आवश्यक छ। अनुगमन तथा मूल्याङ्कनका नतिजाका आधारमा कार्यक्रममा सुधार गर्ने परिपाटीलाई व्यवस्थित गर्नु जनि उत्तिकै आवश्यक छ। उल्लिखित विश्लेषणका आधारमा प्रमुख यस योजनामा अनुगमन तथा मूल्याङ्कनसम्बन्धी निम्नलिखित चुनौतीहरू पहिचान गरिएको छ ।

१. शैक्षिक अनुगमन तथा मूल्याङ्कनका लागि स्थानीय मापदण्डको विकास गरि मापनयोग्य सूचकहरूको निर्धारण र निर्माण गर्ने दक्ष जनशक्ति तथा अनुगमन कर्ताको विकास गर्नु।

२. अनुगमनलाई योजनाबद्ध, नियमित र एकरूपता कायम गरी पर्याप्त साधन स्रोतको प्रबन्ध गर्नु
३. अनुगमन र मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणको उपयोग गर्ने पद्धति विकास र अनुगमनको प्रतिवेदन व्यवस्थित गर्नु।
४. शासकीय संरचना फेरिएसँगै विद्यालय निरीक्षण र सुपरीवेक्षणको काम संगठित गर्नु।
५. तीनै तहका सरकारबिच अनुगमन र मूल्याङ्कनमा सहकार्य र समन्वय गरी एकीकृत प्रतिवेदन प्रणालीको विकास गर्नु।
६. सामूहिक अनुगमन तथा मूल्याङ्कन प्रणालीको सुनश्चितता गर्दै यसमा सूचना तथा प्रविधिको उपयोगमा व्यापकता दिनु।
७. अनुगमन तथा मूल्याङ्कन कार्यलाई निष्पक्ष, भरपर्दो र विश्वासनीय बनाउनु।

**उद्देश्य**

१. प्रभावकारी अनुगमन प्रणाली विकास गर्नु।
२. अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामुखी बनाउनु।
३. योजना कार्यान्वयनका क्रममा देखिएका चुनौतीहरूलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु।
४. योजनाको प्रारम्भदेखि प्रभाव तहसम्मको मूल्याङ्कन गर्न सहयोग गर्नु।

**रणनीतिहरू**

१. अनुगमन तथा मूल्याङ्कनको संयन्त्र निर्माण गरी उपयोग गर्ने
२. अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन प्रविधिको प्रयोग र सञ्जालीकरण गर्ने
३. शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई थप सुदृढीकरण गरी आवश्यक सूचकसहित स्वचालित बनाउने
४. स्थानीय सूचकहरूलाई राष्ट्रिय सूचना प्रणालीमा आवद्ध गर्ने प्रणालीको विकास गर्ने
५. शिक्षाका सबै कार्यक्रम, योजना, परियोजनाहरुको अनुगमन मूल्याङ्कन प्रतिवेदन वेभसाइटमा आधारित एकीकृत शैक्षिक सूचना प्रणाली सञ्चालनमा ल्याउने
६. विद्यार्थी उपलब्धि परीक्षण र विद्यालय कार्य सम्पादन परीक्षणलाई व्यवस्थित र नियमित गरीने
७. सहभागितामूलक र नतिजामुखी अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यान्वयन गरीने
८. शैक्षिक योजना तथा कार्यान्वयनहरुको नियमित, आवधिक, मध्यावाधिक र अन्तिम मूल्याङ्कन प्रणाली कायम गर्ने
९. सिकाइको अनुगमन, सुपरीवेक्षण तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउन कार्य स्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरीवेक्षण र प्रतिवेदन प्रणालीको विकास गर्ने

**सिकाइ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य**

**क) उपलब्धि**

प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका समस्या तथा चुनौतीहरु सम्बोधन गरि अपेक्षित उपलब्धि हासिल हुने र आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त भएको हुने।

**ख) प्रमुख नतिजा**

१. अनुगमन तथा मूल्याङ्कनका आधारमा नतिजा सुधार, संस्थागत संरचना र क्षमता विकास, कार्य सम्पादन परीक्षण व्यवस्थित एवम् प्रभावकारी र कार्यक्रमहरुको उपलब्धि तथा प्रभावको आवधिक मूल्याङ्कन हुने

**ग) अनुगमन तथा मूल्याङ्कनका मुख्य क्रियाकलापहरु**

***तालिका ५.२ अनुगमन तथा मूल्याङ्कनका मुख्य क्रियाकलाप र लक्ष्य***

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य) ५ वर्ष( | | | | | भौतिक लक्ष्य )१० वर्ष( | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरु तयार गर्ने | पटक | १ | ० | ० | ० | ० | १ | स्थानीय तह |
| २ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरु अध्यावधिक गर्ने | पटक | ० | १ | १ | १ | १ | ९ | स्थानीय तह |
| ३ | कार्यक्रम कार्यान्वयनको अनुगमन गर्ने | पटक | ३ | ४ | ४ | ५ | ५ | ४० | स्थानीय ,प्रदेश र संघ )सबै विद्यालयमा( |
| ४ | कार्यक्रम कार्यान्वयनको चौमासिक समीक्षा र प्रतिवेदन )चौमासिक /वार्षिक( | संख्या | २ | २ | ४ | ४ | ५ | सबै | स्थानीय तह र विद्यालय |
| ५ | एकीकृत शैक्षिक सूचना व्यवस्थापन पद्धतिमा सूचना अद्यावधिक गर्ने | बिधालय | ० | १ | १ | १ | १ | सबै | विद्यालय |
| ६ | विभिन्न कार्यक्रमको आवधिक मूल्याङ्कन गर्ने | बिधालय | ० | १ | १ | १ | १ | सबै | स्थानीय तह |
| ७ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गर्ने | बिधालय | ० | १ | १ | १ | १ | सबै | स्थानीय तह |
| ८ | विद्यालयको लेखा परीक्षण | बिधालय | ० | १ | १ | १ | १ | सबै | स्थानीय तह र विद्यालय |

## ७.६ योजनाको लेखाजोखा

## योजनाको लेखाजोखा

### क) परिचय

नेपालको सङ्घीय शासन प्रणाली अन्तर्गत बिद्यालय शिक्षाको व्यवस्थापनका लागि तीनवटै सरकारको साझा दाईत्व रहेता पनि व्यवहारिक रुपमा बिद्यालय शिक्षाको सन्चालनको समग्र जिम्मेवारी भने स्थनीय सरकारको रहेको छ । मुलुकमा संचालित सामुदायिक बिद्यालयहरूको व्यवस्थापन र संचलनार्थ प्राय: सबै प्रकारका स्रोतहरू अन्तर सरकारी वित्तीय हस्तान्तरणका माध्यमबाट सङ्घीय सरकारबाट स्थानीय सरकारको कोषमा जाने गर्दछ र तोकिएका सर्त र आधारहरु अनुसार स्थनीय सरकारले सो कोषको व्यवस्थापन र परिचालन गरी बिद्यालय शिक्षाको सन्चालन गर्नेगर्दछ । यसका लागि मुलकको संबिधान र सोका आधारमा तय भएका तीनै तहका सरकारका सम्बन्धित नीति, ऐन, कानून र नियमावली तथा निर्देशिकाहरुले तीनैवटै तहका सरकारहरूले आ-आफ्नो तहको शिक्षा क्षेत्रको योजना निर्माण गरी नेपालको संबिधानका प्रावधानहरू र अन्तराष्ट्रिय स्तरमा नेपाल सरकारले जनाएका प्रतिबद्धताहरूलाई पुरा गर्नेगरी कार्यान्वयन गर्ने गराउने रहेको छ । यसैले तीनै तहका सरकारका तहमा शिक्षा क्षेत्र योजनाको निर्माण/विकास पहिलो प्राथमिकतामा रहेको छ। शिक्षा क्षेत्रको योजनाले एकातर्फ राष्ट्रिय, प्रदेश र स्थानीयतहको शिक्षा सुधारकालागि नीति र रणनीतिहरू प्रस्तुत गर्दछ भने अर्कोतर्फ योजनालाई प्रभावकारी कार्यान्वयन गर्न साझेदारहरूसँग समन्वय र थप आन्तरिक र बाह्य स्रोतहरू परिचालन गर्नका लागि महत्वपूर्ण माध्यमको रूपमा रहेको हुन्छ। शिक्षा क्षेत्रको योजना सबै सम्भावित लगानीकर्ताहरूलाई योजनाले अबलम्बन गरेका कार्यक्रम, रणनिति र कार्यनीतिहरू विश्वसनीय, दिगो र लगानी योग्य छन् भनी सङ्केत गर्न सम्बन्धित सरकारका लागि महत्वपूर्ण साधनको रुपमा उपयोग गरिन्छ।

### योजनाको समग्र नतिजा खाका

यस शिक्षा क्षेत्रको योजनाको कार्यान्वयनबाट अपेक्षा गरिएका समग्र नतिजा खाका अन्तर्गत देशको आर्थिक तथा सामाजिक विकासमा यसको प्रभाव वा गन्तव्य उल्लेख गरिएको छ। त्यसै गरी योजनाको तत्कालीन, ध्यकालीन र दीर्घकालीन तथा उपलब्धिहरू उल्लेख गरीएको छ भने उपलब्धिका नतिजाका सूचकहरू तथा नतिजा सत्यापनका स्रोत तथा तरिकाहरू पनि उल्लेख गरिएको छ। यस पछिका दुई तालिकामा (तालिका ७.१ र ७.२) नतिजाका प्रमुख सूचकहरूका मुख्य कार्यसम्पादन सूचकहरू र कार्यक्रम नतिजा सूचकहरू समावेश गरिएको छ।

### तत्कालीन उपलब्धि

तालिका ७१ योजनाको समग्र नति.जानतिजा खाका अपेक्षित प्रभाव तथा उपलब्धिहरू ,

| क्र.सं. | उपलब्धि | नतिजा सूचक | स्रोत तथा तरिका |
|---|---|---|---|
| १ | निशुल्क तथा अनिवार्य आधारभूत शिक्षाको पूर्ण कार्यान्वयन | • प्रमुख कार्य सम्पादन सूचकहरु,<br>• कार्यक्रम नतिजा | • एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली,<br>• वार्षिक स्थिति, |
| २ | पोषणयुक्त दिवा खाजा | | |
| ३ | धुम्ती पुस्तकालय सञ्चालन | | |
| ४ | स्थानीय पाठ्यक्रम कार्यान्वयन | | |

| | | | |
|---|---|---|---|
| ५ | निरक्षरहरुको विवरण संकलन | सूचकहरु | अनुगमन, प्रगति प्रतिवेदन, ●वार्षिक परीक्षको नतिजा विश्लेषण |
| ६ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विकास | | |
| ७ | विद्यालयको मर्मत सम्भार | | |
| ७ | ईपुस्तकालय- अद्यावधिक र विस्तार | | |

मध्यकालीन उपलब्धि

| क्र.सं. | उपलब्धि | नतिजा सूचक | स्रोत तथा तरिका |
|---|---|---|---|
| १ | स्नातक तहको अध्ययन | ●प्रमुख कार्य सम्पादन सूचकहरु, ●कार्यक्रम नतिजा सूचकहरु | ●एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली, ●वार्षिक स्थिति, अनुगमन, प्रगति प्रतिवेदन, ●वार्षिक परीक्षको नतिजा विश्लेषण |
| २ | प्र ाविधिक धारको स्तर उन्नती | | |
| ३ | स्वयम् सेवक शिक्षक तयारी | | |
| ४ | जीवनपर्यन्त सिकाइका लागि सामग्री विकास | | |
| ५ | वर्गीय आधारमा छात्रवृत्ति वितरण | | |
| ६ | आवासीय विद्यालय मार्फत छात्रवृत्ति | | |
| ७ | User Manual समेतको प्राथमिक उपचार बाकस | | |
| ८ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विकास | | |

दीर्घकालीन उपलब्धि

| क्र.सं. | उवपलब्धि | नतिजा सूचक | स्रोत तथा तरिका |
|---|---|---|---|
| १ | सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गरीने। | ●प्रमुख कार्य सम्पादन सूचकहरु ●कार्यक्रम नतिजा सूचकहरु | ●एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली ●वार्षिक स्थिति प्रतिवेदन ●वार्षिक अनुगमन प्रतिवेदन ●विभिन्न तहमा वार्षिक प्रगति प्रतिवेदन ●वार्षिक परीक्षको नतिजा विश्लेषण |
| २ | अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा प्रविधियुक्त पहुँच ,सहभागिता र गुणस्तर अभिवृद्धि हुने। | | |
| ३ | माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने। | | |
| ४ | शुरक्षित र उपयुक्त भौतिक पूर्वाधार सहितको उच्च शिक्षामा अध्ययन गर्ने अवसर हुने। | | |
| ५ | विद्यालय तहमा रहेको आधारभूत तहको स्थानीय पाठ्यक्रम सान्दर्भिक तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भई दैनिक जीवनका लागि आवश्यक व्यवहार कुशल तथा जीवनोपयोगी सीपहरू समावेश हुने स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञान ,सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरीक तयार गर्न सहयोग हुने। | | |
| ६ | प्रविधिमैत्रीक्षमतावान् र सक्षम , शिक्षकको व्यवस्था भई | | |

| | | | |
|---|---|---|---|
| | विद्यार्थीको सिकाइमा सुधार हुने। | | |
| ७ | सबै नागरीकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त हुने। | | |
| ८ | विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा निश्चित हुने। | | |
| ९ | विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, स्वच्छ खानेपानी तथा सरसफाइ प्रति सचेत हुने। | | |
| १० | आर्थिक  अभावका कारणले कुनैपनि बालबालिका शिक्षाको अवसरबाट बञ्चित नहुने। | | |
| ११ | हरेक परिस्थितिमा बालबालिकाको सुरक्षा सहित शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गरीने। | | |
| १२ | सबै विद्यार्थीहरूलाई शुरक्षित र उपयुक्त भौतिक वातावरणमा अध्ययन गर्ने अवसर हुने। | | |
| १३ | समुदाय तथा विद्यालयमा सूचना तथा सञ्चार प्रविधि मैत्री वातावरण निर्माण भई विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार ल्याइ सुशासन प्रवर्धन हुने। | | |
| १४ | शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीमा विकास हुने। | | |
| १५ | प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका समस्या तथा चुनौतीहरु  सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल हुने र आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुने। | | |

**ख) योजनाको लेखाजोखा किन र केहो?**

-पालिका तहको शिक्षा क्षेत्रको योजनामा प्रस्ताब गरिएका कार्यक्रमहरूको विभिन्न पक्ष र सम्भाव्यताहरूको समीक्षा सुनिश्चित गर्न महत्त्वपूर्ण छ।

-योजनाको लेखाजोखा शिक्षा क्षेत्रका योजनाका कार्यक्रममा केन्द्रित मात्रात्मक र गुणात्मक संयोजन हो।

-शिक्षा क्षेत्रको योजनाको लेखाजोखा एक प्रक्रिया हो, जसको माध्यमबाट पालिका तहको शिक्षा क्षेत्रको योजना के? किन? कसरी? कस्कालागी?, आदि जस्ता प्रश्नहरुको उत्तर खोजिन्छ I जसमा:

- शिक्षा क्षेत्रको योजना प्राविधिक रूपमा उपयुक्त छ छैन भनी मूल्यांकन गरिन्छ I
- शिक्षा क्षेत्रको योजना आर्थिक रूपमा व्यवहारिक र न्यायोचित छ छैन भनी मूल्यांकन गरिन्छ I

- शिक्षा क्षेत्रको योजनाको कार्यन्वयन प्रशासनिक रूपमा सम्भव छ छैन भनी मूल्यांकन गरिन्छ ।

**ग) योजनाको लेखाजोखाका उद्देश्यहरू**

- पालिका तहको शिक्षा क्षेत्रको योजनामा प्रस्तावित कार्यक्रमका सबै पक्ष र ,सन्दर्भ ,अङ्गहरूको विस्तृत समीक्षा गर्न।
- शिक्षा क्षेत्रका अंगहरूमा **(Sub-Sectors)**सङ्घीय राष्ट्रिय/र प्रदेशतहका योजना र पालिकाको योजनाहरू बीचको अन्तरसम्बन्धहरू मूल्याङ्कन गर्न।
- प्राविधिक, व्यवस्थापकीय र वित्तीय सम्भाव्यताको दृष्टिकोणबाट प्रत्येक कार्यक्रमको मूल्याङ्कन गर्न।
- पालिका तहको शिक्षा क्षेत्रको योजनाको सबल र कमजोर तथा सुधार्नु पर्ने पक्षहरूको समग्र मूल्याङ्कन गर्न ।
- योजना कार्यान्वयनमा पालिका तहको तयारीको मूल्याङ्कन गर्न, र
- प्राविधिक सहयोग प्रदान गर्न र योजना अनुमोदन गर्न निर्णयकर्ताहरूलाई सहजीकरण गर्न।

**घ) योजनाको लेखाजोखाका महत्त्वपूर्ण पक्षहरू**

योजनाको लेखाजोखामा समेटिनु पर्ने महत्त्वपूर्ण पक्षहरू निम्न छन् र लेखाजोखा समितिले यी प्रत्येक पक्षको सावधानीपूर्वक मूल्याङ्कन गर्नुपर्दछ:

- योजना निर्माण प्रक्रिया
- योजना निर्माण प्रक्रियामा सरोकारवालाहरु अर्थपूर्ण सहभागी र अभ्यासहरू
- योजना निर्माण प्रक्रियामा आधारभूत तथ्याङ्क र जानकारीहरूको वास्तविकता,गुणस्तर , सान्दर्भिकता, स्रोत, र उपयोग बिधि
- योजना निर्माण विधि
- योजना कार्यान्वयनको समीक्षा
- लागत अनुमान र प्रस्तावित वित्त व्यवस्थापन
- योजना कार्यान्वयनका लागि संगठनात्मक र व्यवस्थापन
- प्रस्तावित योजना कार्यान्वयनबाट अपेक्षित शैक्षिक, आर्थिक र सामाजिक लाभहरूको वैधता

त्यसैले, पालिका तहको योजना निर्माण गरिसकेपछि विश्वसनीय, दिगो र लगानी योग्य छ या छैन भन्नकालागी योजनाको बिभिद पक्षहरू समेटेर लेखाजोखा गरिनु पर्दछ, जुन योजना कार्यान्वयन गर्नु पूर्व गरिने महत्वपूर्ण कार्य तथा योजनाको अभिन्न अङ्ग हो । निर्माण भएको योजनाको लेखालोखा कार्यलाई समबन्धित पालिकाले आन्तरिक र बाहिरका बिभिन्न बिषय क्षेत्रका बिज्ञहरूको समिति निर्माण गरी सो समितिको कार्य बिबरण तोकी सम्पन्न गर्नु पर्दछ ।

यस निर्देशिकाको उद्देश्य सम्बन्धित पालिकाले निर्माण गरेको शिक्षा क्षेत्रको योजनाको लेखाजोखा गर्न सहयोग गर्नु हो, जसमा योजनाको सबलता, प्रासंगिकता, सुसंगतता र विश्वसनीयता, आदि पक्षहरु हेरिन्छन्। योजनाको लेखाजोखा प्रक्रिया पालिकाको नीति र प्राविधिक संवादमा आधारित र सरोकारवालाहरूको सहभागितामूलक हुनुपर्छ l यो प्रक्रिया योजनामा तय गरिएका प्रमुख सूचकहरूमा आधारित भई बिभिन्न परामर्श (योजना निर्माण समिति, प्राबिधिक समितिहरूसँग बैठक, प्रमुख सरोकारवालाहरूसँगको अन्तर्वार्ता, र खासखास मुद्दा तथा समस्या रहेका वडा, गाउँ, समुदाय तथा बिद्यालयको भ्रमणहरू, शिक्षा क्षेत्रको योजना  र अन्य सान्दर्भिक कागजातहरूको डेस्क समीक्षा, भरपर्दो जानकारीहरुको विश्लेषण  (जसलाई विज्ञहरूले प्रमाणित र क्रस-चेक गर्न आवश्यक छ) समावेश हुनुपर्दछ।लेखाजोखा प्रक्रिया सकेपछि सोबाट प्राप्त पृष्टपोषण तथा निष्कर्षहरूलाई योजनालाई अन्तिम रूप दिन उपयोग गर्नु पर्दछ l यस अतिरिक्त योजनालाई अन्तिम रूप दिनुपूर्व लेखाजोखाबाट प्राप्त सिफारिसहरूको प्रमाणीकरण कार्यशाला आयोजना गर्नु राम्रो हुन्छ।

**ङ) योजनाको लेखाजोखाको बिधि:**

योजना लेखाजोखा प्रक्रियाको बिधिमा निम्न चरणहरू/क्रियाकलापहरू समावेश हुनुपर्दछ:

- प्रारम्भिक छलफल(Birifing)
- मूल्याङ्कन टोलीको बैठक
- अध्ययनको लागि कागजातहरूको उपलब्धता
- फिल्ड भ्रमण गर्नु अघि कागजातहरूको अध्ययन
- बिभिन्न क्षेत्रहरुको भ्रमण
- सरोकारवाला  समुदाय सदस्यहरु संग /अन्तरक्रिया
- बिभिन्न सङ्घ-संस्थाहरु संग अन्तरक्रिया
- मूल्याङ्कन मस्यौदा प्रतिवेदन तयार गर्ने
- निर्णयकर्ताहरूसँग मस्यौदा प्रतिवेदन प्रस्तुत गर्ने
- प्रतिवेदनलाई परिमार्जन र अन्तिम रूप दिने
- अन्तिम समापन बैठक

**च) योजना लेखाजोखाका विषयगत क्षेत्रहरू**

पालिका तहको शिक्षा क्षेत्रको योजनाको मूल्याङ्कन गर्दा लेखाजोखा/मूल्याङ्कनकर्ताहरूले योजनामा निम्न उदाहरण अनुसारका विषयगत क्षेत्रहरू हेर्नुपर्छ:

- पालिकातहको शिक्षा प्रोफाइल
- योजना प्रक्रिया र पद्धति
- योजनाको लागि तथ्यांकको बिबरण र व्यवस्थापन साथै उपयोग
- ECED विकास र विस्तार गर्दै
- पहुँच र निरन्तरता

- बालबालिकाको सिकाइ आवश्यकताहरू
- शिक्षा प्रणालीको आन्तरिक दक्षता
- EMIS र अनुगमन
- कार्यान्वयनको लागि योजना
- वयस्क निरक्षरता घटाउने
- आधारभूत शिक्षाको गुणस्तर सुधार गर्ने
- क्षमता निर्माण
- लागत र बजेट आवश्यकता

**छ) योजना लेखाजोखाको प्रतिबेदनमा समाबेश हुनुपर्ने केही महत्वपूर्ण शैक्षिक मुद्दाहरूको उदाहरण:**

- के राष्ट्रिय प्रदेश ,र स्थानीय दुरदृष्टि उद्देश्य ,लक्ष्य र कार्ययोजना अनुरूप योजना बनाइएको छ?
- के योजनाले ECD देखि बिद्यालय शिक्षा ,वयस्कका लागि साक्षरता र निरन्तर शिक्षा जस्ता आधारभूत शिक्षाका सबै पक्षहरू साथै प्राबिधिक र उच्च शिक्षासँगको तालमेल,आ आदिलाई समेटेको छ?
- के यो योजनालाई स्थानीय विशिष्ट आवश्यकताहरू, विशेष गरी जनसंख्या,जातजाती , आर्थिक, भाषिक, पिछडिएको बर्ग र क्षेत्रका आधारमा सान्दर्भिक बनाउने दृष्टिकोणका साथ विकास गरिएको छ?
- के योजनाले योजना तर्जुमा र कार्यान्वयन प्रक्रियामा सरोकारवालाहरूको सहभागिताको लागि अवसर र अवसर प्रदान गरेको/गर्दछ?
- के योजनाले ठोस रणनीति र कार्यहरूप्रस्ताब गरेको छ ?
- शिक्षा क्षेत्रका प्रमुख चुनौतीहरूलाई सम्बोधन गरेको छ? (तत्परता र सान्दर्भिकता(
- समानता, दक्षता, र सिकाइका मुद्दाहरूलाई राम्रोसँग सम्बोधन गरिएको छसबै) ? क्षेत्रको कार्यसम्पादन बढाउने , ,लैंगिक समता, दक्षता, सिकाइको मुख्य मुद्दाहरू(
- योजनाका सबै परिक्छेदहरू बीचमा सम्बन्ध र एकरूपता छ?) योजनाको संगठन(
- पालिकाको शिक्षा क्षेत्रको योजनामा प्रस्तावित वित्त व्यवस्थापन/उपलब्धता ,प्राप्तिको सम्भावना, AWPB र ASIP बीच कुनै सम्बन्ध छ?
- पालिकामा सञ्चालन भइरहेका शिक्षासँग सम्बन्धित अन्य सबै कार्यक्रमहरूलाई योजनाले कसरी समेटेको छ? , 1 आदि

## अनुसूची १ : स्थानीय शिक्षा योजनाको प्रस्तावित ढाँचा

विषय प्रवेश
पालिका शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य
शिक्षा योजना निर्माण प्रक्रिया

परिच्छेद १ : परिचय
१.१ पृष्ठभूमि
१.२ मुख्य समस्याहरुः
१.३ शिक्षा क्षेत्रका चुनौतीहरुः
१.४ अवसरहरुः

परिच्छेद २ : लक्ष्य निर्धारण
२.१ दूरदृष्टि
२.२ लक्ष्य
२.३ उदेश्य
२.४ रणनीतिहरु
२.५ कार्यनीति
२.६ अपेक्षित उपलब्धि
२.७ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

परिच्छेद ३ : विद्यालय क्षेत्रका मुख्य उपक्षेत्रहरु
३.१ प्रारम्भिक बालविकास र शिक्षा
३.२ आधारभूत शिक्षा
३.३ माध्यमिक शिक्षा
३.४ अनौपचारिक शिक्षा र आजीवन सिकाइ
३.५ अन्य उपक्षेत्रहरू (प्राविधिक तथा व्यावसायिक शिक्षा, उच्च शिक्षा, आदि)

परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरु
४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन
४.२ शिक्षक व्यवस्थापन र विकास
४.३ शिक्षामा समता र समावेशीकरण
४.४ विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम
४.५ आपतकालीन तथा संकटकालीन अवस्थामा शिक्षा
४.६ विद्यालय भौतिक पूर्वाधार विकास
४.७ शिक्षामा सूचना तथा सञ्चार प्रविधि

परिच्छेद ५ : सुशासन तथा व्यवस्थापन

५.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

परिच्छेद ६ : लगानी र स्रोत व्यवस्थापन

परिच्छेद ७ : अनुगमन तथा मूल्याङ्कन

अनुसूची- शिक्षा समितिको विवरण

अनुसूची २: शिक्षायुवा तथा खेलकुद शाखाका कर्मचारीको विवरण ,

| क्र.सं. | पद | नाम, थर | सम्पर्क नं. | इमेल |
|---|---|---|---|---|
| १ | शिक्षा शाखा प्रमुख | वेदराज अधिकारी | ९८४२२२८३८३ | educationrupani@gmail.com |
| २ | | | | |

**अनुसूची ३ :शिक्षा योजना निर्माण कार्यदल**

| क्र.सं. | पद | नाम, थर | कार्यदलिय पद | कैफियत |
|---|---|---|---|---|
| १ | गा.पा . अध्यक्ष | दिनेश कुमार यादव | संयोजक | |
| २ | प्रमुख प्रशाशकिय अधिकृत | उमेश कुमार यादव | सदस्य | |
| ३ | शिक्षा समिति सदस्य | सरोज कुमार यादव | सदस्य | |
| ४ | लेखा अधिकृत | श्याम सुन्दर यादव | सदस्य | |
| ५ | सूचना प्रमुख | इन्द्र देव यादव | सदस्य | |
| ६ | प्र . अ . | श्याम प्रसाद यादव | सदस्य | |
| ७ | शिक्षा शाखा प्रमुख | वेदराज अधिकारी | सदस्य सचिव | |

## सन्दर्भ सामग्रीहरु


- **विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारुप, (२०६३), पाठ्यक्रम विकास केन्द्र भक्तपुर**
- **विद्यालय शिक्षाका लागि स्थानीय पाठ्यक्रम प्रारुप, (२०७१), पाठ्यक्रम विकास केन्द्र भक्तपुर**

- विद्यालय शिक्षाका राष्ट्रिय पाठ्यक्रम प्रारुप, (२०७६), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन, (२०७६), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- आधारभूत शिक्षा पाठ्यक्रम, (२०६९), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- आधारभूत तह -कक्षा १ )३ पाठ्यक्रम (, (२०७६), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- शैक्षिक स्मारिका (२०७५), शिक्षा तथा मानव स्रोत विकास केन्द्र भक्तपुर
- शैक्षिक स्मारिका (२०७६), शिक्षा तथा मानव स्रोत विकास केन्द्र भक्तपुर
- शैक्षिक स्मारिका (२०७७), शिक्षा तथा मानव स्रोत विकास केन्द्र भक्तपुर
- नेपालको संविधान (२०७२), कानून किताव खाना काठमाडौँ
- शिक्षा सम्बन्धी ऐन नियम तथा  राष्ट्रिय शिक्षा नीति (२०७६), कानून किताव खाना काठमाडौँ
- आर्थिक सर्वेक्षण (२०७७), अर्थ मन्त्रालय
- पन्ध्रौँ योजनाको आधारपत्र, सोपान मासिक डिल्लीबजार
- स्थानीय सरकार सञ्चालन ऐन (२०७४), कानून किताव खाना काठमाडौँ
- प्रधानाध्यापक नेतृत्व क्षमता विकास तालिम (२०७४), शैक्षिक जनशक्ति विकास केन्द्र भक्तपुर
- माध्यमिक शिक्षा पाठ्यक्रम (२०७१), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय आबद्ध विभिन्न वेभसाइटहरु
- विभिन्न बुलेटिन, पत्रपत्रिका, नीति, निर्देशिका तथा पछिल्ला शैक्षिक तथ्याङ्क
- शिक्षा क्षेत्रको योजना  ,(२०७७)DRAFT, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय
- शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (२०७५), उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन (अप्रकाशित), लेखक : सिंहदरबार, काठमाण्डौं ।
- शिक्षा मन्त्रालय (२०२८), राष्ट्रिय शिक्षा पद्दति २०२८-२०३२ सम्मको योजना, लेखक : केशरमहल, काठमाण्डौं  ।
- शिक्षा मन्त्रालय (२०६६), विद्यालय क्षेत्र सुधार योजना २०६६-२०७२, लेखक : केशरमहल, काठमाण्डौं ।
- अर्थ मन्त्रालय (२०७१), आर्थिक सर्वेक्षण आर्थिक बर्ष २०७०/२०७१, लेखक: सिंहदरबार, काठमाण्डौं ।
- अर्थ मन्त्रालय (२०७२), आर्थिक सर्वेक्षण आर्थिक बर्ष २०७१/२०७२, लेखक: सिंहदरबार, काठमाण्डौं ।

- अर्थ मन्त्रालय (२०७४), आर्थिक सर्वेक्षण आर्थिक बर्ष २०७३/२०७४, लेखक: सिंहदरबार, काठमाण्डौं ।
- अर्थ मन्त्रालय (२०७५), आर्थिक सर्वेक्षण आर्थिक बर्ष २०७४/२०७५, लेखक: सिंहदरबार, काठमाण्डौं ।
- अर्थ मन्त्रालय (२०७६), आर्थिक सर्वेक्षण आर्थिक बर्ष २०७५/२०७६, लेखक: सिंहदरबार, काठमाण्डौं ।
- राष्ट्रिय योजना आयोग (२०६८), त्रिवर्षीय योजना २०६७/६८–२०६९/७०, लेखक: सिंहदरबार, काठमाण्डौं ।
- राष्ट्रिय योजना आयोग (२०७१), तेह्रौं योजना २०७०/७१–२०७२/७३, लेखक: सिंहदरबार, काठमाण्डौं ।
- राष्ट्रिय योजना आयोग (२०७३) चौधौं योजना २०७३/७४–२०७५/७६, लेखक: सिंहदरबार, काठमाण्डौं ।
- **DEPARTMENT OF EDUCATION (2019), FLASH I REPORT 2076 (2019-20), AUTHOR: SANOTHIMI, BHAKTAPUR.**
- नेपाल कानून आयोग (२०७७), नेपालको संविधान, लेखक: WWW.LAWCOMMISSION.GOV.NP
- शिक्षा मन्त्रालय (२०७३), विद्यालय क्षेत्र विकास कार्यक्रम २०७३/७४-२०७९/८०, लेखक: सिंहदरबार, काठमाण्डौं ।
- फिदिम नगरपालिकाको बस्तुगत विवरण २०७४

राष्ट्रिय योजना आयोग पन्ध्रौ योजना (२०७६/०७७- २०८१/०८२) सिंहदरवार, काडमाण्डौं ।

- शिक्षा नीति २०७६
- राष्ट्रिय जनगणना तथ्याँक २०७८
- स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धि मार्गदर्शन २०७८
- पालिकाको शैक्षिक पार्श्वचित्र २०८१



आज मिति २०८१ साल माघ १० गते बिहीबारका दिन यस रुपनी गाँउपालिकाका गापा अध्यक्ष श्री दिनेश कुमार यादव ज्यूको अध्यक्षतामा गाँउपालिकाको १० वर्षे शिक्षा योजना (२०८१-२०९०) स्वीकृतिका लागि तपसिलका गाउँ कार्यपालिका समितिका सदस्यहरुको उपस्थितिमा निर्णयहरु पारित गरियो।

**उपस्थिति**

| क्र.स | नाम/थर, | पद | ठेगाना | मोवाइल नं | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | श्री दिनेश कुमार यादव | अध्यक्ष | रुपनी गा.पा. | ९८४१८६२९०९० | | |
| २ | श्री पुष्पा कुमारी श्रेष्ठ | का.पा. सदस्य | ,, | ९८०४६०८३६६ | | |
| ३ | श्री लिला यादव | ,, | ,, | | | |
| ४ | श्री सरोज कुमार यादव | ,, | ,, | | | |
| ५ | श्री अमर मुखिया | ,, | ,, | | | |
| ६ | श्री देवी इश्वर | ,, | ,, | | | |
| ७ | श्री गंगाराम यादव | ,, | ,, | | | |
| ८ | श्री बद्री नारायण सदा | ,, | ,, | | | |
| १० | श्री मुकेश कुमार साफी | ,, | ,, | | | |
| ११ | श्री नविन खंवास | ,, | ,, | | | |
| १२ | श्री अनार देवी पासवान | ,, | ,, | | | |
| १३ | श्री पुनम कुमारी राजु | ,, | ,, | | पुनम | |
| १४ | श्री राम कुमारी सदा | ,, | ,, | | | |
| १५ | श्री पुनिता कुमारी | ,, | ,, | | | |
| १६ | श्री तारणी प्रसाद यादव सचिव | | ,, | | | |
| १७ | श्री वेदराज अधिकारी | प्र.प्र.अ. | रुपनी गा.पा. | ९८४२२२८३८३ | | |
| १८ | निरज आनन्द साह | रोजगार संयोजक | ,, | ९८१९७५०६५० | | |
| १९ | सरस्वती चौधरी | प्रा. सदस्य | रुपनी गा.पा. | | सरस्वती | |
| २० | राम नारायण यादव | स्वास्थ्य संयोजक | रुपनी गा.पा. | | | |
| २१ | इन्द्रदेव यादव | Computer (MSS op) | ,, | | | |
| २२ | राम कुमार यादव | | | | | |
| २३ | अर्जुन कुमार यादव | | | | | |
| २४ | राम प्रसाद मण्डल | सदस्य | शिक्षा समिति | ९८०५४०५८ | | |
| २५ | धर्मदेव यादव | | | ९८४२८३२४६२ | | |
| २६ | रन्जना कुमारी चौधरी | शिक्षा अधिकृत | PPC | ९८०६६७४३४४ | | |

**प्रस्तावहरु :**

१। रुपनी गाउँपालिका शिक्षा क्षेत्र योजना (२०८१-२०९०) स्वीकृत गर्ने सम्बन्धमा।

२। विविध सम्बन्धमा।

**पारित निर्णयहरु :**

प्रस्ताव न. १ माथी छलफल गर्दा यस रुपनी गाउँपालिकाको शिक्षा क्षेत्र योजना (२०८१-२०९०) पालिकाको सामाजिक विकास समितीको संयोजकत्वमा पालिका स्तरी योजना लेखन समिती गठन गरी यस गाउँपालिकाको शिक्षा शाखा,गाउँ शिक्षा समितिको नेतृत्व मार्फत शिक्षा क्षेत्र योजना लेखन गरी विभिन्न सरोकारवालाहरुको सहभागीतामा छलफल गरी सल्लाह सुझाव र आएका निष्कर्ष समावेश गरी शिक्षा क्षेत्र योजना मस्यौदा तयार भइ सकेको हुदा निर्माण गरिएको शिक्षा क्षेत्र योजना यस गाउँ पालिकाको कार्यपालिकामा पेश गरी स्वीकृत गरिएको छ।

रुपनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रुपनी, सप्तरी
मधेश प्रदेश, नेपाल